# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषयप्रवेश

सत्यमोहन जोशीको जन्म वि.सं. १९७७ साल वैशाख ३० गते बाबु शङ्करदास (शङ्करराज) र आमा राजकुमारी (नोगलदेवी) का जेष्ठ सुपुत्रका रूपमा ललितपुरको बकुंबहालमा भएको हो । नेपाली भाषा, साहित्य, कला, संस्कृति र पुरातत्त्वसमेतका ज्ञाता जोशी नाटक, कथा, कविता, निबन्धजस्ता विधामा कलम चलाउने सशक्त प्रतिभा हुन् । उनी वाङ्मय पुरुषका रूपमा समेत प्रसिद्ध छन् । साहित्यक्षेत्रमा हालसम्म उनका ५७ वटाभन्दा बढी कृति प्रकाशित भएका छन् ।

जोशीका नाटकहरूमा पूर्वीय दर्शनको प्रयोग हुनुका साथै ती सामाजिक, सांस्कृतिक, ऐतिहासिक विषयमा आधारित छन् । उनका *सिपाही र रैती* (२०२७), *दैलाको बत्ती* (२०२८) मा आधारित *महर्षि याज्ञवल्क्य* (२०६९), *फर्केर हेर्दा* (२०३३), *जब घाम लाग्छ* (२०३४), *सपना ब्यूँझन्छ* (२०३४), *मृत्यु एक प्रश्न* (२०४२), *बाघभैरव* (२०६४), *सुनकेशरी मैयाँ* (२०६९), *मजिपालाखे* (२०७१), *नेपाल भाषामा गौतम बुद्ध* (ने.सं. १०७०), *सिद्धिदास* (१०७५), *न्हयुदँ लिपा* (१०९१), *वैद्याव:* (१०९१), *म्हगसय नापलाः म्ह* (१११९), *आजुद्यः* (११२८), *चारूमती* (११२८), *बुद्धिमती घौँच्वलेचा* (११२८), *लाखे क्वः थैगु पूधाः प्याखं* (११३१) जस्ता नाटकहरू प्रकाशित छन् । पूर्वीय दर्शन, सभ्यता, संस्कृति, इतिहासका अध्येता सत्यमोहन जोशीका नाटकहरू रङ्गमञ्च सुहाउँदा छन् । पात्रहरूको भूमिका जीवन्त छ । यी नाटकहरू दर्शनका वाद र धाराका गाम्भीर्यले ओजश्वी छन् । यस शोधपत्रमा *दैलाको बत्ती* नाटकमा वेदान्तदर्शनको अध्ययन गरिएको छ । यसैक्रममा वेदान्तदर्शनका मान्यतालाई आधार बनाइएको छ । जसअनुसार ब्रह्म, आत्मा, परमात्मा, जगत्, मोक्ष र पुनर्जन्मसम्बन्धी चिन्तनमा केन्द्रित बनी कृति विश्लेषणको ढाँचा तयार गरिएको छ । वाग्मती किनारको भगवतेश्वरघाटमा पण्डित जयदेव पौडेलद्वारा सयदिनसम्म वाचन गरिएको योगवाशिष्ठ पुराण र चालीस दिनसम्म वाचन गरिएको आत्मपुराण सुनेपछि त्यसभित्रको याज्ञवल्क्य कथाले जोशीलाई *दैलाको बत्ती* नाटक लेख्ने प्रेरणा मिल्यो । सबैथोकको सार भनेको 'केवलम् बोधम्' हो । त्यसैलाई महामन्त्रको रूपमा ग्रहण गरेर जोशीले जयदेवबाट वेदान्तदर्शनको गहिरो ज्ञान प्राप्त गरेपछि दैलाको बत्ती नाटक लेखेका हुन् ।

दैलामा बालेको बत्तीले घरभित्र र घरबाहिर दुवैतिर प्रकाशित गर्छ । नाटकका प्रमुख पात्र महर्षि याज्ञवल्क्य हुन् । उनले गृहस्थ जीवनलाई उज्यालो पारेर आखिरी क्षणमा घर छाडे र मुक्तिको मार्ग रोजे । *दैलाको बत्ती* प्रतीकात्मक रूपमा स्वयम् याज्ञवल्क्य नै हुन् । जोशीले महर्षि याज्ञवल्क्यलाई नेपाली परिवेशअनुसार कमलाखोँचको आश्रमको परिवेश दिई कृति तयार गरेका हुन् । मिथिलामा जन्मिएका याज्ञवल्क्य गृहस्थ जीवनमै रमाएका थिए । उनका मैत्रेयी र कात्यायनी दुई पत्नीहरू थिए । विद्यार्थी छँदा उनलाई गुरू वैशम्पायनले गुरूभन्दा जान्ने हुन खोज्ने चेला भनेर दोषारोपण गरी आफूले पढाएको सम्पूर्ण विद्या ओकेल्न लगाए । पछि सूर्यदेवको उपासना गरी स्वाध्यायनले उनी विलक्षण प्रतिभा र विद्वत्ता भएका दार्शनिक भएर निस्के । अन्ततः मिथिला प्रदेश जनकपुरमा विदेहराज जनकद्वारा आव्हान गरिएको बृहत् ब्रह्मसभामा उनी सर्वश्रेष्ठ ब्रह्मविद् र ब्रह्मवेत्ताको उपाधिले विभूषित भए । अन्तिम समयमा उनले गृहस्थ जीवन त्याग गरी सन्यास धारण गरे ।

## १.२ शोधसमस्या

प्रस्तुत अनुसन्धान सत्यमोहन जोशीको दैलाको बत्ती (२०२८)/महर्षि याज्ञवल्क्य (२०६९) नाटकमा वेदान्तदर्शनको मूल समस्यामा केन्द्रित रहनेछ । यस समस्यासँग सम्बन्धित शोध्य प्रश्नहरू यसप्रकार छन्:

(१) *दैलाको बत्ती* नाटकमा ब्रह्म, आत्मा, परमात्मसम्बन्धी के कस्तो चिन्तन पाइन्छ ?

(२) *दैलाको बत्ती* नाटकमा जगत्, मोक्ष र पुनर्जन्मसम्बन्धी के कस्तो चिन्तन पाइन्छ ?

## १.३ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्य सत्यमोहन जोशीको *दैलाको बत्ती* नाटकमा वेदान्तदर्शनको अध्ययनमा केन्द्रित छ । यस शोधको उद्देश्य निम्नलिखित छन्:

(१) *दैलाको बत्ती* नाटकमा प्रयोग भएको ब्रह्म, आत्मा र परमात्मसम्बन्धी चिन्तनको निरूपण गर्नु

(२) *दैलाको बत्ती* नाटकमा जगत्, मोक्ष र पुनर्जन्मसम्बन्धी चिन्तनको निरूपण गर्नु

## १.४ पूर्वकार्यको समीक्षा

*दैलाको बत्ती* सत्यमोहन जोशीको दार्शनिक नाटक हो । वि.सं. २०२८ सालमा प्रकाशित यस नाटकमा धेरै अध्ययन, अनुसन्धान भएको पाइँदैन । भएका अध्ययन, अनुसन्धानहरू कालक्रमअनुसार यसप्रकार छन्:

राममणि रिसालले २०२९ सालमा 'समीक्षा' दैलाको बत्ती (पूर्णाङ्की नाटक) शीर्षकमा मधुपर्क, वर्ष-४ अङ्क १२ मा *दैलाको बत्ती* (२०२८) नाटक सम्पूर्णतः वेदान्तदर्शनमा आधारित भएको उल्लेख गरेका छन् । नेपालको हावापानी र माटोमा हुर्किएका महर्षि याज्ञवल्क्य र विद्वानहरूको दिग्दर्शन गराउँदै अद्वैतवादको परिचयसमेत प्रस्तुत गर्ने यस नाटकलाई दृश्यकाव्यको घेराभित्र मात्र राख्न मिल्दैन भन्ने कुरा समीक्षक रिसालले उल्लेख गरेका छन् । नाटक पढ्दा चिन्तनशील, मननशील र अध्ययनशील हुनु अत्यन्त आवश्यक छ । देवरात महर्षिका पुत्र कमलाखोँचमा आश्रम भएका याज्ञवल्क्य ऋषिको जीवनको गतिमान प्रवाह र त्यसको परिधिभित्र गाँसिन आइपुग्ने उनका गुरूको प्रायश्चित, धर्मपत्नी मैत्रेयीको तर्कशक्ति, अर्की धर्मपत्नी कात्यायनीको भोलाभालापन र राजा जनकका विशालताहरू नाटकमा गुम्फित छन् । प्रत्येक विषयलाई अध्यात्मदर्शनमा घटाउन र सबैमा समान दृष्टि राख्न सक्ने याज्ञवल्क्यको चरित्रलाई नाटककारले निखरा सुनझैँ राखिदिएको कुरा रिसालले समीक्षामा उल्लेख गरेका छन् । त्यतिमात्र नभई नाटककारको दर्शनसम्बन्धी अध्ययनको एउटा पूर्ण प्रतिविम्ब नाटकमा देखापर्ने कुरा उल्लेख गरेका छन् । दर्शनका वाद र धारालाई समेत रौँचिरा किसिमले प्रतिपादन गर्न सक्ने जोशीको क्षमतालाई कदर गर्दै नेपाली नाट्य विधामा यसप्रकारको नाटक उच्च बौद्धिक भएको रिसालले समीक्षामा टिप्पणी गरेका छन् ।

जगदीश अधिकारीले २०७३ पुस १९ गते 'महर्षि याज्ञवल्क्य' शीर्षकमा नेपाली मिडिया ब्लग, प्रेस डटकममा लेखेका छन्: गुरु वैशम्पायनबाट तिरष्कृत बनेपछि मैत्रेयी र कात्यायनीका पति याज्ञवल्क्य सूर्यदेवको उपासना गरी स्वाध्यायनबाट सुसंस्कृत बनेका छन् । उनै याज्ञवल्क्य पछि विदेहराज जनकद्वारा आयोजना गरिएको बृहद् ब्रह्मसभाबाट सर्वश्रेष्ठ ब्रह्मविद्, ब्रह्मवेत्ताको उपाधिद्वारा विभूषित भएका छन् । नाटकमा उनै महर्षि याज्ञवल्क्यको गृहस्थ जीवनको ऊहापोह प्रस्तुत गरिएको छ । यस नाटकले पूर्वीय संस्कृति र सभ्यतालाई उजागर गर्दै महर्षिकृत ज्ञानराशीको महिमा मुखरित गरेको छ । आत्मनिरीक्षण गरी ब्रह्मको खोजी गर्नुपर्ने सन्देश प्रवाह गर्न सफल नाटकलाई दर्शकले

लामो समय (झन्डै सवा दुई घण्टा) लगाएर हेर्नु परे पनि कलाकारको जीवन्त प्रस्तुती र निर्देशकको सुन्दर निर्देशन कलाले जोशीकृत प्रस्तुत नाटकलाई मूर्त बनाएको अधिकारीले उल्लेख गरेका छन् । जगदीश अधिकारी स्वयम् यस नाटकमा गाउँले र सन्देशवाहकको रूपमा अभिनय गरेको कुरा समीक्षामा उल्लेख छ ।

कान्तिपुर संवाददाताले २०७३ पुस १९ गते 'अभिनय गर्दागर्दै संसारबाट विदा भए रङ्गकर्मी विष्णुभक्त फुयाँल' शीर्षकको रिपोर्टमा लेखेका छन्: जमलस्थित राष्ट्रिय नाचघरमा मञ्चन भइरहेको संस्कृतिविद् सत्यमोहन जोशीको नाटक *महर्षि याज्ञवल्क्य/ दैलाको बत्ती*मा राजा जनकको भूमिका निर्वाह गर्दागर्दै कलाकार विष्णुभक्त फुयाँल स्टेजमै बेहोस भए र त्यसको केहीबेरमै उनको निधन भयो ।

टीका ढकालको २०७६ साउन २१ गते मङ्गलबार 'आखिर केमा अडिएको छ यो आकाश ?' शीर्षकको लेख हिमाल खबरपत्रिकामा प्रकाशित भएको छ । महर्षि याज्ञवल्क्य नाटकको समीक्षामा उनले नेपालसँग जोडिएका प्राचीन ऋषिहरूलाई सम्झिँदा याज्ञवल्क्यको नाम अग्रपंक्तिमा उल्लेख हुनुपर्ने बताएका छन् । उनको जन्म कहाँ भएको थियो भन्ने कुरामा एकभन्दा बढी मत भए पनि याज्ञवल्क्य स्मृतिमा उल्लेखित मिथिलालाई कर्मक्षेत्र बनाइ ध्यान गर्ने योगी भन्ने श्लोकले उनको कर्मथलो मिथिला रहेको प्रष्ट हुन्छ । खगोल विज्ञानमा रूची राख्ने देवरात (याज्ञवल्क्यका बाबु) ले सूर्यग्रहण हेर्ने यन्त्र बनाएको र महाभारत पहाडतिर गएर ग्रहण अवलोकन गरौँला भन्ने प्रसङ्गमा याज्ञवल्क्यले मचाहिँ आत्मावलोकन यन्त्र अर्थात् मनुष्यको सूक्ष्म आत्मलाई हेर्न सकिने यन्त्र बनाउन चाहन्छु । यति टाढा अन्तरीक्षमा रहेका पिण्डहरू यन्त्रको सहायताले सुस्पष्ट हेर्न सकिन्छ भने आफै भित्रको सूक्ष्मात्मा हेर्न मिल्ने यन्त्र बनाउन कसो सम्भव नहोला त ? भन्ने याज्ञवल्क्यको महत्त्वाकांक्षाबाट नै उनमा ज्ञान मीमांसाको प्रारम्भ भएको कुरा समीक्षामा उल्लेख गरेका छन् । प्रस्तुत समीक्षात्मक लेखमा ढकालले गुरू वैशम्पायनसँगको मतभेदपछि याज्ञवल्क्यले सूर्यको उपासनाबाट ज्ञान आर्जन गरेको कुरा उजागर गरेका छन् । याज्ञवल्क्यले राजा जनकलाई जीवात्मा र परमात्मबीचको एकरूपताबारे उपदेश गरेको प्रसङ्ग समीक्षामा उल्लेख छ । मिथक र पौरस्त्य चिन्तनमा चासो राख्ने सबैका लागि नाटक सङ्ग्रहणीय भएको समीक्षकको बुझाइ छ ।

टीका ढकालकै २०७६ साउन २७ गते सोमबार प्रकाशित कला स्तम्भअन्तर्गत 'बुद्धजस्तै दार्शनिक याज्ञवल्क्य' शीर्षकको लेख हिमाल खबरपत्रिकामा प्रकाशित भएको छ ।

उनीसँग गरेको कुराकानीमा जोशीले, 'नेपालको मिथिलाक्षेत्रमा कर्मथलो बनाएका याज्ञवल्क्य गौतम बुद्ध जत्तिकै दार्शनिक भएको बताएका छन् । गौतम बुद्ध जसरी नै याज्ञवल्क्य पनि चर्चित व्यक्तित्व हुन् तर यसो हुन नसक्नु दुःखद् हो ।' याज्ञवल्क्यजस्ता महर्षिलाई राज्यले मात्र होइन मिथिलाक्षेत्रले पनि बिर्सिएकोमा जोशी गुनासो गर्छन् किनभने याज्ञवल्क्यको जन्मथलो कहाँ हो यकिन छैन । तर उनको मुख्य कर्मथलो मिथिलाक्षेत्र हो भन्नेमा दुईमत छैन । यसैले अब प्रदेश-२ ले उनलाई सम्झनुपर्ने ढकालको भनाइ छ । कुराकानीकै क्रममा संस्कृतिविद् डा. रामदयाल राकेशले महर्षि याज्ञवल्क्य प्रसिद्ध दार्शनिक भएको भन्दै उनलाई मिथिला भूमिले बिर्सन नहुने बताए ।

गिरीश गिरिको २०७७ असोज २९ गते बिहीबार सत्यमोहन जोशीको आत्मकथाअन्तर्गत 'ती दुई व्यक्ति जसले मेरो जीवनमा सबैभन्दा धेरै प्रभाव पारे' शीर्षकको लेख सेतोपाटी डटकममा प्रकाशित भएको छ । लेखमा गिरिले महर्षि याज्ञवल्क्य नाटक लेखनको पृष्ठभूमि उल्लेख गरेका छन् । जोशीले आफ्नो जीवनमा प्रभाव पार्ने दुई व्यक्ति सरदार हंसमान र पण्डित जयदेव पौडेल भएको बताएका छन् । काठमाडौँको वाग्मती नदीको किनारमा रहेको पचलिघाटको सेरोफेरोमा रहेको काजीघाटमा जयदेवले कहिले कथाको सानो टुक्रा त कहिले बिस्तारमा वर्णन गर्दागर्दै झन्डै एकवर्षभन्दा बढीको समयसम्म योगवाशिष्ठ पुराण सुने । यसबाट उनी सारै प्रभावित भए । योगवाशिष्ठबाहेक आत्मपुराण पनि उनले जयदेवबाटै सुनेका थिए । त्यही आत्मपुराणकै आधारमा पछि आफूले महर्षि याज्ञवल्क्यलाई कमलाखोँचको आश्रमको नेपाली परिवेश बनाएर कृति तयार पारेको कुरा गिरिसँगको अन्तर्वार्तामा बताएका छन् । अन्तर्वार्तामा जोशीले भनेका छन्, '*दैलाको बत्तीमा* मैले पुराणमा वर्णित आधार पनि केलाएको छु । विदेह अर्थात् राजा जनक, याज्ञवल्क्य र गार्गी लगायत अन्य ब्रह्मविद् समेतको त्यो नाटक मैले लेखेको थिएँ । जयदेवबाट मैले वेदान्तको धेरै ज्ञान पाएँ । तर उनले दिएको दुई शब्दको एउटा ज्ञानले मलाई जीवनमै सबैभन्दा प्रभाव पारेको छ । सबैथोकको सार भनेको 'केवलम् बोधम्' हो । त्यो जान्नुबाहेक दुनियाँमा अरू केही पनि छैन । यो मेरो निम्ति महामन्त्र नै भयो । मैले प्राप्त गरेको महामन्त्र (ज्ञान) *दैलाको बत्ती* नाटकको पनि सारभूत तत्त्व हो ।' सत्यमोहन जोशीको *दैलाको बत्ती (महर्षि याज्ञवल्क्य)* दार्शनिक नाटकको कतै कहीँ चर्चा गरिए पनि विस्तृत् रूपमा विश्लेषण भएको पाइँदैन । त्यसकारण यस शोधपत्रमार्फत् जोशीको नाटक *दैलाको बत्तीमा* वेदान्तदर्शनको प्रभाव विस्तृत् रूपमा अध्ययन एवम् मूल्याङ्कन गरिएको छ ।

## १.५ शोधविधि

शोधकार्यका क्रममा अबलम्बन गरिएको सामग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा यसप्रकार रहेको छ ।

### १.५.१ सामग्री सङ्कलन

यस अध्ययनपत्रमा प्राथमिक र द्वितीयक गरी दुवै स्रोतका सामग्रीहरू प्रयोग गरिएका छन् । प्राथमिक सामग्रीअन्तर्गत स्रष्टा सत्यमोहन जोशीसँगको कुराकानी र नाटक *दैलाको बत्ती* (२०२८)/ *महर्षि याज्ञवल्क्य* (२०६९) नै हो । द्वितीय सामग्रीअन्तर्गत कालक्रमअनुसार अनलाइन एवम् पत्रपत्रिकामा छापिएका लेख, समीक्षा र पूर्वीय दर्शनका विभिन्न सैद्धान्तिक पुस्तकहरू रहेका छन् । सामग्री सङ्कलनको क्रममा मूलतः त्रिवि केन्द्रीय पुस्तकालयको प्रयोग गरिएको छ ।

### १.५.२ सैद्धान्तिक ढाँचा

यस अध्ययनपत्रमा सत्यमोहन जोशीको नाटक *दैलाको बत्तीमा* प्रयोग भएको वेदान्तदर्शनको अध्ययन गरी विभिन्न कोणबाट विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा पूर्वीय दर्शनका सिद्धान्तहरूमध्ये वेदान्तदर्शनलाई अबलम्बन गरिएको छ । वेदान्तदर्शनका महत्त्वपूर्ण पक्ष ब्रह्म, आत्मा, परमात्मा, जगत्, मोक्ष र पुनर्जन्मसम्बन्धी चिन्तनलाई विश्लेषणको केन्द्रीय आधार बनाइएको छ ।

## १.६ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

नेपालको पूर्वाञ्चल मिथिलामा जन्मिएका महर्षि याज्ञवल्क्यको नाम याज्ञवल्क्य स्मृति र वृहदारण्यकोपनिषद्मा छ । सत्यमोहन जोशीले सरदार हंसमान सिंहको समुपस्थितिमा सञ्चालन हुने दार्शनिक प्रवचन गोष्ठीमा पण्डित जयदेव पौडेलले दिएको आत्मपुराणको प्रवचनअन्तर्गत महर्षि याज्ञवल्क्यको जीवनी र दार्शनिक विचारधारा श्रवण र मनन गरेपश्चात् प्रेरित भएर *दैलाको बत्ती/महर्षि याज्ञवल्क्य* नाटक लेखे । यो नाटक वेदान्तदर्शनमा आधारित छ । नाटकको आद्योपान्त अद्वैत ब्रह्मको परिचर्चा गरिएको छ । नाटक उच्च बौद्धिक छ । दैलामा राखिएको बत्तीले भित्र र बाहिर दुवैतिर उज्यालो बनाउँछ । महर्षि याज्ञवल्क्य आफै दैलाका बत्ती हुन् । गृहस्थ जीवनमा रमाएर परिवारमा ज्ञानको आलोक बाले र आखिरी क्षणमा गृहत्याग गरी मुक्तिको मार्ग रोजे । ज्ञान भनेको आत्मको निरीक्षण गरी ब्रह्मको खोजी गर्नु हो । हृदयमा भएको अनन्त प्रकाशपुञ्ज

अनुभवद्वारा बोध गर्नु हो । जो मानवमुक्तिको लागि अपरिहार्य छ । आफै भित्रको उज्यालो पहिचान गर्नु जीवनको परम् लक्ष्य हो । त्यसकुरा जान्नु नै नाटकको सारसङ्क्षेप हो ।

नाटककार जोशीले *दैलाको बत्ती* नाटकबारे कुराकानीको सन्दर्भमा भने, 'नेपालीभूमिमा जन्मिएका गौतम बुद्ध र महर्षि याज्ञवल्क्य दुवै उत्तिकै विद्वान हुन् । बुद्धलाई आज संसारले चिन्दछ तर महर्षि याज्ञवल्क्यको बारेमा भने त्यति चर्चा भएको पाइँदैन ।' जनकको ब्रह्मसभामा सर्वश्रेष्ठ ब्रह्मविद्, ब्रह्मवेत्ता ठहरिएका याज्ञवल्क्य मिथिलामा जन्मेर पनि राज्यले मात्र होइन मिथिलावासीले समेत भुल्न लागेको अवस्थामा भावीपुस्तालाई चिनाउन र उनका गहन दार्शनिक विचार ग्रहणका दृष्टिले नाटक निकै महत्त्वपूर्ण छ । वेदान्तदर्शनका सिद्धान्त र मान्यताका आधारमा कृतिको विवेचना गर्दा ब्रह्म, आत्मा, परमात्मा, जगत्, मोक्ष र पुनर्जन्मजस्ता पक्षको गम्भीर अध्ययन हुने भएकाले यस सिद्धान्तबाट कृतिको विवेचना गर्नु औचित्यपूर्ण देखिन्छ ।

## १.७ शोधको सीमा

यस शोधपत्र *दैलाको बत्ती (२०२८)/महर्षि याज्ञवल्क्य* (२०६९) नाटकमा वेदान्तदर्शनको अध्ययन गरिएको छ । विश्लेषणका क्रममा वेदान्तदर्शनका सिद्धान्त र मान्यताहरू अबलम्बन गरिएका छन् । यस शोधपत्रमा *दैलाको बत्ती* नाटकलाई वेदान्तदर्शनका सिद्धान्तअन्तर्गत ब्रह्म, आत्मा, परमात्मा, जगत्, मोक्ष र पुनर्जन्मसम्बन्धी चिन्तनका आधारमा मात्रै विश्लेषण गरिएको छ । यस नाटकमा प्रयुक्त वेदान्तदर्शन र वेदान्तदर्शनका मान्यताका आधारमा विभिन्न चिन्तनहरूलाई मुख्य समस्या बनाइ त्यसैमा केन्द्रित हुनु यस शोधको सीमा हो । यसैगरी *दैलाको बत्ती* नाटकलाई पूर्वीय दर्शनका अनेक कोणबाट विश्लेषण गर्न सकिने भए तापनि वेदान्तदर्शन र त्यसअन्तर्गतका केही चिन्तनहरूलाई मात्र केन्द्रमा राखेर अध्ययन गर्नु यस शोधको अर्को सीमा हो ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधपत्रलाई विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरी निम्नलिखित परिच्छेदमा व्यवस्थित गरी पूरा गरिएको छ ।

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : पूर्वीय षड्दर्शनको सैद्धान्तिक स्वरूप

परिच्छेद तीन : *दैलाको बत्ती नाटकमा* ब्रह्म, आत्मा र परमात्मसम्बन्धी चिन्तन

परिच्छेद चार : *दैलाको बत्ती नाटकमा* जगत्, मोक्ष र पुनर्जन्मसम्बन्धी चिन्तन

परिच्छेद पाँच : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# परिच्छेद दुई

# पूर्वीय षड्दर्शनको सैद्धान्तिक स्वरूप

## २.१ विषयप्रवेश

दर्शन शब्दको सामान्य अर्थ देख्नु अथवा हेर्नु हो । दृशिर (प्रेक्षणे) धातुबाट भावमा ल्युट् प्रत्यय गर्दा दर्शन शब्द बन्दछ । जसको अर्थ हुन्छ तत्त्वज्ञान अर्थात् ज्ञानको गहिराइतर्फ जानु दर्शन हो । दर्शन शब्दको शाब्दिक व्युत्पत्तिअनुसार कुनै पनि वस्तुको वास्तविकता बुझ्ने कोसिस नै दर्शन हो । दर्शन शब्दलाई अङ्ग्रेजीमा फिलोसफी (Philosophy) भनिन्छ । जसको शाब्दिक अर्थ ज्ञानको अन्वेषण भन्ने हुन्छ । जिउने प्रक्रियामा सत्यको अन्वेषण नै दर्शन हो । जीवनमा प्राप्त अनुभूतिहरूको आधारमा विवेकको माध्यमले गरिएको अन्तिम सत्यको खोजी नै दर्शन हो । जन्म, मृत्यु र जीवनमा आइपर्ने अनेक दुःखहरूबीच सङ्गति खोज्ने क्रममा दर्शनको इतिहास अगाडि बढ्यो । पूर्वीय दर्शनको उत्पत्ति मानसिक असन्तोषका कारण भएको पाइन्छ भने पाश्चात्य दर्शनको उत्पत्ति ज्ञानको खोजी गर्ने क्रममा भएको पाइन्छ । पाश्चात्य परम्पराअनुसार दर्शनको प्रयोजन ज्ञान प्राप्ति हो भने पूर्वीय परम्पराअनुसार दर्शनको प्रयोजन ज्ञान प्राप्ति मात्र नभएर मोक्ष प्राप्ति पनि हो ।

पूर्वीय दर्शनको उद्गम स्रोत वेद हो । संस्कृत परम्परामा वैदिक षड्दर्शनलाई पूर्वीय आस्तिक दर्शनका रूपमा लिइन्छ । षड्दर्शनको पृष्ठभूमिमा वैदिक वाङ्मयअन्तर्गत संहिता ग्रन्थ, आरण्यक ग्रन्थ, उपनिषद् पर्दछन् । वेद वा संहिताका रूपमा ऋग्वेद, सामवेद, यजुर्वेद, अथर्ववेद पर्दछन् । डा. राधाकृष्णन्को शब्दमा-वेद मानवमस्तिष्कबाट प्रादुर्भूत यस्तो नितान्त आदिकालीन प्रामाणिक ग्रन्थ हो जसलाई हामी आफ्नो निधि ठान्दछौँ । सांसारिक दुःख र कष्टबाट मुक्ति पाउने इच्छा वैदिक ऋषिहरूमा पनि थियो । उनीहरू परम् सत्यको खोजी गर्न चाहन्थे । वेदको दर्शनअनुसार जीवात्मा र परमात्मको मिलन भएपछि मात्र ज्ञान र सुख पाइन्छ । ऋग्वेदको दर्शन प्राकृतिक बहुदेववादबाट सुरू भएर अद्वैतवादमा अन्त्य हुन्छ । वेदमा देवतालाई प्रकृतिकै अङ्गका रूपमा हेरिएको छ । ऋग्वेदमा धेरैजसो मन्त्रको रचना तिनै विभिन्न देवताहरूको प्रार्थनाको लागि गरिएको छ । वेदहरूले जीवन र जगत्को बारेमा प्रशस्त चिन्तन गरेको पाइन्छ । विद्वानहरूका अनुसार वेदमा ३ सय ३३ देवताहरूको नाम लिइएको र तीमध्ये वरुण, मित्र, इन्द्र, वायु, सूर्य, विष्णु, सविता, उषा, अग्नि आदि ३३

देवतालाई प्रधान मानिएको छ । प्रकृतिका स्वाभाविक परिवर्तन र अनेक क्रिया, प्रतिक्रियालाई देखेर आफ्नै स्वतन्त्र बुद्धिद्वारा समाधानको सन्धानका क्रममा वैदिक ऋषिहरूले जीवनजगत्को सूक्ष्म रहस्य पत्ता लगाए । सृष्टि विषयक चिन्तनका सम्बन्धमा ऋग्वेद (१०।१२९।१-३) का मन्त्रहरूमा त्यसबेला न सत् थियो न असत् थियो न आकाश थियो न अन्तरीक्ष थियो न मृत्यु थियो केवल उही एक थियो सर्वत्र अन्धकार थियो । तपस्‌बाट उसको उत्पत्ति भयो । जल थियो तर प्रकाश थिएन भनिएको छ ।

वेदको प्राकृतिक बहुदेववादको सिद्धान्त पछि अद्वैतवादमा केन्द्रित भयो । ब्रह्म, जीव, आत्मा, जगत्, प्रकृति, माया, बन्धन, मोक्ष, पुनर्जन्म आदि विषयसँग सम्बन्धित धारणाहरूको उपनिषद्‌मा चर्चा गरिएको पाइन्छ । उपनिषद् वेदको अन्तिम भाग हो । पूर्वीय दर्शनको इतिहासमा उपनिषद्‌को स्थान महत्त्वपूर्ण छ । उपनिषद्‌का सङ्ख्या धेरै छन् ।  तीमध्ये १० उपनिषद् मुख्य छन् । ती हुन्- ईशा, केनो, कठ, मुण्डक, माण्डूक्य, प्रश्न, तैत्तिरीय, ऐतरेय, छान्दोग्य र वृहदारण्योपनिषद् । जगत्को सृष्टिमा विभिन्न देवता र अनेक देवतामा एकत्वभावसम्बन्धी चिन्तन ऋग्वेदमा पाइन्छ । सामवेद गायन विद्यासँग सम्बन्धित छ । यजुर्वेद यज्ञ र त्यागसँग सम्बन्धित छ । अथर्ववेद टुनामुनाजस्ता अभिचार रोग, दुःस्वप्न आदि विषयसँग सम्बन्धित छ । यी चारै वेदमा पूर्वीय दर्शनको प्रारम्भिक चिन्तन पाइन्छ । विभिन्न देवताहरूको परिकल्पनाबाट वहुत्ववादी चिन्तन गर्दै अनेक नाम, रूप, भए पनि सबैमा एउटै तत्त्व लुकेको छ भन्ने एकत्ववादी अथवा अद्वैत चिन्तन पनि ऋग्वेदमा नै पाइन्छ । पूर्वीय दर्शनमा वेदको विशिष्ट स्थान छ । वेदलाई प्रमाण मान्ने, परलोकलाई मान्ने, मोक्ष, पुनर्जन्म, ईश्वरको अस्तित्त्वलाई स्विकार्ने दर्शन आस्तिक दर्शन हो । त्यसैगरी नास्तिक दर्शनले वेदलाई प्रामाणिक मान्दैन, ईश्वरको अस्तित्त्वलाई स्विकार गर्दैन । परलोक र पुनर्जन्ममा पनि विश्वास गर्दैन । पूर्वीय दर्शनमा साङ्ख्य, योग, वेदान्त, मीमांसा, न्याय र वैशेषिक पर्छन् भने चार्वाक, जैन र बौद्ध दर्शन नास्तिक दर्शन हुन् । वेदान्त, मीमांसा, साङ्ख्य, योग, न्याय, वैशेषिक दर्शनलाई पूर्वीय षड्‌दर्शन भनिन्छ । यी दर्शनलाई हिन्दू दर्शन पनि भनिन्छ । साङ्ख्यले प्रकृति र पुरुषबीचको भेद छुट्याउन सक्ने सम्यक ज्ञानबाट मात्र मोक्ष प्राप्त गर्न सकिने बताएको छ । जगत्को सृष्टिकर्ता प्रकृति र यसको भोक्ता पुरुष मान्ने साङ्ख्य दर्शनले पच्चीस तत्त्वको अस्तित्त्वलाई स्विकारेको छ । पूर्वीय दर्शन अध्ययनको प्रयोजन केवल ज्ञान प्राप्त गर्नु मात्र नभई मोक्ष प्राप्त गर्नु पनि हो । पूर्वीय षड्‌दर्शनहरू साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तदर्शन  वेदलाई साश्वत मान्ने हुँदा आस्तिक दर्शन हुन् ।

## २.२ पूर्वीय षड्दर्शनको परिचय

वेद सबै वाङ्मयहरूको आरम्भ हो । वेदमा आधारित भएर विकसित भएको हुनाले पूर्वीय दर्शनलाई वैदिक दर्शन पनि भनिन्छ । 'पौरस्त्य दर्शनहरूको मुख्य प्रयोजन मोक्ष प्राप्ति भएकाले यिनलाई मोक्ष दर्शन भनेको पाइन्छ भने आत्मका बारेमा विशेष जानकारी गराउने शास्त्र भएकाले आत्मविद्या र तत्त्वका विषयमा गहन चिन्तन गर्ने भएकाले तत्त्वदर्शन पनि भनिन्छ' (सिन्हा, १९८३, पृ. २) ।

पौरस्त्य वाङ्मयमा संसारको सर्वप्राचीन ग्रन्थ ऋग्वेदलाई नै दर्शनको बीज भूमि मानिएको हुनाले पौरस्त्य दर्शन वेद जत्तिकै पुरानो चिन्तन हो (चालिसे, २०७५, पृ. ३३) । पूर्वीय दर्शनमा वेदको विशिष्ट स्थान छ । वेदको टीका-टिप्पणी र समालोचनामा पूर्वीय दर्शनको विकास हुँदै जान्छ । विभिन्न दार्शनिक सिद्धान्त र सम्प्रदायको जन्म हुँदै जान्छ (गिरि, २०५५, पृ. २७) । मानव सभ्यताको विकाससँगै मानवजातिमा चेतना र विवेकको उदय हुँदैजाँदा दार्शनिक सोचको पनि विकास हुँदै गएको पाइन्छ । प्राचीन समयमा आर्यले सङ्कलन गरेको वेद, उपनिषद् तथा ब्रह्मसूत्र आदिबाट जन्मेको दर्शन भएकाले पूर्वीय दर्शन भनिएको हो । वेदलाई प्रामाणिक मानी ईश्वरमा विश्वास राख्ने दर्शन आस्तिक दर्शन हो । आस्तिक दर्शनअन्तर्गत साङ्ख्ययोग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तदर्शन पर्दछन् भने नास्तिक दर्शनअन्तर्गत चार्वाक्, जैन र बौद्ध दर्शन पर्दछन् । यस अध्ययनमा पूर्वीय षड्दर्शनको छोटो परिचय प्रस्तुत गरिएको छ ।

### २.२.१ साङ्ख्यदर्शन

साङ्ख्यदर्शन सर्वप्राचीन दर्शन हो । साङ्ख्यदर्शन द्वैतवादी दर्शन हो । वेदलाई प्रमाण मान्ने हुँदा यो आस्तिक दर्शन हो । साङ्ख्यदर्शन ईश्वरको अस्तित्त्वलाई स्विकार नगर्ने दर्शन हो । साङ्ख्य शब्द 'सम्' र 'ख्या' मिलेर बनेको छ । 'सम्' भनेको सम्यक र 'ख्या' भनेको ज्ञान हो । प्रकृति र पुरुषबीचको भेदज्ञान नै सम्यक ज्ञान हो । साङ्ख्यदर्शनका प्रणेता कपिलमुनि हुन् । उनको समय ई.पू. छैटौँ शताब्दी मानिएको छ । कपिल एक सिद्धपुरुष भएको कुरा गीतामा उल्लेख छ ।

स्वतन्त्ररूपमा साङ्ख्यदर्शनको सिद्धान्त प्रतिपादन गरिएको पहिलो ग्रन्थ 'साङ्ख्यसूत्र' हो । जसका रचयिता आचार्य कपिल हुन् (गिरि, २०५५, पृ. ४५) । साङ्ख्यदर्शनको आधार कपिलद्वारा रचना भएको मानिएको 'साङ्ख्यसूत्र' हो । यसलाई

कसैकसैले कपिलको साङ्ख्य प्रवचन सूत्रको विस्तृत रूप पनि हो भनेका छन् । तर कपिलद्वारा लेखिएको 'षष्ठितन्त्र' नष्ट पारियो वा नष्ट भयो हालसम्म त्यस्तो प्रमाण फेला पार्न सकिएको छैन । कपिलद्वारा लेखिएको ग्रन्थको अभावबीच साङ्ख्यदर्शनको मूल आधार ईश्वरकृष्णद्वारा लिखित ७२ छोटा-छोटा कारिका (पद्य) को साङ्ख्यकारिका नै हो (राई, २०७४, पृ. २५९) ।

'भगवानका २४ अवतारमध्ये पाचौँ अवतार कपिलमुनिले श्रीमद्भागवतमहापुराण तृतीय स्कन्धमा आफ्नी माता देवहुतिलाई साङ्ख्य एवम् भक्तियोगको उपदेश गर्नुभएको छ । 'साङ्ख्यायन्ते तत्त्वानि यस्मिन्' अर्थात् जहाँ तत्वहरूको गणना हुन्छ त्यस्तो शास्त्र भन्ने अर्थमा साङ्ख्य शब्दको प्रयोग हुन्छ । आधुनिक अर्थमा साङ्ख्य दर्शन भनेर २४ तत्त्वहरू स्विकार गर्ने तीमध्ये पुरुषलाई निर्गुण, निराकार र अनन्त मान्ने अनि प्रकृतिलाई नै सम्पूर्ण प्रपञ्चको कारण मान्ने दर्शनको रूपमा पनि बुझिन्छ । ईश्वरको विषयमा खासै चिन्तन नगरिएकोले यस दर्शनलाई अनिश्वरवादी दर्शनको रूपमा लिइन्छ तर आफ्नो मूलस्वरूपमा साङ्ख्यदर्शनको त्यस्तो रूप देखिँदैन' (गिरि, २०७५, पृ. २०८ तृतीय स्कन्ध) । 'साङ्ख्यदर्शनको उल्लेख महाभारत, चरकसंहिता, कौटिल्यको अर्थशास्त्र, मनुस्मृति र पुराणहरूमा गरिएको छ' (बैद्य, २०७४, पृ. ५४) । कपिलको साङ्ख्य सिद्धान्तलाई यिनका शिष्य आसुरी र तिनका पनि शिष्य पञ्चशिखले बिस्तार गरेको पाइन्छ । यी दुवैको नाम ईश्वरकृष्णले आफ्नो 'साङ्ख्यकारिका' मा उल्लेख गरेका छन् । साङ्ख्यको दार्शनिक चिन्तन तन्त्रवादबाट विकास भएको हो ।

शङ्कराचार्यले साङ्ख्यदर्शनलाई कपिलतन्त्र बताएका छन् (बैद्य, २०७४, पृ. ५३) । ब्रह्मसूत्रका प्रणेता वादरायणले साङ्ख्य मतको खण्डन गरेका छन् । रामानुज दर्शनअनुसार विश्व ब्रह्मको परिवर्तित रूप हो तर साङ्ख्यका अनुसार विश्व प्रकृतिको परिवर्तित रूप हो (गिरि, २०५५: पृ.४६) । सम्पूर्ण संसारको सृष्टिकर्ता प्रकृति र यसको भोक्ता चैतन्य पुरुष मान्ने साङ्ख्यदर्शनले पच्चीस तत्त्वको अस्तित्त्वलाई स्विकार्दछ ।

'सृष्टि हुनुभन्दा पहिले (प्रलयकालमा) र सत्ययुगको प्रारम्भकालमा सबै मानिसहरू विवेक निपूर्ण थिए र यो सारा दृश्यप्रपञ्च दृश्य र द्रष्टाको भेदशून्य ब्रह्म थियो । त्यही अद्वितीय भेदशून्य सत्यस्वरूप, मन र वाणीद्वारा अगोचर ब्रह्म नै माया र त्यसको प्रतिविम्ब जीवको रूपमा दुई भागमा विभाजित भयो । ब्रह्मको ती दुई अंशमध्ये एउटा अंश कार्यकारणरूप प्रकृति हो र अर्को जुन ज्ञान अंश छ त्यसलाई पुरुष भनिन्छ ।

त्यसपछि पुरुषरूप 'म' ईश्वरद्वारा अभिप्रेरित प्रकृतिबाट सत्त्व, रज र तम गरी तीन गुण उत्पन्न भए । ती गुणहरूबाट पहिला क्रियाशक्ति प्रधानसूत्र उत्पन्न भयो । त्यसपछि सूत्रले सहित महत्त्व उत्पन्न भयो । त्यही महत्त्वको विकारबाट जीवको भ्रमको कारण अहङ्कार उत्पन्न भयो । त्यो अहङ्कार सात्विक, राजस र तामस गरी तीन प्रकारको छ र पञ्चतन्मात्रा, इन्द्रिय र मनको कारण हुनाले चेतनमय एवम् अचेतनमय पनि छ । शब्द आदि तन्मात्राको कारण तामस अहङ्कारबाट पञ्चमहाभूत उत्पन्न भए । राजस अहङ्कारबाट इन्द्रियहरू र सात्त्विक अहङ्कारबाट इन्द्रियका अधिष्ठाता एघार देवताहरू उत्पन्न भए' (गिरि, २०७५, पृ. १६८, १६९ एकादश स्कन्ध) ।

साङ्ख्यदर्शनका अनुसार सत्त्व, रज र तम गुणको साम्यवस्था प्रकृति हो । जगत्का हरेक वस्तुमा सुखदुःख र उदासीनता प्रकट गर्ने सामर्थ्य हुन्छ । कसैलाई सुख दिने एउटा वस्तु अर्कोलाई दुःखको कारण बन्न सक्छ । सुखदुःख र उदासीनताको कारण सत्त्व, रज र तम गुण नै हुन् । 'शम(मनको निग्रह) दम(वाह्य इन्द्रियको निग्रह) तितिक्षा (सहनशीलता) विवेक, तप, सत्य, दया, स्मृति, सन्तोष, उदारता, विषयमा वैराग्य, श्रद्धा, लज्जा, दान आदि र आत्मरति यी सत्वगुणका वृत्ति हुन् । अभिलाषा, अभिलाषा पूरा गर्ने चेष्टा, घमण्ड, लोभ, अहङ्कार, याचना, भेदभाव, विषयभोग, उत्तेजनापूर्ण उत्साह, कीर्तिको चाहना, उपहास, पराक्रम र कठिन परिश्रम आदि रजो गुणका वृत्ति हुन् । क्रोध, लोभ, झूट, हिंसा, प्रार्थना, आडम्बर, थकाइ, झगडा, शोक, मोह, दुःख, चिन्ता, निद्रा, आशा, भय र जडता यी तमो गुणका वृत्ति हुन्' (गिरि, २०६५, पृ. १७६, १७७) ।

**प्रकृति र पुरुष**

प्रकृति सम्पूर्ण जडजगत्को मूल कारण हो । यो दृश्यमान जगत् प्रकृतिको बिस्तारित रूप हो । प्रकृति कसैबाट उत्पन्न भएको होइन । त्यसैले यसलाई अकारण पनि भनिन्छ । प्रकृति स्वतन्त्र र अजन्म छ । प्रकृति कारण हो । यो जगत्चाहिँ कार्य हो । साङ्ख्यदर्शनका अनुसार प्रकृति जड भए पनि सक्रिय छ । जडमा गति हुन्छ तर चेतनाको भने अभाव हुन्छ । प्रकृतिमा बुद्धि र सङ्कल्पको अभाव छ । साङ्ख्यदर्शनका अनुसार प्रकृतिबाट महत् तत्त्व (बुद्धि) महत् तत्त्वबाट अहङ्कार, सात्विक अहङ्कारबाट मन, ज्ञानेन्द्रिय र कर्मेन्द्रिय, तामस अहङ्कारबाट पञ्चतन्मात्रा (रूप, रस, गन्ध, स्पर्श, शब्द) पञ्चतन्मात्राबाट पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु र आकाश) तत्त्वको जन्म भयो ।  यी तत्त्वहरूबाट नै संसारको सृष्टि हुन्छ । अव्यक्त प्रकृति क्रमशः दृश्य पदार्थमा

विकसित हुनु सृष्टिक्रम हो भने दृश्य पदार्थ क्रमशः अदृश्य बन्दै प्रकृतिमा बिलाउनु संहारक्रम हो । पुरुष मूल, आद्य, चैतन्य तत्त्व हो । अन्य भारतीय दार्शनिकहरूले जुन पदार्थलाई आत्मा भनेका छन् साङ्ख्यदर्शनले त्यही पदार्थलाई पुरुषको उपाधि दिएको छ (गिरि, २०५५: ४६) । पुरुष कार्य र कारण दुबै होइन । पुरुष अपरिवर्तनशील, अपरिणामी छ । पुरुष द्रष्टा र ज्ञाता हो । यो नित्य छ । देश, कालरहित छ । पापपुण्यरहित छ र त्रिगुणभन्दा पर छ । साङ्ख्यदर्शनले वहुत्त्ववादी पुरुष (जीवात्मा) लाई स्विकार गर्छ । साङ्ख्यका अनुसार जति जीव छन् उति नै आत्मा छन् र सबै आत्मा चैतन्यस्वरूप छन् । 'प्रलयकालमा प्राणीहरूको शरीर अन्नमा, अन्न आ-आफ्ना बीजरूपमा बीजहरू भूमिमा र भूमि गन्धतन्मात्रामा लीन हुन्छ । गन्ध जलमा, जल आफ्नो गुण रसमा, रस तेजमा र तेज रूपतन्मात्रामा लीन हुन्छ । रूपतन्मात्रा वायुमा, वायु स्पर्शमा, स्पर्श आकाशमा र आकाश शब्दतन्मात्रामा लीन हुन्छन् । इन्द्रियका अधिष्ठाता देवताहरू आफ्नो नियन्ता मनमा लीन हुन्छन् । देवताहरूसहित मन सात्विक अहङ्कारमा लीन हुन्छन् । शब्दतन्मात्राहरू तामस अहङ्कारमा लीन हुन्छन् र संसारलाई मोहित पार्न सक्ने तामस अहङ्कार महत्त्वमा लीन हुन्छन् । ज्ञानशक्ति र क्रियाशक्ति प्रधान त्यो महत्त्व आफ्ना कारणरूप गुणहरूमा लीन हुन्छ । ती गुणहरू अव्यक्त प्रकृतिमा  र अव्यक्त प्रकृति आफ्नो प्रेरक अविनाशी कालमा लीन हुन्छ । त्यसैगरी काल मायामय जीवमा र जीव म अजन्मा आत्ममा लीन हुन्छ । जगत् सृष्टि र लयको अधिष्ठान त्यो आ्त्मचाँहि कसैमा पनि लीन हुँदैन र उपाधिरहित आफ्नै स्वरूपमा स्थित रहन्छ' (गिरि, २०७५, पृ. १७४ एकादश स्कन्ध) । साङ्ख्यदर्शन प्रकृतिलाई सर्वोपरी ठान्दछ । कारणबाट कार्यको निर्माण हुनु परिणामवाद हो । 'कुनै पनि कार्य उत्पन्न हुनका लागि कारणको आवश्यकता पर्दछ र त्यस कारणमा कार्यमा भएको गुण अनिवार्य रूपमा रहेकै हुनुपर्छ । यसै सिद्धान्तलाई सत्कार्यवाद पनि भनिन्छ' (गिरि, २०५५, पृ. ४६) माटोको परिवर्तित रूप भाँडो भएझैँ त्रिगुण प्रकृतिबाट नै अनेक रूपात्मक जगत्को निर्माण हुन्छ ।

**प्रकृति र पुरूषको सम्बन्ध**

साङ्ख्यदर्शन द्वैतवादी दर्शन हो । यसले प्रकृति र पुरुष नामक दुई तत्त्वलाई स्विकार्दछ । प्रकृति र पुरुष एकअर्कामा प्रतिकूल अवस्थामा रहे पनि एकअर्काको प्रभावबाट दृश्यजगत् सञ्चालित छ । प्रकृति गतिशील भए पनि देख्न सक्ने चैतन्यको अभावले सृष्टिको रचनामा पुरुषको अपेक्षा गर्दछ । पुरुष चेतनशील तर निष्क्रिय छ भने

प्रकृति अचेतन भएर पनि सक्रिय छ । पुरुषको सम्पर्कमा आएपछि प्रकृतिमा रहेको सत्त्व, रज र तम गुणको साम्यावस्थामा गडबडी आउँछ जसको फलस्वरूप विकासको प्रारम्भ हुन्छ (गिरि, २०५५, पृ. ४६) । पुरुष भोक्ता हो, प्रकृतिको सञ्चालक हो । साङ्ख्यले प्रकृति र पुरुषको सम्बन्धका विषयमा फलाम, चुम्वक तथा अन्धा र अपाङ्गको दृष्टान्त प्रस्तुत गरेको छ । 'जङ्गल पार गर्नको लागि अन्धाले अपाङ्गलाई बोकेर हिँड्छ अर्थात् अपाङ्गको निर्देशनमा अन्धाले बाटो काट्दछ र उनीहरू गन्तव्यमा पुग्दछन् त्यसरी नै साङ्ख्यका अनुसार प्रकृति र पुरुषको सम्बन्धमा प्रकृति अन्धाको रूपमा र पुरुष अपाङ्गको रूपमा पथप्रदर्शन गर्दछन्' (राई, २०७४, पृ. २९३) ।

**मोक्ष**

साङ्ख्यदर्शनका अनुसार संसार दुःखमय छ । जरा, जन्म, रोग, व्याधि आदि दुःखबाट मानिसहरू छुटकारा पाउन चाहन्छन् । साङ्ख्यका अनुसार संसारमा तीन प्रकारका दुःख व्याप्त छन् । ती हुन्-आध्यात्मिक, आधिभौतिक र आधिदैविक ताप । यी तापबाट मान्छे सधैं पीडित छन् । यी तीन प्रकारका दुःखबाट छुटकारा पाउनु नै मोक्ष हो' (गिरि, २०५५, पृ. ४६) । दुःखका कारण अज्ञान हो । सम्यक ज्ञानबाट मोक्ष प्राप्ति हुन्छ । सम्यक ज्ञान भनेको प्रकृति र पुरुष बीचको भेद छुट्ट्याउन सक्ने ज्ञान हो । अभ्यास र साधनाद्वारा नित्य, साश्वत, चैतन्यस्वरूप (पुरुष) आत्मलाई जानेपछि मोक्ष प्राप्ति हुन्छ । 'साङ्ख्यका अनुसार मुक्ति दुई किसिमका छन्- जीवनमुक्ति र विदेहमुक्ति । जीवनमुक्ति भन्नाले जीवनकालमा नै प्रकृति र पुरुषबीचको भेदज्ञान अर्थात् सम्यकज्ञान पश्चात्को अवस्था भन्ने बुझिन्छ भने विदेहमुक्ति भन्नाले मृत्युपश्चात् स्थूल र सूक्ष्म दुबै शरीरबाट मुक्त भई जन्म-जन्मान्तरको क्रिया समाप्त भई त्रिगुणातीत अवस्थामा पुग्नु भन्ने बुझिन्छ' (गिरि, २०५५, पृ. ४७) ।

### २.२.२ योगदर्शन

योगको शाब्दिक अर्थ दुईभन्दा बढी वस्तुको जोड हुनु भन्ने बुझिन्छ । योगदर्शनका प्रणेता महर्षि पतञ्जलि हुन् । 'महर्षि पतञ्जलिको समयका सम्बन्धमा मतैक्यता पाइँदैन । उनलाई ई.पू. दोस्रो अथवा तेस्रो शताब्दीको मानिन्छ । कतिपय विद्वानले उनको योगसूत्रलाई ई.पू. चौथो अथवा पाचौं शताब्दीको मान्दछन्' (राई, २०७४, पृ. ३१५) । पतञ्जलिले योगक्रियालाई सङ्कलन, सम्पादन र व्यवस्थित गरेर 'योगसूत्र' ग्रन्थ तयार गरे । योगदर्शनले ईश्वरको अस्तित्त्वलाई स्विकार्छ । यो द्वैतवादी

आस्तिक दर्शन हो । नन्दलाल दसोरा (सन् २०१६) का अनुसार पतञ्जलिको योगसूत्र ग्रन्थमा चार पाद र ती सम्पूर्ण पादभित्र जम्मा १९५ सूत्रहरू समाविष्ट छन् ।

पातञ्जलयोगसूत्रम् (१/२) मा योगश्चित्तवृत्तिर्निरोधः । अर्थात्, चित्तको व्यापारहरू रोक्नुलाई नै योग भनिएको छ । 'पतञ्जलिको 'योगसूत्र' ४ पाद (खण्ड) मा विभाजित छ । पहिलो पाद समाधि हो । यसमा विभिन्न रूप, भेद, चित्तवृत्तिको वर्णन गरिएको छ । योगसूत्रको दोस्रो पादको रूपमा साधना पाद रहेको छ । यसभित्र क्रियायोग, क्लेश, योग साधनाहरूका बारेमा वर्णन गरिएको छ । योगसूत्रको तेस्रो पाद विभूतिपाद हो । यसभित्र योग विधिका आन्तरिक साधन तथा योगाभ्यासबाट प्राप्त शक्तिबारे सबिस्तार वर्णन गरिएको छ भने अन्तिम तथा चौथो पादको रूपमा कैवल्यपाद रहेको छ । कैवल्यपादमा योगाभ्यासद्वारा कसरी मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने विवरण पाउन सकिन्छ' (राई, २०७४, पृ. ३१७) । योगसूत्रको प्रथमपाद समाधिपादको पहिलो सूत्रमा नै 'अथ योगानुशासनम्' ॥१॥ (नन्दलाल दसोरा, सन्-२०१६, पृ. २२७) अर्थात् अब परम्पराबाट प्राप्त हुन आएको योग विषयक शास्त्रको प्रारम्भ गरिन्छ भनेर सूत्रको प्रारम्भ गरिएको छ । साङ्ख्यदर्शन र योगदर्शनलाई समानतन्त्र पनि भनिन्छ । योगदर्शन पनि साङ्ख्य दर्शनलेझैँ संसारलाई त्रिविध दुःखले युक्त मान्दछ । ती दुःखबाट मुक्ति पाउनु नै मोक्ष हो भन्दछ । योगदर्शनमा साङ्ख्यदर्शनमा उल्लेखित २५ तत्त्वको साथमा ईश्वरलाई पनि जोडिएको पाइन्छ । त्यसैले योगदर्शनलाई ईश्वर सहितको साङ्ख्य पनि भनिन्छ ।

'साङ्ख्यदर्शनअनुसार प्रकृति जड र सक्रिय छ भने पुरुष चेतन र निष्क्रिय छ । जड प्रकृति र चेतन पुरुषबीच आफै सम्पर्क भएर सृष्टि हुन्छ भन्ने साङ्ख्य सिद्धान्त छ तर यी दुई परस्पर विरूद्ध वस्तुहरूको स्वतः सम्पर्क भई सृष्टि सञ्चालन हुनु असम्भव छ । त्यसैले यी दुईलाई सम्पर्कमा ल्याइदिन ईश्वरतत्त्वको आवश्यकता पर्दछ भन्ने योगदर्शनको सिद्धान्त छ । विश्वको सृष्टि प्रकृतिको परिणामको स्वरूप भएको हो । ईश्वर त प्रेरकतत्त्व वा योजक मात्र हो । त्यसैले योगदर्शनका अनुसार विश्वको उपादानकारण प्रकृति हो भने निमित्तकारण ईश्वर हो । यसरी योगदर्शनमा ईश्वरको स्थान गौण देखापर्छ (गिरि, २०५५, पृ. ४७, ४८) ।

पातञ्जलयोगसूत्रम् (१/२) मा चित्तवृत्तिको निरोध अर्थात् मानसिक चन्चलताको नियन्त्रण नै योग हो भनिएको छ ।  भगवद्गीतामा योगको अर्थ आत्मा र परमात्मको मिलन मानिएको छ (गिरि, २०५५, पृ. ४८) । योगदर्शनले मन, अहङ्कार र बुद्धिको

सामुहिक रूपलाई चित्त मान्दछ । योगसूत्रका भाष्यकार व्यासले चित्तका ५ अवस्था उल्लेख गरेका छन् । ती हुन् : १. क्षिप्त २. मूढ ३. विक्षिप्त ४. एकाग्र ४. निरूद्ध । साधरणतया मानिसहरू चित्त क्षिप्त, मूढ र विक्षिप्त अवस्थामा रहेर सांसारिक पदार्थहरूमा विचरण गर्दछन् । चित्तलाई ती तीन अवस्था पार गरेर एकाग्र अवस्था हुँदै निरूद्धावस्थामा पुऱ्याउनको लागि योगदर्शनले आफ्नै मेहनतले एउटा बाटो खनेको छ । त्यो हो- अष्टाङ्गमार्ग । यसलाई योगमार्ग पनि भनिन्छ । योगका अष्टाङ्गमार्ग यसप्रकार छन् : १. यम २. नियम ३. आसन ४. प्राणायाम ५. प्रत्याहार ६. धारणा ७. ध्यान ८. समाधि (गिरि, २०५५, पृ. ४८) ।

आन्तरिक एवम् बाह्य इन्द्रियहरूको संयम प्रक्रियालाई यम भनिन्छ । मन, वचन र कर्मको नियन्त्रण यमअन्तर्गत पर्दछन् । यमका ५ भेद छन्: (क) अहिंसा (ख) सत्य (ग) अस्तेय (घ) ब्रह्मचर्य (ङ) अपरिग्रह । सदाचार परिपालनलाई नियम भनिन्छ । नियम पनि ५ प्रकारका छन्: (क) शौच (ख) सन्तोष (ग) तप (घ) स्वाध्याय (ङ) ईश्वरभक्ति । शरीरलाई विषेश मुद्रामा राख्नु आसन हो अर्थात् सुखपूर्वक शरीरलाई निश्चल राख्नु नै आसन हो । श्वासप्रश्वास प्रक्रियालाई नियन्त्रित गरेर त्यसमा एउटा क्रम स्थापित गर्नु प्राणायाम हो । बाह्य विषयहरूबाट खिचेर इन्द्रियहरूलाई आफूतिरै फर्काउनु प्रत्याहार हो । आफूले चाहेको विषयमा पूर्णरूपमा ध्यान केन्द्रित गर्नुलाई धारणा भनिन्छ । आफूले चाहेको कुनै पनि विषयमा निरन्तर चित्त एकाग्र गर्नुलाई ध्यान भनिन्छ । समाधि योगको अन्तिम अवस्था हो । यस अवस्थामा ध्याता ध्येय वस्तुमा पूर्णतः लीन हुन्छ । योगदर्शनका अनुसार समाधिका दुई अवस्था छन् । पहिलो, सम्प्रज्ञात समाधि हो । यसमा ध्येय विषयको पूर्ण ज्ञान हुन्छ । दोस्रो, असम्प्रज्ञात समाधि हो । यसमा ध्यानको विषय लोप हुन्छ र आत्मले आफ्नो वास्तविक स्वरूपलाई चिन्दछ (गिरि, २०५५, पृ. ४९) योगदर्शन व्यावहारिक दर्शन हो । अष्टाङ्गयोग स्वास्थ्यको दृष्टिले पनि विषेश महत्त्वपूर्ण छ । योगदर्शनद्वारा प्रतिपादित अष्टाङ्गयोगको अबलम्बन प्रायः सम्पूर्ण पूर्वीय दर्शनले अबलम्बन गरेको पाइन्छ ।

योगसूत्र (३/१) को वाचस्पति मिश्रको टीकाका अनुसार यम, नियम, आसन, प्राणायाम र प्रत्याहार योगका वहिरङ्ग साधन हुन् । यसर्थ वहिरङ्ग योगमा अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह, शौच, सन्तोष, स्वाध्याय, ईश्वरमा सर्वकर्मसमर्पण, आसनविजय, प्राणायाम र इन्द्रियनियन्त्रणसम्मका साधनको प्रयोग गरिन्छ । वहिरङ्ग

योगले आध्यात्मिक योगमा पुग्नको लागि पहिलो सिँढीको काम गर्दछ । योगसूत्र (३/७) मा धारणा, ध्यान र समाधि योगका अन्तरङ्ग साधन हुन् भनिएको छ । योगसूत्रकै (३/८) मा आध्यात्मिक योगलाई निर्बीज समाधि भनिएको छ । आध्यात्मिक योगमा साधनको निवृत्ति हुन्छ । जीवात्म र परमात्म पूर्णरूपमा मिलनको स्थिति रहन्छ ।

### २.२.३ न्यायदर्शन

न्यायदर्शनका संस्थापक महर्षि गौतम हुन् । गौतमले रचना गरेको एकमात्र ग्रन्थ 'न्यायसूत्र' नै न्यायदर्शनको आधिकारिक मूल ग्रन्थ हो (राई, २०७४, पृ. ३४३) उनको समय ई.पू. तेस्रो शताब्दीतिर मानिन्छ । उनलाई 'अक्षपाद' पनि भनिन्छ । ईश्वरको अस्तित्त्वलाई स्विकार्ने न्यायदर्शन द्वैतवादी दर्शन हो । आस्तिक दर्शन हो । न्यायदर्शन तर्कशास्त्र, प्रमाणशास्त्र आदि नामले समेत चिनिन्छ । न्यायदर्शन पदार्थको विवेचनाप्रधान दर्शन हो । यसले १६ वटा पदार्थको सम्यक ज्ञानबाट मोक्ष प्राप्त गर्न सकिने बताएको छ ।

गौतमको न्यायसूत्रमा ५ वटा अध्याय रहेका छन् । प्रत्येक अध्यायमा २/२ खण्ड समाविष्ट छन् (राई, २०७४, पृ. ३४३) न्यायदर्शनको पहिलो सूत्रमा १६ वटा पदार्थहरूको विवेचना गरिएको छ । ती पदार्थहरू हुन्- प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निग्रहस्थान । यहाँ यी १६ पदार्थको तत्त्वज्ञानबाट मुक्ति हुने कुरा बताइएको छ । यस सूत्रमा न्यायदर्शनको पद्धति मीमांसा, तत्त्वमीमांसा, ज्ञानमीमांसा र आचारमीमांसाका मूल पक्ष पाइन्छन् (बैद्य, २०७४, पृ. ६५) । न्यायदर्शन ऐतिहासिक विकासक्रममा प्राचीन न्यायदर्शन र नव्य न्यायदर्शन गरी २ भागमा विभाजित छ । प्राचीन न्यायदर्शनमा अक्षपाद् गौतम, वात्स्यायन, उद्योतकर, जयन्त भट्ट आदि रहेका छन् भने नवीन न्यायदर्शनमा गङ्गेशोपाध्याय, रघुनाथ, मथुरानाथ, जगदीश, गदाधर आदि नाम उल्लेखनीय छन् (बैद्य, २०७४, पृ. ६५) । न्यायको अर्थ जसको सहायताले कुनै निश्चित सिद्धान्त प्राप्त गर्न सकिन्छ त्यसको नाम न्याय हो । न्यायदर्शनले प्रमाणलाई धेरै महत्त्व दिएको छ । वात्स्सायनका अनुसार प्रमाणहरूद्वारा अर्थको परीक्षा गर्नु नै न्याय हो । न्यायदर्शनका अनुसार सामवय द्रव्यलाई टुक्रचाउँदै जाँदा बाँकी रहने अन्तिम परिमाण नै परमाणु हो । परमाणु निष्क्रिय हुन्छ । न्यायदर्शनका अनुसार पृथ्वी, जल, तेज र वायुका परमाणुहरूमा जब ईश्वरको इच्छाअनुसार क्रिया उत्पन्न हुन्छ त्यसपछि परमाणु एकापसमा जोडिन थाल्छन् र सृष्टिको आरम्भ हुन्छ (गिरि, २०५५, पृ. ५०) । प्रारम्भिक न्यायदर्शनमा ईश्वर,

धर्म, र वेदलाई खासै महत्त्व दिइएको पाइँदैन । त्यसमा अपवर्ग अर्थात् मोक्षको कुरा उल्लेख गरिएको छ । परन्तु पछिल्लो कालमा आउँदा न्यायदर्शनमा ईश्वर, वेद र धर्ममा विशेष महत्त्व दिएको पाइन्छ (बैद्य, २०७४, पृ. ६७) । न्यायदर्शनका अनुसार यो संसारको निर्माता ईश्वर हो । र ईश्वरले यो जगत्को निर्माण शून्यबाट गरेको नभई परमाणु, दिक्, आकाश, मन, आत्मा आदि तत्त्वबाट गरेको हो (राई, २०७४, पृ. ३५७) । न्यायदर्शनका अनुसार ईश्वर स्रष्टा एवम्  पालनकर्ता हुनुको साथै विश्वको सङ्हारकर्ता पनि हुन् । ईश्वर व्यक्तित्वपूर्ण छ । जसमा ज्ञानसत्ता र आनन्दसत्ता सन्निहित हुँदा ईश्वर व्यक्तित्वपूर्ण छ । परमाणुद्वय संयोगविना सृष्टि संभव छैन र जड परमाणुमा  स्वतः क्रिया उत्पन्न हुन पनि संभव छैन, त्यसैले दुई परमाणुलाई संयोजित गराउन निमित्तकारणरूपमा ईश्वरको आवश्यकता  पर्दछ (गिरि, २०५५, पृ. ५०) ।

न्यायदर्शनका असत्कार्यवादी सिद्धान्तमा आधारित छ । असत्कार्यवादका अनुसार कार्यमा भएको गुण कारणमा हुनु आवश्यक छैन अर्थात् कारणमा कार्यको अस्तित्त्व हुँदैन । यस सिद्धान्तलाई आरम्भवाद पनि भनिन्छ । किनकि यस सिद्धान्तअनुसार कार्यको उत्पत्तिको क्षण एक नयाँ थालनी हो (गिरि, २०५५, पृ. ५०) । न्यायदर्शनका अनुसार जड आत्ममा चेतनाको सञ्चार विशेष परिस्थितिमा मात्र हुन्छ । आत्ममा चेतनाको उदय त्यतिबेला मात्र हुन्छ जब आत्मको सम्पर्क मनसँग, मनको सम्पर्क इन्द्रियसँग र इन्द्रियको सम्पर्क बाह्य पदार्थसँग हुन्छ । स्वरूपतः अचेतन भएर पनि चेतना धारण गर्न सक्ने क्षमता आत्ममा छ । आत्मा नित्य र निरवयव छ । ईश्वर नत आत्मलाई पैदा गर्न सक्छ न नाश गर्न सक्छ । न्यायदर्शनले जीवात्मको अनेकतालाई स्विकारेर अनेकात्मकवादको सिद्धान्त प्रतिपादन गरेको छ (गिरि, २०५५, पृ. ५१) । न्यायदर्शनले संसारलाई दुःखमय मान्दछ । दुःखमय संसारबाट छुटकारा पाउनु नै जीवनको परम्लक्ष्य हो । वास्तवमा आत्मा, शरीर, इन्द्रिय र मन भन्दा भिन्न पदार्थ हो । अज्ञानवस मान्छे आत्मा, शरीर, इन्द्रिय र मनलाई एउटै ठान्दछ ।  यही नै अज्ञान हो र यही नै बन्धन हो । 'म शरीर र मन हुँ' भन्ने मिथ्या ज्ञान जबसम्म हट्दैन तबसम्म मान्छे संसाररूपी बन्धनमा फसिरहन्छ, जन्म र मृत्युको चक्रमा घुमिरहन्छ । यो मिथ्या ज्ञानबाट छुट्नको लागि न्यायदर्शनले श्रवण, मनन र निदिध्यासनको मार्ग बताएको छ । प्राचीन न्यायदर्शनले मोक्षलाई आनन्दशून्य मान्दछ । जहाँ आनन्द हुन्छ, त्यहाँ दुःख पनि हुन्छ भन्ने प्राचीन नैयायिकहरू

ठान्दछन् । तर नव्य नैयायिकहरूले मोक्षलाई आनन्दमय अवस्था मानेका छन् (गिरि, २०५५, पृ. ५१) ।

### २.२.४ वैशेषिकदर्शन

वैशेषिकदर्शनका प्रणेता महर्षि कणाद हुन् । यिनको समय ई.पू. दोस्रो शताब्दीतिर मानिन्छ । कणादको वास्तविक नाम उलूक भएकोले वैशेषिकदर्शनलाई 'औलूक्यदर्शन' पनि भनिन्छ । यस दर्शनले विशेष (परमाणु) लाई प्रमुख मानेर अध्ययन गरिने हुनाले यसलाई वैशेषिक भनिन्छ । वैशेषिकदर्शन ईश्वरको अस्तित्त्वलाई स्विकार्ने द्वैतवादी दर्शन हो । आचार्य कणादले रचना गरेको 'वैशेषिकसूत्र' नै यस दर्शनको आधिकारिक ग्रन्थ हो । वैशेषिकदर्शनले परमाणु सृष्टिवादलाई मान्दछ । 'कणादले संसारको निर्माण अणुहरूबाट हुने बताएका छन् र उनको दर्शन परमाणुवादमा आधारित छ (बैद्य, २०७४, पृ. ६२) आचार्य कणादद्वारा सूत्रवद्ध 'वैशेषिकसूत्र' मा १० अध्याय र प्रत्येक अध्याय दुई-दुई आन्हिकमा विभाजित छ । यस ग्रन्थमा कुल ३६९ सूत्र सङ्गृहित छन् (राई, २०७४, पृ. ३६४) । 'वैशेषिकदर्शनका अनुसार भौतिक जगत्को सृष्टिको आधार परमाणु संरचना नै हो । वैशेषिकदर्शनमा भावात्मक तथा अभावात्मक गरी पदार्थका दुई उपभेद बताइएका छन् । वैशेषिक सूत्रका अनुसार  भावात्मक पदार्थ ६ वटा छन् । यी हुन्- द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवाय । यी ६ वटा भावात्मक पदार्थका अतिरिक्त अभाव नामक पदार्थलाई पनि सातौँ पदार्थको रूपमा वैशेषिकदर्शनले लिने गरेको पाइन्छ । ६ वटा पदार्थको ज्ञान भएपछि अभावको त स्वतः बोध हुने हुँदा अभावलाई सूत्रमा नराखिएका हुन् भन्ने गरिन्छ (राई, २०७४, पृ. ३५९) । वैशेषिक सिद्धान्तअनुसार पृथ्वी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा र मन यी नौ द्रव्य हुन् । जसमा गुण वा क्रिया रहन्छ त्यसैलाई द्रव्य भनिन्छ । वैशेषिकको मतमा ज्ञान आदि गुण रहने हुनाले आत्मा द्रव्य हो (गिरि, २०७१, पृ. २१३ प्रथम स्कन्ध) । वेशेषिकदर्शनको ज्ञानसिद्धान्तअनुसार ज्ञानको स्रोत पञ्चमहाभूतमय संसार नै हो । यसमा विद्या अर्थात् ज्ञानका ४ प्रकार छन् । ती हुन्- प्रत्यक्ष, अनुमान, स्मृति र आर्षज्ञान । यसले प्रत्यक्ष र अनुमानलाई प्रमाण मान्दछ (बैद्य, २०७४, पृ. ६४) । पदार्थ विज्ञानको व्याख्या तथा विश्लेषण गर्ने क्रममा नै वैशेषिकदर्शनको विकास भएको हो । आधुनिक विज्ञानको क्षेत्रमा यस दर्शनले आधार प्रदान गर्न सफल बनेको छ । वैशेषिकदर्शनले प्रत्यक्षरूपमा ईश्वरलाई नमाने पनि जगत्का सम्पूर्ण पदार्थहरू ईश्वरकै सृष्टि हुन् भन्ने ठान्दछ । 'वैशेषिकदर्शनले परमाणु

सृष्टिवादमा जोड दिएको छ । परमाणु निष्क्रिय र गुणयुक्त हुन्छ । निष्क्रिय परमाणुमा ईश्वरको इच्छाअनुसार गति पैदा हुन्छ र जगत्को सृष्टि हुन्छ (गिरि, २०५५, पृ. ५२) । वैशेषिकदर्शनमा धर्मको व्याख्या, धर्मको चिनारी, पदार्थहरू (द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवाय) र थप एक अभाव गरी जम्मा सातवटा पदार्थको विवेचन गरिएको छ । वैशेषिकदर्शनमा द्रव्य र कर्म भन्दा भिन्न जुन पदार्थमा सत्ता रहन्छ त्यही तत्त्व नै गुण हो भनिएको छ । गुण द्रव्याश्रित अथवा द्रव्यमा आश्रित भएर बस्दछ । यसको स्वतन्त्र अस्तित्त्व छैन (राई, २०७४, पृ. ३६९) । जीवात्म र परमात्मा दुई तत्त्वलाई मान्ने यस दर्शनले प्राणीहरूको सुख, दुःख प्रारब्ध कर्मको अधिनमा रहने धारणालाई स्विकार्छ । केही विद्वानको भनाइअनुसार वैशेषिकदर्शनको परमाणुवाद ग्रीकदर्शनको परमाणुवादको नक्कल हो । तर यो धारणा गलत हो भन्ने अन्य दार्शनिक एवम् समालोचकको भनाइ छ । वैशेषिकदर्शनले बताएअनुसार परमाणुको स्वरूप ग्रीक दार्शनिकहरूले बताएअनुसार छैन । डिमोक्रिटस् (democritus) र ल्यूसिप्पस (leucippus) ले परमाणुलाई गुणरहित केवल परिमाणयुक्त मानेका छन् भने कणादले परमाणुमा गुण र परिणाम दुबैको अस्तित्त्व स्वीकारेका छन् । उनीहरूले परमाणुलाई स्वभावतः सक्रिय वा गतिशील मानेका छन् भने कणादका अनुसार परमाणु स्वभावतः निष्क्रिय हुन्छ, परमाणुमा गति ईश्वरद्वारा पैदा हुन्छ (गिरि, २०५५, पृ. ५२) ।

### २.२.५ मीमांसादर्शन

मीमांसादर्शनका प्रणेता जैमिनी हुन् । मीमांसादर्शनको आधिकारिक ग्रन्थ जैमिनीको 'मीमांसासूत्र' हो । उनको समयका बारेमा मतैक्यता पाइँदैन । जैमिनीको समय ई.पू. चौथो शताब्दीतिर भएको कसैले ठानेका छन् भने कसैले ई.पू सातौं शताब्दीदेखि ई.पू. दोस्रो शताब्दीसम्मको हुनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् (राई, २०७४, पृ. ३७६) । यस सूत्रको रचना ई.पू. दोस्रो शताब्दीतिर भएको मानिन्छ । मीमांसादर्शन पूर्णतः वेदमा आश्रित दर्शन हो । यसले ईश्वरलाई गौण मान्दछ । वेदनिर्देशित कर्मकाण्डमा विशेष जोड दिने मीमांसादर्शन द्वैतवादी आस्तिक दर्शन हो । यसमा वैदिक धर्मअनुष्ठान, कर्मकाण्ड आदिको विवेचना गरिएको छ । मीमांसादर्शनलाई जैमिनिदर्शन र पूर्वमीमांसा पनि भनिन्छ । मीमांसा शब्दको अर्थ अत्यन्त ग्रहणीय विचार आप्त वचन भन्ने हुन्छ । कुनै विषयको वास्तविकता पत्ता लगाउनु, निष्कर्ष निकाल्नु, विचार-विमर्श, चिन्तन गर्नु मीमांसाको दार्शनिक अर्थ हुन्छ । जैमिनीद्वारा प्रतिपादित जैमिनीसूत्र पूर्वीय षड्दर्शनका

प्रमुख ग्रन्थमध्ये सबैभन्दा ठूलो दार्शनिक ग्रन्थ हो । १२ अध्याय, ६० पाद र २७३१ सूत्र सङ्ख्या रहेको यो ग्रन्थको सारभूत तत्त्व भनेको धार्मिकता नै हो (राई, २०७४, पृ. ३७४) । मीमांसादर्शनको पहिलो सूत्र (नन्दलाल दसोरा, सन् २०१६, षट्दर्शनम्) अथातोधर्म जिज्ञासा ॥१॥ भन्ने छ । मीमांसादर्शनको प्रामाणिक प्रवर्तन जैमिनिबाट भए पनि पूर्वीय परम्पराअनुसार यसको आदि प्रवर्तक ब्रह्मा मानिन्छन् । आदिम समयमा ब्रह्माले आदित्यलाई, आदित्यले वशिष्ठलाई, वशिष्ठले पराशरलाई, पराशरले कृष्णद्वैपायनलाई र कृष्णद्वैपायनले जैमिनिलाई मीमांसादर्शनको अध्यापन गराएका हुन् । जैमिनिले सूत्रबद्ध गरेर व्यवस्थित गरेको मीमांसादर्शनलाई बिस्तार गर्ने दार्शनिकहरूमा शबर स्वामी, कुमारिल भट्ट, प्रभाकर मिश्र आदि आचार्यहरू हुन् । यिनीहरूले जैमिनिको मीमांसासूत्रमा भाष्यटीका आदि ग्रन्थ लेखेर बिस्तार गर्ने काम गरेका छन् । मीमांसादर्शनमा प्रमाणमीमांसा, तत्त्वमीमांसा, शक्तिमीमांसा (अपूर्व) आत्ममीमांसा र ईश्वरमीमांसाको बिस्तार वर्णन गरिएको छ । मीमांसादर्शनले प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ति र अनुपलब्धि प्रमाणलाई महत्त्व दिएको छ ।

मीमांसादर्शनमा कर्मलाई अत्यधिक महत्त्वपूर्ण स्थान दिएको छ । मीमांसाको अनुसार वेदनिर्देशित यज्ञ, वलि, हवन आदि कर्मकाण्डको सम्पादन गर्नु नै धर्म हो । केही मीमांसकहरूको अनुसार जीवनको परम् लक्ष्य स्वर्गप्राप्ति हो । जहाँ दुःखको लेशमात्र पनि हुँदैन । यज्ञ, यज्ञादिको प्रयोजन पनि स्वर्ग नै हो । तर प्रभाकर र कुमारिलजस्ता नव्य मीमांसकहरूले कर्मको लक्ष्य स्वर्गप्राप्ति नभई मोक्ष हो भन्दै कर्म र ज्ञानको संयुक्त प्रयासले मोक्ष प्राप्त गर्न सकिने बताएका छन् । जैमिनि आदि अन्य प्राचीन मीमांसकहरू मतमा वेदनिर्देशित कर्मको आचरण गर्नाले ‘अपूर्व’ उत्पन्न हुन्छ त्यही अपूर्वले निष्क्रिय परमाणुमा क्रिया उत्पन्न गराउँछ र कर्मकर्ताले कर्मको फल भोग्न योग्य संसार निर्माण हुन्छ । त्यो अपूर्वलाई सञ्चालन गर्नको लागि ईश्वरको आवश्यकता पर्दैन, अपूर्व आफै सञ्चालित हुन्छ (गिरि, २०५५, पृ. ५३) ।

मीमांसादर्शनले आत्मको अस्तित्त्वलाई स्विकारेको छ । आत्मा, शरीर, इन्द्रिय, बुद्धि र मनभन्दा अलग वस्तु हो । आत्मा ज्ञाता हो । ‘पूर्वमीमांसामा आत्मलाई विशेषस्थान दिइएको छ । यद्यपि आत्मको विशेषताबारे कुरा गर्दा मीमांसकहरूबीच भिन्नता पनि पाइन्छ । परन्तु, समग्रमा सबै मीमांसकहरू आत्मलाई नित्य र सर्वगत द्रव्य मान्दछन् । उनीहरूका दृष्टिमा आत्मा ज्ञाता र कर्ता मात्र होइन भोक्ता पनि हो । आत्मा धर्म, अधर्म,

कर्मफल, पुनर्जन्म र मोक्षसित पनि जोडिएको छ (बैद्य, २०७४, पृ. ६७) आत्म स्वयम्मा अचेतन छ, जड छ । तर चेतन धारण गर्न सक्ने क्षमता उसमा छ । जब आत्मको सम्पर्क शरीर, इन्द्रिय र मनसँग हुन्छ आत्ममा चेतनाको सञ्चार हुन्छ । मोक्षको अवस्थामा आत्मा, शरीर, मन र इन्द्रियभन्दा अलग हुन्छ र सुखदुःखको अनुभवशून्य हुन्छ । यस अवस्थामा आत्मा शून्य द्रव्यका रूपमा रहने हुँदा गुण, क्रिया आदिसँग विच्छेद अवस्थामा रहन्छ (गिरि, २०५५, पृ. ५३) । मीमांसादर्शनले सृष्टिका लागि परमाणुमा क्रिया उत्पन्न हुन ईश्वरको अपेक्षा गर्दैन । कर्मलाई नै प्रमुख ठान्दछ । 'मीमांसादर्शनका अनुसार कर्मद्वारा उत्पन्न अपूर्वबाट परमाणु सञ्चालित हुन्छ र कर्मअनुसारकै संसार बन्दछ (गिरि, २०५५, पृ. ५३) । मीमांसादर्शन भेदवादी दर्शन हो । मीमांसाले यावत् दृश्य पदार्थलाई सत्य मान्दछ । मीमांसादर्शन कर्मप्रधान भएकोले यसमा ईश्वरको स्थान गौण छ । यस दर्शनले सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता ईश्वर हुन् भन्ने स्विकार्दैन र ईश्वर नै सबै कर्मका साक्षी र फलदाता हुन् भन्ने पनि स्विकार्दैन । मीमांसादर्शनले ईश्वरको समर्थन र विरोधमा कुनै तर्क दिएको छैन । यो निरिश्वरवादी तर्क पनि होइन । किनभने यसले वेदनिहित कर्मलाई स्विकारेको छ । वेदमा वर्णित देवताहरूको अस्तित्त्व र महत्त्वलाई पनि मानेको छ । त्यसैले कोही मीमांसालाई बहुदेववादी दर्शन पनि मान्दछन् । मूलतः यज्ञ, कर्ममा देवताको उपासना गर्दागर्दै पनि यसले देवतालाई त्यति ठूलो महत्त्व दिँदैन । देवता भनेका यज्ञको भाग ग्रहण गर्ने हुन् भन्ने यसको मान्यता छ । यस दर्शनका अनुसार यो संसार आदि र अन्त्यहीन छ । त्यसैले यसको निर्माणमा कुनै ईश्वरको हात छैन भन्ने यसको धारणा छ । 'मीमंसादर्शनमा ईश्वरको सत्ता मानिदैन । जसअनुसार कर्महरूको कारणले नै जगत्को व्यवस्था चल्ने भएकाले ईश्वर भनेको कर्म नै हो (गिरि, २०७५, पृ. ४७३) । मीमांसक कुमारिलका अनुसार तर्कद्वारा ईश्वर सिद्ध गर्न सकिँदैन । ईश्वरले यो संसारको निर्माण गरेको तर्क गर्ने हो भने यसलाई सिद्ध गर्ने को हुन्छ ? भन्दै संसारका निर्माता ईश्वर नहुने चिन्तन व्यक्त गरेका छन् ।

### २.२.६ वेदान्तदर्शन

वेद र अन्त दुई रूप मिलेर वेदान्त शब्दको निर्माण भएको हो । मनुस्मृति (१२.९७) मा भनिएको छ - चारै वर्ण, तीनै लोक, चार आश्रम अनि भूत, भविष्य एवम् वर्तमानका सबै पदार्थहरूको ज्ञान वेदबाट मात्र हुन्छ । यसप्रकार वेद त्यस्तो ज्ञानराशी हो

जसले व्यक्त, अव्यक्त पदार्थलाई प्रकाशित गरिदिन्छ । वेदको अन्तिम खण्ड नै वेदान्त हो । वेदान्तदर्शनलाई उत्तरमीमांसा पनि भनिन्छ । उपनिषद् वेदको अन्तिम भाग तथा विकसित रूप हो । वेदको अन्तिम समयमा रचना भएकोले उपनिषद्लाई वेदान्त भनिएको हो । उपनिषद् ग्रन्थलाई ब्रह्म विद्याको द्योतक मानिन्छ । सम्पूर्ण पूर्वीय दर्शनको आधार ग्रन्थ उपनिषद् हो । उपनिषद्लाई ज्ञानकाण्ड पनि भनिन्छ । उपनिषद् ब्रह्मचिन्तनमा आधारित छ ।

वेदमा कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड गरी तीन काण्डहरू छन् । वेदका एकलाख मन्त्रमध्ये चालिसहजार मन्त्रले कर्मको सोह्रहजार मन्त्रले उपासनाको र चारहजार मन्त्रले ज्ञानको प्रतिपादन गर्दछन् (गिरि, २०७५, पृ. २३५) । उपनिषद्का सम्पूर्ण सिद्धान्तलाई समेटेर व्यासले ब्रह्मसूत्रको रचना गरे । त्यसले अद्वैत वेदान्तदर्शनका प्रणेता वादरायण व्यास (ई.पू. २००) हुन् । उनको मूल कृति 'ब्रह्मसूत्र' हो । ब्रह्मसूत्रलाई वेदान्तसूत्र या शारीरकसूत्र पनि भनिन्छ । यस ग्रन्थका सूत्रहरूमा जगत्लाई शरीर र ब्रह्मलाई शरीरधारीको रूपमा वर्णन गरिएको हुनाले ती सूत्रहरूलाई शारीरकसूत्र पनि भनिएको हो (गिरि, २०५५, पृ. ११७) । ब्रह्मसूत्रलाई वेदान्तसूत्र पनि भनिन्छ र यसमा परब्रह्मको अध्ययन गरिन्छ' (बैद्य, २०७४, पृ. ६८) । शङ्कराचार्यको मतअनुसार ब्रह्मसूत्रमा जम्मा ५५५ वटा सूत्र छन् । तर रामानुजको मतमा ५४५, मध्वको मतमा ५६२, निम्बार्कको मतमा ५४९ र विज्ञानभिक्षुको मतमा ५५६ सूत्र छन् । ब्रह्मसूत्रमा चार अध्याय छन्- समन्वय, अविरोध, साधन र फल । पहिलो समन्वयाध्यायमा ब्रह्मको निरूपण र विभिन्न श्रुति (वेद एवम् उपनिषद्का मन्त्र) हरूको समन्वय गरिएको छ । दोस्रो अध्यायमा प्रमाण पेस गर्दै अद्वैतदर्शनका विरोधी द्वैतवादी एवम् शून्यवादी दर्शनहरूको युक्तिपूर्वक खण्डन गरिएको छ र अद्वैतवादको सिद्धान्तलाई दृढ बनाइएको छ । तेस्रो अध्यायमा जीव र ब्रह्मको लक्षण प्रतिपादन गर्दै मुक्तिको साधनहरूको वर्णन गर्नुका साथै कर्मफलको सिद्धान्तमाथि प्रकाश परिएको छ । चौथो फलाध्यायमा जीवनमुक्ति र सगुण एवम् निर्गुण ब्रह्मको उपासनाको फल तुलनात्मक रूपले प्रकाश परिएको छ, (गिरि, २०५५, पृ. ११७) ।

वेदान्तको मुख्य प्रतिपाद्य विषय ब्रह्म हो । उपनिषद् विभिन्न समयका आचार्यहरूले तयार गरेको सङ्ग्रह भएकाले उनीहरूको दार्शनिक चिन्तनमा विविधता पाइन्छ । वेदान्तदर्शनलाई विकास र बिस्तार गर्न पश्चवर्ती दार्शनिकहरूले ब्रह्मसूत्र,

उपनिषद् र गीतामा भाष्यग्रन्थ लेखेका छन् । यी तीन ग्रन्थलाई प्रस्थानत्रयी भनिन्छ । ईशाको ७८८ मा भारतको केरल प्रान्तमा जन्मिएका शङ्कराचार्यले ब्रह्मसूत्रमा टीका लेखे, जुन टीकालाई शाङ्करभाष्य भनिन्छ । वेदान्तदर्शनसम्बन्धी उनको मान्यतालाई अद्वैतवेदान्त पनि भनिन्छ । 'शङ्करको अद्वैतवादी चिन्तनले ईश्वरलाई पनि भौतिक जगत्लाई जसरी हेर्दछ । उनका अनुसार समग्र संसार, समस्त सृष्टि नै भ्रम भएको हुँदा यसको सृष्टिकर्ता पनि भ्रम नै हो अर्थात् ईश्वर पनि भ्रम नै हो । 'शङ्करको अद्वैतवादी दर्शनको निचोड नै ब्रह्मसत्यम् जगत् मिथ्या भन्ने रहेको छ' (राई, २०७५, पृ. ३९२) । यिनले ब्रह्मको मात्र सत्ता स्विकारेका छन् । शङ्कराचार्यको ब्रह्म सत्य, जगत् मिथ्याले ब्रह्मवादी अद्वैत मान्यतालाई पुष्टि गर्छ । वेदान्तदर्शनका अर्का आचार्य रामानुज (ई.पू. १०२७) हुन् । उनले ब्रह्मसूत्रमा 'वेदान्तसार' नामको टीका लेखे । 'रामानुजदर्शन ब्रह्म परिणामवाद स्विकार्छ, ईश्वर र ब्रह्ममा केही फरक छैन भन्ने मान्यता राख्दछ (गिरि, २०५५, पृ. ६०) यिनको वेदान्तसम्बन्धी मत विशिष्टाद्वैत हो । शङ्कराचार्यद्वांरा स्थापित ब्रह्म सत्य भन्ने मतको खण्डन गर्दै रामानुजले जीव र प्रकृति ब्रह्मभन्दा भिन्न हुन् तर ती ब्रह्मकै अधीनस्थ छन् भनेका छन् । ईश्वर र ब्रह्म केही फरक छैन भन्दै रामानुजले विशिष्टाद्वैत दर्शनमा जीव, प्रकृति र ईश्वरलाई मान्यता दिएका छन् । वेदान्तदर्शनको विकास र बिस्तारको क्रममा देखापरेका अर्का आचार्य मध्वाचार्य (ई.पू. ११९९-१३०३) हुन् । उनको वेदान्तसम्बन्धी दार्शनिक चिन्तन द्वैतवाद हो । दुईवटा तत्त्वको अस्तित्त्व स्विकार्ने दर्शनलाई द्वैतदर्शन भनिन्छ । मध्वदर्शन आस्तिक दर्शन हो । मध्वचार्यले 'ब्रह्मसूत्र' मा भाष्य लेखेका छन् । मध्वचार्यलाई आनन्दतीर्थ र पूर्णप्रज्ञ नामले पनि चिनिन्छ । उनले यसै भाष्यमा प्रतिपादन गरेको दर्शनलाई मध्वदर्शन भनिन्छ । 'मध्वदर्शन स्वतन्त्र र परतन्त्र दुई तत्त्वलाई स्वीकार गर्दछ । विष्णु र लक्ष्मीलाई जगत्को कारण मान्दछ । पदार्थ या पदार्थबीच भेद छ भन्ने सिद्धान्त नै द्वैतवाद हो' (गिरि, २०५५, पृ. ६२) । मध्वाचार्य पछिका अर्का आचार्य निम्बार्क (११ औं शताब्दी) हुन् । उनले ब्रह्मसूत्रमा भाष्य लेखेका छन् । उक्त भाष्यमा प्रतिपादित द्वैताद्वैतवादलाई निम्बार्कदर्शन भनिन्छ । निम्बार्कदर्शन आस्तिक दर्शन हो । 'निम्बार्कदर्शनले ईश्वर, चित् र अचित् तीन तत्त्व मानेको छ र कृष्ण र राधालाई जगत्को कारण मान्दछ । निम्बार्कदर्शनमा अद्वैत वेदान्तको निर्गुणब्रह्मको विरोध गर्दै सगुणब्रह्मको सर्वोच्च सत्ता स्विकार गरिएको छ । निम्बार्कचार्यले ब्रह्म दोषरहित एवम् अशेष कल्याण, गुण सम्पन्न छ भन्ने कुरा बताएका

छन्' (गिरि, २०५५, पृ. ६५) । वेदान्तदर्शनको अर्को शाखा शुद्धाद्वैत हो । जसलाई आचार्य वल्लभ (ई.पू. १४८१-१५३३) ले प्रतिपादन गरेका हुन् । उनले ब्रह्मसूत्रमा भाष्य लेखेका छन् । यसरी शुद्धाद्वैत दर्शनले अविकृतपरिणामवादको आधारमा जगत्को व्याख्या गर्छ । 'वल्लभका अनुसार सगुण एवम् निर्गुण पुरुषोत्तम नै ब्रह्म हो । ब्रह्मको सगुण एवम् निर्गुण दुई परस्पर विरोधी गुणको सामञ्जस्य प्रतिपादन गर्दै वल्लभले भनेका छन्- सर्प सीधा परेर, बाङ्गो परेर र गुडुल्किएर अनेक स्वरूप परिवर्तन गरेर जसरी पनि बस्न सक्छ । त्यस्तै ब्रह्म पनि भक्तको इच्छाअनुसार आफ्नो स्वरूप परिवर्तन गरेर जसरी पनि बस्न सक्छ' (गिरि, २०५५, पृ. ६७) । यी दर्शनहरूका अतिरिक्त भाष्कराचार्यको भेदाभेद, श्रीकण्ठको शिव विशिष्टाद्वैतवाद, श्रीपतिको वीरशैव विशिष्टाद्वैत महाप्रभु चैतन्यको चैतन्यदर्शन आदि रहेका छन् । वेदान्तदर्शनका व्याख्याताहरूले जीव, ईश्वर, माया, जड, प्रकृति, मोक्ष, विद्या, अविद्या, प्रमाण, प्रमेय, नीति, आचार आदिको बारेमा व्याख्या गरेका छन् ।

## २.३ वेदान्तदर्शन र यसका मान्यताहरू

वेद र अन्त दुई रूप मिलेर वेदान्त शब्दको निर्माण भएको हो । मनुस्मृति (१२.९७) मा भनिएको छ- चारै वर्ण, तीनै लोक, चार आश्रम अनि भूत, भविष्य एवम् वर्तमानका सबै पदार्थहरूको ज्ञान वेदबाट मात्र हुन्छ । यसप्रकार वेद त्यस्तो ज्ञानराशी हो, जसले व्यक्त, अव्यक्त पदार्थलाई प्रकाशित गरिदिन्छ । वेदको अन्तिम खण्ड नै वेदान्त हो । वेदान्तदर्शनलाई उत्तरमीमांसा पनि भनिन्छ । उपनिषद् वेदको अन्तिम भाग तथा विकसित रूप हो । वेदको अन्तिम समयमा रचना भएकोले उपनिषद्लाई वेदान्त भनिएको हो । उपनिषद् ग्रन्थलाई ब्रह्म विद्याको द्योतक मानिन्छ । सम्पूर्ण पूर्वीय दर्शनको आधार ग्रन्थ उपनिषद् हो । उपनिषद्लाई ज्ञानकाण्ड पनि भनिन्छ । उपनिषद् ब्रह्मचिन्तनमा आधारित छ ।

वेदमा कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड गरी तीन काण्डहरू छन् । वेदका एकलाख मन्त्रमध्ये चालिसहजार मन्त्रले कर्मको, सोह्रहजार मन्त्रले उपासनाको र चारहजार मन्त्रले ज्ञानको प्रतिपादन गर्दछन् (गिरि, २०७५, पृ. २३५) । उपनिषद्का सम्पूर्ण सिद्धान्तलाई समेटेर व्यासले ब्रह्मसूत्रको रचना गरे । त्यसैले अद्वैत वेदान्तदर्शनका प्रणेता वादरायण व्यास (ई.पू. २००) हुन् । उनको मूल कृति 'ब्रह्मसूत्र' हो । ब्रह्मसूत्रलाई

वेदान्तसूत्र या शारीरक सूत्र पनि भनिन्छ । यस ग्रन्थका सूत्रहरूमा जगत्लाई शरीर र ब्रह्मलाई शरीरधारीको रूपमा वर्णन गरिएको हुनाले ती सूत्रहरूलाई शारीरकसूत्र पनि भनिएको हो (गिरि, २०५५, पृ. ११७) । ब्रह्मसूत्रलाई वेदान्तसूत्र पनि भनिन्छ र यसमा परब्रह्मको अध्ययन गरिन्छ' (बैद्य, २०७४, पृ. ६८) । शङ्कराचार्यको मतअनुसार ब्रह्मसूत्रमा जम्मा ५५५ वटा सूत्र छन् । तर रामानुजको मतमा ५४५, मध्वको मततमा ५६२, निम्बार्कको मतमा ५४९ र विज्ञानभिक्षुको मतमा ५५६ सूत्र छन् । ब्रह्मसूत्रमा चार अध्याय छन्- समन्वय, अविरोध, साधन र फल । पहिलो समन्वयाध्यायमा ब्रह्मको निरूपण र विभिन्न श्रुति (वेद एवं उपनिष्द्का मन्त्र) हरूको समन्वय गरिएको छ । दोस्रो अध्यायमा प्रमाण पेस गर्दै अद्वैतदर्शनका विरोधी द्वैतवादी एवम् शून्यवादी दर्शनहरूको युक्तिपूर्वक खण्डन गरिएको छ र अद्वैतवादको सिद्धान्तलाई दृढ बनाइएको छ । तेस्रो अध्यायमा जीव र ब्रह्मको लक्षण प्रतिपादन गर्दै मुक्तिको साधनहरूको वर्णन गर्नुका साथै कर्मफलको सिद्धान्तमाथि प्रकाश परिएको छ । चौथो फलाध्यायमा जीवनमुक्ति र सगुण एवम् निर्गुण ब्रह्मको उपासनाको फल तुलनात्मक रूपले प्रकाश पारिएको छ, (गिरि, २०५५, पृ. ११७) । वेदान्तको मुख्य प्रतिपाद्य विषय ब्रह्म हो । उपनिषद् विभिन्न समयका आचार्यहरूले तयार गरेको सङ्ग्रह भएकाले उनीहरूको दार्शनिक चिन्तनमा विविधता पाइन्छ । वेदान्तदर्शनलाई विकास र बिस्तार गर्न पश्चवर्ती दार्शनिकहरूले ब्रह्मसूत्र, उपनिषद् र गीतामा भाष्यग्रन्थ लेखेका छन् । यी तीन ग्रन्थलाई प्रस्थानत्रयी भनिन्छ । ईशाको ७८८ मा भारतको केरल प्रान्तमा जन्मिएका शङ्कराचार्यले ब्रह्मसूत्रमा टीका लेखे, जुन टीकालाई शाङ्करभाष्य भनिन्छ । वेदान्तदर्शनसम्बन्धी उनको मान्यतालाई अद्वैतवेदान्त पनि भनिन्छ । 'शङ्करको अद्वैतवादी चिन्तनले ईश्वरलाई पनि भौतिक जगत्लाई जसरी हेर्दछ । उनका अनुसार समग्र संसार, समस्त सृष्टि नै भ्रम भएको हुँदा यसको सृष्टिकर्ता पनि भ्रम नै हो  अर्थात् ईश्वर पनि भ्रम नै हो । 'शङ्करको अद्वैतवादी दर्शनको निचोड नै ब्रह्मसत्यम् जगत् मिथ्या भन्ने रहेको छ' (राई, २०७५, पृ. ३९२) । यिनले ब्रह्मको मात्र सत्ता स्विकारेका छन् । शङ्कराचार्यको ब्रह्म सत्य, जगत् मिथ्याले ब्रह्मवादी अद्वैत मान्यतालाई पुष्टि गर्छ । वेदान्तदर्शनका अर्का आचार्य रामानुज (ई.पू. १०२७) हुन् । उनले ब्रह्मसूत्रमा वेदान्तसार नामको टीका लेखे । 'रामानुजदर्शन ब्रह्म परिणामवाद स्विकार्छ, ईश्वर र ब्रह्ममा केही फरक छैन भन्ने मान्यता राख्दछ (गिरि, २०५५, पृ. ६०) यिनको वेदान्तसम्बन्धी मत विशिष्टाद्वैत हो । शङ्कराचार्यद्वांरा स्थापित

ब्रह्म सत्य भन्ने मतको खण्डन गर्दै रामानुजले जीव र प्रकृति ब्रह्मभन्दा भिन्न हुन् तर ती ब्रह्मकै अधीनस्थ छन् भनेका छन् । ईश्वर र ब्रह्म केही फरक छैन भन्दै रामानुजले विशिष्टाद्वैत दर्शनमा जीव, प्रकृति र ईश्वरलाई मान्यता दिएका छन् । वेदान्तदर्शनको विकास र बिस्तारका क्रममा देखापरेका अर्का आचार्य मध्वाचार्य (ई.पू. ११९९-१३०३) हुन् । उनको वेदान्तसम्बन्धी दार्शनिक चिन्तन द्वैतवाद हो । दुईवटा तत्त्वको अस्तित्त्व स्विकार्ने दर्शनलाई द्वैतदर्शन भनिन्छ । मध्वादर्शन आस्तिक दर्शन हो । मध्वाचार्यले ब्रह्मसूत्रमा भाष्य लेखेका छन् । मध्वाचार्यलाई आनन्दतीर्थ र पूर्णप्रज्ञ नामले पनि चिनिन्छ । उनले यसै भाष्यमा प्रतिपादन गरेको दर्शनलाई मध्वदर्शन भनिन्छ । 'मध्वदर्शन स्वतन्त्र र परतन्त्र दुई तत्त्वलाई स्वीकार गर्दछ । विष्णु र लक्ष्मीलाई जगत्को कारण मान्दछ । पदार्थ या पदार्थबीच भेद छ भन्ने सिद्धान्त नै द्वैतवाद हो' (गिरि, २०५५, पृ. ६२) । मध्वाचार्य पछिका अर्का आचार्य निम्बार्क (११ औं शताब्दी) हुन् । उनले ब्रह्मसूत्रमा भाष्य लेखेका छन् । उक्त भाष्यमा प्रतिपादित द्वैताद्वैतवादलाई निम्बार्कदर्शन भनिन्छ । निम्बार्कदर्शन आस्तिक दर्शन हो । 'निम्बार्कदर्शनले ईश्वर, चित् र अचित् तीन तत्त्व मानेको छ र कृष्ण र राधालाई जगत्को कारण मान्दछ । निम्बार्कदर्शनमा अद्वैत वेदान्तको निर्गुणब्रह्मको विरोध गर्दै सगुणब्रह्मको सर्वोच्च सत्ता स्विकार गरिएको छ । निम्बार्कचार्यले ब्रह्म दोषरहित एवम् अशेष कल्याण, गुण सम्पन्न छ भन्ने कुरा बताएका छन्' (गिरि, २०५५, पृ. ६५) । वेदान्तदर्शनको अर्को शाखा शुद्धाद्वैत हो । जसलाई आचार्य वल्लभ (ई.पू. १४८१-१५३३) ले प्रतिपादन गरेका हुन् । उनले ब्रह्मसूत्रमा भाष्य लेखेका छन् । यसरी शुद्धाद्वैत दर्शनले अविकृतपरिणामवादको आधारमा जगत्को व्याख्या गर्छ । 'वल्लभका अनुसार सगुण एवं निगुर्ण पुरुषोत्तम नै ब्रह्म हो । ब्रह्मको सगुण एवम् निर्गुण दुई परस्पर विरोधी गुणको सामञ्जस्य प्रतिपादन गर्दै वल्लभले भनेका छन्- सर्प सीधा परेर, बाङ्गो परेर र गुडुल्किएर अनेक स्वरूप परिवर्तन गरेर जसरी पनि बस्न सक्छ । त्यस्तै ब्रह्म पनि भक्तको इच्छाअनुसार आफ्नो स्वरूप परिवर्तन गरेर जसरी पनि बस्न सक्छ' (गिरि, २०५५, पृ. ६७) । यी दर्शनहरूका अतिरिक्त भाष्कराचार्यको भेदाभेद, श्रीकण्ठको शिव विशिष्टाद्वैतवाद, श्रीपतिको वीरशैव विशिष्टाद्वैत महाप्रभु चैतन्यको चैतन्यदर्शन आदि रहेका छन् । वेदान्तदर्शनका व्याख्याताहरूले जीव, ईश्वर, माया, जड, प्रकृति, मोक्ष, विद्या, अविद्या, प्रमाण, प्रमेय, नीति, आचार आदिको बारेमा व्याख्या गरेका छन् । वेदान्तदर्शनका प्रमुख मान्यताहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

### २.३.१ ब्रह्मचिन्तन

ब्रह्म वेदान्तदर्शनको महत्त्वपूर्ण चिन्तन हो । ब्रह्म सर्वव्यापक, निराकार, अनन्त, आनन्दस्वरूप छ । आत्मा र ब्रह्म एउटै हो । शङ्कराचार्य ब्रह्ममात्र सत्य स्विकार्छन् र सम्पूर्ण दृश्य प्रपञ्च ब्रह्मको विवर्त मान्दछन् । 'सत्यं ज्ञानमनन्तं ब्रह्म' (तैत्तिरीयोपनिषद्, २/१/१) 'विज्ञानमानन्दम् ब्रह्म' (वृहदारण्यकोपनिषद् ३/९/२८ आदि वेदवचनले ब्रह्मलाई नै ज्ञानस्वरूप भनी बताएका छन् । श्रीमद्भागवत (११.३.३७) मा 'ज्ञानक्रियार्थफलरूपतयोरुशक्ति ब्रह्मौव भाति सदसच्च तयोः परम् यत्' अर्थात् इन्द्रिय त्यसका अधिष्ठाता देवता, शब्द आदि विषय र इन्द्रिय एवम् विषयको संयोगबाट उत्पन्न हुने ज्ञानको रूपमा ब्रह्म नै देखिएको हो भनिएको छ । देवीभागवत (३।६।४) मा ब्रह्मलाई अद्वितीय नित्य र सनातन मानिएको छ । कठोपनिषद्मा ब्रह्मलाई शब्द, रूप, गन्धरहित, अविनाशी, नित्य, अनादि, अनन्त, पर र ध्रुव मानिएको छ । त्यसैगरी मुण्डकोपनिषद्मा परब्रह्मलाई सर्वज्ञ सर्ववित् एवम् ज्ञानमय मानिएको छ । गौडपादाचार्यले (माण्डूक्यकारिका ४/४५) मा सम्पूर्ण वस्तु, जाति र क्रियाहरू अद्वय ज्ञानमा नै कल्पित छन् भनी बताउनु भएको छ । शङ्कराचार्यले (छान्दोग्योपनिषद्, शाङ्करभाष्य, ८/१२/१) मा 'सर्वाविद्याकृत-संव्यवहाराणाम् पर एवात्मास्पम् नायोःस्ति' अर्थात् अविद्याद्वारा हुने सबैथरी काल्पनिक व्यवहारको आश्रय परमात्मा नै हुनुहुन्छ भन्नुभएको छ । मनुस्मृतिमा ब्रह्मलाई अन्तिम सत्यको रूपमा लिइएको छ । शरीरभित्रै आत्मोपलब्धि हुने हुनाले उपनिषद्मा मनुष्य शरीरलाई ब्रह्मको पुर भनेर बताइएको छ- यदिदमस्मिन् ब्रह्मपुरे दहरम् पुण्डरीकमम् वेश्म (छान्दोग्यपनिषद् ८.१.१) अर्थात् ब्रह्मको शहर भएको यो शरीरमा हृदयकमलरूपी ब्रह्मको निजी निवासस्थान छ, त्यहीँ नै ब्रह्मलाई जान्नु पर्छ ।

ऋग्वेदको हंसवती ऋचामा सम्पूर्ण प्राणीहरूको चित्तमा अवस्थित निर्गुण परमात्मतत्त्वको वर्णन गरिएको पाइन्छ । आत्मा नै ब्रह्म हो, आत्मको वास्तविकतालाई जान्नु नै ब्रह्मज्ञान हो । तैत्तिरियोपनिषद् (१/३/१) मा जसबाट संसारको उत्पत्ति हुन्छ, जसमा यो संसार रहेको हुन्छ अनि प्रलयकालमा जहाँ गएर यो संसार विलिन हुन्छ त्यही नै ब्रह्म हो भनेर ब्रह्मको तटस्थ लक्षण गरिएको छ । तैत्तिरीयोपनिषद्को (सत्यम्ज्ञानमनन्तम् ब्रह्म) ब्रह्मानन्दवल्ली (१/१) को यस मन्त्रले ब्रह्मको स्वरूप लक्षण बताएको छ । सत्य, ज्ञान र अनन्त तीन लक्षण ब्रह्ममा सधैं रहिरहन्छन् । गीतामा ब्रह्मलाई सर्वोच्च सत्ता एवम् जगत्को कारण मानिएको छ । गीता (१४/३,४) का

अनुसार ब्रह्म न सत् (भावनात्मक) छ न असत् (अभावात्मक) छ । नजिकमा पनि छ र टाढा पनि छ, सम्पूर्ण जगत् त्यही ब्रह्मद्वारा ढाकिएको छ । रामानुजचार्य ब्रह्मलाई जीवको मालिक, जगत्को आधार, मोक्षदाता, वात्सल्य गुणले युक्त स्विकार्छन् । जगत्का क्रिया-प्रतिक्रियाबाट कत्ति पनि प्रभावित नभईकन आफ्नो वास्तविक स्वरूपमा अवस्थित रहनुलाई नै ब्रह्मज्ञान भनिन्छ । ब्रह्म ज्योतिहरूको पनि ज्योति महाज्योति हो जसले सम्पूर्ण जगत् प्रकाशित गर्छ र सम्पूर्ण प्राणीका हृदयमा विद्यमान छ । छान्दोग्योपनिषद् (६.३.२) मा 'अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि' अर्थात् जीवात्मको रूपले शरीरभित्र पसी नाम र रूपलाई विभक्त गर्छु भन्ने सोची परमात्मा शरीर भित्र पस्नुभएको छ भनिएको छ । पाणिनी अष्टाध्यायीमा (१.४.४५) मा परमात्मलाई स्वतन्त्रकर्ता भनिएको छ । आचार्य शङ्करले ब्रह्म शब्दको अर्थ यसरी गरेका छन्- ब्रह्म त्यो वस्तु हो जसलाई पाएपछि अरू कुराको प्राप्तिको कामना रहँदैन । परमात्मा सर्वात्मा हुनुहुन्छ, सबैको साक्षी हुनुहुन्छ । 'अविषक्तदृष्टिः' अर्थात् जसको कतै पनि लिप्त छैन ।  उपनिषद्मा परमात्मलाई सूर्यको दृष्टान्तद्वारा बताइएको छ-सूर्यो यथा सर्वलोकस्य चक्षुर्न लिप्यते चाक्षुषैर्बाह्यदोषैः, एकस्तथा सर्वभूतान्तरात्मा न लिप्यते लोकदुःखेन बाह्यः(कठोपनिषद्, २/२/११) अर्थात् जसरी सूर्यलाई प्रकासित गर्ने सूर्य सबै प्राणीहरूका चक्षुरूप छन् । प्रकाशक भएकाले आँखाद्वारा देखिएका कुनै पनि कार्यहरूको सम्बन्ध सूर्यमा छैन, त्यसैगरी बाह्य संसारमा रहेका सुख-दुःख, धर्म-अधर्म पनि यिनका प्रकाशक परमात्मसँग केही सम्बन्ध छैन् । ईशावास्योपनिषद्, (१) मा 'ईशा वास्यामिदम् सवम्' अर्थात् सर्वव्यापक परमात्मले संसारलाई ढाक्नु भएको छ भनी बताइएको छ ।

दृश्य पदार्थहरूको आफ्नो सत्ता छैन । जगत् ब्रह्मकै प्रतिविम्ब हो । ब्रह्म मात्र सत्य हो । भिन्न-भिन्न नाम र रूपचाहिँ असत्य हुन् । सत्ता र चैतन्यको रूपमा प्रतीत हुने परमात्मा सद्रुप हुनुहुन्छ भनी छान्दोग्यपनिषद् (६/१/४) मा दृष्टान्तपूर्वक बताइएको छ । वाचारम्भणम् विकारो नामधेयम् मृत्तिकेत्येव सत्यम् अर्थात् घैंटो आदि कार्यरूप अनेक नाम, आकारहरू केवल वाणीका विलासमात्र हुन् वास्तविक होइनन् भने कारणरूप माटो नै वास्तविक सत् हो । यहाँ कार्यलाई असत् र कारणलाई सत्यरूपमा बताउन घैंटो र माटोको दृष्टान्त लिइएको छ ।

जसरी कम प्रकाश भएको ठाउँमा डोरी देख्दा सर्पको भ्रम पैदा हुन्छ र त्रास उत्पन्न हुन्छ । वास्तवमा त्यस डोरीमा सर्पको कुनै अस्तित्त्व नै हुँदैन । त्यसरी नै

अज्ञानको कारणले ब्रह्ममा जगत्‌को भ्रम भएको हो । यथार्थ त जगत्‌को अस्तित्त्व छैन । डोरीलाई डोरीका रूपमा नजान्दासम्म त्रास हट्‌दैन । डोरीमा सर्पको भ्रम हुनु अज्ञान हो । अज्ञान हट्‌नु भनेको ब्रह्मज्ञान हुनु हो । शरीरबाट रौँ उम्रिएझैँ ब्रह्मबाट नै सम्पूर्ण दृश्यजगत्‌को प्रादुर्भाव हुन्छ । महाभारतमा एकमात्र परब्रह्मलाई अनादि र अनन्त मानिएको छ । जसबाट जगत्‌को उत्पत्ति हुन्छ । आत्मा, परमात्मलाई उपनिषद्‌मा ब्रह्मकै रूपमा चर्चा गरिएको छ । कठोपनिषद् (१/२/१६) मा ब्रह्मलाई अक्षरको रूपमा वर्णन गरेको पाइन्छ । त्यहाँ भनिएको छ- 'यो अक्षर नै ब्रह्म हो, यो अक्षर नै पर हो र यदि कसैले यसलाई जान्यो भने उसले जे प्राप्त गर्ने इच्छा गर्दछ त्यो प्राप्त गर्दछ ।' बृहदारण्यक उपनिषद्‌मा सम्पूर्ण जीवको अनुभव गर्ने चेतन आत्मलाई नै हृदयको पनि हृदय हो भनिएको छ । ब्रह्म चेतना हो । कठोपनिषद् (१/२/१५) मा सम्पूर्ण वेदहरू जसको वर्णन गर्छन्, सम्पूर्ण तपस्याहरू जसलाई प्राप्त गर्नको लागि गरिन्छन् त्यो ॐकार (ब्रह्म) हो । उपनिषद्‌मा ब्रह्मको अर्थ जगत्‌को स्रष्टा, सञ्चालक तथा परम्‌पुरुषको रूपमा उल्लेख गरिएको छ । छान्दोग्योपनिषद् (६/ २५/ १) मा तल, माथि, अघि, पछि, उत्तर, दक्षिण सबैतिर ब्रह्म नै छ भनेर ब्रह्मको सर्वव्यापकतालाई स्पष्ट्याइएको छ । ब्रह्म सत् चित् र आनन्दस्वरूप छ । कतिपय उपनिषद्‌मा ब्रह्मलाई स्वयम्भू र सच्चिदानन्दको रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी वायु र अन्तरीक्षलाई अव्यक्त ब्रह्म मानिएको छ । छान्दोग्यपनिषद्, ८ अध्यायमा 'दहरब्रह्म' छान्दोग्यपनिषद्, ७ अध्याय 'भूमा' बृहदारण्यकोपनिषद् ३ अध्याय छैटौँ ब्राह्मणमा 'अन्तर्यामी' को रूपमा उपनिषद्‌हरूले परम्‌तत्त्वको वर्णन गरेका छन् । ब्रह्म यस्तै छ भनेर बयान गर्न सकिँदैन किनभने ब्रह्म स्वयम् इन्द्रियभन्दा पर छ । कठोपनिषद् (१/२/२२) मा परमात्मलाई अशरिरी नै भनेर बताइएको पाइन्छ । 'अशरीरम् शरीरेष्वनवस्थेष्ववस्थितम्' अर्थात् परमात्मतत्त्व शरीरले रहित छ, तर अनित्य अनेक शरीरहरूमा नित्य साक्षीरूपले अवस्थित छ । ब्रह्मको बारेमा बताउने कसैको सामर्थ्य र कुनै उपकरण पनि छैन किनकि ब्रह्म त साधनाद्वारा आफैभित्र अनुभव गर्ने विषय हो । उपनिषद्‌मा मनुष्यलगायतका सम्पूर्ण प्राणीमा विद्यमान आत्मा एउटै हुने हुँदा जीवात्मलाई व्याष्टिगत रूप र परमात्मलाई समष्टिगत रूप भनिएको छ । जीवनको चरम्‌लक्ष्य ब्रह्मप्राप्तितर्फ सङ्‌केत गर्दै धनुषको उदाहरण दिँदै मुण्डकोपनिषद् (२/२/४) मा भनिएको छ- 'प्रणव ( ॐकार) धनुष हो । आत्मा वाण हो र ब्रह्म त्यसको लक्ष्य हो । सावधानीपूर्वक लक्ष्यभेदन गर्नुपर्छ

जसको लागि वाणजस्तै तन्मय (लक्ष्यतर्फ केन्द्रित) हुनुपर्छ ।' ईशावाश्योपनिषद्मा ब्रह्मलाई चिनाउँदै भनिएको छ- ब्रह्म परमात्मा हो । जो गतिशील पनि छ । स्थिर पनि छ । जड पनि छ । चेतन पनि छ । नजिक पनि छ । टाढा पनि छ । भित्र पनि छ । बाहिर पनि छ । यसरी उपनिषद्मा ब्रह्मलाई सर्वव्यापी, सर्वगुणी, एवम् सर्वशक्तिशालीको रूपमा प्रस्तुत गरिएको छ । ब्रह्म सबैको अन्तिम केन्द्र हो । जगत्मा जे छ त्यो अन्तिम अस्तित्त्व नै ब्रह्म हो । यो दृश्यजगत् कसरी उत्पत्ति भयो ? कोद्वारा उत्पत्ति भयो ? कहिले उत्पत्ति भयो ? यसको अन्त्य हुन्छ वा हुँदैन ? त्यही जिज्ञासाको उत्तर नै ब्रह्म हो । मुण्डकोपनिषद् (२/२/११) मा वर्णन गरिएअनुसार ब्रह्म स्वयम् प्रकाशमान छ, जसद्वारा सूर्य प्रकासित हुन्छ, चन्द्रमा चाँदनीमय बन्दछ, आगो जाज्वल्यमान बन्दछ र बिजुली चम्कन्छ । ब्रह्मको सगुणस्वरूप विवेचनाको क्रममा ऋग्वेदको पुरुषसुक्तमा (११७) मा हजारौँ शिर भएको, अनन्त चक्षु भएको र अनन्त पाद भएको विराटपुरुषको वर्णन गरिएको छ । 'विज्ञानमानन्दम् ब्रह्म, यः सर्वज्ञः स सर्ववित्' इत्यादि वेद वाक्यहरूले ब्रह्म चित्ज्ञान र आनन्दस्वरूप छ, यो सर्वज्ञ र अझै विशेषरूपले सबै संसारलाई जान्दछ भनी विधिपरक करण शैलीले ब्रह्मलाई बुझाएका छन्' (गिरि,२०७५:पृ. ४४८,दशम स्कन्ध) । बृहदारण्यकोपनिषद् (३.८.८) को 'अस्थूलमनण्वह्रस्वम्', कठोपनिषद् (१.३.१५) को 'अशब्दमस्पर्शरूपम्' आदि वेद वाक्यले ब्रह्म ठूलो, सानो, छोटो, लामो केही छैन अनि यसमा शब्द, स्पर्श, रूप आदि पनि छैनन् भनी निषेधपरक अकरण शैलीमा ब्रह्मलाई बुझाएका छन् । परमात्मतत्त्व सिधै बताउन सकिँदैन भन्दै वेदहरू भन्छन्- 'अनुजानताम् यत् अमतम्' अर्थात जाने भन्नेहरूको लागि जुन तत्त्व नजानिने नै रहन्छ (गिरि, २०७५, पृ. ४९७, दशम स्कन्ध) । केनोपनिषद् (२.३)मा 'यस्यामतम् तस्य मतम् मतम् यस्य न वेद सः' अर्थात जसले ब्रह्मलाई जान्न सकिँदैन भन्यो, त्यस्ले जान्यो, अनि जसले चाहिँ ब्रह्मलाई इन्द्रिय आदिद्वारा स्पष्टतः जान्न सकिन्छ भन्यो त्यसले आत्मलाई जानेन भनी बताइएको छ । नारदीय पुराणमा (१।३।४) मा नारायणलाई सर्वोच्चसत्ताको रूपमा वर्णन गरिएको छ । त्यहाँ भनिएको छ-नारायण नै ब्रह्मा, विष्णु र रूद्रको रूप ग्रहण गर्दछन् । बृहदारण्यकोपनिषद् (३/८/११) मा सम्पूर्ण व्यवहारलाई सिद्ध गर्ने द्रष्टा, श्रोता, मन्ता, विज्ञाता, रसयिता सबै ब्रह्मभन्दा भिन्न अर्को कोही छैन भनिएको छ । माण्डूक्योपनिषद् (१) मा ॐकार (प्रणव) लाई ब्रह्मको रूपमा लिइएको छ । ॐकारको सर्वव्यापकतालाई प्रष्ट्याउँदै भनिएको छ-'ॐ यो एउटा अक्षर नै सबथोक हो । भूत, भविष्यत् र वर्तमान

ॐकारको नै व्याख्या हुन् । त्यसैले ती पनि ॐकार नै हुन् । यसबाहेक जुन त्रिकालातीत (भूत, भविष्यत् र वर्तमान यी तीन कालभन्दा माथिको) वस्तु छ त्यो पनि ॐकार नै हो ।' वायुपुराण (१४।३, ६-८, १३-१४) मा ब्रह्मलाई सम्पूर्ण संसारमा व्याप्त र सर्वोच्च मानिएको छ । ब्रह्म सूक्ष्म, अनन्त, आनन्दमय, स्वयम्प्रकाशस्वरूप एवम् चिद्रुप छ, भनिएको छ । महाभारत शान्तिपर्व (२०६।१९) मा एकमात्र परब्रह्मलाई अनादि र अनन्त मानिएको छ जसबाट जगत्को उत्पत्ति हुन्छ भनिएको छ । अग्निपुराण (१।१।११,५) मा ब्रह्मका दुई रूप परब्रह्म र शब्दब्रह्मको वर्णन गरिएको पाइन्छ । शङ्कराचार्यले ब्रह्मलाई प्रष्ट पार्ने क्रममा ब्रह्मसूत्रशाङ्करभाष्याम्, (२०६१: प्रथमो भागः, पृ. १००, १०१) मा भनेका छन्-जुन नामरूपले अभिव्यक्त भएको छ तथा जो अनेक कर्ता र भोक्ताहरूले संयुक्त छ, जुन प्रतिनियत देश, काल एवम् निमित्तसित क्रिया तथा फलको आश्रय छ र मनभन्दा पनि अचिन्त्य रचना रूपवाला यस जगत्को उत्पत्ति, स्थिति, एवम् लय जुन सर्वज्ञ र सर्वशक्तिमान कारणहरूद्वारा हुन्छ त्यही नै ब्रह्म हो भनिएको छ । बादरायण व्यासले ब्रह्मसूत्र (१।१।५:, १।२।१) मा साङ्ख्यदर्शनमा वर्णित प्रकृति र पुरुष वास्तविक सत्य नभएर ती दुवै कुनै वास्तविक सत्य वस्तुका परिवर्तित हुन् । त्यो सत्य वस्तु ब्रह्म हो जो स्वयम् अजन्मा र नित्य छ । सम्पूर्ण विश्वको कारण ब्रह्म नै हो भनिएको छ ।

### २.३.२ जगत्चिन्तन

वेदान्तदर्शनका अनुसार यो दृश्यमान जगत् सत्य नभएर भ्रम हो । ब्रह्म अथवा आत्मा नै एकमात्र सत्य वस्तु हो । वेदान्तदर्शनले जगत्लाई ब्रह्मको विवर्त वा परिणाम मानेको छ । शङ्कराचार्यका अनुसार जगत्को वास्तविक अस्तित्त्व नै छैन । डोरीमा सर्पको भ्रम भएजस्तै ब्रह्ममा पनि जगत्को भ्रम भएको हो । यो जगत् नानारूप, नानागुण र अनेक विशेषताले युक्त छ । यी सबैको मूल कारण ब्रह्म नै हो । 'जनक कार्यलाई कारण भन्दा छुट्टै वस्तु मान्दैनन् । आत्मबाट उत्पन्न भएको विश्व आत्ममा नै विलिन हुन्छ, जसरी समुद्रको पानीबाट उत्पन्न भएका छालहरू पानीमा नै विलिन हुन्छन्' (अष्टावक्र गीता २/४) । गीतामा जगत्लाई एउटा रुखसँग तुलना गरिएको छ जसको जरा माथि र हाँगाहरू तलतिर छन् । बादरायणले 'ब्रह्मसूत्र' (४।१।१९) मा यो जगत् परिवर्तनशील, अस्थायी र असत्य छ, अर्थात् यो जगत् वास्तविक होइन भनेका छन् । विष्णुपुराण (१।२।३२) मा जगत्को अनेकरूपता विष्णुको नै विकार हो भनिएको छ ।

जगत् कुशल जादुगरले बीजविरुवा केही नभएको ठाउँमा फूलको उत्पत्ति गरेजस्तै हो । जहाँ फूलको उत्पत्ति नै भएको हुँदैन । त्यस्तै जगत् पनि वास्तविक होइन । ब्रह्मको मायाशक्तिका कारणले ब्रह्म नै जगत्को रूपमा प्रतिभाषित भएको हो । मलीन प्रकाशमा डोरी देख्दा सर्पको भ्रम पर्छ र त्रास उत्पन्न हुन्छ । त्यस्तै ब्रह्ममा जगत् भ्रम हो । कपडा अनेक अंश धागोको समूहबाहेक कुनै अर्को वस्तु नभएजस्तै जगत् पनि आत्मका तरङ्गहरूको समष्टि हो । आत्मबाट उत्पन्न भएको जगत् आत्ममा नै विलीन हुन्छ । जसरी जलधिको पानीबाट उत्पन्न भएका लहरहरू पानीमा नै हराउँछन् । विष्णुपुराणमा विष्णुलाई नै जगत्को कारण मानिएको छ । शिवपुराण (४।४३।१५) मा परमात्मस्वरूप शिवभन्दा जगत् भिन्न देख्नुलाई भ्रान्ति भनिएको छ । भागवत (११, १३, ३४) मा यो जगत्लाई केवल मनको कल्पना र भ्रम हो भनी विचार गर्नू भनिएको छ । साङ्ख्यदर्शनले प्रकृतिलाई जगत्को कारण मानेको छ भने शाङ्कर दर्शनअनुसार माया नै जगत्को कारण हो, माया नै नानारूपात्मक जगत्लाई प्रदर्शित गराउँछ, माया नै जगत्को कारण हो (गिरि, २०५५, पृ ५७) । श्रीमद्भागवत्का अनुसार अनादि निर्गुण ब्रह्ममा मायाको सम्पर्क हुनाले नै यो सम्पूर्ण संसारको सृष्टि भएको हो । शङ्कराचार्य जगत्लाई ईश्वरको जादु स्विकार्छन् । व्यावहारिक रूपमा सत्यजस्तो लागे पनि यसको आफ्नो छुट्टै सत्ता छैन । पारमार्थिक दृष्टिकोण लिएर विचार गर्ने हो भने यो सम्पूर्ण दृश्यमान जगत् मिथ्या हो, अर्थात् भ्रम हो वा नभएको वस्तु हो (गिरि, २०५५, पृ. ५५) । आचार्य रामानुजका अनुसार जगत् ईश्वरकै परिणाम भएकाले यो सत्य छ । सृष्टिपूर्व र प्रलयकालमा यो जगत् ब्रह्ममा नै आश्रित रहन्छ । वेदान्तदर्शनमा जगत्लाई विभिन्न रूप, गुण, नाम भएको जड तत्त्व, भोग्यवस्तु, ब्रह्मको अधीनमा रहेको परिवर्तनशील, नाशवान् आदि गुणले युक्त मानिन्छ । शाङ्कर अद्वैतवादअनुसार मायाको सम्पर्कमा आएर विकृत भएको ब्रह्म नै जगत्को रूपमा देखापरेको हो, जसरी व्याक्टेरियाको सम्पर्कमा आएर विकृत भएपछि दूध नै दहीको रूपमा देखापर्छ (गिरि, २०५५, पृ. ६७) । वेदान्तदर्शनका अनुसार सांसारिक पदार्थ परिवर्तनशील भएको हुँदा जगत् अनित्य छ । जगत्को परमार्थिक सत्ता छैन । परिवर्तनको अधीनमा नहुने वस्तुमात्र वास्तविक सत्य हो । परिवर्तनशील र नाशवान् भएकोले जगत् असत्य छ । व्याकरणदर्शनमा जगत्लाई असत्य भ्रम मानिएको छ । मस्तिष्कका चेतन तन्तुहरू नै तरङ्गित भएर आँखाको बाटो हुँदै बाहिर निस्केर विभिन्न पदार्थको रूपमा देखिएका हुन् । दृश्यात्मक सबै पदार्थहरू असत्य

हुन् । 'शाङ्कर सिद्धान्तअनुसार वास्तवमा (पारमार्थिक दृष्टिकोणले) भन्ने हो भने जगत्को सृष्टि भएकै छैन । तर व्यवहारिक सत्ताको कुरा गर्दा सृष्टिको व्याख्यामा शाङ्कर वेदान्तले विवर्तवादको प्रतिस्थापना गरेको छ । विवर्तवादअनुसार कारणबाट कार्य उत्पन्न हुँदा कारणमा रहेको गुण कार्यमा नरहन पनि सक्छ । कार्य कारणको वास्तविक रूपान्तरण होइन । सच्चिदानन्दस्वरूप ब्रह्मसँग मायाको सन्निकटताले देखापरेको जगत् ब्रह्मको विवर्त हो' (गिरि, २०५५, पृ. ५८) ।

### २.३.३ आत्मचिन्तन

आत्मा जड पदार्थभन्दा भिन्न चैतन्य तत्त्व हो । गीतामा आत्मलाई अक्षर, अविनाशी, अनन्त, अणु, अप्रमेय, अव्यय, शास्वत अनि शस्त्रअस्त्रले काट्न नसक्ने, आगोले डढाउन नसक्ने, पानीले भिजाउन नसक्ने, हावाले सुकाउन नसक्ने तत्त्वको रूपमा बताइएको छ । गीतामा (१३/२२, १५/७) आत्मा र परमात्मलाई एउटै मानिएको छ । शङ्कराचार्यले आत्मलाई ब्रह्मस्वरूप मानेका छन् । उनका अनुसार जीव संसारको बन्धनबाट मुक्त भएपछि आफ्नो ब्रह्मस्वरूपमा प्राप्त हुन्छ । घडा फुटेपछि त्यहाँको आकाश महाकाशमा मिलेजस्तै आत्मा पनि परमात्ममा नै मिल्दछ । बृहदारण्यकोपनिषद् (४.३.३२) मा 'एतस्यैवानन्दस्यान्यानि भूतानि मात्रामुपजीवन्ति' अर्थात् सम्पूर्ण प्राणीहरू आनन्दस्वरूप आत्मकै आनन्दलाई पाएर आनन्दपूर्वक बाँच्दछन् भनी बताइएको छ । आचार्य रामानुज जीवलाई स्वतन्त्र ठान्दछन् । मुक्त भएपछि आत्मा ब्रह्मस्वरूपजस्तै हुन्छ तर ब्रह्म नै चाहिँ हुँदैन भन्ने मान्यता राख्दछन् । आत्मले अनेक रूप धारण गर्दछन् । यसको गति, तिर्यक्, स्थावर, देव, मनुष्य आदिमा रहने आत्मतत्त्व एउटै हो । गीता (२/२२) मा जसरी कपडा पुरानो भएपछि त्यो पुरानो कपडा छोडेर अर्को नयाँ कपडा लगाइन्छ त्यस्तै पुरानो शरीर छाडेर आत्मा पनि नयाँनयाँ शरीरमा प्रवेश गर्छ । अर्थात् शरीर मरेर जान्छ तर आत्मा अमर छ भनिएको छ । बृहदारण्यकोपनिषद्, (३/९/३३) मा आत्मलाई 'नेति नेतीत्यात्मा असङ्गो न हि सज्यते, अगृह्यो न हि गृह्याते' अर्थात् आत्मा माया पनि होइन र त्यसको कार्य प्रपञ्चरूप पनि होइन, यो असङ्ग भएकाले मन, वाणी आदिको संसर्गभित्र आउँदैन । त्यसैले इन्द्रियहरूद्वारा ग्रहण गर्न नसकिने हुनाले यो अगृह्य छ भनिएको हो । साधरण जीवनमा आत्मा जाग्रत, स्वप्न र सुषुप्ति अवस्थामा रहन्छ । यी तीनै अवस्थालाई पार गरेर जब आत्मा तुरीय अवस्थामा पुग्दछ त्यतिबेला अविद्या हटेर आत्मा ब्रह्ममा लीन हुन्छ । महाभारत शान्तिपर्व (१९४/६) मा भनिएको छ- जसरी समुद्रमा तरङ्ग उत्पन्न हुन्छन् र

फेरि समुद्रकै पानीमा बिलाउँछन् त्यसैगरी यो जगत् पनि जुन परमात्मा (ब्रह्म) बाट उत्पन्न भएको हो त्यसैमा लीन हुन्छ । जीवमा जुन 'म' भन्ने अनुभव हुन्छ त्यो नै आत्मा हो । केनोपनिषद् (१/४८) मा सम्पूर्ण इन्द्रियले जसलाई भेट्दैनन् तर जसको कारणले सम्पूर्ण इन्द्रियहरू प्रकासित भई कर्म गर्दछन्, त्यस्तो आत्मलाई स्वयम्प्रकाश भनिएको छ । आत्मा शरीरभन्दा भिन्न छ । चेतन छ । जसको अभावमा शरीर मृत हुन्छ । बृहदारण्यकोपनिषद्, छान्दोग्योपनिषद्, माण्डूक्योपनिषद्मा क्रमशः 'अहम् ब्रह्मास्मि' 'तत्त्वमसि' 'अयमात्माब्रह्म' यी वाक्यहरूद्वारा आत्मा र ब्रह्मको एकत्व प्रतिपादन गरिएको छ (गिरि, २०५५, पृ. १३४) । केनोपनिषद् (१/३-७) मा आत्मा अर्थात् ब्रह्मलाई अनिर्वचनीय प्रमाणित गर्दै भनिएको छ- आत्मा अथवा ब्रह्मसम्म नचक्षुरिन्द्रिय जान्छ, न वाणी जान्छ, नत मन नै जान सक्छ ।

ब्रह्म र आत्मा एकै भएकोले ब्रह्मजस्तै आत्मा पनि सच्चिदानन्दस्वरूप छ । माण्डूक्यकारिका (३.३) मा आत्मको जीवरूप उत्पत्ति भनेको घटद्वारा घटाकाशहरू उत्पन्न भए भन्नुभैँ हो भनिएको छ । आत्मा सत्य, निराकार, नित्य, शुद्ध र एक छ । अनन्त छ । आत्मा स्वभावतः कर्ता र भोक्ता होइन । शरीरगत उपाधिका कारणले गर्दा आत्मा कर्ता र भोक्ताजस्तो प्रतीत भएको हो । आत्मा कहिल्यै बन्धनमा पर्दैन । स्वभावतः ज्ञानस्वरूप, व्यापक र अनन्त छ । ईशावास्योपनिषद् (८) मा आत्मा धर्म, अधर्म दुबैको संसर्गले शून्य छ । त्यसैले परम् शुद्ध भनिएको छ । एउटै चन्द्रमाको बिम्व नै विभिन्न खोला, नदी, ताल, तलाउ, इनार समुद्रको पानीमा प्रतिविम्बित हुन्छ । जहाँको पानी सफा छ त्यहाँ चन्द्रमाको छाया पनि स्पष्ट देखिन्छ । जहाँको पानी धमिलो छ त्यहाँ चन्द्रमाको छाया पनि अस्पष्ट र मलिन देखिन्छ । आत्मा पनि चन्द्रमाजस्तै एक छ । सफा हृदयमा आत्मको वास्तविक स्वरूप प्रतिविम्बित हन्छ । संसारका सम्पूर्ण दुःखहरूको उपचार आत्मा जानेपछि समाप्त हुन्छन् । कठोपनिषद् (१/२/१६) मा ब्रह्मलाई अक्षरकोरूपमा वर्णन गरेको पाइन्छ । त्यहाँ भनिएको छ- यो अक्षर नै ब्रह्म हो । यो अक्षर नै पर हो र यदि कसैले यसलाई जान्यो भने उसले जे प्राप्त गर्ने इच्छा गर्दछ त्यो प्राप्त गर्दछ । ब्रह्म नै आत्मा हो । बृहदारण्यकोपनिषद् (४,४,१३) मा मन शान्त भएको, इन्द्रियहरू निगृहीत भएको, विषयभोगबाट छुटेको र सहनशील व्यक्तिले मात्र आत्मदर्शन गर्न सक्छ भनिएको छ । बृहदारण्यकोपनिषद् (३.७.१५) मा आत्मलाई अन्तर्यामी भनिएको छ । जैमिनी मुनिले (मीमांसासूत्र ३.१.२) मा 'शेषः परार्थत्वात्' अर्थात् आत्मको भोगको लागि हुने भएकोले जगत् आत्मको शेष हो भने आत्मा शेषी हो भन्नु भएको छ ।

### २.३.४ मोक्षचिन्तन

जन्म-मरणरूपी संसारचक्रबाट पार पाउनु मोक्ष हो । जीवनको चरम्लक्ष्य मोक्ष प्राप्ति हो । आचार्य शङ्करले मोक्षलाई आनन्दमय अवस्था मानेका छन् । रामानुजका अनुसार मोक्ष ईश्वरको कृपाले मात्र प्राप्त हुन्छ । केनोपनिषद् (२.४) मा बुद्धिवृत्तिको साक्षीका रूपमा आत्मलाई जानेर नै अमृततत्त्व (मोक्ष) प्राप्त हुन्छ भनिएको छ । शङ्करका अनुसार जीव आफ्नै प्रयासले मात्र मोक्ष प्राप्त गर्दछ । पूर्वीय चिन्तनमा पुरुषार्थ चतुष्टयमध्ये मोक्ष मानवजीवनको अन्तिम र परम्पुरुषार्थ हो । गीतामा मोक्ष प्राप्तिको लागि योगमार्गको अनुसरण गर्नुपर्ने कुरामा विशेष जोड दिइएको छ । मोक्ष भनेको परम्पद प्राप्ति हो । छान्दोग्यपनिषद् (८/१५/१) मा 'न च पुनरावर्तते' अर्थात् परम्पदमा पुगेको व्यक्ति फेरि संसारमा फर्कदैन भनिएको छ । अज्ञानको कारणले आत्मको अनन्ततालाई बुझ्न नसकेर आत्मा र जगत् भिन्नभिन्नै दुई पदार्थ हुन् भन्ने धारणाले नै बन्धनको उत्पत्ति भएको हो । सुख-दु:ख आदिले प्रभावित तुल्याउने गरेका हुन् । ज्ञान भएपछि द्वैत बुद्धि पनि स्वतः हटेर जान्छ । अद्वैत निरञ्जन आत्मको अनुभव हुन्छ । अर्थात् मुक्तिको अवस्थामा पुगिन्छ । (गिरि, २०५५, पृ. ९९) । कठोपनिषद्मा सांसारिक वस्तुको लोभमा भुल्ने र जगत्लाई नै सबथोक ठान्नेले मोक्षको साधन बुझ्न सक्दैनन् भनिएको छ । उपनिषद्हरूमा मोक्षको वाधक तत्त्व अविद्यालाई मानिएको छ भने साधक तत्त्व विद्या अथवा ज्ञानलाई माानिएको छ । न्यायमीमांसाले आत्मको चैतन्यशून्य अवस्थालाई मोक्ष मानेको छ । केनोपनिषद् (२।४) मा 'प्रतिबोधविदितं मतममृतत्वं हि विन्दते' अर्थात् हरेक बुद्धिवृत्तिको साक्षीको रूपमा आत्मलाई बुझ्नाले नै मोक्षप्राप्ति हुन्छ भनिएको छ । जनकदर्शनका अनुसार मोक्ष अभावात्मक अवस्था नभएर भावात्मक अवस्था हो । मोक्षको अवस्थामा आत्मा आफ्नो वास्तविक स्वरूपमा अवस्थित हुन्छ । साङ्ख्यदर्शनले संसारका रोग, जरा, जन्म, मृत्यु आदि दु:खबाट छुटकारा पाउनुलाई नै मोक्ष ठानेको छ । त्यस्तै, प्रकृति र पुरुषको सम्यकज्ञानबाट मोक्ष प्राप्त गर्न सकिने र मोक्षको अवस्थामा आत्मा शुद्ध अवस्थामा रहने साङ्ख्यको धारणा छ । ब्रह्मानुभव हुनु मोक्ष हो । ज्ञानस्वरूप र आनन्दस्वरूप ब्रह्मलाई जान्नु नै जीव मोक्षको अवस्था हो । वेदान्तदर्शनका अनुसार जीव अविद्याका कारण सांसारिक बन्धनमा पर्दछ र अविद्या नाश भएपछि मोक्ष प्राप्त गर्दछ । मोक्ष प्राप्त गर्नु भनेको सीमितताबाट व्यापक हुनु हो । आकाशजस्तै हुनु हो । सबै प्रकारका विकारले रहित स्वयम् ज्योति, नित्य, पापपूण्यबाट

मुक्त अवस्था नै मोक्ष अवस्था हो । जनकदर्शनमा मुक्तावस्था आत्मको स्थितिलाई दुई भागमा विभाजन गरिएको छ । जीवनकालमै परमानन्दको अनुभूति हुनु जीवनमुक्तिको अवस्था हो । यस अवस्थामा म आत्मा शरीर होइन भन्ने ज्ञान हुन्छ । तर शरीरको नाश हुँदैन । यस अवस्थालाई गीता (२/५५) मा स्थितप्रज्ञ भनिएको छ । मुक्त व्यक्तिले आफ्नो स्थूल र सूक्ष्म शरीरबाट पनि स्वतन्त्रता प्राप्त गरेको अवस्थालाई विदेह मुक्तिको अवस्था भनिन्छ । विदेहमुक्ति पश्चात् आत्मले अर्को शरीर धारण गर्दैन ।

### २.३.५ ईश्वरचिन्तन

वेदान्तमा ईश्वरलाई ब्रह्मको साकार रूप मानिन्छ । त्रिपुरारहस्ये ज्ञानखण्डः (१७/६३) मा आफैमा रहेको मायाशक्तिबाट प्रभावित ब्रह्मलाई ईश्वर भनिन्छ । ईश्वर सगुण अर्थात् व्यक्तित्वपूर्ण ब्रह्म हो जसबाट यो जगत् सृष्टि हुन्छ । ईश्वर सर्वज्ञ, सर्वव्यापी, अन्तर्यामी र एक छ । ब्रह्मजस्तै ईश्वर पनि दृक् पदार्थ हो भनिएको छ । श्रीमद्भगवत्गीता (१८/६१) मा हे अर्जुन, ईश्वर सबै प्राणीहरूको हृदयमा बस्दछन् र यसले मायाको शक्तिद्वारा सबै प्राणीलाई भ्रमित तुल्याउने गर्दछ भनिएको छ । श्रीमद्भगवद्गीता (७.१९) मा वासुदेवः सर्वम् अर्थात् यो सम्पूर्ण संसार वासुदेव रूप हो भनी भगवान् वासुदेवलाई सबैको आत्मा भनिएको छ । जनकले ईश्वरलाई देवता पनि भनेका छन् । जो उपासनाको विषय हुन्छ र जसको उपासनाले जीवमा परमतत्त्व प्राप्त गर्ने इच्छा जागृत हुन्छ भनिएको छ । गुण एवम् कर्मका आधारमा देवताका अनेक नाम पुकारे पनि स्वरूपमा भिन्नता छैन । वस्तुतः परमात्मतत्त्व एउटै छ । उपनिषद्ले एकमेवाद्वितीयम् (छान्दोग्यपनिषद् ६/२/१) एकमात्र अद्वितीय भनी बताएको छ । एक भन्ने शब्दले ईश्वर एउटै भएको बताइसकेपछि फेरि अद्वितीय शब्दको प्रयोगबाट परमात्मभन्दा अरू कुनै पनि पदार्थको अस्तित्त्व नरहेको स्पष्ट हुन्छ । अद्वैतदर्शनका अनुसार जगत्ब्रह्मलाई मानव विचारद्वारा ग्रहण गरिन्छ । त्यो ब्रह्मको ईश्वरीय रूप हो । जब ब्रह्म मायामा प्रतिविम्बित हुन्छ त्यो ईश्वर हो । अद्वैतदर्शन ब्रह्म र ईश्वरमा भेद राख्दछ । विशिष्टाद्वैतदर्शन अनुसार ईश्वर र ब्रह्म एउटै रूप हो । रामानुज ईश्वरलाई सविशेष, सगुण अर्थात् चित्, अचित्, विशिष्ट मान्दछन् । उनका दृष्टिमा ईश्वर भनेको सबै प्राणीको अन्तर्यामी, अभिन्नजस्ता विशेषता भएको कुरा स्विकार्छन् । वेदान्तदर्शनले ईश्वरलाई जीव र जगत्को आधार, आश्रय, मालिक, उपाश्य, द्रष्टा, नियन्ता आदि मानेको छ । वामनपुराणमा भगवान् वामनलाई ब्रह्मको रूपमा उपस्थित गरिएको छ ।

ब्रह्मपुराणम् (२०३।१५) मा कृष्णलाई परम्‌तत्त्वको रूपमा वर्णन गरिएको छ । गीतामा अवतारको अवधारणा विश्लेषण गरिएको छ । अवतारको अर्थ परमात्मको धरतीमा अवतरण हुनु हो । ईश्वर करूणावश मानवजातिको कल्याणको लागि बेलाबखत मानवरूपमा वा अरू कुनै समयोचित स्वरूपमा अवतार लिने गर्नु हुन्छ । जनकदर्शनका अनुसार ईश्वर नै शुभ र अशुभ कर्मको फल जीवलाई बितरण गर्दछ । ईश्वर शुभकार्यको राम्रो फल र अशुभकार्यको नराम्रो फल दिनमात्र सक्दछ । जीवद्वारा शुभ र अशुभकार्य गराउन सक्दैन । शुभ, अशुभकार्य गर्न जीव स्वतन्त्र हुन्छ । जनकदर्शनमा ईश्वरलाई आत्मदेव भनिएको छ । जगत्‌को आदिकारण र अन्त्यको विश्राम पनि ईश्वर हो । गीताका अनुसार समस्त सृष्टि नै ईश्वरमा अडेको छ । श्रीकृष्णको विश्वरूप दर्शनले पनि ईश्वरको सर्वव्यापकता प्रष्ट हुन्छ । वैष्णव आचार्यहरूले ईश्वरलाई दयालु, परमपिता, भक्तवत्सल, आनन्दस्वरूप, सेव्य आदि गुणले युक्त ठान्दछन् । ईश्वर स्वयम्‌मा पूर्ण छ । सृष्टि ईश्वरको स्वभाव हो । ईश्वर कुनै बाह्य सामग्रीको उपयोग नगरीकन आफै आफूमा नै जगत्‌को सृष्टि गर्छ । योगदर्शनका अनुसार क्लेस, कर्म, कर्मफल र कर्म संस्कारजस्ता कुराबाट मुक्त पुरुष नै ईश्वर हो । ईश्वर दिक्‌कालभन्दा पर छ र सदासर्वदा मुक्त छ । यो स्वतन्त्र छ । गीतामा ईश्वरको सगुण र निर्गुण दुबै स्वरूपको व्याख्या गरिएको छ । ब्रह्मले ईश्वरको निराकार एवम् निर्गुणस्वरूप जनाउँछ भने ईश्वर परमेश्वरको साकार रूप हो । गीतामा ईश्वरलाई पुरुषोत्तमको संज्ञा दिइएको छ । प्रकृति र पुरुषभन्दा पनि माथिको तत्त्व मानिएको छ । ईश्वरलाई निर्गुण, निराकार मानिएको छ ।

### २.३.६ स्वर्ग र नरकसम्बन्धी चिन्तन

पूर्वीय दर्शनमा स्वर्ग र नरकका सम्बन्धमा गम्भीर विचारविमर्श गरिएको छ । स्वर्ग र नरक भनेको मानवले गरेको कर्मको आधारमा भोग्ने परलोक हो । स्वर्ग भनेको सुख हो । स्वर्ग सत्कर्मको परिणामबाट प्राप्त हुन्छ । नरक भनेको दुःख हो । यो दुष्कर्मबाट प्राप्त हुने दुःखको लोक हो । यी दुबै मानवीय चाहनाका ग्राह्य र त्याज्य हो । स्वर्गलोक मानवीय चाहनामा भएको सुखको अभिव्यक्ति हो । स्वर्गमा अमरत्व, भोग, तृप्ति, दिव्यत्व, सुखजस्ता कुरा मात्र पाइन्छन् । नरक मानवले त्याग्न चाहेको हीनत्तर वस्तुको अभिव्यक्ति हो । जहाँ मृत्यु, भय, पीडा, दानवीय क्रूर वस्तुहरू छन् । (बैद्य, २०६७, पृ. २९३) मा दुःखी जीवन जिउनु भनेको नर्कभोगसरह हो भने शान्ति र आनन्दको अनुभव गर्नु स्वर्ग पुगेसरह नै हो । नर्क र स्वर्ग दुवै हाम्रै कर्मद्वारा प्राप्त हुने

फल हुन् । तसर्थ, ती दुवैको भोग चिरस्थायी हुँदैन । केही समयको भोगपछि जीवात्मले फेरि मर्त्यलोकमा फर्कनुपर्ने हुन्छ  भनिएको छ  ।

मानवका उच्चतर पक्षलाई देवता, सौन्दर्य, सौम्य, सत्व, त्याग, सन्तोष, निर्भय, शान्तिजस्ता विम्बद्वारा बुझाइन्छ । यज्ञ, कर्म, दान, त्याग, अहिंसा, व्रत आदि स्वर्गीय गुण हुन् । हिंसा, क्रोध, कठोरता, वैमनस्य आदि नारकीय गुण हुन् । (गिरि, २०७१, पृ. २३५ प्रथम खण्ड) मा स्वर्ग सुखभोग गर्ने ठाउँ हो । तर परमात्मलाई छोडेर अन्यत्र कहीँ पनि वास्तविक सुख प्राप्त नहुने हुनाले स्वर्ग पनि परमात्मकै एक अंश हो । सकाम पुरुषहरू अग्निहोत्रादि कर्म गरेर स्वर्ग प्राप्त गर्दछन् । निष्काम कर्म गर्ने भक्तहरूको दृष्टिमा भने भगवत्त्व प्राप्ति नै वास्तविक सुखको अनुभूति हो भनिएको छ ।

### २.३.७  पुनर्जन्म

पुनर्जन्म भनेको मृत्युपछि पनि फेरि अर्को जन्म लिनु हो । आत्मा नित्य छ । अविनाशी छ । यो मुक्त नहुँदासम्म एउटा शरीरबाट अर्को शरीरमा प्रवेश गर्दछ । कठोपनिषद् (१/१/६) मा भनिएको छ- अन्नको जस्तै मान्छेको पनि नाश हुन्छ र अन्नको जस्तै पुनर्जन्म हुन्छ । गीताको अनुसार मान्छेको मात्र होइन ईश्वरको पनि पुनर्जन्म हुन्छ । अन्य भारतीय दर्शनले आत्मलाई नित्य मानेर पुनर्जन्मको व्याख्या गरिएको पाइन्छ । बौद्धदर्शनमा आत्मलाई नित्य नमानिकन पुनर्जन्मको व्याख्या गरिएको छ । यस दर्शनका अनुसार जसरी एउटा मैनबत्तीले अर्को मैनबत्तीलाई सल्काइन्छ त्यसैगरी वर्तमान जीवनको अन्तिम अवस्थाद्वारा नै भावी जीवनको प्रथम अवस्थाको निर्माण हुने कुराको वृहत् विमर्श भएको पाइन्छ । गीता (२/२७) मा जो जन्मन्छ त्यसको अवस्य मृत्यु हुन्छ र जो मर्दछ त्यो अवस्य जन्मन्छ ।  शरीरको जन्म हुन्छ, बढ्छ, क्षीण हुन्छ, अन्तमा मुत्यु हुन्छ । यो शरीरको धर्म हो । आत्मा भने सदा अमर छ । जीवात्मले शरीर ग्रहण गर्नु जन्म हो भने शरीर त्याग गर्नु मृत्यु हो । त्यसैगरी आत्मा देहान्तरण हुनु पुनर्जन्म हो भनिएको छ । गीता (२/२२) मा जसरी मान्छे आफ्नो लुगालाई पुरानो भएपछि छोडेर नयाँ लुगा लगाउँछ त्यसैगरी आत्मा पनि वृद्ध, जर्जर शरीरलाई छाडेर नयाँ शरीर धारण गर्दछ । प्राणी आफ्नो कर्मवश अनेक शरीर धारण गर्दछ र मानवजीवन प्राप्त गरेपछि  मोक्षको अधिकारी बन्छ भनिएको छ । गीताका अनुसार मान्छेको मात्र होइन ईश्वरको पनि पुनर्जन्म हुन्छ (गिरि, २०५५, पृ. २४) । चार्वाकदर्शनबाहेक अन्य सबै पूर्वीय दर्शनले पुनर्जन्म स्वीकारेका छन् । साङ्ख्य र योगदर्शनका अनुसार स्थूल

शरीरको नाश भएपछि सूक्ष्म शरीर अर्को नयाँ शरीरमा प्रवेश गर्दछ । जीवात्मा आफ्नो कर्मअनुसार यस संसारमा आवागमन गरिरहन्छ । गीतादर्शनमा पुनर्जन्मका सन्दर्भमा विशेष विवेचना भएको पाइन्छ । पुनर्जन्मको अवधारणाले भौतिक, सांसारिक वस्तुप्रतिको माया ममतामा वितृष्णा जगाउँदै सत्कर्मप्रति निष्ठा जागृत गरेको पाइन्छ । वेदान्तदर्शनले मृत्युपछि स्थूल शरीर त्याग गरेर आत्मले सूक्ष्म शरीर प्राप्त गर्दछ भन्ने धारणा राखेको छ । जीवात्मा कर्मफल समाप्त नहुन्जेल यस संसारमा घुमिरहन्छ । संसारमा जन्म लिने सम्पूर्ण प्राणीले दुःख भोग्नु पर्छ । शरीर र आत्मको भेद छुट्याउन नसक्नु अज्ञान हो । दुःखको कारण पनि अज्ञान नै हो । प्राणीहरू अज्ञानको आवरणबाट मुक्त नभएसम्म संसाररूपी जन्ममरणको चक्रमा फसिरहन्छन् ।

## २.४ निष्कर्ष

पूर्वीय आस्तिक दर्शनहरूमा छवटा दर्शनहरू पर्दछन् । साङ्ख्यदर्शन सर्वप्राचीन पूर्वीय दर्शन हो । शङ्कराचार्यले साङ्ख्यदर्शनलाई कपिलतन्त्र भनेका छन् । षष्ठीतन्त्र साङ्ख्यदर्शनको पुरानो ग्रन्थ हो । जुन अहिले अप्राप्य छ । साङ्ख्यदर्शनको उत्पत्तिबारे निष्कर्षमा देवीप्रसाद चट्टोपाध्याय (लोकायत, पृ. ३००, २००५) 'साङ्ख्यको मूल विकासको क्षेत्र त्यो क्षेत्र थियो जुन अत्यन्तै प्राचीनकालदेखि नै मातृसत्तात्मक समाज व्यवस्था र तान्त्रिक विचारधाराको प्रवल प्रभावको अधीनमा थियो । साङ्ख्य तन्त्रवादको विकसित रूप हुन सक्दछ र तन्त्रवादमा सबैभन्दा पहिले केवल स्त्रीहरू नै गुरू हुन्थे ।' साङ्ख्यले सृष्टिको मूलकारण प्रकृतिलाई मानेको छ । प्रकृति निष्क्रिय छ र पुरुष चेतन छ । सत्व, रज र तम तीन गुणहरूको साम्यवस्था प्रकृति हो । पुरुषको सम्पर्कमा आएपछि प्रकृतिमा रहेको सत्व, रज र तम गुणको साम्यवस्थामा गडबडी आउँछ । फलस्वरूप सृष्टिको प्रारम्भ हुन्छ । साङ्ख्यदर्शनले आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःखबाट छुटकारा पाउनुलाई नै मोक्ष भनेको छ ।

चित्तको चञ्चलता नियन्त्रण गर्नु योग हो । पतञ्जलीको योगसूत्रले यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिजस्ता अष्टाङ्ग योगमार्गमा जोड दिएको छ । साङ्ख्यदर्शन सैद्धान्तिक दर्शन हो भने योगदर्शन व्यावहारिक दर्शन हो । साङ्ख्यदर्शन र पतञ्जलिको योगदर्शनलाई समानतन्त्र पनि भनिन्छ । साङ्ख्य र योगदर्शनको निकट सम्बन्ध छ । साङ्ख्यले जस्तै योगदर्शनले पनि त्रिविध तापबाट मुक्ति पाउनुलाई नै मोक्ष मान्दछ । योगदर्शनले ईश्वरको अस्तित्त्वलाई स्वीकार्छ । यसले

जगत्को उपादानकारण प्रकृति र निमित्तकारण ईश्वरलाई मान्दछ । न्यायदर्शनका प्रणेता महर्षि गौतम हुन् । यस दर्शनको आधिकारिक ग्रन्थ न्यायसूत्र हो । न्यायदर्शनलाई अक्षपात दर्शन पनि भनिन्छ । न्यायदर्शन प्राचीन र नव्य गरी २ भागमा विभाजित छन् । ईश्वरको अस्तित्त्व स्विकार्ने न्यायदर्शनले तर्कशास्त्र र प्रमाणशास्त्रमा जोड दिएको छ । द्वैतवादी आस्तिक दर्शन न्यायदर्शनले असत्कार्यवाद सिद्धान्तको आधारमा सृष्टिको व्याख्या गर्दछ । 'न्यायदर्शनको पहिलो सूत्रमा सोह्र पदार्थहरूको विवेचन गरिएको छ । ती पदार्थ हुन्- प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निग्रहस्थान । यहाँ यी १६ पदार्थको तत्त्वज्ञानबाट मुक्ति हुने कुरा बताइएको छ' (बैद्य, २०७४, पृ. ६५) । वैशेषिकदर्शनका प्रणेता महर्षि कणाद हुन् । कणादद्वारा रचित वैशेषिकसूत्र यस दर्शनको आधिकारिक दर्शन हो । ईश्वरको अस्तित्त्वलाई स्विकार्ने द्वैतवादी दर्शन वैशेषिकदर्शनले परमाणु सृष्टिवादलाई मान्दछ । वैशेषिक र न्यायदर्शनको मोक्ष, जीवात्मा, ईश्वर र परमाणुसम्बन्धी अवधारणा एउटै छ । यसलाई समानतन्त्र पनि भनिन्छ । मीमांसादर्शनका प्रणेता जैमिनि हुन् । यो दर्शन पूर्णतः वेदमा आधारित छ । मीमांसादर्शनलाई पूर्वमीमांसा र वेदान्तदर्शनलाई उत्तरमीमांसा पनि भनिन्छ । वेदको पूर्वभागमा उल्लेख गरिएको कर्मसम्बन्धी चर्चा नै मीमांसादर्शन हो र उत्तरभाग ज्ञानभाग हो । यसलाई वेदान्तदर्शन भनिन्छ । मीमांसा शब्दको अर्थ पूज्य विचार, आप्त वचन भन्ने हुन्छ । मीमांसादर्शनले वेदनिर्देशित कर्मकाण्डमा विशेष जोड दिन्छ । मीमांसादर्शन द्वैतवादी आस्तिक दर्शन हो । यसका अनुसार मोक्षको अवस्थामा आत्मा, शरीर, मन, इन्द्रियसँग छुटेर शून्य अवस्थामा रहन्छ ।

वेदान्तदर्शनका प्रणेता बादरायण व्यास हुन् । उनले छरिएर रहेका सम्पूर्ण उपनिषद्का सिद्धान्तहरूलाई एउटै मालामा उनेर ब्रह्मशूत्रको रचना गरे । पूर्वीय दार्शनिक धरातलमा जीवन र जगत्सम्बन्धी विशिष्ट व्याख्या गरिएको शाङ्कर वेदान्तको अद्वैतवादी चिन्तन हो । यसले ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या ठान्दछ । वेदान्तदर्शन ईश्वरको अस्तित्त्वलाई स्विकार्ने आस्तिक दर्शन हो । आत्मा अविनाशी छ । अविद्याका कारण जीवले आफ्नो स्वरूप बिर्सन्छ । तत्त्वज्ञानद्वारा अविद्या हटेपछि अर्थात् आत्मस्वरूपलाई जानेपछि मोक्ष प्राप्ति हुन्छ । मोक्षका समयमा जीव ब्रह्ममा एकाकार हुन्छ भन्ने धारणा वेदान्तदर्शनको छ ।

वेदान्तदर्शनका अनुसार आत्मा र ब्रह्म एउटै कुरा हुन् । शङ्कराचार्यका अनुसार ब्रह्म सत्य हो र जगत् मिथ्या हो । ईश्वर, जगत् सबै प्रपञ्चमात्र हुन् । जगत् डोरीमा सर्पको भ्रम समान हो भन्दै उनले सृष्टिलाई जादु मानेका छन् । एकमात्र सत्य ब्रह्म नै यस जगत्को सृष्टिकर्ता हो । प्रलयकालमा जगत् ब्रह्ममा नै लीन हुन पुग्दछ । आचार्य शङ्करका अनुसार ब्रह्म त्यो वस्तु हो जसलाई पाएपछि अरू कुनै प्राप्तिको कामना रहँदैन । त्यो सुख हो जुन पाएपछि फेरि अर्को कुनै सुखको कामना रहँदैन र त्यो ज्ञान हो जुन पाएपछि अरू कुनै पनि कुराको जिज्ञासा रहँदैन । वेदान्तदर्शनले एउटा मात्र आत्मलाई मानेको छ । शङ्कराचार्यका अनुसार आत्मा सच्चिदानन्दस्वरूप छ । मोक्षको अवस्थामा आत्मा, परमात्ममा लीन हुन्छ । जसरी खोला, नदीहरू समुद्रमा पुगेपछि नाम र रूप विलय हुन्छ त्यसैगरी आत्मा परमात्ममा लीन हुनु सायूज्य प्राप्ति गर्नु हो । पुनर्जन्मको चक्र टुट्नु हो ।

आत्मा अमर, अविनाशी भएकोले प्राणीले आत्मलाई नजानेसम्म आत्मको देहान्तरण भइरहन्छ । आत्मको देहान्तरण हुनु पुनर्जन्म हो । मानवले निरन्तर संसारका पदार्थहरूको चिन्तन गरिरहन्छ भने ऊ फेरि पनि यसै संसारमा फर्किन्छ । शब्द, स्पर्श आदि बाह्य पदार्थमा प्रवृत्त भइरहने इन्द्रियहरूलाई त्यताबाट हटाइ परमात्मतिर लगाइरहनु भक्ति हो । भक्तिद्वारा शुद्ध भएको चित्तलाई निरन्तर आफैभित्र अन्तरमुख गराउँदा स्वयम्प्रकाश रूप आत्मबोध गर्न सकिन्छ । अर्थात् चित्तले विषयकारितालाई छोडेपछि अन्तर्यामी साक्षी सिधै प्रकाशित हुन्छ । अन्तःकरणमा आत्मकार हुनु नै मोक्ष हो । वेदान्तदर्शनले स्वर्गको अवधारणालाई पनि स्विकारेको छ । यज्ञ, कर्म, दान, त्याग, अहिंसा, व्रत आदि कर्मबाट स्वर्गीय फल मिल्ने र हिंसा, क्रोध, कठोरताजस्ता दुष्कर्मले नरकमा पर्नुपर्ने अवधारणा पाइन्छ । आत्मा अजन्म छ । असङ्ग छ र अनन्त छ । कठोपनिषद्का अनुसार आत्मा न कहिले उत्पन्न हुन्छ न कहिल्यै मर्छ न कुनै अन्य पदार्थबाट बनेको हो नत स्वतः आफै बनेको हो । आत्मा अजन्म, नित्य, शास्वत र पुरातन छ । शरीर मरेर जाँदा पनि यो मर्दैन । संसार अनित्य छ । आत्मा नित्य छ । संसारका सबै पदार्थ जड छन् । आत्मा चेतना हो । चेतन आत्मको शक्ति पाएर नै मन, इन्द्रिय, शरीर आ-आफ्नो काममा प्रवृत्त हुन्छन् । आत्मा सम्पूर्ण प्राणीको हृदयमा साक्षीको रूपमा रहेको छ । संसारमा देखिने, सुनिने, भूत, भविष्य, वर्तमान, स्थावर, जङ्गम, साना वा ठूला वस्तुहरूमा आत्मा सर्वान्तर छ । जुन वस्तु सबै पदार्थको रूपमा रहन सक्छ त्यही वस्तु व्यापक हुन्छ । ब्रह्म नै जगत्को रूपमा देखिने भएकाले आत्मा अथवा ब्रह्म व्यापक छ । कारणरूप ब्रह्म सत्य हो भने कार्यरूप जगत्चाहिँ सत्य होइन । जसरी माटो सत्य हो तर माटोबाट बनेको घैँटो सत्य होइन ।

# परिच्छेद तीन

# दैलाको बत्ती नाटकमा ब्रह्म, आत्मा र परमात्मसम्बन्धी चिन्तन

## ३.१ विषयप्रवेश

सत्यमोहन जोशीको जन्म वि.सं. १९७७ साल वैशाख ३० गते बाबु शङ्करदास (शङ्करराज) र आमा राजकुमारी (नोगलदेवी) का जेष्ठ सुपुत्रका रूपमा ललितपुरको बकुंबहालमा भएको हो । नेपाली भाषा, साहित्य, कला, संस्कृति र पुरातत्त्वसमेतका ज्ञाता जोशी नाटक, कथा, कविता, निबन्धजस्ता विधामा कलम चलाउने सशक्त प्रतिभा हुन् । उनी वाङ्मय पुरुषका रूपमा समेत प्रसिद्ध छन् । साहित्यक्षेत्रमा हालसम्म उनका ५७ वटाभन्दा बढी कृति प्रकाशित भएका छन् ।

जोशीका नाटकहरूमा पूर्वीय दर्शनको प्रयोग हुनुका साथै ती सामाजिक, सांस्कृतिक, ऐतिहासिक विषयमा आधारित छन् । पूर्वीय दर्शन, सभ्यता, संस्कृति, इतिहासका अध्येता सत्यमोहन जोशीका नाटकहरू रङ्गमञ्च सुहाउँदा छन् । पात्रहरूको भूमिका जीवन्त छ । यी नाटकहरू दर्शनका वाद र धाराका गाम्भीर्यले ओजश्वी छन् ।

*दैलाको बत्ती* नाटकमा नेपाली हावापानी र जनजीवनको सुन्दर प्रतिबिम्व प्रस्तुत गरिएको छ । नाटकको परिवेश जनकपुर र कमलानदी किनारका गाउँहरू हुन् । त्यही गाउँको एउटा गृहस्थाश्रममा आमा सुरूपा, बाबु देवरात र छोरा याज्ञवल्क्य गरी तीनजना बसोबास गरिरहेका छन् । खगोलविज्ञानमा रूची राख्ने देवरातले सूर्यग्रहण हेर्न बनाएको यन्त्र परीक्षणसँगै नाटकको पहिलो दृश्य प्रारम्भ भएको छ । यसैबेलादेखि नै याज्ञवल्क्यले आफूभित्र रहेको सूक्ष्म आत्मलाई जान्ने ज्ञानरूपी आँखाको खोजीमा लागेका हुन् । नाटकमा जम्मा सात दृश्य छन् । मुख्य र सहायक गरी ३५ भन्दा बढी पात्र रहेको *दैलाको बत्ती* पूर्णाङ्की नाटक हो । यस नाटकमा चौथो दृश्य सबैभन्दा महत्त्वपूर्ण छ । राजा जनकको सभा भवन जनकपुरमा आयोजना भएको ब्रह्मसभामा अक्षरब्रह्मको विषयमा ब्रह्मविद्हरूबीच वृहत् छलफल भएको छ । अक्षरब्रह्मका सम्बन्धमा याज्ञवल्क्यले गहन तर्कद्वारा आफूमा भएको ज्ञानराशीलाई उजागर गरेको हुनाले राजा जनकले उनलाई उत्कृष्ट ब्रह्मविद् घोषणा गरेका छन् । याज्ञवल्क्यको किशोर अवस्थाबाट प्रारम्भ भएको यो नाटक उनले सन्यास ग्रहण गरेपश्चात् समापन भएको छ ।

सत्यमोहन जोशीको नाटक *दैलाको बत्ती* (२०२८) वेदान्तदर्शनमा आधारित छ । प्रस्तुत शोधपत्रको परिच्छेद तीनमा वेदान्तदर्शनको केन्द्रीयतामा नाट्यांशहरूको विश्लेषण गरिएको छ । अध्ययनकार्यलाई सरल बनाउन ब्रह्म, आत्मा, परमात्मा, मोक्ष, बन्धन र पुनर्जन्मसम्बन्धी चिन्तनमा आधारित नाट्यांशलाई अलग-अलग विश्लेषण गरिएको छ । ब्रह्मचिन्तन वेदान्तदर्शनको मुख्य विषय हो । सृष्टि हुनुभन्दा पहिले, सृष्टिकालमा र प्रलयकालमा पनि ब्रह्मको अस्तित्त्व रहिरहने हुँदा ब्रह्म सत्य हो । ब्रह्म वाणीद्वारा बताउन सक्ने तत्त्व होइन र ब्रह्म स्वयम् ज्ञानस्वरूप छ । ब्रह्म सत्, चित् र आनन्दस्वरूप छ । यो जगत् ब्रह्मकै कल्पितरूप हो । ब्रह्म कल्पित उपाधिलाई निवृत्त गरेर आफ्नै हृदयमा अनुभव गर्ने विषय हो । ब्रह्म कारण हो । जगत् कार्य हो । ब्रह्म, आत्मा, परमात्मा र उर्जा भन्नु एकै हो । जगत्को नियन्ता भनेर अनेक नाम पुकारे पनि स्रष्टा एकभन्दा अलग छैन । शरीर, मन र इन्द्रियलाई चेतना प्रदान गर्ने सत्ता आत्मा हो । आत्मतत्त्वविना सम्पूर्ण पदार्थहरू जड छन् । शरीरभन्दा अलग ढङ्गबाट आत्मलाई बुझ्नु नै तत्त्वज्ञान हो । शरीर परिवर्तनशील छ । अनेक विकारले युक्त छ । जन्मनु, बढ्नु, क्षीण हुँदै अन्त्यमा नष्ट हुनु शरीरको धर्म हो । तर आत्मा भने बढ्ने, परिवर्तन हुने, क्षीण हुने वस्तु होइन । नित्य सत् वस्तु हो । जगत् मिथ्या छ । अविद्याको कारणले प्राणीहरूले परमात्मलाई जान्न सक्दैनन् । शरीरमै आत्मबुद्धि गर्छन् । सांसारिक पदार्थलाई नै 'तेरो र मेरो' भन्ने गर्छन् । मानिसले सुख प्राप्तिकै निम्ति धनसम्पति कमाउन विश्वका अनेक ठाउँ चहार्छ तर जति धनसम्पत्ति कमाउँदा पनि सुखी हुन सक्दैन । आफैभित्र रहेको आनन्दस्वरूप आत्मलाई नजान्दा सुखशान्ति प्राप्तिकै लागि अनेक कर्म गर्छ । मन, इन्द्रियहरू चञ्चल छन् । बहिर्मुखी छन् । तिनका कामनाहरू अनेक छन् । तिनलाई पूरा गर्न खोज्दा बारम्बार दुःख र विभिन्न झमेलाहरू आइरहन्छन् । तिनकै पछि लागिरहँदा मानिस जीवनभर शान्ति र सुखको महसुस गर्न सक्दैन । मन, इन्द्रियद्वारा गरिने सांसारिक कर्ममा सुख छैन । सुख भए पनि क्षणिक मात्रै छ । परमात्मा नै असीमित आनन्दस्वरूप हुनुहुन्छ । आफै भित्रको चेतनस्वरूप द्रष्टालाई नजान्दा प्राणी संसाररूपी जन्ममरणको चक्रमा घुमिरहन्छ । गीता (९/२१) मा भनिएको छ-कामनायुक्त मनुष्यहरू लोकलोकान्तरमा घुमिरहन्छन् । यो जगत् मिथ्या हो । ब्रह्मको विवर्त हो भनी जानेर ज्ञान, वैराग्य, चिन्तन, भक्तिद्वारा परमात्मलाई जान्नु नै मानवजीवनको सबैभन्दा ठूलो सफलता हो, मोक्ष प्राप्ति हो भन्ने कुराको विश्लेषण प्रस्तुत परिच्छेदमा गरिएको छ ।

## ३.२ ब्रह्मसम्बन्धी चिन्तन

जुन वस्तु आफू स्वयम् अकरण भएर पनि यो संसारको उत्पत्ति, स्थिति र प्रलयको कारण हो । यो जाग्रत, स्वप्न र सुषुप्तिमा समान रूपले रहन्छ । जसले शरीर, इन्द्रिय, प्राण, अन्तस्करणलाई चेतन बनाएर आआफ्नो कर्ममा प्रवृत्त गराइरहेको हुन्छ त्यही परम्सत्य वस्तु नै ब्रह्म हो । ब्रह्मलाई शब्दले बताउन सकिँदैन । शब्दबाट बताउँदा ब्रह्म स्वयम्प्रकाश नभई शब्दद्वारा प्रकाश्य हुनजान्छ । ब्रह्म स्वयम् ज्ञानस्वरूप छ । यसलाई अरू कुनै प्रमाणले प्रकाशित गर्नु आवश्यक छैन । ब्रह्म कल्पित उपाधिलाई निवृत्त गरेर आफ्नै हृदयमा अनुभव गर्ने विषय हो । जो सच्चिदानन्दस्वरूप छ । ब्रह्मसम्बन्धी चिन्तन नाट्यांशमा यसरी प्रस्तुत भएको छः

> याज्ञवल्क्य-त्यो ब्रह्म सदापूर्ण छ
> यो कार्य ब्रह्म पनि सदापूर्ण छ
> किनभने पूर्णताबाट नै पूर्णताको उत्पत्ति हुन्छ
> अनि प्रलयकालमा कार्य ब्रह्मको पूर्णत्वलाई
> आफूमा लीन गरेर परब्रह्मको पूर्णत्वको शेष हुन्छ ।
> त्रिविध तापको शान्ति  हुन्छ ।
> ॐ शान्ति ! शान्ति ! ! शान्ति ! ! !
>
> दृश्य-२ (पृ. २६)

प्रस्तुत नाट्यांश याज्ञवल्क्यले शिक्षा ग्रहणका लागि गुरू आश्रमको खोजी गर्ने क्रममा कमलानदीको तटमा पुगेपछि एउटा चारकुने ढुङ्गोमा पद्माशन बाँधेर आँखा चिम्ली लय हालेर पोखेका उद्गार हुन् । नाट्यांशमा अद्वैत वेदान्तदर्शनको प्रयोग भएको छ । ब्रह्म जगत्को कारण हो । ब्रह्म अद्वितीय छ । नित्य ज्ञानस्वरूप छ । अज, अचल छ । कुनै पनि क्रिया अथवा स्पन्दनले रहित छ । परम् चैतन्य, आनन्दस्वरूप ब्रह्म नै जगत्को नियन्ता वास्तविक सत्ता हो । सत् असत् अर्थात् कार्यकारणात्मक पदार्थभन्दा पर छ । श्रीधर स्वामीका अनुसार ब्रह्म कार्यकारण सबै प्रपञ्चको परम् कारण हो । कार्य आफ्नो उपादान कारणदेखि भिन्न नहुने हुनाले कार्यकारणमय प्रपञ्च ब्रह्मदेखि भिन्न होइन । ब्रह्म जगत्को उपादान कारण हो र जगत् ब्रह्मको कार्य हो ।

नाट्यांशमा त्यो ब्रह्म सदा पूर्ण (व्यापक) छ भन्नुको तात्पर्य निरूपाधिक परब्रह्म पूर्ण छ । निरूपाधिक परब्रह्म कारणरूप पूर्ण ब्रह्म हो । सोपाधिक (जगत्‌रूप) ब्रह्म पनि पूर्ण छ । कारणरूप निरूपाधिक ब्रह्मबाट नै कार्यरूप जगत् ब्रह्म प्रकट हुन्छ । ब्रह्मको स्वभाव पूर्ण रहनु हो । जीव रूपमा पनि ब्रह्म वास्तवमा पूर्ण नै हुन्छ । पूर्णस्वरूप

ब्रह्मबाट पूर्णस्वरूप नै जीव बन्छ । त्यसैले कार्यरूप जगत् ब्रह्म पनि पूर्ण छ । यो सम्पूर्ण कार्य ब्रह्म (जगत्) निरूपाधिक कारण ब्रह्ममा नै आश्रित रहन्छ । प्रलयकालमा कार्यब्रह्मको पूर्णत्वलाई आफूमा समेटेर कारणरूप पूर्ण ब्रह्म मात्र बाँकी रहन्छ । जसरी माकुरोले आफैबाट रेसा उत्पन्न गरेर जाल बुन्छ र ती रेशाहरू फेरि निल्छ त्यसैगरी अन्त्यमा सृष्टि ब्रह्ममा नै लीन हुन्छ । विभिन्न खोला, नदीहरू पनि समुद्रमा गएर मिसिएपछि नाम र रूप समाप्त हुन्छ र ती सबै समुद्र बन्छन् । यसैगरी कार्य ब्रह्म पनि कारण ब्रह्ममा नै लीन हुन्छ । जसरी माटोलाई माटो भन्ने जानेपछि माटोबाट बनेका सम्पूर्ण पदार्थहरू माटो नै हुन् भन्ने जानिन्छ । यहाँ माटो कारण हुन्छ र माटोबाट बनेका घैँटोलगायतका पदार्थहरू कार्य हुन्छन् । माटोबाट बनेका पदार्थहरू नष्ट हुँदा माटोमै मिल्छन् । माटो मात्र सत्य हो, ब्रह्मलाई जानेपछि दृश्यमान जगत्को कारण पनि ब्रह्म नै हो भन्ने जानिन्छ ।

जगत्मा अनेक पदार्थ छन् र ती पृथकपृथक पदार्थ हुन् भन्ने प्रतीत पनि केवल बोलीचालीको व्यवहार मात्र हो । वास्तवमा प्रपञ्च ब्रह्मबाहेक दोस्रो वस्तु नै छैन । जगत्का पदार्थहरू सबै ब्रह्मरूप हुन् । नित्यचाहिँ होइनन् । सम्पूर्ण जगत् ब्रह्ममा नै कल्पित भएकोले ब्रह्मभन्दा पृथक सत्ता छैन । घडा फुटेपछि जसरी घटाकाश महाकाशमा मिल्छ त्यसैगरी ब्रह्मज्ञान भएपछि अथवा अविद्या हटेपछि जीवात्मा ब्रह्ममा नै लीन हुन्छ । त्यसपछि जीवभाव रहँदैन । यो अवस्था नै परम् शान्ति अथवा मोक्ष प्राप्तिको अवस्था हो । मोक्ष प्राप्ति भएपछि संसारमा आइपर्ने आध्यात्मिक, आदिभौतिक र आदिदैविकजस्ता त्रिविध तापबाट सदाका लागि जीवले छुटकारा पाउँछ ।

अक्षर आत्मा नै सर्वव्यापक जगत्को आदि कारण हो । परिपूर्ण अपरोक्ष आत्मा स्वयम् प्रकाशमान छ । अजन्म छ र आफ्नो माया शक्तिद्वारा अन्तस्करणभित्र बसेर सबैलाई प्रेरित गर्ने सम्पूर्ण प्राणीको आश्रयभूत तत्त्व हो । मन मायाले बनाएको उपाधि हो । मन मायाबाट उत्पत्ति भएको हुनाले यो प्रायः संसारको बन्धनमा पर्ने गर्छ र अशुद्ध कर्ममा प्रेरित हुन्छ । मनका वृत्तिहरू धाराप्रवाह सँधै चलिरहन्छन् । जाग्रत र स्वप्न अवस्थामा ती प्रकट हुन्छन् भने सुषुप्ति अवस्थामा हराउँछन् । आत्मा विशुद्ध सत् चित् र आनन्दस्वरूप छ । अक्षर नै आत्मा हो । अक्षर आत्मको सम्बन्धमा नाट्यांशमा याज्ञवल्क्यले यसो भनेका छन्:

याज्ञवल्क्य-हुन्छ, सुन्नुस् । त्यो अक्षर न छायाँ नै हो, न अन्धकार नै, फेरि त्यो अक्षर वायु पनि होइन, आकाश पनि होइन, त्यो अक्षर फेरि रस पनि होइन, गन्ध पनि होइन, यो अक्षर न आँखा हो न कान हो न वाणी हो न मन हो न प्राण हो न मुखै हो ।

दृश्य-४ (पृ. ८९)

प्रस्तुत नाट्यांशमा ब्रह्मसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । नाट्यांश राजा जनकले आयोजना गरेको ब्रह्मसभामा विदुषी गार्गीले अघिल्ला जवाफ सवालमा भन्दा अझै स्पष्टरूपमा अक्षरको व्याख्या गर्न आग्रह गरेपछि याज्ञवल्क्यले दिएको अक्षर ब्रह्मको स्पष्टीकरण हो । अक्षर अविनाशी छ । अक्षर ॐकार हो । ब्रह्म हो । अक्षरब्रह्म छायाँ, अन्धकार केही पनि होइन । रस, रूप, रङ्ग, आकार नभएको ब्रह्म स्वयम्प्रकाश हो । सच्चिदानन्दस्वरूप अद्वितीय ब्रह्ममा नै यो जगत् अवस्थित छ । कठोपनिषद्मा ब्रह्मलाई नै अक्षरको रूपमा वर्णन गर्दै अक्षर नै ब्रह्म हो । अक्षर नै पर हो र यो अक्षरलाई जान्यो भने उसले जे प्राप्त गर्ने इच्छा गर्छ त्यो प्राप्त गर्छ भनिएको छ । अक्षर ब्रह्मलाई जानेपछि सबै जानिन्छ । कर्म, ज्ञान, उपासनाको पनि आखिरी लक्ष्य ब्रह्म प्राप्ति नै हो । ब्रह्म नै सबैथोक हो । ब्रह्मलाई जानेपछि कुनै पनि कुरा जान्न बाँकी रहँदैन । यो नै परम् ज्ञान हो । अक्षरब्रह्म सत्य, ज्ञानस्वरूप र अनन्त छ । सृष्टि हुनुभन्दा पहिले नै निर्गुण ब्रह्म थियो । सृष्टिकालमा नामरूपात्मक जगत्मा ब्रह्म नै सर्वान्तर छ । ब्रह्मबाट नै आकाशको उत्पत्ति भयो, आकाशबाट नै वायु, वायुबाट नै अग्नि, अग्निबाट नै जल, जलबाट नै सम्पूर्ण संसारलाई धारण गर्ने पृथ्वी र प्राण, इन्द्रिय, मन उत्पत्ति भयो । सम्पूर्ण भौतिक पदार्थहरूको उत्पत्ति र आश्रयस्थल परब्रह्म अक्षर नै भएकोले ब्रह्म पृथ्वी, जल, तेज, वायु, आकाश (पञ्चमहाभूत) रूप, रस, गन्ध, स्पर्श, शब्द (पञ्चतन्मात्रा) र सम्पूर्ण इन्द्रियहरूको सर्जक र चैतन्य ब्रह्म नै भएकोले सम्पूर्ण दृश्य, अदृश्य पदार्थहरू ब्रह्म नै हुन् । ब्रह्म एउटा अक्षर नै सम्पूर्ण हो । ब्रह्म नै आत्मा हो । ब्रह्मबाहेक अर्को कुनै अस्तित्त्ववान सत्ता छैन । अक्षर छायाँ पनि होइन । अन्धकार पनि होइन । आत्मा आकाशभन्दा पनि सर्वान्तर छ । यो आकाशको पनि महाकाश हो । मनको पनि मन, वाणीको पनि वाणी हो । चन्द्र, सूर्य, अग्नि वा वाणीको अभावमा पनि पदार्थहरूलाई प्रकाशित गर्ने स्वयम्प्रकाश हो । जसरी नुनले अरू पदार्थलाई नुनिलो बनाउन सहयोग गर्दछ तर नुन आफैमा नुनिलो हुने भएकोले यसलाई नुनिलो बनाउनका

लागि अरू कुनै वस्तुको आवश्यकता पर्दैन । आत्मा स्वयम्प्रकाश हो । यसले अविद्या, अज्ञानलाई प्रकाशित गर्छ । पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय, मन र यिनका वृत्तिहरू विषय, स्वभाव, संस्कार, कर्म र समयको प्रभावले गर्दा सयौँ हजारौँ करोडौँ प्रकारका बन्छन् । यी सबै वृत्तिहरू आत्मसत्ताले नै ज्ञात गर्ने हुँदा अक्षरद्वारा नै प्रकाशित हुन्छन् । आत्मको सत्ताबिना आफै वा परस्पर मिलेर पनि प्रकाशित हुन सक्दैनन् । अक्षर सत्यको पनि सत्य हो । जसलाई व्याख्या गर्न, देख्न, छुन सकिँदैन । केवल अनुभवबाट मात्र जान्न सकिन्छ । अक्षर सच्चिदानन्दस्वरूप छ ।

> याज्ञवल्क्य- बन्धु कहोल, प्रश्न उही छ । तर मेरो उत्तर पृथक छ । मैले बुझ्ँ तपाइँको प्रश्न परमार्थिक आत्मस्वरूपको अपेक्षाबाट उब्जेको उही प्रश्न हो । वास्तवमा साक्षात् अपरोक्ष ब्रह्म तथा सर्वान्तर आत्मा भनेको तपाइँकै आत्मा हो । यो सर्वान्तर छ । यो क्षुदा, पिपासा, शोक, मोह, जरा, मृत्युदेखि सतत् पर छ । अनि यस आत्मलाई जान्नु नै संसाररूपी बन्धनबाट मुक्त हुनु हो । अतः आत्मा साक्षात् गर्न योग्य छ । श्रवण गर्न योग्य छ तथा मनन गर्न योग्य छ । यही आत्मज्ञानको उपक्रम हो ।

दृश्य-४ (पृ. ८२)

प्रस्तुत नाट्यांश ब्रह्म तथा आत्मसम्बन्धी चिन्तनमा केन्द्रीत छ । नाट्यांश ब्रह्मज्ञानी कहोलले जो साक्षात् अपरोक्ष ब्रह्म तथा आत्मा हो त्यसको व्याख्या मेरो निमित्त गरिदिनुस् भनेपछि याज्ञवल्क्यले गरेको ब्रह्मसम्बन्धी व्याख्या हो । आत्मा सर्वान्तर छ । कमलको पातको जलविन्दुझैँ निर्लिप्त छ । सम्पूर्ण भेदहरूले रहित छ । असङ्ग छ । सङ्ग हुनको लागि आफूभन्दा भिन्न अरूको आवश्यकता हुन्छ । परमात्मा सबैको साक्षी भएकोले उहाँको दृष्टि कहीँ लिप्त छैन । जो प्रकाशक वा साक्षी हुन्छ ऊ व्यवहारका क्रियाकलाप वा पदार्थमा लिप्त हुन सक्दैन । आत्मलाई उपनिषद्मा सूर्यको दृष्टान्तद्वारा बताइएको छ । कठोपनिषद् (२।२।११) मा जसरी संसारलाई प्रकाशित गर्ने सूर्य सबै प्राणीका चक्षुरूप छन् । प्रकाशक भएकाले आँखाद्वारा देखिएका कुनै पनि कार्यको सम्बन्ध सूर्यमा छैन । त्यसैगरी संसारका सुख्ख-दुःख, धर्म-अधर्म, शोक-मोह आदिको पनि आत्मासँग कुनै सम्बन्ध छैन । यस्तो परामात्मा तत्त्वलाई जान्नु नै कर्म बन्धनबाट छुटकारा पाउनु हो ।

संसारका सबै पदार्थहरू नाशवान् छन् । नश्वर पदार्थहरूबाट शोक, मोह, भय, चिन्ता मात्र मिल्छ । जन्म, मृत्यु देहको धर्म हो । जन्मँदा सानो हुने शरीर बढ्छ, किशोर, युवावस्था पार गर्दै क्षीण भएर अन्ततः नष्ट हुन्छ । देहभित्र बस्ने चेतन तत्त्व आत्मा देही हो । देहको मालिक देही हो । आत्मा जन्मनु, बढ्नु, नष्ट हुनुजस्ता परिवर्तनदेखि भिन्न छ । लौकिक सम्बन्धहरू अनित्य छन् । जीव जुनजुन योनिमा पुग्यो त्यहींत्यहीं उसका अनेक सम्बन्धहरू हुन्छन् । वास्तवमा आत्मा यी सबैभन्दा पर शरीरको परिवर्तनभन्दा अलग साक्षीका रूपमा रहन्छ । सबैथरी सम्बन्धले शून्य एकमात्र सत्य आत्मा नै हो । आत्मा नित्य छ । सर्वव्यापी छ । यस्तो तत्त्वविचाररूपी आत्मलाई जानेपछि अविद्यारूपी अन्धकार नष्ट हुन्छ । शरीर, इन्द्रिय, धन, सम्पत्तिलगायत संसारका सम्पूर्ण पदार्थहरूको अस्तित्त्व क्षणिक छ । यी अनात्मा वस्तुहरू हुन् । यिनीहरूमा आत्मबुद्धि गर्दा अनेक चिन्ता र कष्ट आइरहन्छ । आनन्दस्वरूप परमात्मलाई जानेर चिन्तन भक्ति गर्नु नै मानवजीवनको सार्थकता हो । कहिल्यै नाश नहुने वस्तु भएकाले उसैको शरण लिएपछि सम्पूर्ण भय नष्ट हुन्छ । दीर्घ शान्ति र आनन्द प्राप्त हुन्छ । यसरी अविनाशी नित्य सुख प्राप्ति गर्नु नै मोक्ष हो ।

> गार्गी-मुनिराज, याज्ञवक्लयजी वास्तवमा त्यो अक्षर के हो त ? एक वाक्यमा त्यसको व्याख्या स्पष्ट गर्नूस् ।
>
> याज्ञवल्क्य-विदुषी गार्गी, वास्तवमा त्यो अक्षर नै परब्रह्म हो र त्यो पृथ्वीदेखि आकाशपर्यन्त सत्यको पनि सत्य भएर रहेको छ ।

दृश्य-४ (पृ. ९०)

प्रस्तुत नाट्यांशमा ब्रह्मसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । नाट्यांश विदुषी गार्गीले एक वाक्यमा अक्षरको स्पष्टीकरण मागेपछि याज्ञवल्क्यले दिएको जवाफ हो । सम्पूर्ण जगत् ब्रह्ममा नै स्थित छ । कर्मको रूपमा जगत् बन्ने र कर्ताको रूपमा जगत् बनाउने ब्रह्म नै हो । परावर कारणहरूका पनि परम् कारण ब्रह्म नै हो । कार्यकारणात्मक जगत्को सृष्टि हुनुभन्दा पहिले पनि स्वतःसिद्ध रूपले विराजमान ब्रह्म नै परमात्मको स्वरूप अक्षर हो । जगत्को कारण भएर पनि परमात्ममा सजातीय र विजातीयको भेद छैन । पृथ्वी र आकाशको सृष्टि स्वयम् ब्रह्मबाटै भएको हो । वेदान्त सिद्धान्तअनुसार सम्पूर्ण पदार्थ ब्रह्ममा उत्पन्न हुन्छन् र त्यहीं नष्ट हुन्छन् । सम्पूर्ण प्राणीका हात-खुट्टा नै परमात्मका हात-खुट्टा हुन् । पाउ नै पृथ्वी हो । आकाश नै मूर्धास्थान हो । ४९ वायु नै प्राण हुन् । ब्रह्म

नै जगत्को सृष्टि, स्थिति र लय हो । ब्रह्म नै सत्य, ज्ञान र आनन्दस्वरूप हो । जगत्को विधान गर्ने र निषेध गर्ने पनि ब्रह्म नै हो । असीमित गुण सम्पन्न, सर्वव्यापक, अनन्त ब्रह्म नै हो । यो सृष्टि हुनुपूर्व पनि अव्यक्त चैतन्यको रूपमा ब्रह्म नै सर्वान्तर थियो ।

जगत्को उत्पति, स्थिति र लयको कारण ब्रह्म सम्पूर्ण जीवका हृदयभित्र अन्तर्यामी छ । बाहिर प्रकृतिजन्य विभिन्न सांसारिक वस्तुमा पनि विराजमान छ । विभिन्न देश, काल, शरीर, अवस्था र तिनको उपादान कारण तथा प्रकाशक पनि ब्रह्म नै हो । सम्पूर्ण जीवहरूको चित्तवृत्तिको साक्षी आकाशझैँ निर्विकार र निर्लिप्त तत्त्व परम्ब्रह्म नै हो । अक्षर परमात्मा सबैको साक्षी भएकोले नै कसैको पनि प्रिय-अप्रिय, आफ्नो अर्को भेदले रहित छ ।

परमात्मा नै माया शक्तिको कारणले दृश्य संसारको रूपमा देखिएको हो । भगवतगीताको १५ औँ अध्यायमा भोग्य प्रपञ्चलाई क्षर पुरुष, भोक्ता जीवात्मलाई अक्षर पुरुष र ती दुबैभन्दा विलक्षण सर्वव्यापी परामात्मलाई पुरुषोत्तम भनी बताइएको छ । संसार क्षणक्षणमा नै बदलिने हुनाले क्षर पदार्थ हो भने जीवात्मा नित्य भएकाले अक्षर हो भनेर याज्ञवल्क्यले विदुषी गार्गीलाई स्पष्ट पारेका छन् ।

> याज्ञवल्क्य-पिप्पलाद ! जीवन आकस्मिक घटनाक्रमको एउटा विन्दु हो । यो तानिन सक्छ समुद्रको लहरीझैँ अथवा सूर्यको किरणझैँ अनि खुम्चिन सक्छ लहरीझैँ नै समुद्रमा अथवा किरणझैँ नै सूर्यमा म याज्ञवल्क्य तपाइँ पिप्पलाद तर एउटै विन्दुबाट उठेका लहरी अथवा किरण ! हुनसक्छ म मामा तपाइँ भान्जा तर म तपाइँ नै हुँ, तपाइँ म नै हुनुहुन्छ । एउटै चेतन केवल नाम फरक । नाम र रूपलाई फालेमा त उही एउटा चेतन !
>
> उपसंहार (पृ. १५४)

प्रस्तुत नाट्यांशमा अद्वैत ब्रह्मचिन्तनको प्रयोग भएको छ । नाट्यांशमा याज्ञवल्क्यले लौकिक जगत्मा बनेका अनेक नाता सम्बन्धका आधारमा कोही नजिक र कोही टाढा भए पनि अर्थात् नाम र रूप अनेकौँ भए पनि सम्पूर्ण मानव सृष्टिको आधार आश्रय ब्रह्म नै हो र नाम र रूपलाई हटाउँदा बाँकी रहने साझा तत्त्व आत्मा नै हो र विलय हुने ठाउँ पनि उही ब्रह्म नै हो भन्दै पिप्पलाद समक्ष अद्वैत वेदान्तदर्शनसम्बन्धी धारणा व्यक्त गरेका छन् । परमात्ममा चेतना सल्बलाउँदा उत्पन्न भएको तरङ्ग नै सृष्टि

हो अथवा जगत् हो । आत्मा अनन्त छ जसरी समुद्रमा तरङ्गहरू उत्पन्न हुन्छन् र समुद्रमा नै बिलाउँछन् । आत्ममा उत्पन्न भएको तरङ्ग सृष्टि हो । समुद्रमा हावा चल्दा उत्पन्न भएको तरङ्ग समुद्रको पानी नै हो । समुद्रभन्दा अरू भिन्न कुनै वस्तु होइन । जगत् पनि आत्मकै तरङ्ग भएकोले आत्मभन्दा भिन्न वस्तु होइन । जसरी समुद्रमा आएको तरङ्गले समुद्रको पानी घटीबढी हुँदैन र क्षति पनि हुँदैन त्यसैगरी आत्मरूपी समुद्रमा सृष्टिरूपी तरङ्ग पैदा हुँदा आत्ममा पनि बढ्ने, घट्ने, क्षति हुने केही हुँदैन । आत्ममा तरङ्ग उत्पन्न हुँदा अनेक जीवहरू उत्पत्ति हुन्छन् । त्यसैले नाट्यांशमा जीवनलाई आकस्मिक घटनाक्रमको एउटा विन्दु भनिएको हो ।

आत्ममा तरङ्ग उत्पन्न भएपछि अनेक जीवहरू उत्पत्ति भई विभिन्न क्रिया/प्रतिक्रिया गर्दछन् र आत्मा अवस्थान्तरण हुँदा अथवा एक अवस्थाबाट अर्को अवस्थमा जाँदा तिनीहरू आत्ममा नै बिलाउँछन् । यसरी आत्ममा नै बिलाउने अवस्थालाई नाट्यांशमा खुम्चिन सक्छन् लहरीझैँ नै समुद्रमा, किरणझैँ नै सूर्यमा भनिएको हो ।

एउटै विन्दुबाट उठेको लहरी भन्नुको अर्थ सम्पूर्ण जीवात्मा परमात्मकै अंश हुन् । आत्मतत्त्वलाई जानीसकेको साधकले बाह्य शरीर अर्थात् आवरण फरकफरक देखिए तापनि सबै जीव तथा प्राणीहरूमा आसीन आत्मको प्रकृति एउटै हुन्छ भन्ने कुराको बोध हुन्छ । भित्र आसिन माटोको डल्लोलाई माटो भनेर जानेपछि माटोबाट बनेका सम्पूर्ण पदार्थहरू माटै हुन् भन्ने बुझिन्छ । तिनीहरूको नाम, रूपमात्र फरक हुन्छन् । नाम र रूपलाई हटाउने हो भने माटोमात्र बाँकी रहन्छन् । सत्य चिज माटो मात्रै हो । नाम र रूप त केवल उपाधि मात्र हुन् । सम्पूर्ण प्राणीहरूको नाम र रूप हटेपछि बाँकी रहने तत्त्व चेतन आत्मा मात्रै हो । सुनलाई सुन भन्ने जानेपछि सुनबाट बनेका सम्पूर्ण आभूषणका नाम र रूप फरक भए पनि ती सुन नै हुन् । त्यसैले बह्मबाट उत्पत्ति भएको सृष्टि दृश्य पदार्थ सबै ब्रह्म नै हो । उत्पत्तिको मूल ब्रह्म नै हो । प्रस्तुत नाट्यांशमा मामा भान्जाको प्रसङ्गमा आएको नाम र रूप दृश्यमात्र हो । मामा र भान्जाको नाम र रूपलाई हटाउँदा बाँकी रहने साझा चेतन तत्त्व उही आत्मा मात्रै हो । र, सम्पूर्ण प्राणीमा पनि यही हो ।

घैँटो उत्पन्न भएपछि घैँटो भित्रको आकाश घटाकाश हो । घैँटो भित्रको आकाश र महाकाश भिन्न होइनन् । घैँटोको रूप र आकार नष्ट भएपछि अर्थात् घैँटो फुटेपछि

घैँटाको आकाश महाकाशमा मिल्छ । जतिवटा घैँटो भए पनि नष्ट हुँदा महाकाशमा नै मिल्न जाने हुँदा नाट्यांशमा अद्वैत वेदान्तदर्शनको प्रयोग भएको छ । आगोको स्वरूप एउटा भए पनि दाउरा आदि उपाधि अनुसार अनेक आकारमा देखिन्छ । त्यसरी नै परमात्मा एकै भए पनि आफैले सृष्टि गरेका प्राणीका भिन्नभिन्न रूपमा देखिनु हुन्छ । आवरणरूपी रूप, आकार बेग्लाबेग्लै भए पनि मानवहृदयभित्र रहने चेतनतत्त्व भने फरक छैन ।

अपरिछिन्न परमात्ममा अन्तस्करणको उत्पत्ति भएपछि परमात्मको नै नाम जीवात्मा रहन गएको हो । यसरी नै सृष्टि व्यापक बन्दै गएकोले अनेकौँ नाम र रूप धारण गरेका जीवहरूको साझा चेतन भनेको परमात्मा नै हो । रूप र नाम नाशवान् छन् । तिनीहरू नाश हुँदा साक्षी चेतन नष्ट हुँदैन । जो अमर र अनन्त छ भनी याज्ञवल्क्य पिप्पलादलाई अद्वैतब्रह्मको व्याख्या गर्दछन् ।

> देवरात-सुरूपा, आफूलाई आफूले हेर्ने र चिन्ने यन्त्र त दुनियाँमा आजसम्म कसैले बनाउन सकेको छैन । याज्ञले चाहेको त्यो यन्त्र त पृथ्वी, अन्तरीक्ष र द्यौतिर फर्कनुको साटो आफूले आफूमा पूर्ण ब्रह्म देख्न सकिने हुनुपर्छ (छोरातिर फर्की) हैन त याज्ञ ?

दृश्य-१ (पृ. १२)

प्रस्तुत नाट्यांशमा ब्रह्मचिन्तनको प्रयोग भएको छ । याज्ञवल्क्यले आफ्नो आकाङ्क्षा आफूलाई आफैले हेरेर चिन्ने नयाँ यन्त्रको आविष्कार गर्ने भएको बताउँछन् तर त्यो यन्त्र बाह्य इन्द्रियहरू नाक, कान, आँखा, मुख हेर्ने होइन भनेपछि याज्ञवल्क्यको आकाङ्क्षलाई साङ्केतिक रूपमा बुझेर देवरातले छोराले भनेको यन्त्र पृथ्वी, अन्तरीक्ष र द्यौतिर फर्कनुको सट्टा आफै भित्रको पूर्णब्रह्म देख्न सकिने हुनुपर्छ होइन त याज्ञ भन्दै याज्ञवल्क्यलाई नै प्रश्न गर्न पुग्छन् । आफूले आफैलाई हेर्ने अथवा पूर्णब्रह्म देख्ने यन्त्र अविनाशी आत्मको चिन्तन क्रिया हो । जहाँ तीन चिजको आवश्यकता पर्दछ । ती हुन्- उपासना, उपास्य र उपासक अथवा ध्यान, ध्येय र ध्याता अथवा ज्ञान, ज्ञेय र ज्ञाता । यी तीन चीज एकाकार हुँदाको अवस्थामा हृदयको पूर्ण ब्रह्म साक्षात्कार हुन्छ । सांसारिक अनेक विषयमा चञ्चल भएको मन इन्द्रियलाई अन्तर्मुख गराएर एकमात्र ध्येयले आत्मकै अनवरत चिन्तन गरिरहँदा चित्त शुद्ध हुन्छ । अन्य पदार्थप्रति वैराग्य उत्पन्न हुन्छ । दृढ वैराग्य नै चित्तशुद्धीको अवस्था हो । शुद्ध चित्तमा जसरी तलाउको सङ्लो पानीमा

चन्द्रमाको विम्ब स्पष्ट देखिन्छ त्यसरी नै आत्मा साक्षत्कार हुन्छ । यसरी ध्येय वस्तुको धारण गरेर ध्यान गर्दा आत्मानुभव गर्न सकिन्छ । आफूलाई हेर्ने, चिन्ने यन्त्र भनेको विज्ञानले आविष्कार गरेको कुनै अत्याधुनिक यन्त्र होइन, न बाह्य संसारलाई देख्ने आँखा नै हो । बाह्य संसारलाई देख्न नसक्नेहरूले पनि भित्री आँखा (दिव्यनेत्र) द्वारा हृदयको पूर्णब्रह्मलाई अनुभूत गर्न सक्छन् । हृदयको आलोक सम्पूर्ण प्राणीको साझा हो । आत्मा कहिल्यै ननिभ्ने बत्ती हो । चन्द्रमा र सूर्यको ज्योतिभन्दा पनि तेजवान् महाज्योति सम्पूर्ण प्राणीको हृदयमा हरदम छ । त्यही परम्ज्योति नै आफू हो । हृदयरूपी ज्ञानयन्त्र जसले बाह्य जगत्सँग सरोकार राख्दैन । परम् प्रकाशलाई जानिएन भने जीवन खाली पाठ बराबर हुन्छ । हृदयको अखण्ड ज्योतिलाई अनुभव गरेर बुद्धले आफूलाई चिनेका थिए र सारा संसारलाई ज्ञानले आलोकित गरेका थिए ।

## ३.३ आत्मसम्बन्धी चिन्तन

जगत् मिथ्या छ । नश्वर शरीर दृश्य पदार्थ हो । दृश्यलाई सञ्चालन गर्ने द्रष्टा नै आत्मा हो । मायारूपी आवरण अविद्या र अज्ञानले सत्लाई ढाकेको छ । त्यो सत्य चिज नै वास्तवमा आफू हो । त्यही अविनाशी चिजको खोज गर्नुलाई नै मानवजीवनको एकमात्र पुरुषार्थ ठान्दै नाटकका प्रमुख पात्र याज्ञवल्क्यले भनेका छन्:

> याज्ञवल्क्य-आमा, मेरो एकमात्र उत्कट आकाङ्क्षाचाहिँ के भने आफूले आफूलाई हेरेर चिन्ने एउटा नयाँ यन्त्रको आविष्कार गर्ने किनभने त्योभन्दा ठूलो पुरुषार्थ विश्वमा अरू कुनै पनि हुने छैनझैँ लाग्छ मलाई त ।

दृश्य-१ (पृ. ११)

प्रस्तुत नाट्यांशमा वेदान्तदर्शनको मुख्य विषय आत्मचिन्तनको प्रयोग भएको छ । नाट्यांश खगोल विज्ञानमा रूची राख्ने देवरातले अन्तरीक्ष अन्वेषण गर्ने यन्त्र बनाउन लाग्दा सुरूपाले पिताजीको काममा सघाउ पुऱ्याइदिए हुन्थ्यो भन्ने प्रसङ्गमा याज्ञवल्क्यले भनेका उद्गार हुन् । याज्ञवल्क्य पिताजीले निर्माण गरेको सूर्यग्रहण हेर्ने यन्त्रलाई भन्दा पनि आफूभित्रको चेतन आत्मलाई जान्ने आत्मज्ञानको खोजीमा केन्द्रित छन् । हरेक प्राणीको खास परिचय अहम् ब्रह्मास्मि नै हो । मानवजीवन दुर्लभ छ । यो नै मोक्ष प्राप्तिको मार्ग हो । सांसारिक जगत्मा गरिने कार्य, तिनको उपलब्धी र अस्तित्त्व क्षणिक छ । नाट्यांशमा याज्ञवल्क्यले आफू को हुँ ? सत्य वस्तु के हो ? त्यसलाई कसरी जान्न

सकिन्छ भन्ने जिज्ञासा प्रकट गरेका छन् । नाट्यांशमा आत्मलाई चिन्नु नै सबैभन्दा ठूलो कुरा हो भनिएको छ । आत्मलाई नचिनीकन मोक्ष प्राप्ति सम्भव छैन । मानवचोला मोक्ष प्राप्ति मार्ग हो । आत्मा साक्षत्कारको लागि मानसिक शुद्धता महत्त्वपूर्ण हुन्छ । कर्म, उपासना, वैराग्य मनकै शुद्धताको लागि हो । कुनै पनि वस्तुलाई ऐनामा हेर्नको लागि ऐना त्यसै वस्तुतर्फ फर्काउनु पर्छ । त्यसैगरी आत्मतत्त्वलाई जान्न पनि मनरूपी ऐनालाई आफैभित्र अन्तर्मुख गराउनु पर्छ । जसरी अनुहार स्पष्ट देख्न कुनै पनि वस्तु ऐनाको सामु ल्याउनु हुँदैन अथवा ऐनामा धूलोमैलो लागेको हुनु हुँदैन त्यसैगरी आत्मको अवलोकन गर्नको लागि मनबाट सम्पूर्ण विषय हटेर मन शुद्ध हुनुपर्छ । मन शुद्ध भएपछि आत्मा स्वतः प्रकाशित हुन्छ । याज्ञवल्क्य आत्मलाई जान्ने निरन्तर प्रयासमा छन् । आत्मलाई चिनेर जीवनलाई पार लगाउनु नै मानवजीवनको लागि सबैभन्दा ठूलो पुरुषार्थ हो । अरू विभिन्न कार्य र तिनका उपलब्धिहरूको अस्तित्त्व क्षणिक हुन्छ ।

आफूले आफूलाई चिन्ने यन्त्र भनेको ज्ञानरूपी आँखा नै हो । शरीरभित्र रहेर पनि आत्मा शरीरभन्दा नितान्त अलग छ । सत्, चित् रूपमा त आत्मलाई सामान्य व्यक्तिले पनि जान्छन् । तर आनन्दरूप अद्वितीय आत्मलाई भने अनुभवबाट मात्र जान्न सकिन्छ । यो नै अपरोक्ष ज्ञान हो । संसारका विभिन्न पदार्थमा बहिर्मुख भएका मन, इन्द्रियहरूलाई अनवरत् रूपमा परमात्मकै चिन्तनमा समर्पण गर्दा चित्त शुद्ध हुँदै जान्छ । जब चित्तले सांसारिक सुख-दुःख, माया-मोह, राम्रो-नराम्रो आदिमा आत्मबुद्धि गर्न छोड्छ त्यो निर्मल चित्तमा आत्मदर्शन हुन्छ । यो अवस्था नै आफूलाई जानेको अवस्था हो । आफूलाई जानेपछि संसारप्रतिको भ्रम नष्ट हुन्छ । परम्पुरुषार्थ प्राप्त भएपछि कुनै कुरा जान्न बाँकी रहँदैन । श्रीमद्भागवत महापुराणमा भनिएको छ-यस मानवचोलाको मूल्य तब मात्र बुझ्न सकिन्छ जब ज्ञानद्वारा आफूले आफ्नो पहिचान गर्न सकिन्छ । याज्ञवल्क्य आफूलाई जान्न ज्ञानको खोजीमा छन् । चेतन आत्मको सम्बन्धमा उनमा गहिरो चिन्तन र चासो आविर्भाव भएको छ । शरीरलाई चलाउने अत्यन्तै सूक्ष्मतत्त्व आत्मा जान्न सूक्ष्म दृष्टिको खोजीमा छन् । यो सूक्ष्म दृष्टि भनेको भित्री आँखा हो । बाह्य जगत् हेर्ने आँखाले आफूलाई देख्न र देखाउन सक्दैन । याज्ञवल्क्य शरीरको क्षणभङ्गुरता जानेर अमर आत्मको बोध गरी जीवनको परम् लक्ष्य हासिल गर्न चाहन्छन् । तपस्वी ऋषि महर्षिहरू आत्मलाई चिनेर परमात्ममा नै लीन भए । मानवहृदयले मात्र परमात्मलाई जान्न सक्छ । त्यसैले मानवजीवन दुर्लभ छ र पनि के खतरा छ भने मानवजीवन जतिबेला पनि नष्ट

हुनसक्छ । त्यसैले याज्ञवल्क्य आफूभित्रको अमर तत्त्वलाई जानेर परम्पुरुषार्थ हासिल गर्न चाहन्छन् ।

आत्मा देहको गुणभन्दा फरक छ । जसरी आगो र दाउरा भिन्न वस्तु हुन् । कर्कलाको पातमा रहेको पानी जसरी पातमा लिप्त छैन, शरीर र आत्मको स्वरूप पनि त्यस्तै हो । कमल हिलोमा रहेर पनि हिलोभन्दा मुक्त छ । शरीरदेखि आत्मा पनि त्यसरी नै भिन्न छ । अविनाशी आत्मका सम्बन्धमा नाटकका पात्र मधुले यसो भनेका छन्:

> याज्ञवल्क्य-अवश्य । तर आत्मज्ञानको प्रयोजननिमित्त 'आत्म'प्रिय हुनुपर्छ । अन्यथा वाह्यज्ञानको तथाकथित लोकप्रियतामा विश्वमा महाभारत शैलीका बोलबाला भइरहने छ चाहे त्यो बेला मान्छे चन्द्रको धरातलमा ओर्लून् अथवा मङ्गलको धरातलमा नै !
>
> मधु- (वर गै) पिताजी त्यसोभए आत्मलाई चिन्ने आत्मज्ञान सबैभन्दा ठूलो हगि ?

उपसंहार (पृ. १४७)

प्रस्तुत नाट्यांश आत्मचिन्तनमा केन्द्रित छ । नाट्यांश बाबु याज्ञवल्क्यले मानिस चन्द्र धरातलमा ओर्लिए पनि मङ्गल धरातलमा पुगे पनि ब्रह्माण्डमा आत्मज्ञानको महिमा कहिल्यै पनि घट्दैन भन्ने प्रसङ्गमा छोरा मधुले व्यक्त गरेका उद्गार हुन् । ज्ञानद्वारा मानवले प्राप्त गर्ने स्वरूप भनेको आफ्नै स्वरूप हो । जीवले तत्त्वज्ञान भएपछि पूर्णब्रह्मरूपता प्राप्त गर्दछ । जीव आफैमा पूर्णब्रह्म हो । अज्ञानका कारणले मात्र आफूलाई नजानेको हो । अविद्याका कारणले जीवले आफूलाई परिछिन्न शरीरको रूपमा बुझ्दछ । ज्ञान भएपछि मात्र वास्तविक आफूलाई जान्दछ । परमात्मको स्वरूप पूर्ण रहने भएकोले अज्ञानवश जीवको रूपमा कल्पित हुँदा पनि परमात्मले आफ्नो पूर्णरूपतालाई छाडेको हुँदैन । परमात्मा र आत्मा एकै हो ।

जीवनका आखिरी क्षणमा याज्ञवल्क्य सन्यास ग्रहण गरी जीवन मोक्षमार्गको प्रशस्तीद्वारमा उभिएका छन् । याज्ञवल्क्यले गृहस्थ छाड्नै लाग्दा आत्मज्ञानका सम्बन्धमा छोरा मधुको जिज्ञासुभाव नाट्यांशमा उल्लेख भएको छ । आत्मचिन्तन वेदान्तदर्शनको मुख्य विषय हो । जीवनको मूल्य नै आत्मको पहिचानसँग जोडिएको छ । सांसारिक कर्म र तिनबाट प्राप्त हुने सुख, दुःख, लाभ-हानी, जय-पराजयको कुनै स्थिरता छैन । शरीरको

जन्म हुन्छ र विभिन्न अवस्थाहरू पार गरेपछि अन्ततः मृत्यु हुन्छ । आत्मको यात्रा अनन्त छ । शरीर वस्त्र जसरी नै पुरानो हुन्छ तर आत्मा सँधै स्थिर रहन्छ । आत्मा नित्य, सनातन, अविकारी, अविनाशी छ । यस संसारमा शरीर रित्तै आएको हो । कुनै चीज लिएर जाने पनि होइन । यहाँ प्राप्त भएका सबै चीजहरू छाडिन्छन् । नश्वर र नित्यको भेद पहिचान गरी आत्मबोध गर्नाले सच्चिदानन्द प्राप्ति हुन्छ । आत्मज्ञानबाट मात्रै मृत्यु र पुनर्जन्मको शृङ्खला टुट्छ । गीतामा श्रीकृष्ण अर्जुनलाई बताउनुहुन्छ-हे पार्थ ! जड पदार्थमा श्रेष्ठ इन्द्रिय हो, इन्द्रियमा श्रेष्ठ मन हो, मनमा श्रेष्ठ बुद्धि हो, बुद्धिमा श्रेष्ठ आत्मा हो । यसैको ध्यान गर ।

ज्ञानको नौकाले मोहको बन्धन चुडाउँछ । जीवलाई भवसागरबाट पार लगाउँछ । सांसारिक भ्रमलाई हटाउँछ । मानव शरीर प्राप्त हुनुको प्रयोजन आफैभित्रको 'म' खोजी गर्नु हो । जीवमा 'म' भन्ने जुन अनुभव हुन्छ त्यो नै आत्मा हो । आत्मा बिस्तारको अन्त्य छैन । आत्मा हृदयको प्रज्ञाज्योति हो । जसलाई जानेपछि सम्पूर्ण सांसारिक दुःख, सन्ताप र सुर्ताको अन्त्य हुन्छ । स्थिर सुख र शान्ति प्राप्त हुन्छ । श्रीकृष्ण गीतामा अर्जुनलाई आत्मको सर्वश्रेष्ठता बताउँदै भन्नुहुन्छ-म ज्योतिमा सूर्य हुँ । म प्रयत्न हुँ, विजय हुँ, दुविधा र आशङ्कारहित हुँ, विश्वमूर्ति हुँ, दिन दयाल हुँ, तपश्वीको तप हुँ, भूत, वर्तमान र आउने कालको पनि सबै जान्ने मै हुँ, वाणीमा ॐकार हुँ, वृक्षमा पीपल हुँ, मै मृत्यु हुँ, मै आरम्भ हुँ, सर्वश्रेष्ठ जो छन् सबै मै हुँ । सच्चिदानन्दस्वरूप आत्मको ज्ञान नै सम्पूर्ण प्राणीहरूको कल्याणको एकमात्र उपाय भएकोले आत्मज्ञान सबैभन्दा श्रेष्ठ छ ।

आत्मा अलौकिक छ । तेजवान् छ । अनन्तस्वरूप आत्मा स्वयम्प्रकाश हो । अविद्या, अँध्यारो हटाउने प्रज्ञा हो जसरी विहान सूर्योदय भएपछि सबै मनुष्यको सपना हराउँछ, निद्रा भाग्छ, सर्वत्र उज्यालो छाएपछि अँध्यारोको नामनिशाना रहँदै त्यस्तै आत्मा ज्योतिर्मय ज्योति हो । जसले अविद्यालाई नाश गरी यथार्थको बोध गराउँछ । नाट्यांशमा अविद्यारूपी अन्धकारलाई नाश गर्ने प्रज्ञारूपी आत्मा नै बत्ती भएको प्रसङ्ग यसरी उल्लेख भएको छ :

> सुरूपा- (गुनगुनाउँदै) बत्तीको उज्यालोमा अँध्यारो कहाँ भाग्दो हो क्यारे !
> कि त यो यहीँ लुक्छ कसैले नदेखिने गरी !

दृश्य-१ (पृ. २०)

प्रस्तुत नाट्यांश आत्मचिन्तनमा केन्द्रित छ । नाट्यांश साँझपख बाबु देवरात र छोरा याज्ञवल्क्य वेदान्तदर्शनका गम्भीर विषयमा छलफल गरिरहेका बेला पालामा बत्ती लिएर आएकी सुरूपाले गुन्गुनाएका उद्गार हुन् । बत्तीको काम नदेखिएको वस्तुलाई देखाउनु हो । अथवा अँध्यारोलाई हटाउनु हो । बत्तीलाई देखाउन भने कुनै अर्को उज्यालोको आवश्यकता पर्दैन । नाट्यांशमा आएको बत्तीको उज्यालोले स्वयम्प्रकाश आत्मलाई ध्वनित गरेको छ । स्वयम्प्रकाशस्वरूप आत्मले नै जगत्का अप्रकाशित वस्तुहरूलाई प्रकाशित गर्छ । आत्मको उज्यालो अनुभव गरेपछि जगत् स्वप्न समान मिथ्या भएको पहिचान हुन्छ । अँध्यारो भनेको भवसागररूपी जगत् हो । बत्ती भनेको ज्ञान हो । आत्मलाई जानेपछि अरू कुरा जान्न बाँकी रहँदैन, भ्रम अर्थात् अँध्यारो सदाका लागि हराउँछ । अविद्या भनेको अँध्यारो हो । अविद्याका दुई कार्य छन् । एउटा चाहिँ भएको वस्तुलाई ढाकी दिने अर्को चाहिँ नभएको वस्तुलाई प्रतीत गराइदिने । अविद्यामा विक्षेप र आवरण दुई शक्ति हुन्छन् । आवरणले ब्रह्मतत्त्वलाई ढाकी दिन्छ । विक्षेप शक्तिले अविद्याको सूक्ष्म र स्थूल सम्पूर्ण ब्रह्माण्डलाई उत्पन्न गरिदिन्छ । तपस्या, स्वाध्याय, ब्रह्मचर्य, अहिंसा, एकान्तवास, सन्तोष आदि सम्पूर्ण साधनहरूद्वारा मन र इन्द्रिय परमात्ममा समर्पण गरेपछि मनमा पाप, वासना र दुर्भाव जाग्न सक्दैन । निर्मल चित्तमा नै आत्मा साक्षात्कार हुन्छ । त्यो नै आत्मज्ञान हो ।

भक्ति, चिन्तन नै दीयो हो । माया (भ्रम) भनेको रात हो । ज्ञान भनेको दृष्टि शक्ति हो । जसले दीयोद्वारा रातको अन्धकारलाई नष्ट गर्न सक्छ त्यसले मात्र उज्यालो देख्न सक्छ, अनुभव गर्न सक्छ । भक्तिद्वारा अन्धकारमय माया हटेपछि विवेक ज्ञानरूपी दृष्टिले यथार्थ वस्तु देख्न सकिन्छ । चिन्तन, भक्तिविनाको ज्ञान अन्धकारको आँखा समान हो । रात्रिको अँध्यारोमा आँखा भएर पनि देख्न नसकेझैँ । भ्रमरूपी संसारमा भुल्नेहरू आत्मलाई जान्न सक्दैनन् । अविद्या (अँध्यारो) नष्ट गर्न परमात्मलाई जान्नु अनिवार्य छ ।

अविद्या भनेको शरीर र आत्मलाई एकै ठान्नु, संसारलाई सत्य मान्नु र आत्मा र परमात्मको एकात्मकता नबुझ्नु हो । मनुष्यको जन्म अत्यन्तै दुर्लभ छ । शास्त्रहरूमा मनुष्य जन्मको अत्यन्तै प्रशंसा गरिएको छ । किनकि, मानवजीवन मोक्ष प्राप्तिको ढोका हो । अरू प्राणी मर्नको लागि जन्मन्छन् । तर मनुष्य पुनर्जन्ममा नपर्नकै लागि जन्मन्छ । यो संभावना साक्षी चेतन तत्त्वलाई जान्नुमै छ । जो बिना मानव शरीर मुर्दा समान छ । आत्मा सम्पूर्ण प्राणीहरूमा समान रूपले रहेको छ । नाट्यांशमा साक्षी चेतनको महत्त्व यसरी प्रस्तुत भएको छः

सुरूपा-बाबु याज्ञ, त्यस्तो चलाउने तत्त्व नभए त हामी मरिहाल्छौँ नि !
त्यस्तो चलाउने तत्त्व नभए त कमिला पनि हिँड्न सक्दैन ।

दृश्य-१ (पृ. १८)

प्रस्तुत नाट्यांशमा हरेक प्राणीलाई चलाउने चेतनतत्त्व भनेर आत्मलाई भनिएको हो । यो नाट्यांश शरीर त जड छ । कुनै चलाउने तत्त्वबाट नै यो सञ्चालित छ । त्यसैले म त्यो जडलाई चलाउने चेतनको अनुभव गर्न चाहन्छु भन्ने याज्ञवल्क्यको प्रसङ्गमा सुरूपाले भनेका अंश हुन् । नाट्यांश आत्मचिन्तनमा केन्द्रिय छ । जीवमा म भन्ने जुन अनुभव हुन्छ त्यो नै आत्मा हो । जसको अभावमा शरीर मृत हुन्छ त्यही चेतनतत्त्व नै आत्मा हो । शरीर आत्मद्वारा प्रकाश्य हो । सम्पूर्ण प्राणीले शरीर र मनको व्यवहार जान्दछन् । शरीर हिँडडुल गरिरहेको, शरीरमा घाउचोट लागेर पीडा भएको, काँडा बिझेको, कीराहरूले टोकेको, मनमा सुख-दुःख, रिस, दया, करूणाका भावहरू प्रस्फुटन भएको सबैलाई जानकारी हुन्छ । इन्द्रिय र मन मिलेर सूक्ष्म शरीर बनेको हुन्छ । बाहिर देखिने स्थूल शरीर हो । यी दुबै शरीरलाई चलाउने एउटै चेतनतत्त्व हो । केनोपनिषद् (१/४८) मा सम्पूर्ण इन्द्रियले जसलाई भेट्दैनन् तर जसको कारणले सम्पूर्ण इन्द्रियहरू प्रकाशित भई कर्म गर्दछन् त्यस्तो आत्मलाई स्वयम्प्रकाश भनिएको छ । सुरमुनिदेखि भुसुनासम्म अर्थात् सृष्टि भएका जति सम्पूर्ण प्राणीका घट-घटमा सर्वान्तर भएर अन्तर्यामी परमात्मा नै परम्सत्ताका रूपमा रहनुभएको छ । परमात्मा नै संसारको कारण हो । नाट्यांशमा प्रयोग भएको जड पदार्थलाई गति दिने चेतनतत्त्व आत्मा वेदान्तदर्शनको मुख्य विषय हो । सम्पूर्ण इन्द्रियहरू आत्मको चेतनाबाट नै आ-आफ्नो कार्यमा गतिमान छन् । आत्मकै शक्ति पाएर इन्द्रियहरूले देख्ने, सुन्ने, छुने, बोल्ने, चिन्तन, मनन गर्ने क्षमता राख्छन् । प्राणीहरूको जीवन सामर्थ्य नै आत्मा हो । केनोपनिषद् (१, २) मा आत्मलाई कानको पनि कान, मनको पनि मन, वाणीको पनि वाणी, प्राणको पनि प्राण भनिएको छ । परिछिन्न पदार्थ अपरिछिन्न चेतनातत्त्वद्वारा सञ्चालित छ । दृश्य अथवा नाम र रूप मनुष्यको शरीर जड हो । यसमा चेतन आत्मा रहेकोले विभिन्न क्रियाकलाप गर्न सकेको हो । चेतन आत्मकै कारणले गर्दा अचेतन शरीरमा पनि छुट्टै व्यक्तित्व र विशेषताको आधान भएको हो । हरेक मान्छे यही आत्मा चैतन्य प्राप्त गरेर नै जगत्मा 'म' पनि केही हुँ र केही गर्न सक्छु भनी

आत्मसम्मानपूर्वक हिँड्छन् । आत्मको अभावमा शरीर मृत हुन्छ त्यो चेतनतत्त्व नै आत्मा हो ।

शरीर, इन्द्रिय, मन यी सबै निर्जीव पदार्थलाई प्रकाशित गर्ने र चलाउने अन्तर्यामी तत्त्व चेतन आत्मा नै हो । व्यक्तिपिच्छेका छुट्टाछुट्टै मन र त्यसका वासनामय संस्कारलाई आत्मले छुट्टाछुट्टै प्रकाशित गर्छ । यो स्वरूपतः स्वयम्प्रकाश परमात्मा नै हो । यो साक्षी क्षेत्रज्ञ कुनै पनि अन्तस्करणको दोषले रहित छ । शुद्ध छ । यसले सम्पूर्ण पदार्थलाई केवल प्रकाशित गर्छ । चेतन आत्मको गति पाएर नै जगत्का पदार्थहरू परिवर्तनशील छन् ।

> याज्ञवल्क्य-(प्रशन्न मुद्राभावले मुसुक्क हाँसी आफूले आफैलाई औँल्याउँदै) यो आत्मा देखिँदैन तर यसले देख्न सक्छ । यो आत्मा सुनिँदैन तर यसले सुन्न सक्छ । यो आत्मा मनको विषय होइन तर यसले मनन गर्न सक्छ । यो आत्मा जानिने वस्तु होइन तर यसले जान्न सक्छ । (एकछिन विचार गरी) यो आत्मा अन्तर्यामी अमृत हो । यसदेखि भिन्न सब नाशवान् छन् ।
>
> (स्वर ठूलो गरी मुनिराज अझ बढी लामो व्याख्याको आवश्यक छ कि ?)
>
> दृश्य-४ (पृ. ८६)

प्रस्तुत नाट्यांश आत्मचिन्तनमा केन्द्रित छ । नाट्यांश राजा जनकले आयोजना गरेको ब्रह्मसभामा ब्रह्मज्ञानी आरुणिले त्यो आत्मा कस्तो छ त ? भन्दै आत्मको तर्कयुक्त स्पष्टीकरण गर्न अनुरोध गरेपछि याज्ञवल्क्यले दिएको जवाफको अंश हो । आत्मा आफैभित्र रहेको अदृश्य द्रष्टा हो । अन्तर्यामी भनेको प्राणीहरूको हृदयमा बसेर शासन गर्ने भन्ने बुझिन्छ । नित्य ज्ञानस्वरूप आत्मा स्वयम्प्रकाशित हुने भएकाले कुनै कारणको आवश्यकता पर्दैन । दृश्यलाई चलाउने द्रष्टा आत्मा हो । आत्मा हरेक प्राणीको अन्तर्यामी साक्षी हो । आत्मा व्यापक छ । आनन्दको मूल परमात्मा नै हुनुहुन्छ । आत्मा बाह्यजगत्का पदार्थमा खोजेर भेटिने तत्त्व होइन । यो प्राणीजगत्को अभ्यन्तरमा विराजमान छ । यस संसारमा कुनै न कुनै उपाधिद्वारा युक्त भएर प्रतीत हुन्छ । नाट्यांशमा भनिएको अन्तर्यामी अमृत परमानन्द हो । परमानन्द नै द्रव अर्थात् रस हो । (तैत्तिरीयोपनिषद् २/६) मा परमात्मा रसस्वरूप छ । रसस्वरूप परमात्मलाई प्राप्त गरेर मात्र जीवले परम्आनन्द प्राप्त गर्न सक्छ भनिएको छ । संसारमा जति पनि आनन्द छ

ती सबै आत्मरूप आनन्दको प्रतिविम्ब अथवा आभाष हो । यही आनन्दलाई पाएर नै देवतादेखि मानिसलगायतका अन्य सम्पूर्ण प्राणीहरूसमेत आनन्दित भइरहेका हुन्छन् । परमात्मस्वरूपलाई जानी सकेपछि व्यक्तिलाई अरू बाहिरी पदार्थको आनन्दले आकृष्ट गर्न सक्दैन । आत्मा साक्षात्कारको स्थिति अर्थात् अखण्ड आनन्दस्वरूपको व्याख्या अपरम्पार छ । जुन आनन्दस्वरूपलाई जानेपछि सांसारिक पदार्थहरू फिक्का देखिन्छन् । सांसारिक पदार्थप्रति वैराग्यता उत्पन्न हुन पुग्छ ।

श्वेताश्वेतरोपनिषद् (३:१९) मा परमात्मलाई हात नभए पनि लिन सक्नुहुन्छ । खुट्टा नभए पनि वेगपूर्वक हिँड्न सक्नुहुन्छ । अनि आँखा, कान नभए पनि देख्न र सुन्न सक्नुहुन्छ भन्ने बताइएको छ ।

आत्मलाई प्रकाशित गर्न कुनै पनि इन्द्रियको आवश्यकता पर्दैन । आत्मलाई वेदान्तमा साक्षी भाष्य भनिएको छ । परमात्ममा अकरण हुनु भए पनि सबैको करण आदिको शक्तिलाई परमात्मले नै प्रेरित गर्नुहुन्छ । आत्ममा कुनै पनि भाव विकार छैन । शरीर नाशवान् छ । प्राणीहरूको अस्तित्त्व जन्म भएपछि हुने भएकाले प्राणी आत्मको विकाररूप हो । आत्मको अस्तित्त्व समान छ । विकारमध्ये जन्म-मृत्यु पहिले र अन्तिमका विकार हुन् । आत्मको जन्म नहुने भएकोले जन्मबाट हुने अस्तित्त्वरूपी विकार निरस्त छ । हामी जुन म भनी बोध गर्दछौं त्यो आत्मतत्त्व हो । जुन म बाल्यकालमा खेलेको, रमाएको, आमाको काखमा बसेको त्यही म आज आफ्ना छोराछोरीहरूसँग रमाइरहेको छु । यसरी शरीरका अवस्था परिवर्तन भइसक्दा पनि आत्मको म भन्ने अस्तित्त्वमा भने केही फेरबदल हुँदैन । शरीरका अवस्था आदिको प्रकाशक आत्मा प्रकाश्य वस्तुभन्दा भिन्न हो । आत्मा घटबढ नहुने भएकोले अवस्थान्तरणमा परिणत हुने विपरीणामी विकार निरस्त छ । आत्ममा कुनै पनि भाव विकार छैन ।

वृहदारण्यकोपनिषद् (४।४।१९) मा आत्मा मनको विषय होइन परमात्मा मनको पनि कारण (अधिष्ठान) हो । मन जहाँ पुग्छ त्यसको अधिष्ठान आत्मा पहिल्यैदेखि त्यहाँ विद्यमान छ । त्यसैले पछि उत्पन्न हुने मनले आत्मलाई बुझाउन सक्दैन भनिएको छ । शरीर नाशवान् छ । यसका अवस्थाहरू बाल्यावस्था, युवावस्था, वृद्धावस्था क्रमशः परिवर्तन भइरहने अवस्था हुन् भने आत्मा जस्ताको तस्तै रहन्छ । प्राणीहरूको म भन्ने बुझाइमा कहिल्यै पनि परिवर्तन आउँदैन । आत्मा शरीरभन्दा पर छ । आत्मलाई शरीरको धर्मले छुँदैन । त्यसैले आत्मा अविनाशी छ । शरीर परिवर्तनशील छ । नाशवान् छ ।

नाशवान् वस्तुहरूको साथ दुःखदायी हुन्छ । यस संसारमा सबैभन्दा ठूलो कुरा आत्मलाई जान्नु नै अमृतमय आनन्द प्राप्त गर्नु हो । जुन आनन्दमय परमात्मको अनुभूतिविना संसाररूपी भवसागरबाट पार हुन असम्भव छ । विश्वका प्रत्येक जीव, जीवात्मा केही कुराको खोजीमा छन् । त्यो खोजी भनेको अनुभवसिद्ध परमात्मको आनन्द हो । अरिस्टोटलले भनेका छन्, 'संसारका व्यक्तिहरूले चाहेको ह्याप्पीनेस नै हो ।' संसारका व्यक्तिले तमाम चिजको चाहना गरे पनि अन्तिम लक्ष्य आनन्द प्राप्ति हो । त्यो आनन्द संसारका वस्तुमा भेटिँदैन, परमात्मा साक्षात्कार भएपछि मात्र प्राप्त हुन्छ । मुक्तिका लागि परमात्मको भक्ति, चिन्तन र उपासना अनि वैराग्य र योगाभ्यास नै आवश्यक छ ।

> याज्ञवल्क्य- महाराज, अवश्य हो । तर विषयवस्तुको मात्र चिन्तन गरी सदा मरणशील भइरहनुचाहिँ उचित होइन । बरू चेतनशील भई आत्मज्ञान प्राप्त गरी जीवन मुक्तिको स्थितिको सदैव अनुभव गर्नु उचित र कल्याणप्रद हुन्छ ।
>
> (जनक विचारमग्न हुन्छन् । अरूहरू वाल्ल पर्छन् । एकछिन कोही बोल्दैनन् । जनक वरिपरि हेर्न थाल्छन् ।)

दृश्य-३ (पृ. ५७)

प्रस्तुत नाट्यांश आत्मा, जगत् र मोक्ष गरी तीनै थरी चिन्तनमा केन्द्रित छ । नाट्यांशमा आएको विषयवस्तुको चिन्तनले जगत्चिन्तनलाई बुझाउँछ । चेतनशील भई आत्मज्ञान प्राप्त गर्नु भनेको आत्मचिन्तन हो भने मुक्तिको स्थिति अनुभव गर्नु मोक्षचिन्तन हो । माथिको नाट्यांश राजा जनकको मुनिराज हाम्रो जीवन नै मरणशील होइन र ! भन्ने प्रसङ्गमा याज्ञवल्क्यले दिएको जवाफ हो । वास्तवमा मरणशील जीवन नै अमर आत्मको निवास हो । त्यही अमरतत्त्वलाई जान्न सके मुक्तिको मार्ग फेला पार्न सकिने कुरा याज्ञवल्क्य राजा जनकलाई बताउँछन् । जब मनुष्य आशक्त भएर सांसारिक विषयको चिन्तन गर्न थाल्छ तब त्यसको कुनै टुङ्गो हुँदैन । मनका कामना कर्मले आहत् बनाउँछ । राग, दुःख, चिन्ता, क्रोध, अभिमान, भय आदिको कारण अनेक अनर्थको मूल भएको सांसारिक पदार्थमा आशक्ति र त्यसको चिन्तन नै हो । संसारका पदार्थहरूको जति चिन्तन गर्‍यो त्यति त्यससँग सम्बन्ध बढ्दै जान्छ । जति सम्बन्ध बढ्यो त्यति नै आशक्ति बढ्छ । कामना पूरा नहुँदा क्रोध उत्पन्न हुन्छ । क्रोधले विवेक शक्तिको नाश गराउँछ । अशान्तिको प्रमुख कारण क्रोध नै हो । विवेक शक्ति नाश भएपछि जीवन नै

नाश हुन्छ । यसर्थ विषयवस्तुको चिन्तन गर्नु निरर्थक छ । संसारका कुनै पनि पदार्थमा सुख र आनन्द छैन । इन्द्रियहरूको चञ्चलताका कारण जीवात्मलाई विषयभोगमा सामेल गराउँछ । संसारका सम्पूर्ण वस्तुहरूमा त्यसको प्राप्ति नहुन्जेलमात्र आनन्द रहेको हुन्छ । जब वस्तु प्राप्त हुन्छ सँगसँगै त्यसमा रहेको आनन्द पनि घट्न थाल्छ । यसरी आनन्द प्राप्ति नभएपछि इन्द्रियहरू पनि त्यसबाट निवृत्त हुन्छन् । यसरी संसारका जतिसुकै राम्रा वस्तुहरूमा पनि मानिसको इन्द्रियलाई पूर्णरूपले तृप्त पारिदिने सौन्दर्य वा माधुर्य छैन । तर, परमात्मा अनन्त सौन्दर्य एवम् माधुर्यको खानी हुनुहुन्छ । व्यक्तिले जति सोचेको हुन्छ त्योभन्दा अनन्त गुणा बढी आनन्द परमात्मको प्राप्तिमा रहेको हुन्छ । परमात्मा नित्य, नवीन हुनुहुन्छ । जसको अनुभूत गरिसकेपछि इन्द्रियहरू अरू पदार्थको अनुभूत गर्न चाहँदैनन् । भगवत भक्तिमा नै मन र इन्द्रिय अन्तर्मुख हुनु भनेको परमात्मलाई साक्षात्कार गर्नु हो । जीवनको परम् लक्ष्य पनि यही हो । मोक्ष प्राप्ति गर्नु हो । जसले जन्म, मृत्युको भवसागररूपी चक्रलाई छुटाउँछ ।

मनुष्यको शरीर नाशवान् छ । विषयको चिन्तन निरन्तर गरिरहँदा मनमा अशान्ति बढ्छ । शरीर, इन्द्रिय अनात्मा वस्तु हुन् । यिनमा गरिएको प्रेमले कष्ट निम्त्याउँछ । अविनाशी आत्ममा नै प्रेम गरियो भने चाहिँ दुःखी एवम् भयभीत हुनु पर्दैन ।

वृहदारण्यकोपनिषद् (१।४।८) यदि कसैले आत्मलाई नै आफू भनेर चिन्यो भने अनि त्यहीँ नै प्रेम गर्‍यो भने उसको त्यो प्रिय वस्तु कहिल्यै नहराउने नित्य पदार्थ भएकोले उसले दुःख पाउँदैन । जब नाशवान् वस्तुहरूमा कसैले आत्मबुद्धि गर्दछ भने ऊ सँधै चिन्तित भइरहन्छ । आत्मा सत् रूप हो । त्यो कहिल्यै नाश नहुने वस्तु भएकाले त्यसको शरण लिएपछि प्राणीहरूले डराउनुपर्ने आवश्यकता रहँदैन । साधकका सम्पूर्ण दुःख, भयहरू शान्त हुन्छन् जसरी पहाड, पर्वतबाट गडगडाएर झरेका झर्ना, खोला, नदी समुद्रमा पुगेपछि शान्त हुन्छन् जीवात्मा पनि परमात्ममा लीन भएपछि मोक्ष प्राप्ति हुन्छ ।

याज्ञवल्क्य-(राजातिर हेरी बिन्ती गर्दै)

महाराज ! आत्मा भनेको घोडा होइन । त्यसको याल समाती यहाँ सभामा उपस्थित गर्नलाई । अतः दृश्यलाई देख्न सकिन्छ तर दृश्यलाई देख्ने जुन द्रष्टा हो त्यस द्रष्टालाई देख्न सकिँदैन । श्रुतिलाई सुन्ने श्रोता जुन हो त्यसलाई पनि देख्न सकिँदैन । आत्मा त सबैको अभ्यन्तरमा छ । यसैले यो सर्वान्तर छ । अनि आत्मदेखि भिन्न सबै नाशवान् छन् ।

यसभन्दा बढी स्पष्ट गरूँ भने आत्मा अनिर्वचनीय छ । यसको विपरीत कसैको तर्क छ भने अर्थात् यस तथ्यको खण्डन गर्ने साहस कसैले गर्छ भने महाराज, सुनले सिँगारिएका गाईहरू तुरुन्तै फर्काउने छु । र, आफै गोठालो बनी उनकै आश्रममा ती हजार गाई पुर्‍याउन जानेछु ।

(लामो सास फेर्छन् । दर्शकहरू ताली बजाउँछन् । ऋषिमुनिहरू विचार मग्न हुन्छन् । कहोल मुनि जुर्मुरिँदै उठ्छन् । सबजना उनीतर्फ चकित भावले हेर्न थाल्छन् ।)

दृश्य-४ (पृ. ८०)

प्रस्तुत नाट्यांश आत्मचिन्तनमा केन्द्रित छ । नाट्यांशमा राजा जनकले अपरोक्ष ब्रह्म तथा सर्वान्तर आत्मको स्पष्ट व्याख्या गरिदिन अनुरोध गरेपछि याज्ञवल्क्यले आत्मलाई चेतन द्रष्टा, सबै प्राणीको अभ्यन्तरमा रहने सर्वान्तर, अनिर्वचनीय भन्दै आत्मको व्याख्या गरेका छन् । आत्मा शब्दद्वारा बताइने विषय होइन । यो त कल्पित उपाधिलाई निवृत्त गरी आफ्नै हृदयभित्र अनुभव गर्ने विषय हो । परमात्मा तत्त्वलाई सिधै बताउन सकिँदैन भन्दै वेदहरू भन्छन्-जानैं भन्नेहरूका लागि जुन तत्त्व नजानिने नै रहन्छ केनोपनिषद् (२।३) मा जसले ब्रह्मलाई जान्न सकिँदैन भन्यो त्यसले जान्यो । अनि जसले चाहिँ ब्रह्मलाई इन्द्रिय आदिद्वारा स्पष्ट जान्न सकिन्छ भन्यो त्यसले आत्मलाई जानेन भनी बताइएको छ ।

संसारका पदार्थहरू दुईथरी छन्-द्रष्टा र दृश्य । दृश्य पदार्थलाई बाहरी आँखाले देख्न सकिन्छ । नाट्यांशमा आएको घोडा दृश्य हो । दृश्यलाई चलाउने द्रष्टा अदृश्य छ । हरेक क्षण आफैसँग छ । द्रष्टाले आफूलाई पनि जान्दछ र आफूदेखि अतिरिक्त दृश्यलाई पनि जान्दछ । शरीर दृश्य हो भने शरीरभित्र बस्ने आत्मा द्रष्टा हो । शरीर भित्र बस्ने आत्मले आफूलाई पनि जान्दछ र आफूदेखि अतिरिक्त शरीर, इन्द्रिय, मन, बुद्धि, प्राण र संसारका सम्पूर्ण पदार्थलाई पनि जान्दछ । शरीरले नत शरीरभित्र बस्ने आत्मलाई जान्दछ न अरू वस्तुलाई नै जान्दछ । किनकि, शरीर जड हो । द्रष्टा र दृश्यलाई भगवान् श्रीकृष्णले क्षेत्र र क्षेत्रज्ञ भन्नु भएको छ । क्षेत्र र क्षेत्रज्ञको ज्ञान नै वास्तविक ज्ञान हो । वेदवाणीको सार महावाक्यको श्रुति जुन सम्पूर्ण प्राणीले जान्न सक्दैन । त्यो द्रष्टा नै हो । महावाक्य नै आत्मा हो । जसलाई देख्न सकिँदैन । अव्यक्त छ । आत्मा चक्षुरिन्द्रिय, वाणी र मन पुग्न नसक्ने हुँदा यो अनिर्वचनीय हो । जसलाई साधकको शुद्ध अन्तस्करणले

जान्न सक्छ । चेतनतत्त्व आत्मले नै संसारका सम्पूर्ण जड पदार्थलाई चेतना प्रदान गर्छ । आत्मा अविनाशी छ । आगोले डढाउन नसक्ने, पानीले भिजाउन नसक्ने, वायुले सुकाउन नसक्ने, हतियारले काट्न नसक्ने आदि र अन्त्य नभएको अविनाशी छ । धर्म-अधर्म, शुभ-अशुभ, सुख-दुःखको भेदभन्दा पर छ । शरीर नाशवान् छ । क्षणभङ्गुर छ । उपाधिले रहित शुद्ध आत्मको जन्म हुँदैन । घडा उत्पन्न भएपछि घटाकाशको जन्म भएजस्तै अन्तःकरणको उपाधि उत्पन्न भएपछि त्यहाँ जीवभाव उत्पन्न हुन्छ । जीव अथवा चेतन भनेको आत्मा हो । जीव अन्तःकरणको उपाधि रहुन्जेलसम्म प्राणीहरूको अभ्यन्तरमा शासकको रूपमा रहन्छ अनि उपाधिको परित्याग गरेपछिचाहिँ जीव आफ्नै स्वरूपमा स्फूरित हुन्छ । यो नै अन्तर्यामी आत्मा हो । आत्मा अदृश्य शक्ति भएकाले दृश्य पदार्थलाईझैँ आमुन्ने-सामुन्ने देखाउन सकिँदैन ।

> याज्ञवल्क्य-हो, तिमीले तिमी नभए न आँखा देख्न सक्छौ न तिम्रो हात नै चल्छ । तिमीमा 'तिमी' नभए तिमी त मुर्दा हुन्छौ-त्यसैले तिम्रो मोल तिमीमा छ । मेरो मोल 'म' मा छ । अनि तिमी र ममा एउटै 'बोध' अथवा 'जान्नुपना' मात्र छ ।

दृश्य-३ (पृ. ४८)

प्रस्तुत नाट्यांशमा अद्वैत वेदान्तदर्शनको प्रयोग भएको छ । नाट्यांशमा आत्मबोध केले, कसरी गर्न सकिन्छ ? भन्ने पत्नी कात्यायनीको जिज्ञासालाई याज्ञवल्क्यले स्पष्ट पारेका छन् । याज्ञवल्क्यले आँखा त केवल एक माध्यममात्र हो र हात पनि एउटा साधनमात्र हो, यिनीहरूलाई गति दिने त आत्मा नै हो । जुन तत्त्व सम्पूर्ण प्राणीको हृदयमा छ । जसलाई अनुभवद्वारा आफ्नै हृदयमा जान्न सकिन्छ । आत्मको चेतना प्राप्त नहुँदा शरीर जड बन्छ भन्दै आत्मको सर्वश्रेष्ठताका सम्बन्धमा परिचर्चा गरेका छन् । कुनै पनि वस्तुलाई राम्रोसँग पहिचान गरेपछि मात्र त्यसको मूल्य बुझ्न सकिन्छ । आत्मबोध गरिसकेका याज्ञवल्क्यले कात्यायनी समक्ष आत्मको अनमोलता स्पष्ट गर्दै भनेका छन्-तिमीमा रहेको 'म' र म मा रहेको 'म' र सम्पूर्ण प्राणीको हृदयमा रहेको अनमोल आत्मा एउटै हो । जसको महत्ता अनुभवद्वारा बोध गरेपछि मात्र बुझिन्छ । इन्द्रिय, मन आदि सम्बन्धले रहित भए पनि परमात्मा सम्पूर्ण प्राणीका सम्पूर्ण इन्द्रिय आदिको शक्तिलाई धारण गर्नुहुन्छ । इन्द्रियहरू आत्मको शक्तिलाई पाएर नै शक्तियुक्त हुन्छन् । अनि त्यही चेतनसत्ताद्वारा प्रेरित भई आआफ्नो काम गर्छन् । अनन्त, नित्य र

सर्वव्यापक परमात्मा शासक र जीवहरू शाष्य हुन् । जीवनका सारा व्यवहारलाई साक्षात् प्रकाशित गर्ने भएकोले चेतन आत्मा साक्षी हो । नाम र रूप फरक भए पनि चेतन आत्मा सम्पूर्ण प्राणीको साझा हो । वृहदारण्यकोपनिषद् (३, ७, १५) मा अन्तर्यामी आत्मा भनिएको छ । अर्थात् जसले सबै प्राणीभित्र रही सबैलाई नियमन गर्दछ त्यो नै आत्मा हो । अन्तर्यामी तत्त्व हो । आत्मा चैतन्यको प्रकाशले नै जड पदार्थलाई प्रकाशित गर्दछ । इन्द्रियहरूलाई विषयको प्रकाशन गर्न आत्मशक्तिको आवश्यकता पर्दछ । आत्मलाई भने केही प्रकाशित गर्न पनि कुनै इन्द्रियको आवश्यकता पर्दैन । आत्मा स्वयम् आलोक हो ।

यो सम्पूर्ण संसार परमात्मद्वारा नै चेतन बनेको हो । सम्पूर्ण प्राणीहरू निदाउँदा पनि साक्षी आत्मा जाग्रतै हुन्छ । प्राणीहरूले आत्मलाई जान्न सक्दैनन् । यद्यपि आत्मले सम्पूर्ण जान्दछ । ज्ञानस्वरूप आत्मको प्रकाशद्वारा सम्पूर्ण विश्व प्रपञ्च र सत्तावान् हुन्छ । संसारका पदार्थमा चेतन छैन । आत्मले नै प्रकाश सत्ता दिएकोले शरीर गतिशील छ । आत्मज्ञान भनेको आफ्नै स्वरूपलाई जान्नु हो । आत्मा सँधै प्राप्त वस्तु भएकोले त्यसको प्राप्ति भनेको जान्नु हो । अथवा बोध गर्नु हो । अज्ञानका कारणले मानिसहरू आफैलाई चलाउने चेतनस्वरूपलाई जान्दैनन् । तर अपरोक्ष ज्ञानद्वारा आफ्नो स्वरूपलाई बुझेपछि भ्रमका कारण भएको अज्ञान, अविद्या निरस्त हुन्छ ।

> मधु-आमा ! तपाईँले मेरो उमेरलाई महत्त्व नदिनुहोला किनभने उमेर भनेको त जीवनको एउटा अवस्था मात्र हो । मुख्य कुरो त आफू नै छ । जुन हिजो पनि थियो, आज पनि छ र भोलि पनि हुने नै छ । आफू त सबै अवस्थामा छ । अनि यो आफू सबै अवस्थादेखि भिन्न पनि छ । तर सदा चैतन्य छ । त्यसैले यो मेरो उमेर मेरो ज्ञानको खोजीमा तगारो किन सम्झनु भएको ?
>
> (मैत्रेयी हातमा पूजाको थाली लिई आउँछिन्)

उपसंहार (पृ. १५०)

प्रस्तुत नाट्यांशमा आत्मचिन्तनमा केन्द्रित छ । माथिको नाट्यांश याज्ञवल्क्यले गृहस्थाश्रम छाडेर सन्यास ग्रहण गर्न लाग्दा मधुले आमासँग मलाई पनि पिताजीसँगै जान दिनूस् भनी अनुमति माग्छन् । प्रतिउत्तरमा कात्यायनीले मधु, तिम्रो उमेर छिप्पिन बाँकी नै छ भने पश्चात् मधुले आमा समक्ष व्यक्त गरेका तर्क हुन् । आत्मतत्त्व सँधै

एकैनासले रहने सत् वस्तु हो । जो आफैसँग हुने हुनाले भक्ति, वैराग्य र ज्ञानद्वारा जुनसुकै उमेर, अवस्थामा पनि जान्न सकिन्छ । भक्तिशिरोमणि प्रह्लादले अनन्य भक्तिद्वारा खम्बाबाट प्रकट भएका नृसिंह भगवानको रूपमा श्रीहरिको दर्शन पाई बाल्यावस्थामै ज्ञान प्राप्त गरे । बालक ध्रुवले पाँचै वर्षको उमेरमा वैराग्य धारण गरी तपस्याद्वारा साक्षात् नारायणको दर्शन प्राप्त गरे । परमात्मा साक्षात्कार गर्न अनन्य भक्तिको आवश्यकता पर्छ । यसमा उमेर, अवस्था बाधक नहुने कुरा मधुले आमा कात्यायनीलाई भनेका छन् । उमेर, अवस्था शरीरसँग सम्बन्धित विषय हुन् । आत्मसँग होइन । श्वेताश्वेतरोपनिषद्मा भनिएको छ-ब्रह्म चैतन्यद्वारा जाग्रत्, स्वप्न, सुषुप्ति तीनै अवस्थाका पदार्थहरू प्रकाशित भएका छन् । त्यसलाई नै आफू भनेर जान्नू । आत्मा सबै अवस्था र सबै कालमा छ ।

कुनै नवीन ज्ञान आर्जन गर्नका लागि उमेर, अवस्था बाधक हुँदैन । आत्मज्ञान अनेक ज्ञानहरूको पनि महाज्ञान हो । जुन ज्ञानलाई जानेपछि जान्न बाँकी केही पनि हुँदैन । बालक ध्रुव नारायणको दर्शन प्राप्त गर्दासम्म राम्ररी बोल्न पनि जान्दैनथे । पूज्यताको आधार पनि ज्ञान नै हुन्छ, उमेर होइन । आत्मा नै सर्वप्रेरक तत्त्व हो । जो जीव चैतन्यको रूपमा सम्पूर्ण प्राणीको शरीरभित्र प्रविष्ट छ । शरीर, इन्द्रिय, मन, बुद्धि परमात्मबाटै सञ्चालित छ । बिहान उठेदेखि राति नसुतेसम्म एक विषयबाट अर्को विषय गरी अनन्त विषयमा लागिरहने मन पनि उही प्रेरक चेतनतत्त्वद्वारा नै सञ्चालित छ ।

प्राणीहरूको प्राणलाई भित्र-बाहिर चलाउने तत्त्व आत्मा हो । जसलाई वाणीले बताउन सकिँदैन । तर आत्मद्वारा नै वाणीले बोल्ने काम गरिरहेको हुन्छ । त्यो नै सम्पूर्ण प्राणीको पहिचान हो । शास्वत आफू हो । शरीरका विभिन्न अवस्थासँग आत्मको सरोकार छैन । शरीर जन्मन्छ, बढ्छ, परिवर्तन हुन्छ, क्षीण हुँदै अन्त्यमा नष्ट हुन्छ । तर शरीरको मन इन्द्रियको प्रकाशक प्रेरक आत्मा जस्ताको तस्तै रहिरहन्छ । शरीरका अनेक प्रकारको अवस्थाभन्दा पर रहेको आत्मा अविनाशी छ । अनन्त छ ।

नाट्यांशमा आफू भनेर आत्मलाई भनिएको हो । सृष्टि हुनुभन्दा पहिले आत्ममात्र एउटा सत् वस्तु थियो । आत्मलाई छाडेर अरू कुनै पनि वस्तु थिएन । त्यस समयमा परमात्मदेखि अतिरिक्त कुनै स्थूल र सूक्ष्म पदार्थको कारण माया पनि थिएन अर्थात् अविद्या पनि थिएन । जहाँ सृष्टि छैन त्यहाँ पनि परमात्मको शक्ति विद्यमान छ । सृष्टिको रूपमा जुन वस्तु प्रतीत भइरहेको हुन्छ ती पदार्थहरूमा पनि परमात्मको सत्ता विद्यमान

छ । त्यसैगरी प्रलयकालमा जुन वस्तु अवशिष्ट (बाँकी) रहन्छ त्यो पनि परमात्मा नै हुनुहुन्छ । यसरी परमात्मा संसारमा देखिने, सुनिने, भूतकाल, वर्तमानकाल, भविष्यत्काल र सबै अवस्थाका हरेक दृश्य प्रपञ्चहरूको द्रष्टा हुनुहुन्छ । आफू आत्मा अजन्म छ, जीवको उपाधि स्वरूप छ । जीव जन्मन्छ, बढ्छ, बालकबाट युवा हुन्छ, बृद्ध हुन्छ क्रमशः शरीरको नाश हुन्छ । यी सबै परिवर्तन शरीरका विकार हुन् । आत्मा कुनै पनि विकारले युक्त छैन । शरीरका सबै अवस्थालाई देख्ने आत्मा स्थिर छ । आत्मा कर्ता र भोक्ता पनि होइन । शरीरगत उपाधिको कारणले नै कर्ता, भोक्ताको प्रतीत भएको हो । सम्पूर्ण दृश्यजगत्का साथै देश र काल पनि कल्पना मात्रै हुन् ।

> याज्ञवल्क्य-पिप्पलाद तपाइँहरू, पहिले उँभो लाग्नुस् । हिमाली पाखाका कान्लाहरू उक्लँदै अनि उँधो झर्नुस् कर्णाली, गण्डकी र कोशीझैँ सललल बग्दै सायूज्यतिर । दर्शन र श्रवणले मात्र आत्मको प्राप्ति हुँदैन । आत्मको प्राप्तिका निमित्त निदिध्यासन अनिवार्य छ । सिद्धान्तलाई प्रयोगमा सफल पारेर उतार्नु पर्छ । अनि आफूले अनुभव गर्नु पर्छ, अनि यहाँ 'केवलम् बोध मात्रम्' भन्ने निचोडको भावनालाई हृदयङ्गम गर्नु पर्छ ।

उपसंहार (पृ. १५५)

प्रस्तुत नाट्यांश आत्मचिन्तनमा केन्द्रित छ । माथिको नाट्यांश पिप्पलादले शिर निहुराई मामा, म अझै पनि 'म' आत्मज्ञानको खोजीमा छु भनी आफ्नो कुरा अवगत गराए पश्चात् याज्ञवल्क्यले व्यक्त गरेका उद्‌गार हुन् । यहाँ याज्ञवल्क्यले पिप्पलादलाई ज्ञान प्राप्तिको मार्ग सङ्केत गरेका छन् । हिमाली पाखाका कान्लाहरू उक्लनु भनेको परमात्मको खोजी गर्नु भन्ने बुझिन्छ । भक्ति, उपासना र ज्ञानमार्ग परमात्मको खोजी गर्ने बाटो हो । भक्तिको मुख्य स्वरूप भनेको भगवत्‌चिन्तनबाट चित्त पग्लिनु हो । पग्लिएको चित्तमा समस्त आन्तरिक विकारहरू नष्ट हुन्छ । धूलो नलागेको ऐनामा सफेद आकृति देखिएजस्तै त्यस्तो हृदयमा सजिलै महावाक्यको श्रवण हुन्छ । महावाक्यको श्रवण हुनु भनेको अर्थबोध हुनु हो । साधकले ध्याता र ध्यान दुबैलाई बिर्सी ध्येय तत्त्वमा मात्र आफूलाई विलीन गरेको अवस्था नै अद्वितीय आत्मतत्त्वलाई जानेको अवस्था सायूज्य प्राप्तिको अवस्था हो । आत्मतत्त्वलाई जान्नु नै वेदान्त श्रवणको प्रयोजन सिद्धि हुनु हो । जब मानिसले नियन्त्रित तथा अन्तर्मुख मनद्वारा वास्तविक तत्त्व र महिमा जान्न प्रयासरत हुन्छ तब प्राप्ति संभावनाका ढोका खुल्दै जान्छन् । निर्मल, अन्तस्करणले आत्मस्वरूपलाई जान्न सक्छ ।

संसारका अनेक पदार्थको आकारमा आकारित अन्तस्करणले निर्विकल्प आत्मलाई जान्न सक्दैन । जब चित्तले विषयकारितालाई छोड्छ तब अन्तर्यामी साक्षी प्रकाशित हुन्छ । चैतन्यस्वरूप स्वयम्प्रकाशित आत्मलाई जान्नु भनेको आफूलाई चिन्नु हो । मोक्षको ढोका खुल्नु हो । आत्मको लक्ष्य परमात्मा प्राप्ति गर्नु हो । जसरी पहाडबाट झरेका खोला, नदी समुद्रमा नपुगुञ्जेल अविछिन्न आफ्नो प्रवाहमा बगिरहन्छन् अनि समुद्रमा पुगेपछि परम् लक्ष्य प्राप्ति गर्दछन् त्यसरी नै जीवात्मले पनि परमात्मको भक्तिद्वारा स्वयम्प्रकाशलाई साक्षात्कार गर्नु नै जीवन सार्थक बनाउनु हो । अमृतरूपी आत्मलाई जान्नको लागि दुई मार्गहरू छन्-ज्ञानमार्ग र भक्तिमार्ग ।

भक्तिमार्गमा परमात्मको श्रवण, कीर्तन, मनन गर्दै चित्तलाई परमात्ममा लगाइरहनु हो । त्यसैगरी निदिध्यासन भनेको निरन्तर ब्रह्मको चिन्तन गर्नु हो ।

ज्ञानमार्गमा विषयहरूलाई मिथ्या बुझेर तिनीहरूको बोध गर्दै अद्वितीय आत्मको निदिध्यासन गर्नु पर्छ । ज्ञानमार्गमा पहिले संसारबाट वैराग्य भई सांसारिक रागहरू शून्य हुन्छन् अनि आत्ममा प्रेम गरिन्छ । त्यसैगरी भक्तिमार्गमा चाहिँ सर्वप्रथम परमात्ममा प्रेम गरिन्छ अनि संसारप्रतिको वैराग्य क्रमशः पैदा हुँदै जान्छ । वेदान्त प्रक्रियाअनुसार निरोध भनेको मन अखण्डकार वृत्तिको रूपमा आत्ममा लागेको अवस्था हो । अखण्डकार वृत्तिको उदय हुनुभन्दा अघि मनमा अनेक कर्म, संस्कारहरू रहेका हुन्छन् । त्यही मनको आत्ममा निरोध भएपछि चित्त शुद्ध हुन्छ जसरी धूलो-मैलो नलागेको र नहल्लिएको ऐनामा अनुहारको प्रतिविम्ब स्पष्ट देखिन्छ त्यसैगरी कर्म र उपासनाद्वारा चित्त शुद्ध भएको अन्तस्करणमा महावाक्यको श्रवणपछि आत्मतत्त्व साक्षात्कार हुन्छ । यसर्थ निरन्तर ब्रह्म चिन्तन गर्नु निदिध्यासन हो । यसैलाई गीता भाष्यमा शङ्कराचार्यले ज्ञाननिष्ठा भनी बताउनु भएको छ । भक्ति बढ्दै जाँदा संसारप्रति स्वतः वैराग्य हुन्छ र आफैलाई समेत बिर्सिएर भगवान्मा तल्लीन हुँदा ध्याता र ध्येय विलीन हुन्छ र अवशिष्टमा अखण्ड चैतन्य सत्ता रहन्छ । यो नै 'केवलम् बोधम्'को अवस्था हो ।

याज्ञवल्क्य-मैत्रेयी, तिमी आफै अनुभव गर त ।

(मैत्रेयी आँखा चिम्ली समाधिष्ठ हुन्छिन् ।)

तिमी पानी खोज्दै जाऊ त असिना भेटिन्छ । फेरि तिमी असिना खोज्दै आऊ त पानी भेटिन्छ । वास्तवमा असिना भन्नु र पानी भन्नु एउटै कुरा हो । त्यस्तै आत्मा खोज्दै गएमा परमात्मा भेटिने हुनाले तथा परमात्मा

खोज्दै आएमा आत्मा भेटिने हुनाले आत्मा भन्नु नै परमात्मा हो, परमात्मा भन्नु नै आत्मा हो । अनि हामी सबै आत्मस्वरूप भएर आत्ममै लीन हुन्छौँ, यसैले यहाँ जे छ त्यो सब आत्मा नै छ ।

(मैत्रेयी आँखा खोल्छिन्)

दृश्य-७ (पृ. १३१)

प्रस्तुत नाट्यांश अद्वैत वेदान्तदर्शनमा आधारित छ । नाट्यांशमा जसले जे जे नामले पुकारे पनि, जुन मार्गले खोजी गरे पनि अनुभवद्वांरा हृदयमा साक्षात्कार गर्न सकिने साझा तत्त्व एउटै हो भनी याज्ञवल्क्य पत्नी मैत्रेयीलाई बताउँछन् । आत्मलाई पहिचान गर्ने मार्ग ज्ञान हो । अद्वितीय आनन्दस्वरूप आत्मलाई कसैले ब्रह्म भन्दछन्, कसैले परमात्मा । महाकाश र घटाकाश एकै हो । घडा नष्ट भएपछि घटाकाश महाकाशमै विलिन हुन्छ । परमात्मा सम्पूर्ण पदार्थहरूमा व्याप्त हुनुहुन्छ । आत्मा परमात्मकै अंश हो । आत्मको अन्तिम लक्ष्य परमात्ममा नै मिल्नु हो । जसले जे जसरी परमात्मको श्रवण, मनन, भक्ति, उपासना गरे पनि परमात्मकै उपासना हुनजान्छ किनभने साधकले प्राप्त गर्ने परमात्मा तत्त्वभन्दा अरू कुनै पनि अस्तित्त्व छैन । सम्पूर्ण सृष्टिका स्रष्टा, द्रष्टा परमात्मा नै हुनुहुन्छ । साधकले जुनसुकै सगुण, निर्गुण रूपको भक्ति गरे पनि चित्तशुद्धिद्वारा प्राप्त हुने उही तत्त्व आत्मा हो । मोक्षको अवस्थामा आत्मा परमात्ममै गएर लीन हुन्छ । जसरी एउटै डोरी अनेक रूपमा देख्न सकिन्छ त्यसैगरी साधकहरू एउटै अस्तित्त्व परमात्मलाई अनेक रूपले पुकार्छन् । अन्ततः अनुभूत हुने उही अखण्ड आलोक सच्चिदानन्द नै हो ।

प्रह्लादले अनन्य भक्तिद्वारा साक्षात्कार गरेका श्रीहरि र ध्रुवले वनमा गएर अपार तपस्याद्वारा प्राप्त गरेका सगुण रूप नारायण एकै हुन् । छान्दोग्यपनिषद् (६।२।१) मा परमात्मा एकमात्र तत्त्व हुनुहुन्छ भनिएको छ । जसले जे जे रूपले बर्णन गरे पनि एउटै परमात्मको बर्णन हुन जान्छ । किनभने त्यो भन्दा अलग अस्तित्त्व नै छैन । जसले डोरीलाई डोरी नै भनेर जान्दछ त्यसले पनि डोरीमा नै डोरीलाई जानेको हुन्छ भने भ्रमद्वारा डोरीलाई सर्प, माला, लौरो आदि देख्नेहरूले पनि सर्प आदि भनेर डोरीलाई जानेका हुन्छन् । विभिन्न दर्शनले गर्ने परमात्मको प्रतिपादन पनि यस्तै हुन्छ । आत्मा, परमात्मलाई नै वेदान्तीहरू ब्रह्म भन्दछन् । मीमांसकहरू धर्म भन्दछन् । साङ्ख्य आचार्यहरू प्रकृति र पुरुषभन्दा पर रहेको निर्विषयक उदासीन तत्त्व भनी बताउँछन् ।

योगदर्शनका अनुयायी त्यही तत्त्वलाई महापुरुष भन्दछन् । खोज्ने मार्ग अथवा बाटो र मनन गर्ने नाम फरक भए पनि साधकको प्राप्ति लक्ष्य उही परमात्मा नै हो ।

अव्यक्त आत्मलाई बहिर्मुखी इन्द्रियहरूले जान्न सक्दैनन् । गहन आत्मचिन्तनद्वारा मात्र अनुभूत गर्न सकिन्छ । चेतन आत्मा अत्यन्तै सूक्ष्म तत्त्व भएकाले जसलाई जान्न सूक्ष्म दृष्टिको आवश्यकता पर्दछ । सूक्ष्म दृष्टि भनेको दिव्यनेत्र हो । बाहिरी दृश्य देख्ने आँखा होइन । ज्ञानीहरू यत्रतत्र सबैतिर परमात्मा नै देख्छन् । सनातन, अविनाशी परमात्मा नै हरेक प्राणीको घटघटमा रहने आत्मा हो । जगत्को आधार नै परमात्मा हो । आगोबाट झिल्का निस्किएझैं दृश्यजगत् ब्रह्मबाटै उत्पत्ति भएको हो । परमात्मको स्वरूपलाई औपाधिक पदार्थको आधारमा बुझाउन सकिँदैन । यो त अनुभवद्वारा जान्न सकिने तत्त्वज्ञान हो । सर्वान्तर भएर विश्वको रूपमा प्रकट भई संसारका सम्पूर्ण पदार्थभित्र अन्तर्यामी रूपले परमात्मा नै आत्मको रूपमा रहनुभएको छ । सम्पूर्ण शरीर मन र इन्द्रियलाई नियन्त्रण गर्ने अधिष्ठान रूप परमात्मा नै आफू हो । अविछिन्न भावले श्रद्धा, भक्ति र चिन्तन गर्दा परमात्मलाई बोध गर्न सकिन्छ । परमात्मा सर्वव्यापी छ । आत्मा हरेक प्राणीको अभ्यन्तरमा अन्तर्यामी रूपले रहेको छ । परमात्मकै अंश आत्मा हो । आत्मा र परमात्मको एकता सिद्ध गर्ने अद्वैत वेदान्तदर्शनको सिद्धान्त नाट्यांशमा मुखरित भएको छ ।

हरेक प्राणीको अन्तस्करणमा रहने अधिष्ठानस्वरूप चेतनतत्त्व आत्मा हो । आत्मा अखण्ड, ज्ञानस्वरूप छ । आत्मलाई मन, वाणी, आँखा, बुद्धि, प्राण र अन्य अवशिष्ट इन्द्रियहरूले पनि प्रकाशित गर्न सक्दैनन् । आत्मा वाणीद्वारा बणित हुन सक्दैन । आत्मकै चैतन्य पाएपछि मात्र वाणीले बर्णन गर्न सक्छ । मनले मनन गर्न सक्छ । कानले श्रवण गर्न सक्छ । आत्मा मनको पनि मन हो । वाणीको पनि वाणी हो । आत्मकै चैतन्य पाएर इन्द्रियहरू आआफ्नो विषयमा प्रवृत्त हुन्छन् । आत्मा जाग्रत्, स्वप्न र सुषुप्ति तीनै अवस्थाको साक्षी हो । आत्मा अविनाशी छ । अपरिवर्तनशील छ । भूतकाल, वर्तमानकाल, भविष्यत्काल र तिनका कर्महरूलाई जान्ने अन्तर्यामी आत्मा सत् चित् र आनन्दस्वरूप छ । आत्मा कल्पित उपाधिलाई निवृत्त गरी आफ्नै हृदयभित्र अनुभव गर्ने विषय हो । सम्पूर्ण वेदहरूको सार आत्मलाई नै याज्ञवल्क्यले नाट्यांशमा महावाक्य भनेका छन् ।

मधु- (राजाको विकृत मुख हेर्दै) हो, महावाक्य पढ्ने अधिकार त सबलाई छ । (आफ्नो पिताजीतिर फर्की) हैन त पिताजी ?

याज्ञवल्क्य-हो, महावाक्य मानव मात्रको साझा हो ।

दृश्य-३ (पृ. ५९)

प्रस्तुत नाट्यांश आत्मचिन्तनमा केन्द्रित छ । माथिको नाट्यांश मधुले हो महावाक्य पढ्ने अधिकार त सबैलाई छ हैन त पिताजी भनेर पिताजीलाई गरेको प्रश्नको प्रतिउत्तरमा याज्ञवल्क्यले व्यक्त गरेको उद्गार हो । महावाक्य प्रज्ञा हो । ब्रह्म हो । सम्पूर्ण मानव हृदयको आवाज हो । अविनाशी, अखण्ड तत्त्व हो । जो भेदरहित छ । सम्पूर्ण प्राणीको हृदयमा समान रूपले विराजमान छ । प्राणीजगत्मा मानव सर्वोत्कृष्ट प्राणी हो । उसको हृदयले मात्र महावाक्यलाई बोध गर्न सक्छ । महावाक्य वेदको सार हो ।

वाणी चार प्रकारका छन्-परा, पश्यन्ती, मध्यमा र बैखरी । परावाणी प्राणी हृदयको वाणी हो । जसलाई संकेतद्वारा जान्न सकिँदैन । वेदलाई स्थूल बैखरीका रूपमा सामान्य व्यक्तिले जान्दछ । वेद अपार र गम्भीर ज्ञानको समुद्र हो । सामान्य व्यक्तिका लागि बुझ्न कठिन छ । वेदको सार महावाक्य नै हो । जसलाई जान्न दिव्यचक्षुको आवश्यकता पर्छ । सर्वान्तर परब्रह्मद्वारा अधिष्ठित सूक्ष्म वेदतत्त्व सम्पूर्ण प्राणीको अन्तस्करणमा विद्यमान छ । जुन अति सूक्ष्म छ र अत्यन्तै दुर्बोध्य पनि । शब्द ब्रह्म हो महावाक्य । यस साझा तत्त्वलाई जान्ने, बुझ्ने, चिन्तन, मनन गर्ने समान अधिकार सबैलाई प्राप्त भएको कुरा नाट्यांशमा याज्ञवल्क्य वताउँछन् । शब्दशास्त्रहरूमा बताइएका वाणीका चार रूपमध्ये परावाणी महावाक्य भनेको चैतन्य स्वरूप आत्मा नै हो । परावाणी मूलधार चक्रमा अवस्थित हुन्छ । पश्यन्ती वाक् भनेको योगीहरूले गम्भीर चिन्तनको अवस्थामा साक्षात्कार गर्ने वाणीको स्वरूप हो । यो वाक् रूप शब्द ब्रह्मको अलिकति संसारतिर उन्मुख हुन लागेको अवस्था हो । जगत्तर्फ उन्मुख भई हेर्न खोजेको भन्ने अर्थमा यसलाई पश्यन्ती भनिएको हो । यो वाक् नाभिस्थानको मणिपुर चक्रमा अवस्थित हुन्छ । मध्यमा वाक् स्थानचाहिँ हृदय प्रदेशको अनाहत् चक्र हो । मनभित्र विचार गरिएका शब्दहरू बाहिरी संसारमा निस्किन नसकेको र भित्र अन्तर्मुख पनि नभएको मध्यम स्थिति भएकाले यसलाई मध्यमा वाक् भनिएको हो । योभन्दा बाहिरको वाक् बैखरी हो । जसलाई जिब्रो, तालु, कण्ठमूल आदि उच्चारण स्थानद्वारा उच्चारण गरिन्छ । बैखरीबाहेक अरू तीन वाणीका रूपहरू बाहिर अव्यक्त छन् । जीवन चैतन्यसँग सम्बन्धित छ  परावाणी प्राणमय छ । निर्मल हृदय अर्थात् मनमा साक्षात्कार गर्न सकिने हुनाले पश्यन्ती वाणीलाई मनोमय भनिन्छ । त्यसैगरी इन्द्रियद्वारा उच्चारित हुनलागेको अवस्थाको भएकाले मध्यमा वाक्लाई इन्द्रियमय भनिन्छ । परा, पश्यन्ती र

मध्यमा क्रमशः प्राण, मन र इन्द्रियसँग सम्बन्धित छन् । यिनमा परावाणी सम्पूर्ण प्राणीको साझा हो । प्राणको पनि प्राण हो ।

ऋषि, महर्षिहरूले महावाक्यको उपलब्धी घोष अर्थात् अनाहत् नादको रूपमा हृदयभित्र नै गर्छन् । संसारका अरू सबै ध्वनि आहत् ध्वनि हुन् । रूख, पहाड आदिमा ठोक्किँदा घर्षण भई प्रतिध्वनि उत्पन्न हुनु मृदङ्ग आदि वाद्यवादनको आवाज, ताली बजाउँदा निस्केको ध्वनि आदि र जिब्रो आदि उच्चारण अवयवसँगको घर्षणले उच्चारित सबै ध्वनिहरू आहत् ध्वनि हुन् । साधकहरूले साक्षात्कार गर्ने मन्त्रको रूपचाहिँ चित्तशुद्धिद्वारा साक्षात्कार गरिने अनाहत् नाद् रूप महावाक्य अर्थात् परावाणी नै हो ।

अनाहत् नाद् रूप महावाक्यको निरन्तर सुमिरणले रत्नाकर डाँकु वाल्मिकी ऋषि बने । अनि हनुमान रामका परम्भक्त बने । त्यसैगरी बालक ध्रुवले बालक अवस्थामै नारायणको दर्शन पाई अचलधाम प्राप्त गरे ।

सामान्य व्यक्तिले वाणीका चारै रूप जान्न सक्दैनन् । मनिषी, ऋषिहरूले जान्दछन् । परा, पश्यन्ती र मध्यमा रूप आफ्नो स्वरूपलाई प्रकट गर्दैनन् । त्यसमा पनि सबैभन्दा महत्त्वपूर्ण परावाणी हो । जो प्राणीहरूलाई चलाउने चेतना हो, गति हो । आत्मा हो । सामान्य मानिसहरू बैखरी वाणीद्वारा व्यवहार गर्छन् ।

हृदयको पवित्र नाद् महावाक्य हो । जसरी मैलो कपडा साबुनपानीले स्वच्छ बनाउँछ त्यसैगरी परमात्मको भक्ति, उपासना, श्रवण, मननद्वारा चित्तशुद्ध भएपछि दिव्यज्ञानद्वारा महावाक्यको बोध गर्न सकिन्छ । दिव्यज्ञान, ज्ञानी महापुरुषद्वारा जान्न सकिन्छ । चारै युग, चारै वेदमा महावाक्यको अपार महिमा बर्णन छ । वेदबाट महावाक्य निकालिदिने हो भने वेद वेद नै रहँदैन । भगवान् कृष्ण अर्जुनलाई भन्नुहुन्छ-परमात्मको निरन्तर सुमिरण गर्ने काम कठिन छ । किनकि, मनलाई वशमा नराखी चिन्तन, भक्ति सम्भव छैन । यसै सन्दर्भमा अर्जुन प्रतिउत्तर गर्छन्-बरू, हावालाई गाँठो पार्न सजिलो होला, आकाशलाई टुक्रा पार्न सम्भव होला तर मनलाई काबुमा राख्ने काम बहुत् कठिन छ । भगवान् श्रीकृष्ण फेरि भन्नुहुन्छ-कठिन छैन अर्जुन । वैराग्यभावले परमात्मको अनवरत् चिन्तन गर्दा मन आफै काबुमा आउँछ । यहाँ कृष्णले भनेको वैराग्य, भक्ति, चिन्तन महावाक्यको अभ्यास हो । अर्थात् आत्मचिन्तन नै हो । महावाक्यको बोध गर्ने काम ज्ञानबाट मात्र संभव छ । सन्त, महात्मा र सबै शास्त्रले पनि यही बताउँछ । नाट्यांशमा याज्ञवल्क्यले भनेको साझा वाक्य अन्तर्यामी आत्मको साक्षात्कार नै हो ।

महावाक्य (महामन्त्र) हृदयभित्रको आनन्दमय अनुभूति हो । 'महा' भनेको बडा हो र 'मन्त्र' भनेको मन नियन्त्रित गर्नु हो । वर्णमालाका शब्दहरूको शुरू र अन्त्य छ । महावाक्यको आदि र अन्त्य छैन । जो अनन्त छ । जसलाई महसुस गर्न सकिन्छ । जसको व्याख्या हुँदैन । गीतामा भनिएको छ-परमात्मा हरेक कणकणमा विद्यमान हुनुहुन्छ । जसलाई मानवहृदयले मात्र जान्न सक्छ । जो सदा अखण्ड, अविनाशी र पूर्ण छ ।

जसरी अति स्वादिष्ट पदार्थ पनि नुनविना फिक्का हुन्छ अर्थात् सबै गुणले परिपूर्ण भएर पनि परावाणीको चिन्तनविना जीवन अर्थहीन हुन्छ । परमात्मको भक्तिविनाको मनुष्य जलविनाको बादलजस्तै हुन्छ । किनकि, दुर्लभ मानवचोला आफैलाई जानेर मोक्ष प्राप्त गर्नकै लागि हो । मोक्ष प्राप्तिको एकमात्र आधार महावाक्यको बोध गर्नु नै हो । ज्ञानद्वारा जान्न सकिने महावाक्यको अनुभव मानवहृदयले मात्र गर्न सक्ने हुँदा प्राणीहरूमा मानव नै सर्वश्रेष्ठ छ ।

शरीरसँगै रहे पनि आत्मा जड पदार्थभन्दा भिन्न चैतन्यतत्त्व हो । गीतामा आत्मलाई अक्षर, अविनाशी, अनन्त, अणु, अप्रमेय, अव्यय, शाश्वतजस्ता गुणले बताइएको छ । शस्त्र-अस्त्रले काट्न नसक्ने, आगोले डढाउन नसक्ने, पानीले भिजाउन नसक्ने, हावाले सुकाउन नसक्ने सबैतिर व्यक्त भएको तत्त्वको रूपमा चिनाएको छ । शङ्कराचार्यले आत्मलाई ब्रह्मस्वरूप नै मानेका छन् । उनका अनुसार जीव संसारको बन्धनबाट मुक्त भएपछि आफ्नो ब्रह्मस्वरूप प्राप्त हुन्छ । घडा फुटेपछि त्यहाँको आकाश महाकाशमा मिलेजस्तै आत्मा पनि परमात्ममा नै मिल्दछ । प्रस्तुत नाट्यांशमा सर्वान्तर आत्मलाई याज्ञवल्क्यले जान्न खोजेको प्रसङ्ग यसरी उल्लेख भएको छ ।

> याज्ञवल्क्य-आमा ! अहिले त म विपनामा नै कुरा गर्न लागिरहेको छु । तर म सपनामा पनि यस्तो कुरा गर्छु । म भुसुक्क सुत्दा मैले केही थाहा पाइन भनेर पनि कुरा गर्छु । त्यसैले त्यो कुरा गर्ने म लाई हेर्ने र चिन्ने एउटा यन्त्रको आविष्कार गर्न सकिन्छ कि भनी यन्त्रकै प्रसङ्गमा कुरा उठाएको ।

दृश्य-१ (पृ. १३)

प्रस्तुत नाट्यांश आत्मचिन्तनमा केन्द्रित छ । याज्ञवल्क्यले आफूलाई आफैले हेर्ने र चिन्ने यन्त्र निर्माणको कुरा उठाएको भन्दा आश्चर्य प्रकट गर्दै सुरूपाले तिमी सपनामा

त कुरा गरिरहेको छैनौ बाबु ? भन्छिन । नाट्यांश सुरूपाले गरेको यिनै सवालमा याज्ञवल्क्यले व्यक्त गरेको उद्‌गार हो । प्रस्तुत नाटकका पङ्क्तिमा जीवका तीन अवस्थामा आत्मा एकैनासले साक्षी द्रष्टाका रूपमा रहन्छ भन्ने विचार प्रकट भएको छ । जीवका तीन अवस्था भनेका जाग्रत्, स्वप्न र सुषुप्ति हुन् । जाग्रतकालमा स्थूल विषय र इन्द्रिय रूप उपाधिद्वारा जीवले विषयहरूको भोग गर्दछ । त्यो विश्व बन्दछ । उही जीव जब मन रूप सूक्ष्म उपाधिलाई लिई वासनामय पदार्थको भोग गर्दछ त्यसलाई तैजस भनिन्छ । कारण उपाधि अज्ञानमा प्रतिविम्बित भई अविद्या वृत्तिद्वारा अज्ञान सुख आदिको अनुभव गर्ने सुषुप्तिकालीन आत्मा प्राज्ञ हो । आत्मा यी तीनै अवस्थाको साक्षी हो । नाट्यांशमा याज्ञवल्क्यले अहिले त म विपनामा नै कुरा गर्न लागिरहेको छु भनेको जाग्रत अवस्था हो र स्वप्न मनको राजस वृत्ति हो । त्यसैगरी नाट्यांशमा भुसुक्क सुत्दा मैले केही थाहा पाइन भनेर पनि कुरा गर्छु भन्नुको तात्पर्य सुषुप्ति अवस्थामा रहनु हो । सुषुप्तिकालमा आँफूले केही नजानेको अज्ञानलाई साक्षी आत्मले जानिरहेको हुन्छ । त्यसको स्मृति जाग्रत्कालमा आएपछि हुन्छ । सुषुप्तिकालमा सांसारिक विषयको अज्ञान आत्मा र सुख यी तीन प्रकाशित हुन्छन् । यी तीनको स्मरण जाग्रत्मा आएपछि मात्र हुन्छ । अनुभव र स्मृति एउटै व्यक्तिसँग सम्बन्धित हुन्छन् । यहाँ के बुझिन्छ भने एकै साक्षी आत्मा जाग्रत् अवस्थाको इन्द्रिय र विषय रूप उपाधिद्वारा विश्व, स्वप्न अवस्थाको वासनामय उपाधिद्वारा तैजस र सुषुप्ति अवस्थाको अज्ञान उपाधिद्वारा प्राज्ञ बनेको हुनाले तीनै अवस्थाको जानकार साक्षी आत्मा हो । याज्ञवल्क्य यही साक्षी तत्त्व आत्मलाई जान्न प्रयासरत छन् । यहाँ आत्मलाई चिन्ने यन्त्र भनेर भौतिकजगत्मा आविष्कार भएको वैज्ञानिक यन्त्रलाई भनिएको होइन, साक्षी आत्मलाई जान्ने दिव्यचक्षुलाई भनिएको हो ।

सत्यरूप आनन्दको मूल 'म' लाई चिन्न बहिर्मुखी मन, बुद्धि र इन्द्रियलाई आँफैभित्र अन्तर्मुख गराउनु पर्छ । सूक्ष्म विचारद्वारा पनि आत्मलाई जान्न सकिन्छ । जस्तो, जाग्रत्को स्थूल शरीर स्वप्नमा हुँदैन । त्यसैगरी स्वप्नको सूक्ष्म वासनामय शरीर जाग्रत्मा हुँदैन । जाग्रत्को स्थूल शरीर र स्वप्नको सूक्ष्म शरीर दुबै सुषुप्तिमा नहुने भएपछि शरीर कहाँ हुन्छ ? यहाँ सजिलै जान्न सकिन्छ दृश्य शरीर मिथ्या हो । आत्मा यी तीनै अवस्थाको जानकार साक्षी हो । त्यसैले सत्य त केवल आत्मा मात्रै हो । शरीरलाई चलाउने चैतन्य नै आत्मा हो । जो जाग्रत्, स्वप्न र सुषुप्तिमा एकैनासले व्याप्त छ मालामा धागो व्याप्त भएझैँ ।

भावद्वारा प्रकट हुन नसक्नु आत्मको वैशिष्ट्य हो । चैतन्यतत्त्व भनेको आत्मा हो । आत्मले अनेक रूप धारण गर्छ । गति, तिर्यक, स्थावर, देव, मनुष्य आदिमा रहने आत्मा तत्त्व एउटै तत्त्व हो । आत्मा चैतन्य हो, सत् हो, सर्वव्यापक परमात्मको अंश हो । जड पदार्थलाई सत्ता प्रदान गर्ने तत्त्व हो । जगत्का पदार्थहरू आत्मको अभावमा सिद्ध हुँदैनन् । शरीर परिवर्तनशील छ । मन परिवर्तनशील छ । त्यसैगरी बुद्धि, अहंकार पनि परिवर्तनशील छ । सारा जगत् नै परिवर्तनशील छ । त्यो परिवर्तनको गति आत्मा नै हो । आत्मा नित्य छ, प्राणस्वरूप छ । आत्मा नै जीवनको प्रतीक हो । अन्तर्यामी चैतन्य तत्त्वलाई नाटकमा यसो भनिएको छ :

> याज्ञवाल्क्य-आमा, शरीर भनेको त जड हो (औँल्याएर) त्यो डिलको ढुङ्गाझैँ यसलाई चलाउने कुनै एउटा तत्त्व अवश्य भित्र हुनु पर्छ । अनि यही तत्त्व म अनुभव गर्न खोज्दछु ।

दृश्य-१ (पृ. १८)

प्रस्तुत नाट्यांश आत्मसम्बन्धी चिन्तनमा केन्द्रित छ । नाट्यांशमा याज्ञवल्क्यले प्राणीहरूका हृदयमा रहेको अति सूक्ष्म आत्मा नै जड शरीरलाई चलाउने चेतनतत्त्व हो भन्दै त्यही अदृश्य चेतनतत्त्वलाई आफूले अनुभवद्वारा बोध गर्न खोजेको भाव व्यक्त गरेका छन् । सम्पूर्ण अन्तःकरणले युक्त भएका दृश्य वस्तुहरूको नियामक आत्मा नै हो । सृष्टि हुनुभन्दा पहिले मात्र एउटा सत् वस्तु थियो । त्यो आत्मा नै हो । जगत् परमात्मको मायाद्वारा कल्पित रूप हो । जगत् कार्य हो र यसको कारण परमात्मा नै हो । जस्तो, माटो कारण हो र घैँटो कार्य हो । घैँटोमा माटो व्याप्त भएझैँ, कपडामा धागो व्याप्त भए झैँ, चेतनरूप परमात्मा नै सर्वव्यापीरूपमा प्राणीहरूको घटघटमा रहनुभएको छ । जसरी सुन र सुनका गहना एकै हुन् । सुनका गहनामा सुन नै व्याप्त भएको हुन्छ । आत्मा पनि परमात्मको अंश हो । परमात्मा संसारका सबै पदार्थमा व्याप्त हुनुहुन्छ । द्रष्टारूप आत्मबाट नै सम्पूर्ण दृश्य अर्थात् जडरूप पदार्थले गति प्राप्त गर्दछ । नाट्यांशमा जड भनेको शरीरलगायत दृश्यरूप अनेक पदार्थ हुन् । तिनलाई चलाउने तत्त्व चेतनरूप द्रष्टा आत्मा हो ।

ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, मन, बुद्धि आदि करण हुन् । यिनीहरू कर्ताको अभावमा गतिमान बन्न सक्दैनन् । कर्ता आत्मको चेतन पाएर नै यिनीहरू आआफ्नो कर्ममा प्रवृत्त

हुन्छन् । आत्मस्वरूप त अकर्ता भए पनि बुद्धिरूप उपाधिलाई स्विकार गरेर कर्ता पनि बन्दछ । त्यसैगरी जगत्को कर्ताचाहिँ परमात्मा हुनुहुन्छ । किनकि, परमात्मकै अंश आत्मा व्याष्टि हो भने परमात्मा समष्टि हो ।

परमात्मा नै संसारको कारण हो । प्राणीहरूमा अन्तर्यामी भएर रहने चेतना हो । इन्द्रियहरू आफ्नै विषयलाई प्रकाशित गर्न चैतन्यको आवश्यकता पर्छ । त्यही चैतन्य आत्मा हो । आत्माको चेतना पाएर नै कानले शब्द, चक्षुले रूप, छालाले चीसो, तातो पहिचान गर्न सक्छ । यसरी फरकफरक कर्म गर्ने इन्द्रियहरू एउटै चैतन्यतत्त्वबाट सञ्चालित छन् । भिन्नभिन्न इन्द्रियले गरेको अनेक कर्म आत्ममा आइपुगेपछिमात्र सिद्ध हुन्छ । मैले देखेँ, सुनेँ, छोएँ, बोलेँ भन्ने कुरा आत्ममा आएर मात्र प्रकाशित हुन्छ । सबै इन्द्रियहरू आत्मकै आधारमा सिद्ध हुने हुनाले यिनको छुट्टै चैतन्य छैन । आत्मद्वारा नै चेतनावान् बनेर इन्द्रियहरू आआफ्नो विषयमा घुम्छन् । त्यो चेतन सत्ता नै आत्मा हो । जसलाई श्रद्धा, भक्ति, उपासना, श्रवण, मननद्वारा चित्तशुद्ध भएपछि ग्रहण गर्न सकिन्छ । आत्मलाई साक्षात्कार गर्नु नै जीवनले परम् लक्ष्य हासिल गर्नु हो । आत्मा साक्षात्कार नै दीर्घ शान्ति र सुखको प्राप्तिको आधार हो । अर्थात् सम्पूर्ण प्राप्ति हो ।

> देवरात-हो, चेतन । त्यो चलाउने तत्त्व (क्षितिजतिर देखाएर) जुन त्यो आकाशभन्दा पनि महान् छ !
>
> (एक बथान सारूङ चराहरू बाँसका झाङमा बास बस्न आउँछन् । तिनीहरू कराउन थाल्छन्)

दृश्य-१ (पृ. १८)

प्रस्तुत नाट्यांश आत्मचिन्तनमा केन्द्रित छ । देवरात छोरा याज्ञवल्क्यले आत्मतत्त्व जान्नको लागि अटुट प्रयास गरेको र आत्मकै विषयका तार्किक, गहन एवम् घुमाउरा कुरा गर्न लागेको भन्दै सुरूपालाई बताउँछन् र चेतन आत्मको महिमा र सर्वश्रेष्ठतालाई नाट्यांशमा उजागर गर्न पुग्दछन् । संसार मानिसद्वारा बनाइएका अनेक नीति-नियम, रीतिरिवाजबाट सञ्चालित छ । मनुष्यलगायतका प्राणीहरूलाई चलाउने चेतनचाहिँ आत्मा हो । मानिसले पलपलमा फेर्ने श्वास हो आत्मा । यो कहाँबाट आउँछ ? थाहा छैन, कालक्रमसँगै कता हराउँछ । शरीरसँगै रहे पनि शरीरको नियन्त्रणमा छैन । आत्मा जीउँदोपनको प्रतीक हो । चेतन ज्योर्तिमय ज्योति हो । परम् शान्ति हो । अनुभव

हो । आकाश एक छ, व्यापक छ । शरीरको आवरणले आत्मको एउटा अंश घेरिएर रहेको जस्तो लागेकोले शरीर  भित्रको आत्मा र निरूपाधिक परब्रह्म भिन्न मानिएको हो । यथार्थमा व्यापक परब्रह्म र शरीर भित्रको आत्ममा केही फरक छैन । दुवै एकै वस्तु हुन् । भित्र र बाहिर भन्ने धारणा वास्तविक होइनन् । शरीररूपी आवरणले आवृत्त हुँदा सङ्कुचित भान पर्न गएको हो । वास्तवमा आत्मा एकै छ । आत्मा नै ब्रह्म हो । सर्वव्यापक छ । ब्रह्म र आत्मा एकै भएकोले ब्रह्मजस्तै आत्मा पनि सच्चिदानन्दस्वरूप छ । हरेक प्राणी आत्मकै चेतन पाएर गतिशील छन् । सृष्टि हुनुभन्दा पहिले पनि निरूपाधिक ब्रह्म थियो र सृष्टिकालमा कार्यब्रह्मको रूपमा देखापरेको ब्रह्म पनि एकै हो । ब्रह्म र आत्मा एकै हो । आत्मा हरेक प्राणीको घटघटमा छ । जाग्रत्, स्वप्न र सुषुप्ति हरेक अवस्थामा साक्षीको रूपमा रहेको छ । आत्मा सर्वान्तर छ । आकाशभन्दा पनि व्यापक छ । अनेक भेदले शून्य छ ।

आकाश सर्वान्तर छ । सत्य छ । आकाशलाई वायुले सुकाउन सक्दैन । आगोले डढाउन सक्दैन । पानीले भिजाउन सक्दैन । माटोका कणले मैलो बनाउन सक्दैन । ऋतु विशेषका जाडो, गर्मी आदि गुणले पनि आकाशलाई प्रभावित गर्न सक्दैन । किनकि, ती आकाशका आगमापायी (आउनेजाने) वस्तु हुन् । तर आकाश स्थिर अधिष्ठान हो । त्यसैगरी आत्मलाई पनि सत्व, रजो र तमो गुण र यसका कार्यहरूले प्रभावित गर्न सक्दैन । किनभने सर्वाधिष्ठान अनन्त अविनाशी आत्मा संसार चक्रका कारण सत्व, रजो र तमो गुणबाट निर्लिप्त छ ।

> मैत्रेयी- मधु, तिमी के लेख्न लाग्यौ ?
>
> मधु-अ, उ, म संयुक्त ॐ अक्षर जाग्रत्, स्वप्न र सुषुप्तिको प्रतीक भएको उही ॐ अक्षर ।

दृश्य-५ (पृ. ९९)

प्रस्तुत नाट्यांशमा आत्मचिन्तनको प्रयोग भएको छ । नवीन अन्वेषण गर्न लागेझैं मधु काठको पाटीमा छिनछिनमा ॐ अक्षर लेख्दै मेट्दै गरेको देखेर मैत्रेयी मधुलाई के लेख्न लाग्यौ भनी सोध्छिन् । नाट्यांश उनै मैत्रेयीले सोधेको प्रश्नमा मधुले स्पष्ट गरेको अनन्त, अविनाशी, द्रष्टा ॐ अक्षरको व्याख्या हो । ॐ एउटा अक्षर नै सृष्टि, लय र प्रलयको मूल हो ।  भूत, भविष्य र वर्तमान नै ॐकारको व्याख्या हो । ॐकार नै

ब्रह्म हो । ब्रह्म नै आत्मा हो । जहाँ सृष्टि छ त्यहाँ आत्मा छ । संसार नै आत्मको अन्वय हो । जीवका तीन अवस्था जाग्रत्, स्वप्न र सुषुप्ति हुन् । विश्व ब्रह्माण्ड नै यी तीन अवस्थाभित्र पर्छ । जाग्रत्, स्वप्न, सुषुप्ति तीनै अवस्थामा हरेक पदार्थलाई प्रकाशित गर्ने चैतन्य ॐकार नै हो । अन्तःकरणवृत्तिका विषयहरू फेरिँदा पनि साक्षी चेतनले ती ती विषयहरूलाई प्रकाशित गरिरहेको हुन्छ । जीवका तीन उपाधि सूक्ष्म, स्थूल र कारण हुन् । जाग्रत् अवस्थामा जीवले स्थूल विषय र इन्द्रियरूप उपाधिद्वारा विषयहरूको भोग गर्दछ । जाग्रत्कालीन अभिमानी विश्व भनिन्छ । त्यही जाग्रत् अवस्थाको जीव फेरि स्वप्न अवस्थामा पुगेपछि मनरूप सूक्ष्म उपाधिलाई लिई वासनामय पदार्थ भोग गर्दछ । स्वप्नकालीन अभिमानी तैजस हो । त्यसैगरी स्वप्न अवस्थाको जीव सुषुप्ति अवस्थामा कारण उपाधि अज्ञानमा प्रतिबिम्बित भई अविद्या वृत्तिद्वारा नै सांसारिक विषयको अज्ञान, आत्मा र सुख अनुभव गर्दछ । सुषुप्तिकालीन अभिमानी प्रज्ञा हो । आत्मा यी तीनै अवस्थाभन्दा परको साक्षी हो । सुषुप्तिकालको साक्षीले आफूले केही नजानेको अज्ञानलाई जानिरहेको हुन्छ । जाग्रत्मा आएपछि त्यसको स्मरण हुन्छ । अनुभव र स्मरण एउटै व्यक्तिसँग सम्बन्धित हुन्छ । सुषुप्ति अवस्थाको प्राज्ञले अनुभव गरेको विषयको अज्ञान आत्मा र सुखलाई नै जाग्रत्कालको विश्वले जान्छ । किनकि, एउटै साक्षी चेतन नै इन्द्रिय र विषयरूप उपाधिद्वारा विश्व बन्छ । वासना उपाधिद्वारा तैजस बन्छ । त्यसैगरी अज्ञान उपाधिद्वारा प्राज्ञ बन्दछ । यी तीनै अवस्थामा आत्मा एकैनास भई रहिरहेको हुन्छ ।

जाग्रत् अवस्थामा स्थूल शरीर, स्थूल भोग र अभिमानी विश्व छ । तर स्वप्न अवस्था, स्वप्न अवस्थाको भोग र अभिमानी तैजस छैन । तर आत्मचाहिँ जाग्रत् अवस्थामा स्थूल शरीरको प्रकाशक, स्वप्न अवस्थामा वासनामय शरीरको प्रकाशक र सुषुप्ति अवस्थामा केही पनि नजानेको अज्ञान बन्छ । यसरी स्वप्न, जाग्रत् र सुषुप्ति तीनै अवस्थामा आत्मको अन्वय भएको देखिन्छ । जीवको अवस्था भने परस्परमा हराएका देखिन्छन् । यसरी सृष्टिका हरेक पदार्थमा मालामा धागो अन्वय भएझैँ ॐकारको अन्वय भएको छ । संसारका पदार्थ भने परस्परमा व्यतिरेक छन् । परिवर्तित छन् । ॐकार भने सँधै एकैनाश छ । हरेक अवस्था र स्वरूपको साक्षीको रूपमा रहेको छ । यसरी आत्मलाई नै साक्षीको रूपमा जानेर बारम्बार चिन्तन (निदिध्यासन) गर्नाले आत्मा सच्चिदानन्दस्वरूप भएको अपरोक्ष ज्ञान हुन्छ ।

मैत्रेयी-हैन मधु, संघर्षको क्रम पनि अवश्य टुट्छ, जब ज्ञान र आचारको रगडाइमा चित्तशुद्ध हुन्छ, सत्, चित् आनन्दको स्फुरण हुन्छ । सर्वत्र सत्यम्, शिवम् र सुन्दरम्को अनुभव हुन थाल्छ ।

दृश्य-५ (पृ. १०१)

प्रस्तुत नाट्यांश आत्मचिन्तनमा केन्द्रित छ । मधुले संघर्षको क्रम (तत्त्वबोध गर्नका लागि गरिने संघर्ष) कहिल्लै टुट्दैन होला ठूली आमा ! भनेपछि भक्ति, उपासनाद्वारा चित्त शुद्ध भएपछि अर्थात् ज्ञानद्वारा सत् चित् आनन्दस्वरूप परमात्मलाई जान्न सकिन्छ । त्यस अवस्थामा पुग्नु नै संघर्षको क्रम टुट्नु हो । त्यसपछि सर्वत्र शान्ति र सुन्दरताको अनुभव हुनथाल्छ भन्ने मैत्रेयीको विचार नाट्यांशमा उल्लेख भएको छ । मानव शरीर संसारबाट पार तर्नको लागि एउटा सुदृढ नौका हो । श्रेष्ठताको क्रममा संसारका सम्पूर्ण प्राणीमध्ये मनुष्य नै सर्वश्रेष्ठ छ । किनभने संसारका कुनै पनि शरीरमा परमात्मलाई बुझ्न सक्ने विवेक शक्ति छैन । मानवजीवनको परम् लक्ष्य परमात्मा प्राप्ति नै हो । यो वेदान्तदर्शनको मुख्य विषय हो । दान, धर्म, तीर्थ, व्रत, यज्ञ, वैराग्य, ज्ञान सबैको प्रयोजन परमात्मा प्राप्ति नै हो । नयाँ आग्रह नबनाउनु, पुराना आग्रहलाई क्रमशः नष्ट गर्दै जानु, मनबाट शरीरलगायत अन्य सांसारिक जड पदार्थ माथिको भरोसा कम हुँदै गएपछि विवेकको उदय हुन्छ । दृढ भक्ति, चिन्तन नै भगवत साक्षात्कारको प्रमुख साधन हो । जसरी गंगा अटुट रूपले समुद्रतिरै प्रवाहमान हुन्छ त्यसरी नै एकोन्मुख भई ध्येय वस्तुको मात्र अटल साधना गरिरहँदा सांसारिक अनेक पदार्थमा छरिएको चित्त नष्ट हुन्छ । मन शुद्ध, निर्मल हुन्छ । शुद्ध हृदयमा परमात्मको दर्शन हुन्छ । साक्षीको भावमा अवस्थित भइसकेपछि ज्ञानीहरू संसारका वस्तुहरूलाई बुद्धिको प्रयोग गरी राम्रो/नराम्रो भनी छुट्याउनु व्यर्थ ठान्छन् । किनकि, सृष्टि नै मिथ्या हो भनेर जानेपछि यहाँका अनेक पदार्थमा भेद बुद्धि राख्नु स्वप्नका दृश्यहरूलाई जाग्रत्मा आई राम्रो/नराम्रो छुट्याउन खोजेजस्तै अर्थहीन हुन्छ । उनीहरूलाई नत विषयभोगको आशा हुन्छ न इन्द्रिय विजय गरी चित्तशुद्धिको आवश्यकता नै पर्दछ । सर्वत्र समान देखेपछि कुनै चिन्ताले पनि सताउँदैन । आफै आत्ममा अवस्थित रहेपछि संसारका व्यवहारले प्रभावित गर्दैन । सम्पूर्ण संसार नै आफैमा देख्दछ । सम्पूर्ण प्रपञ्च नै आत्मा भएपछि तत्त्वज्ञानीले सम्पूर्ण पदार्थलाई आत्मा नै देख्दछ । इन्द्रिय संयमबाट हृदयभित्र पनि आत्मलाई नै देखिरहन्छ अनि बाहिर गतिशील भएको अवस्थामा पनि आत्मलाई नै देख्दछ । जसरी पानी पर्नु,

बादल लाग्नु आदिबाट आकाशमा कुनै प्रभाव पर्दैन त्यसैगरी ज्ञानीहरू संसारमै रहेर पनि सुख-दुःख, धर्म-अधर्म, राम्रो-नराम्रो, शोक-मोह आदिदेखि टाढा छन् ।

परमानन्दको परिपूर्ण सौन्दर्यमा, आनन्दमा हराएका ज्ञानीहरू जतातत‌ै परमात्मा नै देख्दछन् । प्रह्लादको हृदय बाल्यावस्थादेखि नै परमात्ममा खिचिएको थियो । उनका व्यवहार सामान्य मानिसको जस्तो थिएन । प्रह्लादले संसारलाई नै श्रीहरिको रूपमा देखेको प्रसङ्ग श्रीमद्भागवतमहापुराणमा उल्लेख छ । जसरी सूर्यमा, आकाशमा भेद दृष्टि छैन त्यसरी नै सृष्टि भएका सम्पूर्ण वस्तुलाई सुन्दर देख्नु सम्पूर्ण प्राणीमा समभाव राख्नु, दया, करुणाको भावना राख्नु, सँधै चित्त शान्त रहनु, मनुष्यहरूको जीवनमुक्तिका लागि लोककल्याणमा लाग्नु ज्ञानीहरूको विशेषता हो । शिव भनेको नै सत्य हो । दिव्यतत्त्व आफैमा सुन्दर हुन्छ । असीम आनन्दस्वरूप हुन्छ । त्यो नै आत्मानुभव हो ।

## ३.४ परमात्मसम्बन्धी चिन्तन

आत्मा भनेको आफूभित्रको थाहा पाउने क्षमता हो । जुन अति सूक्ष्म चिज हो । जसले हाम्रा सम्पूर्ण क्रियाकलापलाई ज्ञान गराउँछ । द्रष्टा, आत्मा र क्षेत्रज्ञ पर्यायवाची शब्द हुन् । त्यसरी नै दृश्य, अनात्मा र क्षेत्र पनि एउटै कुरा हुन् । दृश्यको आफ्नो सत्ता छैन । आत्मको सत्ताको अभावमा दृश्य रहन सक्दैन । जहाँ दृश्य हुन्छ त्यहाँ द्रष्टा हुन्छ । उही द्रष्टा नै आत्मा हो । यो अनादि छ, अनन्त छ । आत्मा सत्ताको अभावमा संसारको सत्ता सिद्ध हुँदैन । आत्मा अमृत तत्त्व हो । जसको प्राप्तिका लागि सिद्धार्थ गौतम अनवरत रूपमा लागिपरे । अन्ततः साधनाद्वारा परमात्मको बोध गरे । सुख र शान्तिस्वरूप परमात्म सँधै आफैभित्र अन्तर्यामी रूपमा रहेको प्रसङ्ग नाट्यांशमा यसप्रकार उल्लेख भएको छ ।

> याज्ञवल्क्य-मैत्रेयी, चाहे तिमी पुरानो भन अथवा नयाँ, चाहे तिमी सजिलो ठान अथवा गाह्रो, यो विश्व ब्रह्माण्डमा अमृततत्त्व प्राप्तिको एकमात्र साधन भूतमार्ग आत्मको दर्शन, श्रवण, चिन्तन र ज्ञान गर्नुमा नै छ । वास्तवमा दुनियाँमा परमात्मा भनेर जुन भनिन्छ त्यो पनि आत्मा नै हो । परमात्मको राज्य त आफैभित्र छ, त्यो तिमी आफै हो ।

दृश्य-७ (पृ. १३१)

प्रस्तुत नाट्यांश परमात्मसम्बन्धी चिन्तनमा केन्द्रित छ । नाट्यांशमा याज्ञवल्क्यले आत्मा सँधै आफैसँग भएकोले यो नयाँ र पुरानो होइन । यो सँधै एकैनास छ जसको निवास प्राणीहरूको हृदय नै हो । त्यस्तो अन्तर्यामी आत्मलाई भक्ति, उपासना र ज्ञानद्वारा जान्न सकिन्छ भन्ने विचार मैत्रेयीका सामु व्यक्त गरेका छन् । शरीरका विभिन्न अवस्थाभैँ परिवर्तित पनि छैन । जगत्को उत्पत्ति र नाश हुन्छ । त्यसैगरी शरीरको जन्म र मृत्यु हुन्छ । तर आत्मा रहिरहन्छ । अनादि, अनन्त तीनैकालमा परमात्मा छ । अथर्ववेदमा सम्पूर्ण प्राणीको हृदयमा सत्य, ज्ञान इत्यादि लक्षणयुक्त ब्रह्म नै रहन्छ भनिएको छ ।

ब्रह्म सच्चिदानन्दस्वरूप, अस्तित्त्ववान, चेतनास्वरूप र आनन्दस्वरूप छ । चित्तद्वारा परमात्मसँग सम्बन्ध स्थापित गर्नु नै आफैभित्र रहेको परमात्मलाई जान्नु हो । सृष्टि हुनुभन्दा पहिले सूक्ष्म र स्थूल पदार्थ नभएको अवस्थामा परमात्मा हुनहुन्थ्यो । स्थूल र सूक्ष्म दुवैको कारण अज्ञान हो । सृष्टिकालमा सृष्टिका रूपमा देखिएका सम्पूर्ण पदार्थ पनि परमात्मा नै हो । प्रलयपछि अवशेषका रूपमा रहने पनि उही सर्वव्यापक परमात्मा नै हो ।

ब्रह्म भने पनि आत्मा, परमात्मा, ऊर्जा जे भने पनि चेतनस्वरूप परमात्मा नै हो । यिनीहरूमा भेद छैन । शरीररूपी आवरणभित्र अंश आत्मा अधिष्ठानस्वरूप छ । भक्ति, उपासना, ज्ञान, वैराग्यको प्रयोजन आत्मलाई जान्नु नै हो । परमात्मलाई जान्न चित्तको शुद्धता हुनुपर्छ । सांसारिक वस्तुहरूप्रति वासनाशून्य भएको मनमा परमात्मा सहज रूपमा प्रकट हुन्छ । ज्ञानलाई दृढ बनाउन अभ्यास आवश्यक पर्दछ । जसको लागि मनन, निदिध्यासन आवश्यक हुन्छ । ज्ञान परोक्ष र अपरोक्ष हुन्छन् । गुरू, शास्त्र, श्रुति आदिद्वारा प्राप्त ज्ञान तर्कमा आधारित हुन्छन् । भक्ति, उपासना, श्रद्धाका कारणले स्विकारिन्छ । अपरोक्ष ज्ञान समाधि अवस्थामा अनुभव हुन्छ । अपरोक्ष ज्ञान अनुभवात्मक हुन्छ । मन समाधि अवस्थामा पुग्नु भनेको अद्वैत अनुभव हो । आत्मा परमात्ममै लीन हुनु हो । अधिष्ठानस्वरूप आफ्नै हृदयमा रहेको 'म' आत्मा जान्नको लागि विभिन्न खुड्किलाहरू पार गर्नु पर्छ । चित्त शुद्धिका लागि भक्ति, चिन्तन, उपासना, अनन्य श्रद्धा हुनु पर्छ । ध्येय वस्तुप्रति नै अनन्यभावले सम्पूर्ण मन, बुद्धि, इन्द्रिय अन्तर्मुख गराएर चित्त परमात्ममा नै एकोन्मुख गराउँदै लैजाँदा चित्त निर्विषयक बन्दै जान्छ । जसरी सफा ऐनामा स्पष्ट अनुहार देखिन्छ त्यसैगरी शुद्ध मनरूप ऐनामा परमात्मको प्रतिविम्ब प्रकट

हुन्छ । ज्यादै आनन्दको कारण शरीरमा रोमाञ्च हुन्छ । बल्छीले पक्डेको माछाझैँ मन आत्ममै केन्द्रिकृत हुँदा ध्यानरूप साधन पनि हट्छ । अर्थात् शरीरको भान नै हुँदैन । जुन परमात्मको असीमित आनन्द जानेर पनि शब्दद्वारा व्याख्या गर्न सकिँदैन । अद्वैत अवस्थामा ध्यानाकार वृत्ति विलीन भएर धातृ र ध्ययेभाव समाप्त भएको अवस्थामा मनसमेत निरालम्ब बन्दछ र धातृभावबाट पनि निवृत्त हुन्छ ।

परमानन्दको अनुभवका कारण चित्त चित्तरूपमा नरहेर चिद्रुपमा प्राप्त हुन्छ । तेल सकिएपछि बत्तीको ज्वाला आफ्नै कारणस्वरूप तेजमा विलीन भएझैँ योगाभ्यासद्वारा चित्तको चिद्रुपता प्राप्त भएपछि सुख, दुःखरहित ब्रह्मरूप स्वमहिमामा निश्चल हुनजान्छ । यही नै अमृत प्राप्तिको अवस्था हो । परमात्मा तत्त्वको साक्षत्कारको अवस्था हो अथवा आफूलाई जानेको अवस्था हो । आफैभित्रको 'म' आत्मलाई साक्षात्कार गरेपछि साधक संसारदेखि ब्यूँझन्छ । संसारलाई आफैले मिथ्या प्रमाणित गर्छ । जसरी बिहान सूर्योदय भएपछि सामान्य मानिसहरूको सपना हराउँछ, निद्राबाट ब्यूँझन्छन्, सपनामा देखिएका पदार्थहरू हराउँछन् । किनकि, ती मिथ्या हुन् । त्यसैगरी आफैभित्र रहेको अमरतत्त्वलाई जानेपछि ज्ञानीहरू संसारका पदार्थहरू मिथ्या, मूल्यहीन भएको जान्दछन् । यसरी आत्मलाई जान्नु नै आफूलाई जान्नु हो । अमरत्व प्राप्त गर्नु हो अर्थात् मोक्ष प्राप्त गर्नु हो ।

परम्प्रकाशस्वरूप अमृतमय आत्मको महिमा अपरम्पार छ । जहाँ सूर्यको रोशनी छैन, चन्द्रमाको रोशनी छैन, अग्निको रोशनी छैन जुन प्रकाशहरूलाई भौतिकजगत्का सम्पूर्ण प्राणीले अनुभव गर्न सक्छन् । यद्यपि, हृदयको आत्मरूप पराप्रकाशलाई भक्ति, ज्ञानद्वारा मानवहृदयले मात्र बोध गर्न सक्छ । यो सदा ज्योतिर्मय छ । परमानन्दमय शान्ति आफैभित्र सँधै छ । गीताको ११ अध्यायको श्लोक ५३/५४ मा भगवान् कृष्ण सम्झाउनुहुन्छ–हे अर्जुन ! वेद पढेर दान, यज्ञ गरेर मेरो दर्शन हुँदैन, मेरो दर्शन त तत्त्वज्ञानको अनन्य भक्तिबाट हुन्छ । यसर्थ भक्तिचिन्तन नै सर्वश्रेष्ठ छ ।

## ३.५ निष्कर्ष

संसारका पदार्थहरू परमात्मद्वारा नै गतिवान् छन् । ज्ञानस्वरूप आत्मद्वारा नै विश्व प्रपञ्च सत्तावान् बनेको हो । संसार ब्रह्मकै कल्पित रूप हो । त्यसैले सबै पदार्थमा आत्मा व्याप्त छ । माटोको सत्तालाई छाडिदिँदा घैँटो नामको कुनै वस्तु सिद्ध हुन नसकेजस्तै आत्मको सत्ता नपाई कुनै पनि पदार्थ प्रकाशित हुन सक्दैन । आत्ममा जन्म, कर्म, नाम, रूप, गुण र

दोष केही पनि छैन । भेदशून्य छ । साक्षी द्रष्टा हो । शरीर, इन्द्रिय, मन, बुद्धि आदि विकारी पदार्थहरू क्षेत्र हुन् । यी सबै जड पदार्थलाई आआफ्नो प्रवृत्त गर्ने क्षेत्रज्ञ आत्मा हो ।

कर्म, उपासना, वैराग्य सबैको अन्तिम लक्ष्य मन शुद्ध गर्नु हो । मन शुद्ध हुनु भनेको विषय वासनाशून्य हुनु हो अर्थात् सुख-दुःख, राम्रो-नराम्रो, धनी-गरिब, मिठो-नमिठो आदिको भेद नहुनु हो । शुद्ध चित्तमा आत्मा प्रकाशित हुन्छ । आत्मदर्शन नै जीवनको परम् लक्ष्य हो । आत्मलाई जानेपछि मानवजीवनमा अरू केही पनि जान्न बाँकी रहँदैन । मानवबाहेक अरू प्राणीले आत्मलाई अनुभव गर्न पनि सक्दैन । त्यसैले देवताहरू पनि मानवचोलाको इर्ष्या गर्छन् भनी शास्त्रहरूमा भनिएको छ । मानवजीवन कर्मको फल प्राप्त गर्न योग्य छ । जस्तो कर्म गऱ्यो सोही अनुसारको फल प्राप्त गर्दछ । परमात्मलाई जानेपछि मोक्ष प्राप्ति हुन्छ । मानवचोला मोक्षको अधिकारी हो ।

ब्रह्म, आत्मा, परमात्मा एकै हुन् । ब्रह्म सच्चिदानन्दस्वरूप अस्तित्ववान्, चेतन र आनन्दस्वरूप छ । देश, कालको सीमाभन्दा माथि रहेको छ । सजातीय, विजातीय, स्वगत भेदले रहित आत्मा अव्याख्याय छ । यो अनुभवको विषय हो । संसारका सम्पूर्ण पदार्थ मोहलाई त्यागेर वैराग्यले शुद्ध भएको चित्त आत्मको वास्तविक स्वरूपमा अवस्थित हुनु आत्मा साक्षात्कार हो । ब्रह्म प्राप्ति गर्नु भनेको संसारदेखि ब्यूँझनु हो । संसार मिथ्या भएको अर्थात् दीर्घ स्वप्न समान भएको कुरा थाहा पाउनु हो । सांसारिक पदार्थहरू मूल्यहीन, मिथ्या, क्षणिक र नश्वर छन् । संसार दुःखै-दुःखको घेरा हो । यहाँ आफैसँग भएको सुखशान्तिलाई अनुभव गर्न नसक्दा शान्तिकै खोजीमा मानिसहरू बहिर्मुखी भएका छन् । यज्ञ, दान, धर्म, तीर्थ, व्रतबाट पनि दीर्घ शान्ति प्राप्त गर्न नसकी मानिसहरू भौंतारिएर हिँडेका छन् । कतिपय मानिस धनसम्पत्ति र परिवारलाई नै सबैथोक ठानेर सांसारिक मोहमा फँसेका छन् । धन कमाउनका लागि अनेक दुःख खेप्दै विश्वका कुनाकाप्चा चहारिरहेका छन् । सङ्घर्ष गरेर धन आर्जन गरेपछि पनि मानिसले सुख भएको अनुभूति गर्न सकेको छैन । भौतिक सुखसुविधाले क्षणिकको लागि मात्र सुख दिन्छन् । अन्ततः मानिस दुःख र अशान्तिकै भुमरीमा फँसिरहेको हुन्छ । मानिसले खोजेको सुख, शान्ति जहिले पनि आफैसँग छ, त्यो आत्मा नै हो । अविद्याका कारण आत्मलाई जान्न सकेको छैन । बाह्य पदार्थमा छरिएको मन परमात्ममा स्थिर भएपछि सम्पूर्ण मानिस दुःखबाट पार हुन्छन् ।

आत्मा अमृत हो । एकमात्र सत्य हो । जगत् ब्रह्मको विवर्त हो । डोरीमा सर्पको भ्रम देखिए समान हो । डोरीलाई डोरीको रूपमा बुझ्नेपछि सर्पको भ्रम हटेर जान्छ । डोरी ब्रह्म हो । भ्रमले देखापरेको सर्प वास्तविक होइन । जगत् पनि भ्रमरूपी सर्प समान छ । जगत्को परमार्थिक सत्ता छैन । अज्ञानकै कारणले संसारको प्रतीत भइरहेको हो । अविद्याकै कारण सुख-दुःख, प्रेम-घृणा, राग-द्वेष, इच्छा इत्यादि उत्पत्ति भएको हो । यी सम्पूर्ण सांसारिक पदार्थहरूबाट छुटकारा पाउने उपाय आत्मज्ञान नै हो ।

शुद्ध आत्मको जन्म हुँदैन । किनकि, आत्मा अजन्म छ । आत्मा उपाधि रूप प्राणीहरूमा अन्तर्यामी छ । आत्मा द्रष्टा हो । देवतादेखि कीट-पतङ्गहरू सबैमा सर्वान्तर छ । बत्तीलाई देखाउन अर्को उज्यालोको आवश्यकता नपरेझैँ आत्मा स्वयम्प्रकाश हो । जीवद्वारा जानिएका र नजानिएका विभिन्न पदार्थलाई अन्तर्यामी साक्षी आत्मले प्रकाशित गर्छ । क्षेत्रज्ञ आत्मा जगत्को आदि कारण हो । सम्पूर्ण प्राणीको आश्रयभूत तत्त्व हो । अँध्यारो र अज्ञानलाई प्रकाशित गर्ने तत्त्व हो । ब्रह्म न सत् न असत् अनिर्वचनीय छ । नजिक पनि छ र टाढा पनि छ । ब्रह्म सम्पूर्ण जगत्लाई प्रकाशित गर्ने ज्योतिको पनि ज्योति महाज्योति हो । उही ज्योतिस्वरूप ब्रह्म नै सबैको हृदयमा रहेको छ ।

समुद्रमा उत्पन्न भएको तरङ्ग समुद्रमै बिलाए जसरी नै प्रलयकालमा परमात्मबाट उत्पत्ति भएको जगत् पनि परमात्ममा नै बिलाउँछ । जसरी माकुरोले आफैबाट उत्पन्न भएको रेशाले जाल बुन्दछ र ती रेशा फेरि आफै निल्दछ त्यसरी नै प्रलयकालमा सृष्टि ब्रह्ममा नै लीन हुन्छ । जगत्को उत्पत्ति, स्थिति र लय ब्रह्मबाटै भएको हो । सम्पूर्ण भौतिक पदार्थको उत्पत्तिको मूल परमात्मा नै हो । कारण रूप ब्रह्मबाट नै कार्य रूप ब्रह्म (जगत्) प्रकट भएको हो । कार्य रूप र कारण रूप दुवै ब्रह्म व्यापक (पूर्ण) छन् । प्रलयकालमा कारण र कार्य रूप ब्रह्मको पूर्णत्व आफूमा समेटेर कारण रूप पूर्णब्रह्म मात्र बाँकी रहन्छ अर्थात् अद्वैत स्थिति कायम हुन्छ ।

आत्मा साक्षी चैतन्य हो । जाग्रत्, स्वप्न र सुषुप्ति तीनै अवस्थामा आत्मा मालाभित्रको धागोझैँ अन्वय भएको हुन्छ । यी तीनै अवस्थालाई प्रकाशित गर्ने आत्मा नै हो । शरीर नाशवान् छ । यसका विभिन्न अवस्था–बालक, युवा, बृद्ध हुँदै अन्त्यमा नष्ट हुन्छ । तर आत्मा अपरिवर्तनीय छ । आत्मा उपाधिले युक्त छ । रूप र नामको उपाधि हटेपछि बाँकी रहने साझा तत्त्व आत्मा नै हो । सृष्टि आत्मकै तरङ्ग हो । तरङ्ग पैदा हुँदा सुष्टि हुन्छ । त्यसैगरी आत्मा अवस्थान्तरण हुँदा फेरि सृष्टि आत्ममा नै मिल्छ ।

प्रस्तुत *दैलाको बत्ती* नाटकका प्रमुख पात्र याज्ञवल्क्य हुन् । उनी किशोरावस्थादेखि नै आफूभित्रको चेतनआत्मलाई निरीक्षण गर्ने मार्गको सन्धानमा लागेका छन् । सूक्ष्म आत्मा निरीक्षण गर्ने मार्ग भनेको ज्ञानमार्ग हो । उनका घुमाउरा गहन ज्ञानका तर्कहरू बाबु देवरातलाई समेत अर्थ लगाउन कठिन परेको छ । याज्ञवल्क्य चेतन आत्मबाट नै जड शरीरका सम्पूर्ण इन्द्रियहरूले गति प्राप्त गरी आफ्नो कर्ममा प्रवृत्त भएका हुन् भन्ने कुरा आमा सुरूपालाई बताउँछन् । आत्मा देवतादेखि मनुष्य, कीटपतङ्ग सबै हृदयमा रहने साक्षी द्रष्टा हो । मानिसले विज्ञान एवम् भौतिक उन्नतिले अनेक नवीन अन्वेषण गरे पनि मङ्गलग्रह, चन्द्रलोक पुगे पनि आत्मलाई नजानीकन जीवनलाई पार लगाउन सकिँदैन । यसर्थ उनमा अनेक ज्ञानहरूमा आत्मज्ञान नै सर्वश्रेष्ठ ज्ञान हो भन्ने विवेकको उदय भएको छ । नाटकमा अधिकांश आत्मजिज्ञासु पात्र छन् । सबैको लक्ष्य आत्मा साक्षात्कार गर्नुमै केन्द्रित छ । नाटकमा ब्रह्मचिन्तनद्वारा आत्मबोध गरी जीवनलाई सार्थक बनाउनुपर्ने उद्घोष नाटकारले गरेका छन् । भक्ति, चिन्तन, उपासना जसले जुन रूपमा गरे पनि जे नाम पुकारे पनि परमात्मबाहेक अरू कुनै अस्तित्त्व नभएको अद्वैत वेदान्तचिन्तन नाटकमा प्रयोग भएको छ । प्राणीहरूको सृष्टि, लय र विलयको आधार ब्रह्म नै हो । याज्ञवल्क्यले समुद्रमा कतिखेर छाल आउँछ भन्ने कुरा थाहा नभएजस्तै जीवनलाई एउटा आकस्मिक घटनाक्रम भनेका छन् । सूर्यको किरणझैँ फैलनु भनेको ब्रह्मको सृष्टि हो र खुम्चनु प्रलय हो । नाटकमा आत्मा जिज्ञासु पिप्पलादलाई तत्त्वबोध गर्न याज्ञवल्क्यले दर्शन, श्रवण र निदिध्यासनको मार्ग बताएका छन् । आफ्नो गृह आश्रममा सवार भएका राजा जनकले सांसारिक जगत्मा गरिएका दान, धर्म, यज्ञ, पाठपूजा इत्यादिबाट पनि मनमा शान्ति नभएको बताएपछि याज्ञवल्क्य जीवात्मा र परमात्मको एकता उपदेश गरी उनलाई दीर्घ शान्ति प्राप्तिका लागि कल्याण अर्थात् मोक्षको मार्गदर्शन गर्छन् । नाटकमा याज्ञवल्क्यले महावाक्यलाई नै परब्रह्म प्रज्ञा भन्दै अमृतमय आत्मज्ञानको सर्वत्र महिमागान गरेका छन् । जगत्मा प्राप्त हुने पदार्थहरू सबै नाशवान् नै हुन्छन् चाहे त्यो मूल्यवान् नै किन नहोस् । मधु र बनिताको हामी आत्मज्ञानी राजासँग के मागौँ त भन्ने जिज्ञासामा मैत्रेयीले आत्मज्ञानको दीक्षा माग्नुपर्छ भन्ने सुझाब दिएकी छन् । मैत्रेयीका उक्त विचारले उनको ज्ञानको गहिराइ मापन गर्दछ । मानवलाई असत्यबाट सत्य, अन्धकारबाट प्रकाश र नश्वरताबाट अमरतातिर डोऱ्याउने आत्मज्ञान नै सर्वश्रेष्ठ ज्ञान हो । आत्मज्ञानभन्दा ठूलो ज्ञान संसारमा कुनै छैन

। अक्षर ब्रह्मलाई याज्ञवल्क्यले सम्पूर्ण मानवको साझा भनेका छन् । मानवहृदयले मात्र महावाक्यलाई जान्ने क्षमता राख्दछ । त्यसैले मानवचोला धन्य छ । मैत्रेयी परमात्मको चिन्तन, मनन र श्रवणद्वारा चित्त शुद्ध भएपछि ज्ञानद्वारा आत्मदर्शन हुने र आत्मदर्शनबाट नै सत्यम् शिवम् सुन्दरम्को भावना खुल्ने कुराको ज्ञान मधुलाई गरउँछिन् । सँधै आफैसँग रहेको वस्तु नयाँ अथवा पुरानो हुँदै होइन । प्राणीहरूका लागि आत्मा नयाँ अथवा पुरानो छैन । संवादमा याज्ञवल्क्यले मैत्रेयीलाई सदा आफ्नै हृदयमा भएको आत्मलाई जान्नु अर्थात् 'केवलम् बोधम्' नै ठूलो कुरा हो, यही नै जीवनको महत्त्वपूर्ण प्राप्ति भनेका छन् । आत्मा अनादि, अनन्त, अविनाशी वस्तु हो । याज्ञवल्क्यले राजा जनकले आयोजना गरेको वृहत् ब्रह्मसभामा अक्षरब्रह्म विषयक छलफल, सवाल, जबाफमा गहन एवम् उत्कृष्ट तर्क प्रस्तुत गरी आफूमा भएको ज्ञानलाई उजागर गरेका छन् । आत्मा शरीरका विभिन्न अवस्था जसरी परिवर्तन नहुने सदा स्थिर रहने सच्चिदानन्दस्वरूप छ । यस्तो आत्मबोध गरी जीवनलाई पार लगाउनु पर्छ भन्ने वैचारिक सन्देशमा नाटक केन्द्रित छ ।

# परिच्छेद चार

# दैलाको बत्ती नाटकमा जगत्, मोक्ष र पुनर्जन्मसम्बन्धी चिन्तन

## ४.१ विषयप्रवेश

जगत् अनित्य छ । सांसारिक पदार्थहरू क्षणक्षणमा परिवर्तनशील छन् । स्वप्न समान छन् । जगत् डोरीमा देखिएको सर्पको भ्रम समान हो । जसको आफ्नो अलग्गै सत्ता छैन । परम्तत्त्वद्वारा सञ्चालित छ । जगत् मानवमात्रको लागि शुभकर्म गर्ने अवसरको थलो पनि हो । भक्ति, उपासना र ज्ञानद्वारा परमात्मलाई जान्न सके जन्ममरणको चक्रमा घुम्नु पर्दैन । नाटकमा मैत्रेयीले संसार ब्रह्मको कल्पितरूप हो । डोरीमा देखिएको सर्प समान छ भन्ने कुरा सबैले बुझ्रेर समदर्शी बन्न सके संसार नै एउटा आनन्दमय फूलबारी बन्ने थियो भन्ने विचार व्यक्त गरेकी छन् । संसार अनेकौं थरी र अनौठा दु:खैदु:खले भरिएको छ । राजा जनक दान, धर्म, यज्ञ, तीर्थ, व्रत जे जति गरे पनि त्यसबाट क्षणिक शान्ति र सन्तोषमात्र प्राप्त हुने अन्ततः मन अशान्तिको भूमरीमा चक्कर मारिरहने अनुभूति संवादमा व्यक्त गर्छन् । याज्ञवल्क्यले सांसारिक कर्मबाट प्राप्त हुने खुशी, सुख, दु:ख, लाभ, हानी, शान्ति, अशान्ति केटाकेटीले बनाएको बालुवाको घर ढलेझैं ढलिरहन्छन् । ती सबै काल्पनिक कुरा हुन् भन्दै सांसारिक पदार्थको क्षणिक अस्तित्त्व र अनित्यलाई स्पष्ट गरेका छन् । आफ्नो ज्ञान र बुद्धिले इन्द्रियहरूलाई काबुमा राखेर जगत्का पदार्थप्रति वैराग्य उत्पन्न भएपछि मात्र शुद्ध चित्तमा परमात्मको दर्शन हुन्छ ।

अनित्य देहले गरेको कर्मका फलको कारण चिरन्जीवी आत्मले पुनर्जन्म लिनुपर्छ । भौतिक शरीर परिवर्तनशील र नश्वर छ । जीवात्मा जीवभित्र रहेर उसका अनुभव र स्मृतिहरू सङ्ग्रह गर्दै आफ्नो यात्रा तय गरिरहन्छ । जीव र जीवात्मभन्दा पृथक सर्वोच्च शक्ति परमात्मा हो । जीवात्मको आश्रय परमात्मा हो । सांसारिक वस्तुहरूमा इच्छा, आशक्ति र तृष्णा बाँकी रहेसम्म संसारको बन्धन छुट्दैन । सांसारिक बन्धनबाट नछुटेसम्म वृक्षको एउटा हाँगामा बसेको पन्छी उडेर फेरि अर्को हाँगामा गएर बसेजस्तै जीवात्मले पनि चोला बदली-बदली यही मर्त्यलोकमा चक्कर काटिरहन्छ । जगत्का सप्पूर्ण पदार्थलाई तुच्छ ठानी परमात्मकै ध्यान गर्नाले मोक्षको ढोका खुल्छ । तृष्णा, भेदबुद्धि, अहङ्कार, लोभ, मोह र द्वन्द्वरहित भई आफैमा पूर्ण र सन्तुष्ट रहने सच्चा

साधकले संसारको बन्धनलाई सहजै चुँडाल्न सक्छ । नाटकमा ज्ञानी याज्ञवल्क्यको सांसारिक पदार्थमा डुल्ने मन सम्पूर्णरूपमा नष्ट भइसकेको छ । परमात्मा नै अनन्य श्रद्धा, भक्ति र प्रेमका कारण गृहस्थ आश्रम त्यागेर सन्यास ग्रहण गरेका छन् । ज्ञानको आलोक छर्दै मानवकल्याणको लागि स्वतन्त्र रूपले देशदेशान्तरको यात्रा गर्ने उनको चाहना छ । यस परिच्छेद चारमा *दैलाको बत्ती* नाटकमा रहेको जगत्, मोक्ष र पुनर्जन्मसम्बन्धी चिन्तनको विश्लेषण गरिएको छ ।

## ४.२ जगत्सम्बन्धी चिन्तन

संसार दुःख नै दुःखको सञ्जाल हो । यहाँ प्राप्त हुने सुख र शान्ति क्षणिक छन् । दुःख मनको वृत्तिविशेष हो । चञ्चल चित्तमा परेको आत्मको प्रतिविम्ब नै दुःख हो । संसारका मानिसहरू सुख, शान्ति प्राप्तिका लागि अनेक कर्ममा प्रवृत्त भइरहन्छन् । तर जुन कर्म गरे पनि सुख, शान्ति प्राप्त गर्न सक्दैनन् । किनकि, संसारको विशेषता नै दुःख हो । बाह्यजगत्मा गरिने कुनै पनि कार्यले व्यक्ति सुखी बन्न सक्दैन । जसको कारण हो चित्तको चञ्चलता । चित्त शान्त भएको व्यक्ति कहिल्यै दुःखी हुँदैन । आत्मभन्दा भिन्न माया र मायाका सम्पूर्ण कार्य दुःख रूप हुन् । मायाका कार्य भनेको सम्पूर्ण द्वैत प्रपञ्च हुन् । यसकारण सम्पूर्ण द्वैत प्रपञ्च दुःख रूप हुन् । दुःखबाट छुटकारा प्राप्त गर्ने एकमात्र उपाय नै आत्मज्ञान हो । संसारमा गरिएका जति पनि कार्यहरू छन् त्यसबाट सुखशान्ति प्राप्त गर्न नसकिएको प्रसङ्ग नाट्यांशमा यसरी प्रस्तुत भएको छः

> जनक-मुनिराज ! बाटोको हिँडाइले त थाकेको छैन तर यो जीवनमा आइरहेको बुढ्याइँले थाक्न लागेँ । कति तीर्थ गरेँ, कति दान गरेँ, कति कथा पुराण सुनेँ एकछिन मन शान्त हुन्छ तर पछि अशान्तिकै वृद्धि हुन्छ । एकछिन सुख भएझैँ अनुभव हुनथाल्छ फेरि दुःख नै अनुभव गर्न पुग्छु ।
>
> (याज्ञवल्क्य जनकका निधारका विकृत रेखाहरू अध्ययन गर्छन् ।)

दृश्य-३ (पृ. ५६)

प्रस्तुत नाट्यांश जगत्सम्बन्धी चिन्तनमा केन्द्रित छ । माथिको नाट्यांशमा राजा जनकले सांसारिक जगत्मा गरिएका कुनै पनि कार्यले दीर्घ शान्ति प्राप्त गर्न नसकिने विचार अभिव्यक्त गरेका छन् । आफ्नो वास्तविक स्वरूप नजान्नाले नै व्यक्ति दुःखी हुन्छ । रामगीता (९) मा भगवान्ले दुःखको मूल कारण अज्ञान नै हो भनी बताउनुभएको छ ।

जसले आत्मलाई जान्दछ त्यो व्यक्ति दुःख र भयबाट पार हुन्छ । संसारमा जन्म लिने प्राणीहरूलाई धेरै प्रकारका दुःखले घेरेको हुन्छ । यहाँ थोरै मात्र सुख मिल्छ । संसार साररहित छ । संसारका पदार्थहरू पहिले त सुखदायी होला भन्ने लाग्छ । जब मानिस कर्म गर्दै जान्छ तब हरेक कर्मभोग निस्सार बन्दै जान्छ । यसरी पूरा कर्मभोग गरिसक्दा र संसारलाई बुझ्दै जाँदा सम्पूर्ण वस्तुमा दुःखै-दुःख भएको थाहा पाइन्छ । फेरि संसार पनि विहत (नाशवान्) हो । नाशवान् पदार्थबाट जति आनन्द पाए पनि तिनको नाश भएको क्षणमा पीडा उत्पन्न हुन्छ । संसारका पदार्थले कोही पनि सुखी बनेका छैनन् । बाह्य पदार्थबाट प्राप्त हुने सुखको अनुभव क्षणिक हुन्छ । किनभने तिनको आदि र अन्त्य हुन्छ । त्यसैले यो संसार दुःखको पराकाष्ठ हो । सुखको स्रोत शुद्ध अन्तरमन हो ।

सृष्टिकर्ता ब्रह्मदेखि एउटा सानो कमिलासम्मका सम्पूर्ण प्राणी दुःखबाट मुक्त हुन र सुख प्राप्त गर्न चाहन्छन् । लौकिक कर्मद्वारा केही क्षणका लागि दुःख परिहार र सुख प्राप्ति भए तापनि दुःखको अत्यान्तिक निवृत्ति र परमानन्दको प्राप्ति लौकिक उपायद्वारा संभव छैन ।

हरेक मानिस हरदम सुखशान्तिको खोजीमा प्रयासरत छ । फलस्वरूप अनेक कर्ममा प्रवृत्त हुन्छ । सांसारिक पदार्थका कार्यहरूबाट सुख प्राप्त गर्न खोज्छ । तर सांसारिक पदार्थमा दीर्घ सुख छैन । तपस्या, व्रत, दान, यज्ञ आदि साधन त केही दिन, घण्टामात्र गरिन्छ । तिनै क्षणका लागि मात्र ती कर्मले शान्ति दिन्छन् । नाट्यांशमा जनकले बाह्यजगत्का जुनै कर्मबाट पनि मनमा शान्ति प्राप्त नभएको भाव व्यक्त गरेका छन् । बाह्य पदार्थमा अनेक आकाङ्क्षा राखी मन डुल्न थालेपछि मनमा शान्ति प्राप्त हुँदैन । जब अनेक विषयप्रतिको इच्छा पूर्णरूपले हराउँछ अनिमात्र आफूभित्र दिव्य आनन्द र अपार शान्तिको अनुभूति हुन थाल्छ । परमात्मको अखण्ड चिन्तनले मात्रै मनमा शान्ति हुन्छ । अन्यथा सांसारिक पदार्थमा सुखशान्ति खोज्नु भनेको मरूभूमिमा पानी खोजे सरह हो । जो कहिल्यै पनि भेटिँदैन । याज्ञवल्क्य स्मृति (१।८) मा बताइएको छ । यज्ञ, दान, सत्कर्म, अहिंसा आदि धर्म हुन् । तर आत्मदर्शन गर्नु सबैको पनि प्रधान लक्ष्य परम् धर्म हो ।

परमात्मको सत्स्वरूप नजान्नेलाई संसारमा कतै पनि सुख छैन । संसारका सम्पूर्ण पदार्थ परिवर्तनशील, नश्वर छन्, रसविहीन छन् । परमात्मा मात्रै परम्आनन्दस्वरूप भएकोले संसारमा सुखका साधन भनिएका घरपरिवार, धनसम्पत्ति, आफन्त सबै व्यर्थका छन् । तीर्थ, व्रत, दान, धर्म, यज्ञ आदिबाट पनि क्षणिक शान्तिमात्र प्राप्त हुन्छ । अन्ततः मन

अशान्त नै रहन्छ । वैराग्य नै ज्ञानको अन्तरङ्ग साधन हो । आनन्दस्वरूप परमात्मको अघि संसारका तुच्छ पदार्थहरू प्रयोजनहीन छन् । यो संसार अनेकथरी नयाँनयाँ दुःखले भरिएको छ । एउटा दुःख समाप्त भएपछि फेरि अर्को दुःख आइलाग्छ । कर्मबाट प्राप्त भएको फलले केही क्षणमात्र खुशी दिन्छ । त्यसबाट पनि दीर्घ शान्ति मिल्दैन । संसारमा कहिल्यै नसोचेका आपत्तिहरू आइलाग्छन् । श्रीकृष्णले गीतामा संसारलाई नाशवान् अनि दुःखको निवासस्थान भन्नुभएको छ । परमानन्दको चिन्तनद्वारा आत्मा साक्षात्कार गरेपछि असीमित सुख र आनन्दको अनुभूति हुन्छ । चञ्चल चित्त परमानन्दमै स्थिर हुन्छ । जसलाई जानेपछि सांसारिक पदार्थमा सुखशान्ति खोज्न आवश्यक पर्दैन र मुक्तिको मार्ग पनि यही हो ।

> याज्ञवल्क्य-त्यसोभए (एकछिन गम्भीर भावले विचार गरी) धनले अमरता मिल्दैन, न जीवन मुक्तिको प्राप्ति नै ! धनले त भोगमय जीवनमै जीवनलाई अल्झाइराख्छ । धनले त भौतिक उन्नतिलाई मात्र टेवा दिन्छ ।
>
> *दृश्य-७* (पृ. १३०)

प्रस्तुत नाट्यांशमा जगत्सम्बन्धी चिन्तन व्यक्त भएको छ । धन नाशवान् वस्तु हो । नाशवान् वस्तुबाट प्राप्त हुने सुख पनि क्षणिक हुन्छ । धनको सङ्ग्रहले मान्छेमा अझै बढी धनको सङ्ग्रह गर्ने चाहना बढाउँदै लैजान्छ । जसले मानिसलाई भोगविलासितामा नै रमाउन मद्दत गर्छ र जीवनभर त्यसैमा भुलेर आफूभित्र रहेको अमरतत्त्वको खोजी नै गर्दैन भन्ने विचार नाट्यांशमा याज्ञवल्क्यले व्यक्त गरेका छन् । आत्मा सर्वान्तर छ । आत्मको आदि र अन्त्य छैन । आनन्दस्वरूप छ । सम्पूर्ण विकाररहित छ । सम्पूर्ण उपाधिले शून्य छ । अमर छ । जगत् स्वप्न समान छ । स्वप्नका पदार्थहरूको बाह्य आकार अथवा सत्ता छैन । तिनीहरू आत्ममा देखिन्छन् मात्र । अनेक अनर्थहरूले युक्त हुने हुँदा जगत् दुःख रूप छ ।

संसारलाई सर्वस्व ठान्नेहरू पदार्थ, धनसम्पत्ति आदिको सङ्ग्रह गर्दा आफूलाई सिपालु एवम् सफल ठान्छन् । यद्यपि, त्यसबाट शान्ति हुँदैन । सङ्ग्रहले झन्झन् सङ्ग्रह गर्ने इच्छा बढाउँदै लैजान्छ । धन कमाउन गाह्रो हुन्छ र बचत गर्न पनि । दुःख गरेर कमाएको धन खर्च गर्दा मानिस झनै दुःखी हुन्छ । नहुँदा यसै दुःख आइलाग्छ । जसो गरे पनि मानिस सुखी हुँदैन । सांसारिक मानिसहरूको एकमात्र चाहना धन नै कमाउनु हुन्छ र जति नै धन कमाए पनि उनीहरूलाई सन्तोष हुँदैन ।

तृष्णाको भोक अनन्त हुन्छ । संसारभरका सबै पदार्थ पाए पनि तृष्णावान् व्यक्तिहरू सन्तुष्ट हुँदैनन् । आकाङ्क्षाले जीवनलाई दुःखमय बनाइदिन्छ । इच्छा गरेको कुरा जे जस्तो भए पनि इच्छाको वास्तविक स्वभाव भनेको आफूसित भएको कुरामा असन्तुष्ट रहनु हो । आकाङ्क्षा राखेसम्म शान्ति प्राप्त हुँदैन । उनीहरूलाई अरूअरू विषयको इच्छा भइरहन्छ । सांसारिक मानिसहरू आफूलाई जीवन धान्न जति आवश्यक छ त्यति धनसम्पत्तिमा चित्त बुझाउँदैनन् । अँझ बढी कमाउने चिन्ता बढ्छ । सातै द्वीपका मालिक भएर पनि पृथु, गय आदि राजाहरू सन्तुष्ट हुन सकेका थिएनन् । वास्तवमा सन्तुष्टी पदार्थमा होइन, व्यक्तिको मानसिकतामा निर्भर हुन्छ । कुनै पनि पदार्थको चाहना आफ्नै सुखको लागि गरिन्छ । सुख त आफैभित्र छ । बाहिरी पदार्थमा होइन । यदि बाहिरी वस्तु धनसम्पत्ति, उन्नति, प्रगति, मान, प्रतिष्ठा आदिमा सुख हुन्थ्यो भने जो व्यक्ति जति सम्पन्न छ त्यो त्यति नै सुखी हुनुपर्ने हो तर त्यस्तो स्थिति देखिँदैन । आफैभित्र रहेको परमात्मको सुखलाई नचिनी भ्रमवश भौतिक सुख एवम् सुविधा, धनसम्पत्तिमा सुख खोज्दा मानिसहरू झन्झन् अनेक झमेलामा फसेर चिन्तित र असन्तुष्ट बन्न पुगेको देखिन्छ । जसले संसारका सम्पत्ति, सम्बन्ध सबै चिजहरू नाशवान् ठानी परमात्ममा नै मन लगाइरहन्छ त्यो व्यक्ति कहिल्यै पनि दुःखी हुनु पर्दैन । किनभने अमर, अविनाशी, नित्य, सत् वस्तुमा गरेको श्रद्धा, भक्ति, प्रेमबाट नै अनन्त शान्ति र सुख प्राप्त गर्न सकिन्छ ।

भौतिक सम्पत्ति अर्थात् मोहरूपी संसारमा डुबेर अनेक कार्यमा प्रवृत्त भइरहँदा सांसारिक मानिसहरू अविद्यामा हराइरहेका छन् । संसारका सम्पूर्ण पदार्थहरू मिथ्या छन् । तिनीहरू नाशवान् छन् । तिनमा गरिएको प्रेमले मानिसलाई सांसारिक बन्धनमा एकपछि अर्को गर्दै अल्झाइरहन्छ । जसले गर्दा मोक्ष प्राप्त गर्न संभव छैन । आफैसँग भएको अविनाशी तत्त्व आत्मलाई नजानेसम्म संसार मिथ्या हो भन्ने कुरा बुझिँदैन र मोक्षको ढोका पनि खुल्दैन ।

> याज्ञवल्क्य- सार्वजनिक बाटोमा मानिसहरू आउँदै गर्छन्, जाँदै गर्छन् । यसमा हामी किन चिन्तित हुने ? आखिर यो हाम्रो जीवन नै त आउनु र जानुको एउटा मार्ग हो भने ! अनि ती बाटोमा आएका...

दृश्य-३ (पृ. ४५)

प्रस्तुत नाट्यांशमा जगत्सम्बन्धी चिन्तन व्यक्त भएको छ । संसार भ्रम हो । मिथ्या वस्तुहरूको चिन्तन गरेर कुनै लाभ छैन । नाट्यांशमा याज्ञवल्क्यले कर्मको फल समाप्त नभएसम्म प्राणीहरू चोला फेरि-फेरि सार्वजनिक बाटोरूपी जगत्मा घुमिरहन्छन् भन्ने विचार व्यक्त गरेका छन् । जीवहरू अविद्या र कर्मका कारण अनादिकालदेखि नै संसारसागरमा पौडिरहेका छन् । आत्मको परमानन्द स्वरूपलाई नजान्नु अविद्या हो । त्यही अविद्याको कारणले शरीरमा अहम् बुद्धि हुन्छ । शरीरमा अहम् बुद्धि भएपछि कामना उत्पन्न हुन्छ । कामनाबाट कर्महरू हुन्छन् । तिनै कर्मका फल भोग्नका लागि मान्छे संसाररूपी भवसागरमा घुमिरहन्छ । जन्म भएपछि फेरि कर्म हुन्छ । कर्मको फल भोग्नका लागि फेरि जन्मन्छ । मोक्ष प्राप्त नभएसम्म अर्थात् परमात्मलाई साक्षात्कार नगरेसम्म यो चक्र चलिरहन्छ । साइकलको एउटा पाङ्ग्रालाई चलाएपछि अर्को.पाङ्ग्रो स्वतः चलेझैँ जीवको लागि जन्म र मृत्युको प्रवाह सँधै चलिरहन्छ ।

प्रस्तुत नाट्यांशमा मानिसहरू आउँदै-जाँदै गर्ने सार्वजनिक बाटो भनेर जगत्लाई भनिएको हो । सार्वजनिक बाटोमा आउने-जाने गर्ने जीव हो । सांसारिक पदार्थ अर्थात् विषयप्रति निरन्तर आकृष्ट भइरहनु जीवको स्वभाव हो । जब जीवले कुनै विषयको भोग गर्दछ तब त्यस भोगबाट उसको अन्तस्करणमा संस्कार उत्पन्न हुन्छ । भोगबाट उत्पन्न भएको संस्कार नै वासना हो । भोगवासना नै उसको पुनर्जन्मको कारण हो । जसको विषयप्रति राग समाप्त भएको छ उसले यो सार्वजनिक बाटोरूपी जगत्मा जन्मनु पर्दैन । नाट्यांशमा पुनर्जन्मसम्बन्धी चिन्तन पनि प्रस्तुत भएको छ । देहभित्र निवास गर्ने देही अमर छ । देही आत्मा हो । देहीले अनेक चोलामा जीवले गरेका विभिन्न अनुभव र वासनाको सारतत्त्वलाई सँगै लिएर हिँडेको हुन्छ । पुरानो लुगा छोडेर नयाँ लुगा लगाए तापनि व्यक्ति भने उही रहेजस्तै पुरानो शरीर छाडेर नयाँ शरीर धारण गरे पनि आत्मा भने उही नै रहन्छ । यसरी आत्मले गर्ने देहान्तरणको प्रक्रिया पुनर्जन्म हो । जन्मने जतिको मृत्यु निश्चित छ । त्यसैगरी मृत्यु हुनेहरूले मोक्ष प्राप्त नगरेसम्म पुनर्जन्म लिनैपर्ने हुन्छ । जन्म, मृत्यु निरन्तर चलिरहने प्रक्रिया हुन् । जन्म नै मृत्युको सुरूवात हो भने मृत्यु नै अर्को जन्मको प्रारम्भ हो । पञ्चतत्त्वले बनेको देह (स्थूल शरीर) मृत्युपश्चात् जहाँबाट आएको हो त्यहीँ विलय हुन्छ अर्थात् प्रकृतिमै मिल्छ । आत्मा जन्म र मृत्युभन्दा परको शाश्वत सत्य हो । कर्मको फल भोग्ने मैदान जगत् हो । मोक्ष प्राप्त नभएसम्म सूक्ष्म शरीरले चोला फेरि जगत्मा घुमिरहन्छ ।

सार्वजनिक मार्गमा यात्रा गर्दा कतिकति बाधा, व्यवधान आउँछन् तिनको हिसाबकिताब छैन । सार्वजनिक मार्ग भनेको सम्पूर्ण प्राणीको साझा जगत् हो । अनेक दुःख र कष्ट झेल्दै सुख पाउने आशमा मानवलगायत सम्पूर्ण प्राणीले सङ्घर्ष गरी नै रहन्छन् । सार्वजनिक बाटोमा अनेक प्रकारका यात्रीहरू हिँडे जसरी नै यस जगत्मा विभिन्न प्राणी कर्मको फल भोग्न जन्म लिन्छन् । संसार मिथ्या छ तर पनि यो कर्मको फल भोग गर्ने मैदान हो । यहाँ अज्ञानवश अनेक किसिमका दुःखहरू आइलाग्छन् । जबसम्म मानिसले इन्द्रिय र विषय, रूप, माया अथवा अविद्याको प्रभावमा परेर आफूलाई परमात्मभन्दा भिन्न ठान्छ तबसम्म उसलाई संसार चक्रले छाड्दैन ।

> याज्ञवल्क्य-मैत्रेयी, डोरीमा भ्रान्तिवश सर्प देखिने तर्क, वितर्क जे जति छन् ती सबलाई सबैले जान्न, बुझ्न र अनुभव गर्न समर्थ भएको भए यो मनुष्य चोला कस्तो हुँदो हो हगि ?
>
> दृश्य-७ (पृ. १३६)

प्रस्तुत नाट्यांशमा डोरीमा सर्पको भ्रम देखिनु जगत्सम्बन्धी चिन्तन हो । ज्ञानको काम भ्रम, संशयलाई हटाइ यथार्थको बोध गराउनु हो । सत्य भनेको आत्मा हो । ज्ञानद्वारा आत्मतत्त्वको बोध भएपछि भ्रम, संशय सर्वनाश हुन्छ । माथिको नाट्यांशमा याज्ञवल्क्यले डोरीमा सर्पको भ्रम भएझैँ ब्रह्मको कल्पित रूप संसारलाई जान्न सके मानवचोलाले कल्याणको मार्ग पहिल्याउने थियो र संसार नै आनन्दमय फूलबारी बन्ने थियो भन्ने आशय मैत्रेयीका सामु व्यक्त गरेका छन् । भ्रमरूपी संसार जुन भ्रमलाई नाश गर्न ब्रह्मज्ञानको आवश्यकता पर्दछ । जसरी घैँटोको ज्ञान भएपछि घैँटोको अज्ञान नष्ट हुन्छ अर्थात् घैँटो माटोबाट निर्मित उपादान कारण हो । घैँटो कार्य हो भन्ने जानेपछि घैँटोको अज्ञान नष्ट हुन्छ । त्यसैगरी आत्मको ज्ञान भएपछि आत्मको अज्ञान नष्ट हुन्छ । डोरीको ज्ञानद्वारा डोरीको अज्ञान नष्ट हुन्छ अर्थात् डोरीको अज्ञानका कारण उत्पन्न भएको डोरीको भ्रमरूपी सर्प नष्ट हुन्छ किनकि डोरीमा देखापरेको सर्पको कारण हो अज्ञान । यदि डोरीलाई डोरीकै रूपमा मात्रै जानेको भए डोरीमा अज्ञान हुने थिएन । डोरीको अज्ञान नभएको भए सर्प पनि देखिने थिएन । डोरीमा सर्प देखिनुको कारण डोरीकै अज्ञान हो ।

निमित्तको नाश भएपछि नैमित्तिकको नाश हुन्छ भन्ने नियम छ । डोरीको ज्ञानद्वारा डोरीमा देखिएको सर्पको निमित्त भएको डोरीको अज्ञान नष्ट भएपछि त्यहाँ

उत्पन्न भएको सर्प पनि हट्छ । आत्मको ज्ञानद्वारा आत्मको अज्ञान नष्ट भएपछि आत्मको अज्ञानबाट उत्पन्न भएको संसारको पनि निवृत्ति हुन्छ । उत्पत्ति र नाशले रहित ब्रह्मरूपलाई जानेपछि, बुझेपछि र अनुभव गरेपछि मिथ्या रूप संसारको भ्रम नाश हुन्छ । यथार्थको बोध हुन्छ । परमार्थमा जगत्को सत्ता छैन । माकुरोविना जालको, पृथ्वीविना रूखबिरूवाको अस्तित्त्व नरहेझैँ परमात्मविना जगत्को अस्तित्त्व छैन ।

परमात्मा आकाशझैँ अरूप, असङ्ग र सर्वव्यापक हुनुहुन्छ । वस्तुतः परमात्मबाहेक केही छँदै छैन । जगत् पनि भ्रमका कारणले देखिएको हो । जसरी आकाशको कुनै रूप, रङ्ग नभए पनि नीलो देखिन्छ, यो रूप भेदन हो । त्यसैगरी यो जगत् भ्रमका कारणले देखापरेको परमात्मको कल्पित रूप हो । डोरीमा भ्रान्तिवश सर्प देखिएजस्तै हो । जसरी नजानिएको डोरी नै सर्पको रूपमा देखिन्छ । त्यहाँ सर्पको छुट्टै सत्ता छैन । त्यसैगरी नजानिएको ब्रह्म नै जगत्को रूपमा देखिएको हो । जगत्को छुट्टै अस्तित्व छैन । जगत्को आश्रय ब्रह्म नै हो । मिथ्या अथवा भ्रमलाई हटाउन सत्यको ज्ञान हुनुपर्छ । त्यो सत्य आत्मा नै हो । शरीर हाम्रो होइन, यसको मालिक प्रकृति हो । आफ्नो भनेको त आत्मतत्त्व मात्र हो । शरीर त आवरण मात्र हो ।

सर्पको भ्रमका कारण डोरी छोपिएझैँ अहङ्काररूपी भ्रमका कारण आत्मको वास्तविक रूप ढाकिएको हुन्छ । म हुँ भनेर सामान्य व्यवहारको अवस्थामा अहङ्कार नै आत्मको रूपमा ग्रहण गरिएको हुन्छ । अहङ्कारलाई वादित गरेर शुद्ध आत्मको रूपमा आफूलाई जानेपछि अथवा परमात्मलाई साक्षात्कार गरेपछि संशय नाश हुन्छ । घैँटो भन्ने वस्तु माटोदेखि भिन्न सिद्ध हुन सक्दैन । घैँटोको नाम र रूप दुवै मिथ्या हो । घैँटोमा भएको वस्तु केवल माटो मात्रै हो । नामरूपात्मक प्रपञ्च परमात्मभन्दा भिन्न हुन सक्दैन । माया र मायाको कार्यमा जुन सत्ता प्रतीत भएको छ त्यो ब्रह्मसत्ता हो । ब्रह्मको सत्तादेखि अतिरिक्त सत्ताको प्रपञ्च छैन भन्ने आशयबाट प्रपञ्च ब्रह्मदेखि भिन्न होइन भन्ने बुझिन्छ । मुख्यतः यो प्रपञ्च आत्ममा भ्रमले देखापरेको हो । डोरीमा सर्पको भ्रमझैँ, सीपीमा चाँदीको भ्रमझैँ, मरूभूमिमा पानी टल्किएको भ्रमझैँ । आत्मलाई नजानेसम्म जगत्रूपी भ्रम नष्ट हुँदैन । किनकि, आत्मभन्दा सत् वस्तु अरू कुनै छैन । यसलाई जान्नुमै मानवको कल्याण भएको कुरा याज्ञवल्क्यले नाट्यांशमा प्रस्तुत गरेका छन् ।

## ४.३ मोक्षसम्बन्धी चिन्तनको विश्लेषण

दृढ आत्मचिन्तनबाट अनात्मा भावनादेखि पूर्णतः अलग रहनु सन्यास हो । सर्वकर्म सन्यासपूर्वक आत्मज्ञान निष्ठाबाट मात्र मोक्ष प्राप्त हुन्छ । गीताशास्त्रको प्रयोजन पनि मुक्ति हो । र, त्यो मुक्ति सर्वकर्म सन्यासले युक्त आत्मज्ञान निष्ठारूपी धर्मबाट प्राप्त हुन्छ । सन्यास दुई प्रकारका हुन्छन्-बाह्य र आन्तरिक सन्यास ।

आन्तरिक सन्यास भनेको सम्पूर्ण कर्म र त्यसका साधन शिखासूत्र आदिलाई त्याग्नु हो । राजर्षि जनकले सन्यासविना नै मोक्ष प्राप्त गरे । शरीर रहँदारहँदै पनि शरीरको भान नभएकोले उनलाई विदेहसमेत भनिन्छ । गृहस्थमै रहेर पनि उनको विषय चिन्तनमा डुल्ने मन आत्मचिन्तनद्वारा नष्ट भइसकेको थियो । बाह्य सन्यासको मुख्य उद्देश्य दृश्य परित्याग नै हो । आन्तरिक सन्यास भनेको अन्तस्करणको वृत्तिले बाहिरी दृश्य पदार्थहरूको पूर्णतः त्याग गरिदिनु हो । खासमा आन्तरिक सन्यास नै प्रमुख हो । प्रस्तुत नाट्यांशमा महर्षि याज्ञवल्क्यले आन्तरिक सन्यास धारण गर्न लागेको प्रसङ्ग यसप्रकार छ :

> याज्ञवल्क्य-(हर्षित भावले मुसुक्क हाँस्दै)
>
> मैत्रेयी, तिमीले मेरो मनको कुरो थाहा पाइहाल्यौ । हो, म गार्हस्थ आश्रमबाट सन्यास आश्रममा उठ्न चाहन्छु । (जनै समाएर) अब मलाई जाग्रत, स्वप्न, सुषुप्तिका तीनै डोरोसँग केही ममता छैन । (टुपीतिर हात लगी) न यी मन, वचन, कर्मको एकताको प्रतीक शिखासँग नै (देह छामी) न यो दाहसंस्कारयुक्त शरीरसँग नै मलाई त अब पारिव्राज्य स्विकार्नु छ । आफ्नै नित्य बोध रूप परम्हंससँग विचरण गर्नु छ । निष्कामी भएर लोककल्याणार्थ लोकसङ्ग्रह कर्म गर्नु छ । किनभने अब म गृहरूपी भेट्नाबाट अलग भइसकेको छु ।

दृश्य-७ (पृ. १२७)

प्रस्तुत नाट्यांशमा मोक्षचिन्तन मुखरित भएको छ । मानिस धर्म गर्न, धन कमाउन र त्यसको भोग गर्न चाहन्छ । यी सम्पूर्ण काम सुख प्राप्तिका लागि गरिने भएकाले धर्म, अर्थ, कामभन्दा ठूलो पुरुषार्थ मोक्ष हो । धर्म, अर्थ र काम यी ३ पुरुषार्थ क्रमशः क्षीण हुँदै जान्छन् । याज्ञवल्क्यले यी तीनै पुरुषार्थभन्दा अलग रहेर मोक्षको मार्ग रोजेका छन् । मोक्ष अक्षय भएकाले सर्वोत्कृष्ट छ । गृहस्थ बन्धनबाट माथि उठेर आफू

बत्ती बनेर अरू बत्तीहरूलाई पनि सल्काउँदै लोककल्याणको आलोक बाल्ने याज्ञवल्क्यको चाहना नाट्यांशमा प्रस्फुटित भएको छ । उनले आफूले सन्यास ग्रहण गर्न लागेको कुरा मैत्रेयीका सामु बताएका छन् । मोक्षचिन्तन वेदान्तदर्शनको महत्त्वपूर्ण चिन्तन हो । गृहस्थ आश्रममा रहेपछि परिवारको हेरविचार र अतिथिको स्वागत सत्कार गर्नुपर्ने हुन्छ । लोकशिक्षाका लागि पनि नित्य र नैमित्तिक कर्महरू गर्नुपर्ने हुन्छ । नचाहँदा-नचाहँदै पनि कर्म, व्यवहारका अनेक विघ्न आइपर्छन् । फेरि पनि गृहस्थमै रहेर नित्यकर्म गर्न छाडी मोक्षका लागि निरन्तर आत्मचिन्तन गरिरहँदा त्यो गृहस्थ धर्म नभई विधर्म हुनजान्छ । यसैकारण ज्ञानीहरूका लागि गृहस्थ आश्रममा रहनुभन्दा सन्यास नै उपयुक्त हुन्छ ।

प्रस्तुत नाट्यांशमा याज्ञवल्क्यको मनमा संसारप्रतिको राग शून्य भइसकेको छ । अर्थात् निरन्तर परमात्मको चिन्तनले विषयको चिन्तनलाई छाडिसकेको छ । महर्षि याज्ञवल्क्यले विद्वत् सन्यास ग्रहण गर्न लागेका छन् । विद्वत् सन्यास जीवनमुक्तिको सुख भोग्न चाहने ज्ञानीहरूद्वारा लिइने सन्यास हो ।

महर्षि याज्ञवल्क्यले शरीरमा आत्मबुद्धिको परित्याग भइसक्दा पनि घरायसी व्यवहारले आत्मानन्दको अनुभूतिमा व्यवधान गरिरहने हुँदा आफ्ना दुई पत्नीहरूलाई सम्पूर्ण सम्पत्ति भाग लगाई सन्यास धारण गरेको प्रसङ्ग वृहदारण्यकोपनिषद् (२।४।१) मा उल्लेख छ । ज्ञानको लागि स्थूल, सूक्ष्म र कारण तीनवटै शरीरमा आशक्ति छोडी आन्तरिक देह सन्यास धारण गर्नु नै श्रेष्ठ हुन्छ । विशुद्ध सन्यास योगबाट मोक्ष प्राप्त हुन्छ । अखण्ड आत्मस्वरूप परमात्ममा नै अविछिन्न रूपमा मन, इन्द्रिय र बुद्धि अन्तरमुख हुँदा दृश्य शरीरको भान नै हराउँछ । त्यो अवस्था नै नित्यबोध परमहंससँगको विचरण हो । जुन असीमित परमानन्द शब्दद्वारा अव्याख्याय छ । सांसारिक पदार्थमा चिन्तन गर्ने बहिर्मुखी मन परमात्मकै चिन्तनमा अन्तर्मुख भएपछि मनका वृत्ति जाग्रत, स्वप्न र सुषुप्ति अवस्थासँग पनि टाढा छन् । किनकि, उनी समाधि अवस्थामा पुगेका छन् जुन अवस्थामा जाग्रत, स्वप्न, सुषुप्ति केही पनि रहँदैन । सांसारिक जगत्मा डुल्ने मन र मनका वृत्ति नै नष्ट भइसकेको हुन्छ । आत्मा र परमात्ममा एकत्वको अवस्था नै समाधि हो ।

याज्ञवल्क्यले म गृहस्थ आश्रमबाट सन्यास आश्रममा उठ्न चाहन्छु भन्नुको अर्थ उनको मन संसारप्रतिको रागले शून्य भएको छ । गुणहरूको प्रवाह हुने मन तेल सकिएको दीयोझैँ निभेको छ । परब्रह्म परमात्मको स्वरूपलाई साक्षात्कार गरिसकेका साधकहरूलाई संसार र शरीरको वास्ता हुँदैन । त्यसैगरी परमात्मको स्वरूपलाई

जानीसकेका ज्ञानी याज्ञवल्क्यले आत्मबाहेक सम्पूर्ण पदार्थलाई मिथ्या ठानी तिनको बेवास्ता गरेका छन् । बन्धनरूपी गृहस्थको भेट्नाबाट छुट्टिएर सन्यास धारण गरेका छन् । यो नै दृढ आत्मचिन्तनको साधन हो । अन्ततः मोक्ष प्राप्ति हो ।

> याज्ञवल्क्य-(लामो सास फेरि, फुलिसकेको दाह्री मुसार्दै)
>
> मैत्रेयी, अब त म बूढो पनि भइसकें । त्यसैले सँधै जटासँग टाँसिएको नरिवल बन्ने मेरो इच्छा छैन न रिट्ठा भित्रको गेडो बन्ने इच्छा नै । अब त म सिमलको भुवा बन्न चाहन्छु ।

दृश्य-७ (पृ. १२६)

प्रस्तुत नाट्यांश मोक्षचिन्तनमा आधारित छ । नाट्यांशमा याज्ञवल्क्य गृहस्थ आश्रम त्यागी सन्यास ग्रहण गर्न लागेको प्रसङ्ग उल्लेख छ । मोक्ष भनेको अन्यथा रूपलाई छाडी आफ्नो स्वरूपमा रहनु हो । जब चित्तको निरोध हुन्छ तब त्यो चित्त ब्रह्मरूपमा प्रकाशित हुन्छ । वेदान्त प्रक्रियाअनुसार पहिले अन्तस्करण रूप उपाधिको आत्ममा निरोध हुन्छ । उपाधि रूप बन्धनको निवृत्तिपछि नित्य मुक्तस्वरूपमा आत्मको प्रकाश हुन्छ । यसरी अन्तस्करणका धर्मनिरोध पनि अकर्ता र अभोक्ता स्वरूपमा आत्मको प्रकाश गरी निरोध र मोक्षको स्थिति देखिन्छ । तत्त्व जिज्ञासुको नित्य र नैमित्तिक कर्मद्वारा धर्मको उत्पत्ति हुन्छ । धर्म भनेको धारण गर्न योग्य चिज हो र यहाँ धर्म भन्नाले बाह्यजगत्मा गरिने कर्मलाई भनिएको होइन, परमात्मलाई जान्नु र परमात्मकै निरन्तर चिन्तन गर्नुलाई भनिएको हो । याज्ञवल्क्य पनि त्यही चिन्तनबाट मोक्ष, सुख प्राप्त गर्न चाहन्छन् । त्यसैले परिवाररूपी जटाबाट अलग हुन चाहन्छन् । यथार्थको बोधका कारणले उनमा वैराग्य पैदा भएको छ । सांसारिक जगत्का पदार्थहरूप्रति उनको मन वासनाशून्य भएको छ । स्वप्न समान मिथ्या जगत्को पहिचान उनमा भएको छ । त्यसैले उनी सर्वकर्म सन्यास लिई योगाभ्यासमै अन्तर्मुख हुन चाहन्छन् । तत्त्वमसी आदि महावाक्यको चिन्तनमा हराउन चाहन्छन् । जुन अवस्था जीव ब्रह्मस्वरूपमा अवस्थित हुन्छ यो अवस्था मोक्ष हो ।

जटासँग टाँसिएको नरिवल स्वतन्त्र हुँदैन । प्रस्तुत नाट्यांशमा जटाभित्र टाँसिएको नरिवल भनेर याज्ञवल्क्यले घरपरिवारको बन्धनलाई भनेका हुन् । घरपरिवारको बन्धन नै जटाभित्र टाँसिएको नरिवल हो । गृहस्थको अनेक झमेलामा भुल्दा त्यो बन्धनबाट मनुष्य

पार हुन सक्दैन । धनसम्पत्ति, परिवारजनप्रतिको मोहले गृहस्थलाई अल्झाएको हुन्छ । विभिन्न कर्ममा प्रवृत्त हुन बाध्य गराउँछ । यसरी सांसारिक पदार्थमै प्रेम गरी तिनैलाई सर्वस्व ठान्दा जीवन समाप्त भएको थाहै हुँदैन । परमात्ममा दृढ रूपमा चिन्तन लगाइरहने ज्ञानीहरूका लागि परिवार नै सबैभन्दा ठूलो बन्धन हो । सांसारिकहरूका लागि भने परिवार नै सम्पूर्ण कुरा हुन्छ र उनीहरू त्यसैभित्र अल्झिएर सुखशान्ति प्राप्त गर्ने आशा गर्छन् । तथापि प्राप्त हुन सक्दैन । परिवारभित्र रहँदा लोकशिक्षाको लागि पनि विभिन्न कर्तव्यहरू निर्वाह गर्नुपर्ने हुन्छ । जसले गर्दा भगवत् भक्तिमा चित्त लगाइरहन सम्भव हुँदैन । ज्ञानको लागि वैराग्य जरूरी हुन्छ । त्यसैले ज्ञानीहरू गृहस्थमा बाँधिएर रहनुभन्दा सन्यास लिएर लोककल्याणका लागि लोकलोकान्तर यात्रा गर्नु उचित ठान्छन् जसरी सिमलको भुवा हलुङ्गो भई सर्वत्र उड्न सक्छ ।

> याज्ञवल्क्य-मैले त सन्यास ग्रहण गरिसकेको छु । व्यवहारसँग मेरो के वास्ता अब ? व्यवहार त मदेखि आफै हटिसक्यो । अब ओखरको बोक्राझैँ स्वयम् मिल्किँदै चाहे कोही मेरो पछि लाग चाहे नलाग म त अब व्यवहारदेखि टाढा भइसकेको छु ।

उपसंहार (पृ. १५५)

प्रस्तुत नाट्यांशमा मोक्षसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । तत्त्वज्ञानीहरू संसारबाट निवृत्त भएर परमानन्द स्वरूपमा लीन हुन चाहन्छन् । निवृत्ति हुनु भनेको मोक्ष प्राप्त गर्नु हो । आत्मको वास्तविक स्वरूपलाई जान्नु मोक्ष हो । आत्मका यथार्थस्वरूपको ज्ञान भएपछि 'म' (आत्मा) शरीर होइन भन्ने कुराको ज्ञान हुन्छ । संसारका पदार्थहरू स्वरूपतः बन्धनका कारण होइनन् । यद्यपि, ती पदार्थहरू प्रतिको आशक्ति नै बन्धनको कारण हो ।

बन्धनको कारण संसारका पदार्थ होइन मन नै हो । जुन समयमा मनले केही कुराको इच्छा गर्दछ, केही कुरा सोचेको हुन्छ अथवा केही कुरालाई ग्रहण गरेको हुन्छ त्यही नै बन्धन हो । मनले कुनै पनि वस्तुलाई ग्रहण नगर्नु नै मोक्ष हो । नाट्यांशमा याज्ञवल्क्यले 'मैले त सन्यास ग्रहण गरिसकेको छु' भन्ने प्रसङ्गले मोक्षलाई सङ्केत गरेको छ । सन्यास ग्रहण गर्नु भनेको सांसारिक वस्तुदेखि टाढा रहेर दृढ वैराग्य धारण गरी परमात्ममा चिन्तन गरिरहनु हो । मनदेखि व्यवहार हट्नु भनेको पानीमा रहेको कमलको पातजस्तै बन्नु हो ।

पानीमै रहे पनि कमलको पातलाई पानीले भिजाउन सक्दैन । विषयप्रति वैराग्य भएपछि अर्थात् सांसारिक पदार्थहरूप्रति वासनाशून्य भएको मन तेरो, मेरो, असल, खराब, मोह, राग, द्वैष आदि संसारका पदार्थभन्दा माथि उठिसकेको हुन्छ । याज्ञवल्क्यको मन आनन्दस्वरूप परमात्ममा नै एकीकृत भइसकेको छ । ओखरको बोक्रा बन्धनको प्रतीक हो । भित्रको फललाई ओखरको बोक्राले जसरी आवरण दिएको हुन्छ संसारमा मानिस पनि अनेकथरी विषयले बन्दी बनेर मोहरूपी संसारमै भुलिरहँदा खास तत्त्वको खोजी गर्नतिर लाग्दैनन् । सांसारिक मायामोहलाई नै सर्वश्व ठानेर रमाइरहेको हुन्छ । अविद्याको कारणले मोक्ष प्राप्त नभई कर्मको फल भोग गर्न भवसागररूपी चक्रमा घुमिरहन्छन् ज्ञानीहरू जगत्को कल्याणको लागि अनेक ठाउँ डुलिरहन्छन् । सांसारिक जगत्का वस्तुहरूप्रति निस्पृह र स्वतन्त्र रहने योगीहरूले कर्म गरे तापनि उनीहरूको शरीरमात्र क्रियाशील हुन्छ मन भने परमात्ममा नै एकोन्मुख हुन्छ । आत्मस्वरूप निर्गुण ब्रह्ममा दृढ अनुराग प्रकट हुनु र आत्मभन्दा भिन्न संसारका पदार्थमा वैराग्य हुनु जीवहरूको कल्याणको उपाय हो । संसारका सम्पूर्ण दृश्य पदार्थ सबै मिथ्या हुन् भनेर मनदेखि व्यवहार हटेपछि स्वतः विषयप्रति वैराग्य हुन्छ । शरीर नाशवान् हो, यो जतिखेर पनि समाप्त हुनसक्छ, । आत्ममा निरन्तर चित्त लगाई साधनारत् हुनु सन्यासीको धर्म हो । याज्ञवल्क्य त्यही मार्गमा प्रस्थान गर्न चाहन्छन् । सत्य वस्तुमा आत्मबुद्धि गरिरहँदा अमरतत्त्वको साथ सँधै आनन्दमय हुन्छ । नाट्यांशमा याज्ञवल्क्यको चाहना गृहस्थ बन्धनबाट छुटेर सन्यास ग्रहण गरी मोक्ष, सुख प्राप्त गर्नु अर्थात् परमानन्दमा लीन हुनु हो ।

> याज्ञवल्क्य-मैत्रेयी, तैपनि जीवनपर्यन्त म यो गार्हस्थ आश्रममा बस्न चाहन्न । म त यो ज्ञानकुपको अखण्ड धुनीको आगोको ज्वाला बोक्दै स्वच्छन्द र स्वतन्त्ररूपले विश्व भ्रमण गर्न चाहन्छु ।

दृश्य-७ (पृ. १२७)

*दैलाको बत्ती* नाटकको दृश्य ७ पृष्ठ १२७ को प्रस्तुत नाट्यांश मोक्षसम्बन्धी चिन्तनमा केन्द्रित छ । ज्ञानीहरूले गार्हस्थ आश्रम छाडेर सन्यास ग्रहण गर्नु मोक्षमार्ग हो । सन्यासको अर्थ कर्म परित्याग नभई त्यागको भावना विकास गर्नु हो । सेवा र समर्पणको भावले सुकर्ममा संलग्न रहनु शुद्ध मन र वचनले निःस्वार्थ कर्म गरी जो कसैलाई पनि परमेश्वरको धामतर्फ डोऱ्याउनु हो । सांसारिक बन्धनरूपी अँध्यारोमा रूमल्लिएकाहरूलाई आत्मज्ञानको आलोकद्वारा मोक्षको मार्गप्रशस्त गराउनु नै

मानवमात्रको लागि सबैभन्दा ठूलो कल्याण हो । ज्ञानको आँखा खुलेपछि सांसारिक इच्छा आकाङ्क्षा पुरा गर्नका लागि गरिने कर्मप्रति क्रमशः वैराग्य उत्पन्न हुन थाल्छ । आफू 'म' अर्थात् आफ्नो वास्तविक स्वरूपलाई जानेर भ्रमरूपी संसारबाट ब्यूँझिसकेका ज्ञानीहरू संसारका तुच्छ पदार्थलाई प्रयोजनहीन ठान्दछन् । नाट्यांशमा ज्ञानी याज्ञवल्क्यले आफू गार्हस्थ आश्रमको साँघुरो घेराभित्र अल्झन नचाहेको कुरा पत्नी मैत्रेयीका सामु व्यक्त गरेका छन् । आत्मज्ञानीहरूले आफूभित्र अभिन्न रूपले सम्पूर्ण संसारलाई साक्षात्कार गर्छन् । सबै प्राणीभित्र आफ्नै आत्मा देख्छन् । उनीहरू शरीरलाई प्रारब्ध कर्मको फल ठान्छन् । सम्पूर्ण प्राणीजगत्‌को हितको चाहना राख्ने उनीहरू शरीरको लागि होइन परम्अस्तित्त्वका लागि बाँचेका हुन्छन् । ज्ञानीहरूमा जीवन र मृत्युप्रतिको समान दृष्टिकोण हुन्छ ।

महर्षि याज्ञवल्क्य शान्ति र कल्याणको सन्देश बोकेर स्वतन्त्र रूपले यात्रा गर्न चाहन्छन् । गृहस्थको झन्झटिलो बन्धनबाट माथि उठेर विश्व भ्रमण गर्न चाहन्छन् । परमात्मको नित्य सुखस्वरूपको अनुभवमा रमाउन चाहन्छन् । गृहस्थ बन्धन त प्राणीहरूको अभ्यन्तरको क्षमता हरण गर्ने थलो हो । सांसारिक झमेलामा फसिरहँदा मानिसमा हुने सत्‌गुण दया, करूणा, क्षमा, शान्तिजस्ता गुणहरू निरस्त हुँदै जान्छन् । प्रह्लादले घर राग, द्वेष, शोक, भय आदि अनेक अनर्थले भरिएको हुँदा त्यसलाई छाडी परमात्मको चरणमा जानुपर्ने कुरा बताएका छन् ।

## ४.४ पुनर्जन्मसम्बन्धी चिन्तन

> मधु-आमा म चिरञ्जीवी नै त छु । म कहाँ मर्छु र मेरा लुगाफाटा झुत्रो भएर फाट्लान्, तर म त अर्को नयाँ लुगा लगाउने चेतन होइन र ?
>
> दृश्य-६ (पृ. १२०)

प्रस्तुत नाट्यांशमा म भनेको आत्मा हो । चिरञ्जीवी नै त छु भन्ने अर्थले आत्मको अमरतालाई सङ्केत गरेको छ । मधुले आफ्नो नाम, रूपात्मक शरीर त केवल नश्वर आवरणमात्र भएको र शरीरलाई चलाउने चेतन आत्मचाहिँ कहिल्यै नमर्ने अमर, अविनाशी छ भनेका छन् । नाट्यांशमा वेदान्तदर्शनकेन्द्री विचार मुखरित छ । नाट्यांशको सन्दर्भ आमा मैत्रेयीले हर्षित भावमा मधु, तिमी चिरञ्जीवी भए भन्ने प्रसङ्गमा छोरा मधुले आफूभित्रको म (आत्मा) कहिल्यै नमर्ने हुँदा आफू सदा चिरञ्जीवी नै भएको विचार

व्यक्त गरेका छन् । आत्मा शरीरझैँ नष्ट भएर जाने विनाशी तत्त्व होइन । कर्मको फल समाप्ति नहुन्जेलसम्म आत्मले अनेक रूपरङ्ग फेरेर यस जगत्मा आउनेजाने गरिरहन्छ । नाट्यांशमा आत्मलाई चिरञ्जीवी र शरीरलाई च्यातिने र पुरानो भएर नष्ट हुने वस्त्रसँग तुलना गरिएबाट नाट्यांश आत्मा र पुनर्जन्म दुवैथरी चिन्तनमा केन्द्रित छ । शरीर जस्ताको तस्तै रहँदा पनि चेतनतत्त्वले देह छाड्दा मान्छेको मृत्यु भयो भन्ने लोकव्यवहार छ । यस्तो अवस्थामा आत्मको भने मृत्यु भएको हुँदैन । चेतन आत्मा अमर भएकोले अनेक नाम, रूप, उपाधि धारण गरी गरी अनेकौँ जन्म लिइरहन्छ । जसरी सुन, चाँदी, हीरा, मोतीलगायतका अन्य धातुहरू पुरानो मान्छेको हातबाट नयाँनयाँ मान्छेको हातमा घुमिरहन्छन् त्यसैगरी आत्मले पनि प्राणीहरूको कर्मअनुसार देवता, पशु, मनुष्य आदि विभिन्न योनिहरूमा घुमिरहन्छ । सांसारिक पदार्थप्रति वासनाका कारणले जीवको पुनर्जन्म हुन्छ । जे जे विषयको कामना उसले गरेको हुन्छ ती ती कामनालाई पूरा गर्न ऊ ती ती योनिहरूमा जन्म लिन्छ । मनुष्य, पशुपन्छी, राक्षस, देवता, रूखविरूवा, कीटपतङ्ग आदि जन्मैपिच्छे तिनका माता, पिता, छोरा, छोरीजस्ता लौकिक सम्बन्धहरू पनि हुन्छन् । अनेक जन्म लिएपिच्छे ती सम्बन्धहरू पनि फेरिँदै जान्छन् । तर त्यही एउटा आत्मा भने शरीरभन्दा अलग रहेर अनेक जन्म र तिनको क्रियाकलापको साक्षी द्रष्टा भई प्राणीहरूले गरेका सम्पूर्ण कर्मलाई जान्दछ । अविद्या (अज्ञान) का कारणले प्राणीहरूले गरेका कर्मले निश्चित फल उत्पन्न गर्छन् । तिनलाई भोग्न जीवले फेरि अर्को जन्म लिनु पुनर्जन्म हो । पुनर्जन्म संसार चक्रमा बाँधिने बन्धन हो । यसलाई छुटाउन निकै कठिन छ । ज्ञानद्वारा चेतनआत्मलाई जानेपछि पुनर्जन्मरूपी बन्धन टुट्छ । अध्यात्मका सम्बन्धमा आमा मैत्रेयीसँग गहन जिज्ञासा, विचार र विमर्श गर्ने क्रममा मधुले व्यक्त गरेका भावहरूले आत्मको अमरतालाई उजागर गर्दै अज्ञानको कारण जीव पुनर्जन्ममा पर्नुपर्ने वेदान्तदर्शन मुखरित गरेका छन् ।

## ४.५ निष्कर्ष

जगत् परमात्मकै कल्पित रूप हो । सृष्टि र विनाशको अघि र पछि जे रहन्छ त्यो सत्य हो । बीचमा देखिने जगत्चाहिँ मिथ्या हो । एउटा सृष्टिको समाप्तिपछि र अर्को सृष्टि हुनुभन्दा अघिको प्रलयकालमा रहने एउटा मात्र सत् तत्त्व परमात्मा नै हो । छान्दोग्यपनिषद् (६.२.१) मा पनि अद्वितीय सत् परमात्मा रूप जगत्को रचना हुनुभन्दा अघि नै थियो भनी बताइएको छ । यसबाट के बुझिन्छ भने परमात्मा नै जगत्को रूपमा देखिनुभएको हो ।

माटो आफ्नो रूप नछाडी घैंटो आदिको रूपमा परिणत भएझैं परमात्मा पनि आफ्नो स्वरूप नछाडी जगत्को रूपमा देखिनु भएको हो । शङ्कराचार्यले जगत्लाई ब्रह्मको विवर्त भनेका छन् । अविद्याका कारण जगत् सत् रूपजस्तो देखिएको हो । जगत् दुःखै-दुःखले भरिएको छ । यहाँ नयाँनयाँ दुःखहरू क्षणक्षणमा आइलाग्छन् । यस्तो दुःख रूप जगत्मा मानिस सुख प्राप्त गर्ने ध्याउन्नमा अनेक संघर्ष गर्छ । धन कमाउन विभिन्न ठाउँहरूमा पुग्छ । धनसम्पत्ति कमाएर नै भौतिक साधनबाट सुखसुविधा प्राप्त गरेर सुखी हुन चाहन्छ । दान, धर्म, तीर्थ, व्रत, यज्ञ गरेर शान्ति प्राप्त गर्न खोज्छ । यद्यपि, तिनीहरूबाट क्षणिक समयका लागिमात्र सुख र शान्ति प्राप्त गर्न सक्छ । अविद्याका कारण मानिसहरू आफैसँग भएको आनन्दस्वरूप आत्मलाई नचिनी शरीरमै आत्मबुद्धि गर्दछन् । सांसारिक पदार्थहरूमै 'तेरो र मेरो' भन्ने भावना राख्दछन् । घरपरिवार, धनसम्पत्तिको मोहमै हराएर सत्य चिजको खोजी गर्नतर्फ लाग्दैनन् । शान्ति र सुख आफैभित्र रहेको छ । त्यो आत्मा नै हो । आत्मलाई जान्नका निम्ति श्रद्धा, भक्ति, उपासना र वैराग्यद्वारा मनलाई शुद्ध गर्नुपर्छ । शुद्ध हृदयमा परमात्मा साक्षात्कार हुन्छ ।

जगत् बन्धनको कारण हो । याज्ञवल्क्यले नाटकमा जगत् प्राणीहरूले कर्मको फल भोग गर्ने मैदान हो, सार्वजनिक बाटो हो भनेका छन् । कर्मको फल प्राप्त नभएसम्म, अविद्या नहटेसम्म अर्थात् आत्मलाई नजानेसम्म प्राणीहरू यही भवसागररूपी जन्ममरणको चक्रमा घुमिरहन्छन् । मानवजीवन मोक्ष प्राप्तिकै लागि हो । जबसम्म मानिस यसलाई नबुझी मिथ्या जगत्का पदार्थहरूमै भुलिरहन्छ तबसम्म मोक्ष प्राप्ति हुँदैन र दुःखको भूमरीमा परिरहनु पर्छ ।

सांसारिक दुःखबाट छुटकारा पाउनु नै मोक्ष हो । आत्मको वास्तविक रूप जानेपछि अविद्या हट्छ । अज्ञानकै कारणले शरीर र आत्मा एकै हो भन्ने ठान्दा प्राणीहरू बन्धनग्रस्त हुन्छन् । सांसारिक वस्तुहरू धनसम्पत्ति, घरपरिवार, नाता-कुटुम्बलाई नै सबैथोक ठानेर सांसारिक मोहमा हराउनेहरूले आत्मको वास्तविक स्वरूप जान्न सक्दैनन् । फलतः संसाररूपी बन्धनमा फसिरहन्छन् । सांसारिक पदार्थमा आशक्ति हट्दै जानु सुख-दुःख, राग-द्वेष, धनी-गरिब, राम्रो-नराम्रो, मिठो-नमिठो आदि इन्द्रियजन्य अनुभवबाट मन क्रमशः अप्रभावित भई परमात्मको चिन्तन, भक्ति, श्रद्धा बढ्दै जाँदा चित्त शुद्ध हुन्छ । शुद्ध चित्तमा परमात्मको दर्शन हुन्छ । मोक्ष प्राप्त भएपछि साधक संसारबाट ब्युँझन्छ । सामान्य मानिस सपनाबाट ब्युँझन्छ । ज्ञानीहरू संसारबाट

ब्युँझन्छन् । सामान्य मानिसहरू सपनाबाट ब्युँझेपछि सपनालाई झुटो हो भन्ने जान्दछन् भने ज्ञानीहरू संसारलाई नै झुटो हो भन्ने जान्दछन् । उनीहरू आफैभित्र रहेको सत्य चिज सच्चिदानन्दलाई अमर, अविनाशी ठान्दछन् ।

ज्ञानीहरू आत्मसुखको लागि सन्यास धारण गर्दछन् । प्रारब्ध कर्मको फल भोग्नको लागि शरीर रहीरहे पनि तत्त्वज्ञानीहरूका लागि शरीर सर्पले त्यागेको काँचुली समान हुन्छ । ब्रह्मज्ञानीहरू सम्पूर्ण पदार्थमा आफू र आफूमा नै सम्पूर्ण पदार्थ देख्दछन् । श्रीहरिको दर्शन प्राप्त गरेका प्रह्लादले जतातातै प्रभूलाई नै देखेको प्रसङ्ग शास्त्रहरूमा उल्लेख छ । मोक्ष प्राप्त गरेका साधक गृहस्थ बन्धनमा रहन चाहँदैनन् । उनीहरू लोककल्याणका लागि देशदेशान्तर यात्रा गर्न चाहन्छन् । बुद्धले पनि त्यसै गरे । महर्षि याज्ञवल्क्य पनि आफू गृहस्थ बन्धनबाट मुक्त भएर सिमलको भुवाझैँ स्वतन्त्र रूपले लोकोपकारमा लाग्न र आत्मसुख प्राप्त गर्न चाहन्छन् । मोक्ष प्राप्त गरेका ब्रह्मज्ञानीहरूको आत्मले फेरि अर्को शरीर धारण गरिरहनु पर्दैन । जन्म, मृत्युको चक्करबाट आत्मले मुक्ति पाउँछ । यो असीमित आनन्दको अवस्था हो । मोक्षको अवस्था हो । यस अवस्थामा आत्मा सच्चिदानन्दमा लीन हुन्छ । नाटकमा ज्ञानी याज्ञवल्क्यले गृहस्थ बन्धनबाट छुटेर सन्यास ग्रहण गरेका छन् ।

# परिच्छेद पाँच

# सारांश तथा निष्कर्ष

पूर्वीय षड्दर्शनहरूमा साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तदर्शन पर्दछन् । उपनिषद्प्रतिपाद्य वेदान्तदर्शनको तात्पर्य अद्वितीय परमात्मा प्रतिपादन रहेको छ । संसारको सृष्टिमा साङ्ख्यदर्शनले प्रकृति र पुरुष दुई तत्त्व स्विकार्छ । शुरूमा चौबीस र पछि एक थप गरी पच्चीस तत्त्वलाई स्विकार्ने यस दर्शन पुरुषलाई निर्गुण, अनन्त, निराकार मान्दछ । प्रकृतिलाई चाहिँ सम्पूर्ण प्रपञ्चको कारण मान्दछ ।

पतञ्जलीले चित्तवृत्तिको निरोधलाई योग भनेका छन् । चित्त भनेको मन, बुद्धि र अहङ्कारको समष्टि हो । चित्तले नै चेतना वा आत्मलाई व्यक्त गर्दछ । चित्तवृत्तिको नियमनद्वारा समाधि अवस्थामा पुगी आत्मलाई परमात्ममा मिलाउनु योग हो । वैशेषिकहरू कारण नभएको कार्यको उत्पत्ति हुन्छ भन्ने मान्दछन् । न्यायदर्शनले प्रमाण, प्रमेय आदि १६ पदार्थहरूको निवृत्तिलाई मुक्ति भन्दछ । साङ्ख्यदर्शनले आत्मको अनेकतालाई स्विकार्दछ । मीमांसादर्शनले कर्मफलको व्यवहार सत्य हो भनी स्विकार गर्दछ । मीमांसादर्शनमा सम्पूर्ण संसार कर्मकै कारण उत्पन्न हुने मानिन्छ ।

वेदान्तदर्शनले जगत्को उत्पत्ति, स्थिति र लयको कारण ब्रह्मलाई मानेको छ । जगत् ब्रह्मकै माया तथा अविद्याद्वारा कल्पित रूप हो । जगत्को सृष्टि गर्ने परम्स्रष्टा ब्रह्मको तटस्थ लक्षण हो । प्रलयको क्षणमा सबै पदार्थहरू ब्रह्ममा नै विलय हुन्छन् । ब्रह्म सत्, चित् र आनन्दस्वरूप भएकोले सच्चिदानन्द ब्रह्मको स्वरूप लक्षण हो । माटो कारण र घैँटो कार्य भएजस्तै ब्रह्म कारण हो । जगत् कार्य हो । नाम र रूप सत्य होइन, माटो मात्र सत्य हो । कार्यरूप दृश्य जगत् सत्य होइन किनकि यसमा विकार छ । क्षणक्षणमा परिवर्तन छ । अविद्याको आश्रय र विषय पनि ब्रह्म नै हो । शरीर र आत्मको भेदलाई छुट्याउन नसक्नु अज्ञान हो । अविद्याले सत् र चित् अंशलाई ढाकेको छैन । आनन्दको अंशलाई भने ढाकेको छ । प्राणीहरू आत्मलाई सत् र चित् रूपमा मात्र जान्दछन् । आत्मको आनन्द र अद्वितीय रूपलाई जान्नु मात्र अपरोक्ष ज्ञान हो । आत्मलाई अधिष्ठान तत्त्वको रूपमा जान्न भक्ति, चिन्तन, ज्ञान, वैराग्यद्वारामात्र सम्भव छ । आत्मलाई विशेषरूपमा जानेपछि अविद्या नष्ट हुन्छ । अविद्याको आवरण शक्तिले भएको वस्तुलाई ढाकी दिन्छ । परमात्मा ब्रह्माण्डभरि व्याप्त भए पनि मायाको पर्दा पछाडि

लुकेर बस्ने भएकाले जोकोहीले सहज ढङ्गले ब्रह्म साक्षात्कार गर्न सक्दैन । तपस्या, स्वाध्याय, ब्रह्मचर्य, अहिंसा, एकान्तबास, सन्तोष आदि सम्पूर्ण साधनद्वारा मन एवम् इन्द्रियलाई अन्तर्मुख गराएर अनवरत् परमात्मकै साधना गर्दा अपरोक्ष रूपमा परमात्मको अनुभव गर्न सकिन्छ ।

भूत, भविष्य र वर्तमान परमात्मकै व्याख्या हो । ब्रह्म र आत्मा एकै हो । क्षेत्ररूपी शरीरलाई चेतना प्रदान गरेर आआफ्नो काममा प्रवृत्त गर्ने आत्मा क्षेत्रज्ञ हो । जन्मदेखि मृत्युसम्म शरीरमा आउने अनेक परिवर्तनको साक्षी आत्मा हो । प्राणीहरूको मन, इन्द्रियको चेतनस्वरूप भएर तिनको विषयलाई आत्मले नै प्रकाशित गर्छ । आत्मा द्रष्टा हो । संसारका सम्पूर्ण पदार्थहरू दृश्य हुन् । दृश्य द्रष्टाको चेतना पाएर सत्तावान् बनेको हो । जन्मेदेखि मृत्युसम्मको यात्रामा शरीर अनेक अवस्था र स्वरूपको हुन्छ भने आत्ममा कुनै पनि परिवर्तन हुँदैन । जीवका तीन अवस्था र स्वरूप छन् । स्थूल, सूक्ष्म र कारण । मालामा विभिन्न थरी फूललाई जसरी धागोले एकत्रित गर्छ त्यसरी नै जीवका उपाधि जाग्रत्, स्वप्न र सुषुप्तिकालमा चेतन आत्मा समान रूपमा अन्वय भएको हुन्छ ।

शङ्कराचार्यले जगत्लाई ब्रह्मको विवर्त भनेका छन् । दुःखको अर्को नाम जगत् हो । राम्रा/नराम्रा जे भए पनि मान्छेका इच्छाहरू नै बन्धनको कारण हो । जगत्का प्राणीहरू आफैले गरेका कर्मका कारण बन्धनमा बाँधिएका छन् । अज्ञानी जीवहरू सुखको इच्छा गरी दुःखदायी कर्म गर्दछन् । पदार्थ र इन्द्रियहरूमा श्रेष्ठ मन हो । आगोको धर्म गर्मी भएजस्तै मनको धर्म चञ्चलता हो । यो स्थिर रहन सक्दैन । सुख, दुःख, राग, द्वैष आदिले भरिएको यस संसारलाई जान्ने पनि मन नै हो । मनका कामनाहरू असीतिम हुन्छन् । कामना गरिएका वस्तु प्राप्त नहुँदा क्रोध उत्पन्न हुन्छ । क्रोध नै अशान्तिको कारण हो । तत्वज्ञान नभएसम्म संसारप्रतिको भ्रम हट्दैन ।

सांसारिक जगत्मा सुख प्राप्तिको सर्वोत्कृष्ट साधन धनलाई मानिएको छ । धन खर्चेर प्राप्त हुने भौतिक साधनबाट पनि दीर्घ सुख प्राप्त हुन सक्दैन । तीर्थ, व्रत, दान, धर्म, यज्ञ आदिबाट प्राप्त हुने शान्ति पनि ती कर्म गरून्जेलका लागि मात्र हुन् । बाह्यजगत्मा सुख खोज्नु मरूभूमिमा पानी खोजे सरह हो । शरीर परिवर्तनशील छ । त्यसैले असत्य हो । आत्ममा परिवर्तन छैन । त्यसैले सत्य हो । शरीरको मृत्यु हुँदा आत्मा यथावत् रहन्छ । मृत्युपश्चात् नयाँ शरीरमा प्रवेश गर्दछ । नयाँनयाँ शरीर धारण गरेर आत्मा अस्तित्त्वमा रहिरहन्छ । गीतामा भनिएको छ-आत्मतत्त्वको पहिचान नगरेसम्म

कसैले पनि चिरशान्ति प्राप्त गर्न सक्दैन । मानवजीवनको लक्ष्य मोक्ष प्राप्ति हो । थरीथरीका चोलामा बाँध्ने सबै प्रकारका बन्धनबाट पार पाउनु हो । संसारका सम्पूर्ण पदार्थहरूको अस्तित्त्व क्षणिक छ । प्राणीहरूका दृष्टिपिच्छे संसारका वस्तुहरू राम्रा, नराम्रा आदि भइरहन्छन् । संसारका पदार्थहरूप्रति कसैको पनि समान दृष्टिकोण बन्न नसक्नुले पनि ती अवास्तविक छन् । एकमात्र सत्य आत्मा नै हो । सत्य चीजको खोजी गर्नु नै जीवनको सफलता हो । जसरी स्वप्न देखिरहेको व्यक्तिको सपना उज्यालो भएपछि हराउँछ अर्थात् सपनाबाट व्यक्ति ब्युँझन्छ र उसले सपनामा देखेका पदार्थहरूलाई मिथ्या हो भन्ने साबित गर्छ त्यस्तैगरी जगत् पनि दीर्घ स्वप्नजस्तै हो । जगत्को आफ्नो छुट्टै सत्ता छैन । जगत् समुद्रको तरङ्ग हो । अन्त्यमा समुद्रमा नै बिलाएर जान्छ । घटाकाशजस्तै हो महाकाशमा बिलाएर जान्छ । त्यो महाकाश नै ब्रह्म हो ।

सत्यमोहन जोशीको *दैलाको बत्ती* नाटक आद्योपान्त वेदान्तदर्शनमा केन्द्रित छ । यस नाटकमा जम्मा सात दृश्य छन् । पण्डित जयदेवबाट सुनेको योगवाशिष्ट र आत्मपुराण नै नाटक लेखनको पृष्ठभूमि भएको जोशीले उल्लेख गरेका छन् । मुख्य र सहायक गरी ३५ भन्दा बढी पात्र रहेको *दैलाको बत्ती* पूर्णाङ्की नाटक हो । नेपाली हावापानी र जनजीवनको सुन्दर प्रतिविम्ब प्रस्तुत गरिएको नाटकको परिवेश जनकपुर र कमलानदीको किनारमा अवस्थित आश्रम हो । जहाँ आमा (सुरूपा) बाबु (देवरात) र छोरा याज्ञवल्क्यसहित तीनजनाको परिवार बसोबास गरिरहेको छ । खगोल विज्ञानमा रूचि राख्ने देवरातले सूर्यग्रहण हेर्न बनाएको यन्त्र परीक्षणसँगै नाटकको पहिलो दृश्यको प्रारम्भ भएको छ । देवरातले अत्यन्तै मिहिनेतका साथ बनाएको सूर्यग्रहणको निरीक्षण गर्ने यन्त्रलाई महत्त्व दिनुभन्दा पनि याज्ञवल्क्यमा आफैभित्रको चेतन आत्मलाई कसरी, कुन उपायद्वारा जान्न सकिएला भन्ने जिज्ञासा दिनप्रति दिन बढ्दै जाँदा उनले ज्ञानको अन्वेषण कार्य शुरू गरेका छन् । उनी घर छाडेर गुरूआश्रमको खोजीमा हिँडेका छन् । शिक्षा ग्रहणकै क्रममा गुरू वैशम्पायनबाट तिरस्कृत भएपछि याज्ञवल्क्य हे, जगत्का आत्मा, कालस्वरूप भगवान् भास्कर ! मेरो रित्तो हृदयमा शुक्लयजुर्वेदका मन्त्र भर भन्दै सूर्यको उपासना गर्न पुग्छन् । कुशाग्र बुद्धिका धनी याज्ञवल्क्य स्वाध्यायनबाट सुसंस्कृत र प्रतिभावान् बन्दै जान्छन् । मैत्रेयी र कात्यायनी दुई पत्नी, छोरा मधु र छोरी बनितासँगै गार्हस्थआश्रममा रहेर पनि परिवारका लागि समेत अखण्ड आत्मज्ञानको आलोकले

आलोकित गरेका छन् । परिवारका एकएक सदस्य अध्यात्मदर्शनका विषयमा जानाकार छन् ।

पूर्वीय संस्कृति र सभ्यतालाई प्रस्तुत गरेको नाटकले महर्षि याज्ञवल्क्यको गहन दार्शनिक पक्षलाई उजागर गरेको छ । नाटकमा उपस्थित विभिन्न पात्रहरूको आत्मजिज्ञासालाई समाधान गर्दै उनीहरूलाई जीवनकल्याणको मार्गमा डोऱ्याउने याज्ञवल्क्य स्वयम् आलोक हुन् । नाटकले जीवनजगत्लाई अनेक कोणबाट विश्लेषण गरे पनि आखिरीमा जगत्लाई बह्मको विवर्त, जादु, डोरीमा देखिने सर्पको भ्रम ठानी मानवजीवनको सारतत्त्व आत्मज्ञान नै हो भन्दै वेदान्तदर्शनको मान्यतालाई सिद्ध गरेको छ । आत्मबोधबाट नै मानवजीवन सार्थक बन्ने यथार्थको उद्घोष हो *दैलाको बत्ती* नाटक ।

आफैभित्र रहेको सूक्ष्म आत्मलाई जानेपछि अज्ञान, भ्रम र संसारमा आइलाग्ने अनेक प्रकारका दुःखबाट सदाका लागि पार भइने सन्देश नाटकले प्रवाह गरेको छ । याज्ञवल्क्यको किशोर अवस्थाबाट प्ररम्भ भई उनी सन्यासआश्रममा प्रस्थान गरेसँगै समापन भएको नाटकमा चौथो दृश्य सबैभन्दा महत्त्वपूर्ण छ । वेदका वाक्य ठाउँठाउँमा लेखेर राखिएको आफ्नो सभा भवनमा राजा जनकले ब्रह्मसभाको आयोजना गरेका छन् । यस सभामा नेपाललगायत भारतका कुरू, पाञ्चाल, कोशल, अयोध्याका विद्वान्हरू- याज्ञवल्क्य, सामश्रवा, वैशम्पायन, पिप्पलाद, सूचरक,  विदग्ध, सत्यकाम, आर्तभाग, उपस्त, कहोल, गार्गी, आरूणिक, शाकल्यजस्ता बह्मज्ञानीहरूको उपस्थिति छ । छलफलको क्रममा अक्षरब्रह्मका सम्बन्धमा गार्गी र याज्ञवल्क्य बीचको सवाल-जबाफ रोचक एवम् गहन छ । अक्षर के हो ? भन्ने गार्गीको प्रश्नमा याज्ञवल्क्यले अक्षर नै परब्रह्म हो र त्यो पृथ्वीदेखि आकाशपर्यन्त सत्यको पनि सत्य भएर रहेको छ भन्दै अद्वैत ब्रह्मलाई तर्कद्वारा स्पष्ट गरेका छन् । ब्रह्मसभाको अन्त्यमा राजा जनकले मुनिराज याज्ञवल्क्यलाई नै सर्वश्रेष्ठ ब्रह्मनिष्ठ, ब्रह्मवेत्ता घोषणा गरेका छन् । ब्रह्मवेत्ताहरूसँगको छलफलमा उठेका ब्रह्मसम्बन्धी अनेक जिज्ञासालाई एकपछि अर्को गर्दै याज्ञवल्क्यले समाधान गरेका छन् ।

सूक्ष्मचेतन आत्मलाई जान्नु नै मानवकल्याण हो । 'केवलम् बोधम्' बाहेक अर्को कुनै ज्ञानबाट मोक्षमार्ग भेट्टाउन नसक्ने अद्वैत ब्रह्मचिन्तनको महत्त्व दर्शाउँदै ब्रह्मसभाको अन्त्य भएको छ । याज्ञवल्क्यले सत्, चित् आनन्दस्वरूप आत्मलाई

अन्तर्यामी अमृततत्त्व भनेका छन् । आत्मज्ञान मानिसका आँखा छलेर वा तन्त्रमन्त्र गरेर मानिसलाई भुलाउने अर्थात् जादूगरले देखाउने जादू होइन । कुनै धारणा अथवा कल्पना पनि होइन । यो त व्यक्तिले आफ्नो अनुभवद्वारा हृदयमा साक्षात्कार गर्ने कुरा हो । आत्मज्ञान विज्ञानसम्मत छ ।

याज्ञवल्क्यले मैत्रेयीसामु जगत् र यहाँका मानिसलगायत अन्य प्राणीहरूको स्वभावलाई चरितार्थ गर्न एउटी बाँदर्नी र उसका बच्चाको प्रयोगात्मक उदाहरण प्रस्तुत गरी प्राणीहरूको स्वार्थीपनलाई छर्लङ्ग पारेका छन् । उक्त दृष्टान्तले ब्रह्माण्डमा सबको प्रयोजनको निमित्त सब प्रिय हुँदैनन् । आफ्नै प्रयोजनको निमित्त सब प्रिय हुन्छन् भन्ने कुरा स्पष्ट गरेको छ । सेनानी, राजगुरूसहित याज्ञवल्क्यको आश्रममा सवारी भएका राजा जनकले जीवनजगत्, मोक्ष, आत्मा र परमात्मको विषयमा छलफल गरेका छन् । छलफलका क्रममा राजा जनक, याज्ञवल्क्य, राजगुरू, मधु र बनितासमेत सहभागी भएका छन् । सर्वप्रथम महावाक्यकै विषयमा छलफल भएको छ । मधुले महावाक्यलाई नै प्रज्ञा, ब्रह्म, आत्मा हो भनेका छन् । मधु र बनिताको अध्यात्मदर्शनका कुरा सुन्न उत्सुक बनेका राजा उनीहरूमा उदय भएको वेदान्तका ज्ञान र तर्कको तेजिलोपन देखेर आश्चर्यमा पर्दछन् । कर्मकाण्ड र पाठपूजालाई महत्त्व दिने र स्वर्गलाई नै ठूलो ठान्ने राजगुरूचाहिँ उनीहरूको तर्कशक्तिका अघि लज्जित बन्न पुग्दछन् । पूण्य र सत्कर्मका कारण स्वर्गमा पुग्नेहरू पनि आआफ्नो भोग सकिएपछि पृथ्वीमै झर्दछन् । स्वर्ग मोक्ष प्राप्तिको मार्ग होइन । हाम्रो आत्मभित्र नै सच्चिदानन्दस्वरूप परब्रह्म परमात्मा छ । परब्रह्म परमात्मभित्र नै आफ्नो आत्मा छ । वेदको महावाक्यले भनेको आत्मा नै ब्रह्म हो । आफूले आफूलाई नचिनीकन मानवचोलामा मुक्तिको कल्पना गर्न नसकिने कुरा याज्ञवल्क्य छलफलमा स्पष्ट पार्छन् ।

नाटकमा मैत्रेयीको तर्कशक्तिले जीवनजगत्को अर्थपूर्ण विश्लेषण गरेको छ । मैत्रेयीको नाशवान् धनदौलत आदि प्रतिको अनास्था र अखण्डज्ञान प्रतिको प्रेमले परमात्मको चिन्तन गर्ने जो कोहीको पनि तेरो मेरो भन्ने भावनालाई निरस्त गरी वैराग्यको भावना जगाउँछ र परमात्ममा चित्त एकोन्मुख भई ब्रह्म साक्षात्कार गर्ने ज्ञानको ढोका खुल्छ । नश्वर आवरणरूपी शरीरले सत्य वस्तु आत्मलाई ढाकेको छ । त्यो आत्मतत्त्वलाई मानवले जान्न सकेको छैन । स्वप्न समान मिथ्या जगत्लाई सत्य ठानी सांसारिक पदार्थ, धनसम्पत्तिबाट प्राप्त हुने क्षणिक सुखको भूलभूलैयामा रमाइरहेको छ ।

अनेक इच्छा र आकाङ्क्षा बोकेर सुख प्राप्तिको खोजी गर्दा-गर्दै चिन्ता, पीर र दुःखै-दुःखको घेरामा अल्झिएर मृत्युवरण गर्न पुगेको छ । मानवजीवनमा परमात्मको खोज गर्न सकिएन भने सार्वजनिक बाटोरूपी जगत्मा चोला फेरि फेरि घुमिरहनुपर्ने धारणा याज्ञवल्क्यले व्यक्त गरेका छन् । याज्ञवल्क्य आफ्ना पत्नीहरू कात्यायनी र मैत्रेयीलाई धनसम्पत्तिको भागवण्डा लगाई आफू सन्यास ग्रहण गर्न चाहन्छन् । तर मैत्रेयी धनसम्पत्तिले परिपूर्ण सम्पूर्ण पृथ्वी नै आफ्नो भए पनि त्यसबाट अमरता मिल्दैन । आज मेरो भनेको धनसम्पत्ति, जग्गाजमिन भोलि अर्कैको हुन्छ । त्यसैले मैत्रेयीको अमर आत्मतत्त्व ज्ञात गरी मोक्षको मार्ग प्राप्त गर्ने आकाङ्क्षा रहेको छ । नाटकका अधिकांश पात्रहरूले संवादमा अद्वैत ब्रह्मको जिज्ञासा गर्दै जीवनकल्याणको मार्ग प्राप्ति गर्ने चाहना राखेका छन् । याज्ञवल्क्यचाहिँ गृहरूपी भेट्नाबाट अलग भई लोककल्याणको मार्गमा प्रस्थान गर्न लागेका छन् । मानवमात्रको लागि मोक्षको मार्ग देखाउनु नै सबैभन्दा ठूलो कल्याण हो । मानवजीवनको प्रमुख लक्ष्य पनि मोक्ष नै हो । मोक्ष भनेको जीवात्मा परमात्ममा मिल्नु हो । यस नाटकमा जगत् ब्रह्मको कल्पित रूप हो र जगत्का सम्पूर्ण प्राणी ब्रह्मकै अंश हुन् भन्ने वेदान्तदर्शनको मान्यतालाई नाटककारले अनेक तर्क र दृष्टान्तद्वारा पुष्टि गरेका छन् ।

वेदान्तदर्शनजस्तो गहन पक्ष उठान गरिएको नाटकका अधिकांश संवादका पंक्तिहरू तर्कपूर्ण छन् । अद्वैत ब्रह्मचिन्तनद्वारा आत्मज्ञान गरी मानवजीवनलाई पार लगाउनु नै नाटकको सारसङ्क्षेप भएकोले नाटक जीवन्त छ । नाटककार स्वयम् सत्यम् शिवम् सुन्दरम्को भावनाद्वारा अभिप्रेरित भई ब्रह्मज्ञानको अखण्ड आलोकद्वारा जीवनकल्याणको मार्गनिर्देशन गर्ने ध्येय रहेको छर्लङ्ग हुन्छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, जगदीश अधिकारी (२०७३ पुस १९ गते) 'महर्षि याज्ञवल्क्य' नेपाली मिडिया ब्लग, प्रेस डटकम ।

कान्तिपुर संवाददाता, (२०७३ पुस १९ गते) 'अभिनय गर्दागर्दै संसारबाट विदा भए रङ्गकर्मी विष्णुभक्त फुयाँल' कान्तिपुर अनलाइन ।

गिरि, गिरीश (२०७७ असोज २९ गते बिहीबार) 'ती दुई व्यक्ति जसले मेरो जीवनमा सबैभन्दा धेरै प्रभाव पारे' सेतोपाटी डटकम ।

गिरि, रामानन्द, (२०५५), *जनक-दर्शन,* भक्तपुरः जनक शिक्षा सामग्री केन्द्र ।

गिरि, रामानन्द, (२०७१), *श्रीमद्भागवतमहापुराण, नेपाली व्याख्या–रामानन्दी टीका,* (प्रथम खण्ड), तनहुँः महेश-संस्कृत-गुरुकुलम् ।

गिरि, रामानन्द, (२०७५), *श्रीमद्भागवतमहापुराण, नेपाली व्याख्या–रामानन्दी टीका,* (द्वितीयदेखि सप्तम खण्डसम्म), तनहुँः महेश-संस्कृत-गुरुकुलम् ।

चालिसे, नारायण, (२०७५), *कृति विश्लेषणका पौरस्त्य दार्शनिक मापदण्डहरू,* काठमाडौँः नेपाल-प्रज्ञाप्रतिष्ठान

जोशी, सत्यमोहन, (२०२८), *दैलाको बत्ती,* ललितपुरः प्रकाशक अणुराज जोशी ।

जोशी, सत्यमोहन, (दोस्रो संस्करण २०६९), *महर्षि याज्ञवल्क्य,* काठमाडौँः तलेजु प्रकाशन ।

ढकाल, टीका (२०७६ साउन २१ गते मङ्गलबार) 'आखिर केमा अडिएको छ यो आकाश ?' हिमाल खबरपत्रिका वर्ष २८, अङ्क १७, पूर्णाङ्क ६५२, पृष्ठ ५०-५१ ।

ढकाल, टीका (२०७६ साउन २७ गते सोमबार) 'बुद्धजस्तै दार्शनिक याज्ञवल्क्य' हिमाल खबरपत्रिका वर्ष २८, अङ्क १८, पूर्णाङ्क ६५३, पृष्ठ ५०-५१ ।

बैद्य, भूचन्द्र, (२०६७), *श्रीभगवद्गीता,* भक्तपुरः सनातन फाउण्डेशन ।

बैद्य, मोहन, (दोस्रो संस्करण २०७६), *हिमाली दर्शन,* काठमाडौँः शमी साहित्य प्रतिष्ठान ।

राई, भक्त, (२०७४), *पूर्वीय दर्शन,* काठमाडौँः नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

रिसाल, राममणि (२०२९) 'समीक्षा' मधुपर्क, वर्ष-४ अङ्क १२ ।